# कर्णाली प्रदेश सभा
## पाँचौं अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७६ माघ २४ गते
## शुक्रवार
## (बैठक संख्या-१)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा पाँचौं अधिवेशनको पहिलो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको पाँचौं अधिवेशन आह्वानसम्बन्धी प्रत्र प्राप्त हुन आएको छ सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

मितिः- २०७६/१०/१०

विषयः- प्रदेश सभाको पाँचौं अधिवेशन आह्वान सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय कर्णाली प्रदेश,

वीरेन्द्रनगर, सुर्खेत ।

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख गोविन्द प्रसाद कलौनीज्यूबाट मिति २०७६/१०/०९ मा भएको आदेशानुसार नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको पाँचौं अधिवेशन मिति २०७६ माघ २४ गते शुक्रवार अपरान्ह ३ बजे प्रदेश सभा भवन सुर्खेतमा बस्ने गरी आह्वान भएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले<br>
भिमराज थानी<br>
नि. सचिव<br>
२०७६/१०/१०

माननीय सदस्यहरू प्रदेश सभाको पाँचौं अधिवेशन शुभारम्भको पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सभामुख महोदय, झण्डै ६ महिना पछि हामी पाँचौं अधिवेशनमा प्रवेश गरेका छौं । यो विशेष गरेर हिउँदे अधिवेशन जहाँहामी विधेयकहरूलाई पास गर्ने गर्दछौं । यो ग्लोबल वार्मिङको कारणले माघ १५ पछि प्रयाजसो तातो आइसक्थ्यो अहिले फागुन लाग्दा पनि चिसो नै छ । त्यसैले यसलाई हामीले हिँउँदे अधिवेशन भन्न मिलेकै छ । सायद हामीले यो प्रक्रियागतरूपमा यलाई

अगाडि बढाउनु पर्नेछ कामकाज त हाम्रो केही होला भन्ने लाग्दैन मलाई त्यति विश्वास लागेको छैन ।

आज शुरु भएको पाँचौं अधिवेशनले निरन्तरता पाउने छ भन्ने लागेको थियो कता-कता शुन्नमा आएको छ आज पछि फेरि फागुनमै पुग्नेछ रे, फागुनपछि एक दिन बसेर फेरि चैत्रमै पुग्ने त होला । यो खालको कामहरू हामीले गर्दै जाने हो भने हाम्रा विधेयकहरू, ऐनहरू, कानूनहरू बनाउने कुरालाई हामी आफैंनै सजक र सचेत रहेनौं भने अगाडि सक्ला जस्तो लाग्दैन । कता कता अब जनताहरूले धेरैले सुनाउने गरेका छन् यी संघीयता फापेन संघीयता ठीक होइन यो व्यवस्थाले न त जनतालाई राम्रो गऱ्यो न त जनप्रतिनिधिलाई राम्रो गऱ्यो भन्ने कुराहरू पनि धेरै आइरहेका छन् । अब त्यस्तै व्यवहार हामी सबैको पनि भइरहेको छ । हामी आफ्नै कार्यक्रममा पनि आफैंलाई त्यति चासो छैन जनताको काममा पनि हामीलाई त्यति चासो छैन । यो अवस्था आइरहेको हुनाले यो प्रक्रिया पुऱ्याउनको लागि मात्र हामीले यो बैठकहरू हामीले बसालिरहेको जस्तो मलाई लाग्दछ । आज हाम्रो प्रदेश सभाको पनि सरकारको पनि दुई वर्ष पूरा भएको छ। प्रदेश सभामा करिब करिब २९ वटा नयाँ कानूनहरू बनेका छन् । अब सरकारमा गर्ने कामहरूबाट हामीलाई के भयो त ? यो कर्णाली प्रदेशले के चाहिँ परिवर्तन गऱ्यो ? केन्द्रीकृत राज्यप्रणालीबाट हामी आफ्नो राज्यसत्तामा आइसकेपछि हामीले के के परिवर्तन गऱ्यौं भन्ने कुराहरू पनि देखिरहेका छैनन् । म अहिले आफ्नो जिल्लामा पनि झण्डै झण्डै ३ महिना जति बसें कार्यक्रम हेरियो गएका कार्यक्रमहरू, गएका अनुदानहरू एउटै पनि आउटपुट भएको देखिदैंन । पदमार्ग भनेका छन्, बढारेर खाएको छ, उपभोक्ता समितिले घर बनाएका छन् हामी खुसी नै छौं। भैंसी दिएका छौ भनेका छौं भेडा बाख्रा दिएका भनेका छौं अर्को के के दिएका भनेका छौं कहीँ पनि केही पनि देखिदैंन र हामीले तामझाम सम्म गऱ्यौं यो भन्दा अगाडि एकदम हाइटेक नर्सरी बनाउने, अब यो नर्सरी भनेको त भयङ्कर हाइटेक्नोलोजी टेक्नोलोजीको जमानामा भन्दाखेरि आज कँहि पनि बनेका छैनन् । जसले बनाउन चाहेका छन् त्यहाँ पैसा पनि गएको छैन । दुई वर्ष पुगेको सरकारले गरेका कामको यो नै हामीले गजबले गऱ्यौं भन्ने कुराहरू केही पनि देखिदैन।

एउटा सरकारले ल्याएको कार्यक्रमलाई म धन्यवादै दिन चाहन्छु, जनता सडक भनेर ल्याइयो राम्रो थियो । त्यो जनता सडक एउटा सडकलाई कम्प्लिट बनाउने भन्ने कुरामा हामी सबै लाग्यौं तर अहिले यसो हेर्दा खेरि एउटा यसो हेर्दै थिएँ त कतिवटा जनता सडक हुन् कतिवटा १ करोडका पनि जनता सडक छन् २ करोडका पनि जनता सडक छन् । यसले पनि हामीले कहीं गऱ्यौं भन्ने कुरा देखिएन । लाजैमर्दो यो प्रदेशको भइरहेको छ ।

हामीले समितिलाई पनि पूर्णता दिन सकेका छैनौं, ४ वटा समिति धन्न ती बेला बुद्धि पुऱ्याइएछ उहाँहरूको अहिले भइरहेको जेष्ठताका नाताले बनाएका माननीय सदस्यज्यूहरूलाई सपथ ग्रहण गराइएछ र कमसे कम चाहिँ त्यो वैधानिक भएको छ । सपथ ग्रहणको पनि महत्त्व छ नि तर आज २ वर्ष गइसक्यो हामी एउटा समिति गठन गर्न सक्दैनौं भनेपछि हामीले अरु के नै गर्न सकौंला त ? बाटो घाटोका कुरा त टाढाका कुरा भए किन भने हामी ठेकदारलाई तह लगाउनै सक्दैनौं । अरुलाई केही गर्नै सक्दैनौ, कहिले बालुवा भेटिदैन, कहिले गिट्टी भेटिदैन, कहिले के भेटिदैन तर आफैंले गर्ने कुरा पनि हामीले गर्न सकेनौं भने अरु गर्न सक्ने अवस्था जस्तो छैन । अब अहिले आइसकेपछि एउटा जाँगर हुन्छ नि हामीले केही गर्छौं, हाम्रो प्रदेशले केही गर्छ, हाम्रो सरकारले केही गर्छ भन्ने कुराहरू पनि देखिएका छन् । हाम्रो यहाँ सँधै सरकारले भन्ने गर्छ अब कोही पनि औषधी नपाएर मर्नुपर्ने छैन । हाम्रो प्रदेशमा तर मेरै जिल्ला हुम्लामा १६ जना मानिसहरू मरिसकें । अब अहिले यो चीनबाट आएको यो कोरोना भाइरस भनेर भनिरहेका छन् त्यहीं कोरोना भाइरस हो या अरु कुनै केही हो ? भटाभट मान्छे मरिरहेका छन्। सरकारले भन्थ्यो औषधी नपाएर कोही मर्दैन अहिले औषधी पनि गएको छैन । यो मर्नेक्रम कतिसम्म जाने हो त्यो त एउटा ठाउँको थाहा भएको भयो । अरु ठाउँमा के भइरहेको छ त्यसकारणले मानिसमा वितृष्णा हुने कुराहरू हामी आफैंबाट भइरहेको हुनाले असाध्यै आफैंलाई चाहिँ हेरेर चाहिँ कतै गल्ती गरिएछ कि भन्ने परिस्थितिमा पुऱ्याउने काम कारवाहीहरू भइरहेका छन् । आज जहाँ गए पनि हामी आफू माननीयहरू छन् हाम्रा पनि विषयमा कँही पनि राम्रो बोलिएको देखिदैन । हामी माननीयहरू पनि योजना लगेर सरकारका विरुद्धमा बोलिसकेपछि लगेका योजनाहरू हामी आफ्नै भाइछोराहरूलाई चाहिँ उपभोक्ता समितिका अध्यक्ष बनाउने हामी ती आफ्नै पैसाहरू लिएर भनेर गाउँबाट यी तमाम कुराहरू आइराखेका छन् । त्यसकारणले कतै यो सिंगो संसद् नै बदनामीको भागी त हुने होइन ? सरकारका केही मन्त्रीहरूले गर्ने कुरो त यो सुनेकै थियौं, गरेकै थिए । तमाम कुराहरू गल्ती भएका छन् यो अहिले कयौं कुराहरू आइरहेको छ । यो भन्दा अगाडि पनि मैले कुरा उठाएको हो ।यहाँ आएर यहाँ धेरै बिचौलियाहरू चाहिँ धेरै भेट्न सकिन्छ । जसले के भन्छ भने म तपाईलाई ५० लाखको योजना हाल्दिन्छु २० प्रसेन्ट मलाई दिनुहोस्, अनि हामी हाल्दिन्छौं । अनि त्यो वापत पैसा गयो भन्ने कुराहरू पनि आइरहेको छ । यस्तो हुँदा हुँदै पनि आज हामी कसैलाई पनि कसैलाई पनि लाज पनि लागेको छैन, सरम पनि लागेको छैन । यो ढंगले जाने हो भने यो प्रदेशको औचित्य छ कि छैन ? हामी आफैंले पनि भित्र गएर अब प्रदेश चाहिन्न भन्नुपर्ने अवस्थामा चाहिँ ल्याउनु हुँदैन भन्ने चाहिँ मेरो मान्यता हो । यो चाहिँ सम्मानित सदनलाई पनि म अनुरोध गर्न चाहन्छु र सरकारको त धेरै ठूलो दायित्वभित्र पर्छ ।

आज भोलि  केही देखिरहेको छ, बजारमा जाँदाखेरि बाटाहरू बनिरहेको, यता उता बनाइरहेको देखिँदाखेरि अलिकति मनमा उत्साह आउँदो रहेछ । केही भए पनि भइरहेको त छ है भने जस्तो लाग्दो रहेछ तर लेखेका छन् २०७५ का अब यो २०७७, २०७८ मा पनि बन्ने हुन् कि होइनन् तर मैले सँधै भन्ने गरेको छु एउटा कुरो हामी चाहिँ मानसिक रूपले तयार हुनुपर्छ । हाम्रो मुहार भनेको हाम्रो राजधानी सुर्खेत नै हो। कर्णाली प्रदेशको मुहार भनेको हाम्रो राजधानी सुर्खेत नै हो । सुर्खेतलाई चिटिक्क बनाएयौं भने हामी अरु गाउँहरू पनि हामीले बनाउन सक्छौं र सरकारले यो राम्रो काम गरेको हो भन्ने पनि देखाउने कुरा यहाँ हुन्छ । नेपालको राजधानी काठमाडौं हो काठमाडौंलाई चिटिक्क बनाउँनै पर्छ तर हामीले त्यहाँ यो भएको छैन यहाँ यो भएको छ भनेर हामीले अगाडि बढ्नु त्यति उपयुक्त हो भन्ने लाग्दैन । आजका दिनसम्म पनि हाम्रो बजेट जम्मा ३ प्रसेन्ट मात्रै खर्च भएको भन्ने आइरहेको छ । फागुन लाग्दासम्म ३ प्रसेन्ट मात्र खर्च भएको छ भने अब के हुने हो ? यी योजनाहरू के हुने हुन् ? र गाउँ गाउँबाट धेरै कुराहरू आएका छन् । काम नगरेर चाहिँ अहिले सबै भन्दा भ्रष्ट प्रदेश भनेर हामीलाई नामाकरण गरिएको छ । कर्णाली प्रदेशलाई सबैभन्दा भ्रष्ट प्रदेश भनेर भन्ने गरेको त्यो कुनामबाट हामीले सुनाम कहिले ल्याउने हो ? र म आग्रह गर्न चाहन्छु सरकारलाई विधेयकहरू भटाभट ल्याउनु पऱ्यो र यहाँ हुँदा हुँदा हामी त बैठक पनि नबस्ने भयौं । व्यवस्थापन पनि न गर्ने भयौं अरूपनि नगर्ने भयौं हामी तपाई हामी सबै यहाँ एउटा आएर भत्ता सायद नदिने भएको भए हामी प्रदेशमा पनि आउँदैन थियौं कि भन्ने जस्तो लाग्न थाल्यो । आफूबाट आफैलाई पनि म यहाँहरूलाई भन्ने कुरो होइन । आफूले आफैसँग पनि घृणा लागेको जस्तो हीनतावोध भएजस्तो फिलिङ भइरहेको छ । त्यसैले बोल्न पनि के बोल्नु र, के भन्नु र भन्ने जस्तो कुराहरू आइरहेका छन् । कैयौं कुराहरूमा हामीले धेरै योभन्दा अगाडि पनि गरौं ।

आज ५/६ महिनापछि आइसकेपछि फेरि पनि प्रदेशलाई अगाडि बढ्ने कुरा केही पनि छँदै छैन । विधेयकहरू केही आएकै छैनन् । एउटामात्रै सामाजिक मन्त्रालयको विधेयक आएको छ भन्ने कुरा सुनिन्छ । अब यसपछि त यसलाई चाहिँ तुरुन्तै हामीले बन्द गरेर बर्षे अधिवेशनमा जानुपर्ने होला । बजेट निर्माण गर्नु गर्ने होला र योभन्दा अगाडि सरकारले जुन वचनबद्धता गरेको थियो । हामी सबै बसेर जुन हामीले ४ बुँदा यहाँ परिवर्तन गऱ्यौं, परिवर्तन गरिसकेपछि त्यहीं ढंगबाट जाने भन्दाखेरि आज सुन्नमा के आएको छ भने त्यो परिवर्तन गर्ने भने त झन् सरकारलाई त यति सहजतापूर्ण ढंगले अगाडि बढेर आफ्नो मनलाग्दी गर्ने भन्ने कुरा आइरहेको छ, यसले राम्रो गर्दैन यो त्यसैले हामी आम जनताका जनप्रतिनिधि हुन सकेनौं । हामी दुई चार जना मान्छेहरूले अब अहिले त कुरा आईरहेकै छ यति आइरहेको छ कि मन्त्रीज्यूहरू पनि घर बनाउन धमाधम उहाँलाई घर किन्न र बनाउनमा चाहिँ

उहाँहरूलाई फुर्सत छैन भन्ने कुरा चाहिँ आइरहेको छ । कति के साँचो हो थाहा छैन तर मैले देखें मैले भन्नै पर्छ यो सतीको सराप परेको भन्ने भनेको थिए । सतीले सरापेकी हुन् कि होइनन् हामीले आफैंले सरापेका केही राम्रा गर्ने मान्छेहरूलाई चाहिँ हामी कारवाहीमा लान्छौं अनि नराम्रो गर्ने मान्छेहरूलाई चाहिँ प्रोत्साहन दिएको दिएई, हामीले देशभरीमा त्यहीं अगाडि बढेको हुनाले सभामुख महोदय, र सभामुख महोदय मार्फत यो चाहिँ जवाफ पाउनको लागि हुम्लामा त्येत्रो मान्छेको मृत्यु भएको छ आजसम्म उपचार केही हुन सकेको छैन, अँझै मान्छे मर्नेक्रम जारी छ । त्यसको पनि सभामुख महोदय मार्फत् सरकारले जवाफ देयोस भन्ने कुरा राख्दै अब धेरै कुरा बोलिरहनु भन्दा पनि अबको दिनमा आज आएर हामीलाई गर्व गर्ने बाटो नरहेको हुनाले गर्व गर्ने बाटोतिर चाहिँ सरकारले पुऱ्याओस् यो हामी संसदले पनि त्यो पुऱ्यायौं भन्ने कुरा राख्दै बिदा हुन्छु, धन्यवाद ! जय नेपाल !

**माननीय सभामुखः-** अब माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेलः-** माननीय सभामुख महोदय, सर्वप्रथम म माननीय सभामुख मार्फत हामी सहभागी भइरहेको यो पाँचौं अधिवेशनको सफलताको म शुभकामना व्यक्त गर्न चाहन्छु । आज हामी दुई वर्षको अनुभवसहित यो अधिवेशनको सुरुवाती दिनमा उपस्थित भएका छौं । नेपालको लागि नयाँ अभ्यास, नयाँ व्यवस्था, नयाँ संरचना हुँदाहुँदै पनि जनताप्रति जवाफदेही रहेको संस्थाको यो बैठक प्रारम्भ गर्न गइरहेका छौं । यद्यपी संसद प्रतिपक्षको सरकार बहुमतको मान्यता भन्ने गरिन्छ । मभन्दा अगाडि बोल्ने जसलाई संसदको मुख्य हकदार ठान्ने बुझाइ छ उसको त त्यो हालत अवस्था छ भने सत्ता पक्षको तहबाट मैले थप के भन्नपर्ने अवस्था रहला र ? यद्यपी उठाइएका विषयहरू सरकारमा रहनुहुने साथीहरूले यथासक्य छिटो तथ्यसहित यो सम्मानित सदनमार्फत् कर्णालीवासी जनतालाई भन्ने कुरा यसको जिम्मेवारी र दायित्वको कुराको अनुभूति नगरेको भए गर्न पर्छ भन्ने कुरा राखन चाहन्छु । संसदको प्रभावकारिता, सरकार, संसद र संसदभित्र रहेका दलहरूको भूमिकाले मात्रै निरुपण गर्ने कुरा हो । योभन्दा अगाडि हामीले ४ वटा अधिवेशन सम्पन्न गरिसकेका छौं । मूलतः सरकारले ल्याएका विधेयकहरूलाई व्यवस्थापकीय ढंगले भूमिका खेलेर हामी यसमा सहभागी हुने माननीय सदस्यहरूले जनताको भावना अनुसार जनताको पक्षमा कानून बनाउनको निम्ति भूमिका खेल्ने थलो हो । एउटा पाटो मात्रै सरकार मात्रै सक्रिय भयो संसद तद्नुकूल अगाडि बढ्ने कुरामा सरकार र सदन अलि अगाडि बढ्न तद्नुकूल संसदभित्र रहेका दलहरूले आफ्नो भूमिका खेल्न सकेनन् भने यसको प्रभावकारितालाई अगाडि बढाउन सकिँदैन । म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु विगतका अनुभवका आधारबाट हाम्रै कर्णाली प्रदेशको विशिष्टताबाट आगामी दिनमा यो संसदको काम कारवाहीलाई अझ प्रभावकारी ढंगबाट अगाडि बढाउनका निम्ति हामी

सबै जो सरोकारवाला छौं सरकार, संसद र संसदभित्र रहेका सम्बद्ध दलहरूको भूमिका हिजोको भन्दा प्रभावकारी रहन सकोस् यतापट्टि म सबैको ध्यानाकर्षण गराउन चाहन्छु र यो एउटा स्मरण मात्रै गराउन चाहन्छु म तपाईहरूले कसरी अनुभूति गरिरहनु भएको छ । त्यसको प्रमुख जिम्मेवारीमा रहेकाहरूले त्यसलाई कसरी लिइरहनु भएको छ तर म चौथो अधिवेशनको समापनको एउटा म पात्र भएको नाताले जुन समापनको जुन दृश्य मैले देखिरहेको थिएँ । त्यस्तै गरी संसदका बैठकहरू चल्ने र चलाउने कुनै कुरा हो भने मलाई लाग्छ । यसको प्रभावकारितालाई अगाडि बढाउन सकिँदैन । त्यसकारणले त्यस विषयमा सम्बद्ध पक्ष भनिरा छु । गम्भीरतापूर्वक लिनुभयो भने यसको गरिमालाई अगाडि बढाउन सकिन्छ । हाम्रा बीचमा औपचारिक, अनौपचारिक मान्यता र प्रचलनका आधारबाट हामीले राम्रा कुरा सिक्दै अगाडि बढ्ने कुरा गरिएन भने मैले नभन्नु पर्थ्यो तुलना नगर्न पर्थ्यो त्यो त्यस्तो सम्मानित थलो हो तर मैले विगतमा पनि भन्या थिएँ यो थलो कुनै अन्त गर्ने कचरीको रूपमा रूपान्तरित गर्ने कुरा गरियो भने हामीले जतिसुकै मर्यादित भए पनि यो संस्थाको मर्यादालाई अगाडि बढाउने कुरामा केही कमी रहन सक्छ । यस बीचमा हाम्रो चौथो अधिवेशन र पाचौं अधिवेशनको बीचमा दुईटा निर्वाचनको बीचमा हामी सहभागी भएका छौं । एउटा स्थानीय तहको वा उपनिर्वाचनमा हामी सामेल भएका छौं । एउटा राष्ट्रिय सभाको निर्वाचनमा हामी सामेल भएका छौं । त्यो निर्वाचनमा कर्णाली प्रदेशमा पनि दुबै तहका निर्वाचन भएका थिए । यसलाई आ-आफ्नो ढंगले जोडतोड गर्ने कुरा पनि मैले देखिरहेको छु तर यस अवसरमा सभामुखमार्फत् त्यो उपनिर्वाचनमा सूर्य चिन्हमा मतदान गर्ने सम्पूर्ण मतदातालाई म धन्यवाद दिन चाहन्छु, विजयी उम्मेदवारलाई म बधाई दिन चाहन्छु । त्यस्तै राष्ट्रिय सभामा सूर्य चिन्हमा मतदान गर्ने मतदाता र विजयी हुने राष्ट्रियसभाका माननीय सदस्यहरूलाई म माननीय सभामुख मार्फत नेकपाको दलको तर्फबाट धन्यवाद र बधाई व्यक्त गर्न चाहन्छु। हामी संघीय सरकार हामी प्रदेश सरकारमा रहंदारहँदै पनि संघीय सरकारका प्रभावहरू पनि हाम्रा जोडतोडमा अगाडि बढीरहेका छन्। यद्यपि आलोचना आइरहेको छ तर मुलुक क्रमशः यद्यपि त्यसमा पनि प्रक्रियाका मामिलामा, कारवाहीका मामिलामा फरक-फरक मतमतान्तर हुन सक्छ तर क्रमशः सुशासनको दिशामा मुलुक क्रमशः पाइलो अगाडि सारिरहेको छ । जनताको अपेक्षा अनुसार नचालिरहेको भएपनि सरकार त्यो बाटोमा अगाडि बढी रहेको छ तर त्यसै अनुसार त्यसको सकारात्मक सन्देश दिने गरी हामीले हाम्रो ठाउँमा जहाँ हामीले अधिकार प्राप्त गरिरहेका छौं त्यो ठाउँमा त्यो दिशा पकड्ने कुरामा मलाई लाग्छ हामीले पनि आँट गर्न जरुरी छ । त्यसबाट पनि हामीले पाठ सिक्न जरुरी छ भन्ने कुरा यस सन्दर्भमा राख्न चाहन्छु । जहाँसम्म प्रदेशको अवस्था म धेरै चर्चा गर्न चाहन्न । म रहेको निर्वाचन क्षेत्र मेरो मात्रै नभएर यहाँ रहनु हुने सम्पूर्ण माननीय सदस्यहरूको निर्वाचन क्षेत्रबाट आएर बसोबास गर्ने निर्वाचन क्षेत्रका रूपमा रहेको

निर्वाचन क्षेत्र हो । संख्याका हिसाबले कसैको कुनैमा धेरै हुनुहोला कसैको थोरै हुनुहोला तर हाम्रो २४ वटै निर्वाचन क्षेत्रका मतदाताहरू विभिन्न कामका कारणले, अवसरका कारणले, मयका कारणले आएर बसोबास गर्ने क्षेत्र हो । ती सबै मतदाताहरू सामेल भएको कहिलेकाँही चौबाटोमा, दोबाटोमा, सार्वजनिक ठाउँमा अब माननीय मन्त्रीज्यूहरूलाई त कामका कारणले फुर्सत छैन कमै सुन्नु भाको होला तर कहिलेकाँही बुझ्न थालो भने त्यति उत्साहजनक टिप्पणी सुन्न पाईदैन । यसको कारण मैले म रहेको मतदाताले मात्रै भनेर भनिरहेको छैन यो जहाँ राजधानी हामीले तोकेका छौं २४ वटै निर्वाचन क्षेत्रका मतदाताहरू विभिन्न कारणले यहाँ आइरहनु भएको छ । उहाँहरूको प्रतिकृयाहरू यस्तो देख्छु म । यद्यपि मैले यसकारणले भन्दिन म एउटा नेकपाको कार्यकर्ता नेकपाकै यहाँ सरकार छ । यसो हेर्दा त भन्ने अवसर यही प्रयोग गरौं कि जस्तो पनि लागिराको छ तर म त्यस्तो हतारो गर्ने पक्षमा छैन । किनकि भन्नका निम्ति आफ्ना पर्याप्त फोरमहरू, यो पनि महत्त्वपूर्ण फोरम हो जहाँबाट आफ्ना जनप्रतिनिधिहरूलाई कर्णालीबासी मतदाताहरूलाई आफ्ना भनाइहरू सम्प्रेषण गर्ने एउटा आधिकारिक, एउटा सम्मानित थलो हो । तर म अनुरोध गर्न चाहन्छु कहिलेकाँही मान्छेलाई रहर लाग्न सक्छ तर म जिम्मेवारीका कारणले बाँधिएको हुन्छ तर सरकारमा रहने साथीहरूले व्यक्त गर्नु भएको कुरा जिम्मेवारी अनुसार नै बोल्नुभाको होला । तर म अनुरोध गर्न चाहन्छु रहर लाग्दैमा जे निष्कर्ष सुनाइरहनु भएको छ, जे कुरा बाहिर अभिव्यक्त गरिरहनुभएको छ यद्यपि उहाहरूले पर्याप्त छलफल गरेर नै भन्नु भयो होला आफूले मात्रै नपुगेर एउटा ठूलो विज्ञसहितको सरकार छ । न्यूनतम साधन स्रोतसहितको छ । पूरानो अनुभवसहितको कर्मचारी जनशक्ति, कर्मचारी साथीहरू साथमा र संलग्न हुनुहुन्छ त्यसकारणले उहाँहरू ले त्यो निचोड र निष्कर्ष निकालेर सार्वजनिक सभा मार्फत यहीं कुरा परिलक्षित गरिरहनु भएको छ । तर म भन्न चाहन्छु असजिलो र अप्ठेरो हुन्छ सक्नेले उत्साह छर्नु पर्छ निराशा छर्ने कुरा त्यो ठाउँबाट मिल्छ कि मिल्दैन आफैं विचार गरौं । मेरो विचारमा मिल्दैन । असजिलो छ अप्ठेरो छ, नयाँ संरचना छ, विकट ठाउँ छ, साधन स्रोत छैन, जनशक्ति छैन, यो हामी जानकार छौं । तर त्यसका बाबजुत हामीले केही गर्नै पर्नेछ नगरे वापत दुई वर्षपछि हुने चुनावमा अरु पार्टीले केही नगरे पनि हुन्छ हामीलाई देखाइदिए पुग्छ । तर नेकपाले अरुलाई देखाउने ठाउँमा छैन त्यो हैसियत र जिम्मेवारीमा छ मैले विगतको अधिवेशनमा पनि भन्ने गरेको हुँ।

यद्दपि त्यो दोहोऱ्याउन चाहन्छु कि अरुलाई देखाइदिए पुग्छ, देखेउँ त ५ वर्ष के भयो? नेकपाको सरकार थियो दुई तिहाईको सरकार थियो भन्दिए पुग्छ । तर हामीलाई कोही कसैलाई देखाउने ठाउँमा छैनौं । त्यसो हो भने अब कहीं अन्त कतै सेयर गर्नु भा छ भने थाहा छैन म त्यो कुराबाट अनभिज्ञ छु । तर म भन्न चाहन्छु र अनुरोध गर्न चाहन्छु जे सार्वजनिक मिडियाबाट औपचारिक र जिम्मेवार साथीहरूले

भनिरहनु भएको छ, तपाईलाई त्यो पदबाट, त्यो ठाउँबाट, त्यो कुरा भन्न मिल्दैन । कहिलेकाँही व्यक्तिलाई पदले पनि बाँधेर राखेको हुन्छ, जिम्मेवारी वोधका साथ अगाडि बढ्नुपर्ने एउटा अवस्था रहन्छ, म यस्तो देख्छु । आज तुलना हुन्छ ७ प्रदेशमा तुलना हुँदा जित्न नसके पनि अगाडि बढ्दैछन् भन्ने कुरा एउटा मात्रै कामले हामीले एक समय चर्चा पाएका थियौं । त्यो नाम र राजधानी राख्दा हालत अवस्था कस्तो थियो हामीलाई सबैका अगाडि थाहा छ। यद्यपि तेलाई हामीले सरकारकै कुरा भनिराका छौं । सरकार कै कुरा हो भनिराका छौं । हालत अवस्था के थियो हामी सबै जानकार छौं, त्यति बेला हामी सबै चर्चाको शिखरमा थियौं । तर म अनुरोध गर्न चाहन्छु संसदको मर्यादा, भूमिका र प्रभावकारिता बढाउने कुरामा विगतको अधिवेशनमा पनि हामीले राम्रैसँग महसुस हुनेगरी छलफल गऱ्यौं। म अनुरोध गर्न चाहन्छु यो संस्थाको जहाँबाट निर्माण भएको हो त्यता पट्टि व्यवस्था गरेर अरु कुनै संस्थालाई विश्वास लिएर संसद र सरकार चल्न सक्दैन साथी । माफ गरौं मैले बोल्दा यो भन्दा अगाडि पनि त्यो शब्द प्रयोग गऱ्या थिएँ कहिलेकाहीं बोल्दा बोल्दै, हामीले कसैले जय नेपाल भन्छौ, कसैले लाल सलाम भन्छौ, कमरेड भन्छौं त्यस्तै साथी आयो त्यलाई म आफैंले महसुस गर्दै फेरि त्यो चर्चा गर्न चाहन्छु । यो प्रारम्भमा र त्यसको विगतमा पनि अनौपचारिक चर्चा भएको मैले सुने अहिले पनि मेरो मुखबाट त्यस्तो आयो यो यस्ता छलफलमा चलिरहने, कहिलेकाहीं चल्ने कुरा रहने कुरा हुन् । त्यस कारणले म के देख्दैछु त भन्दा हिजो हामीले लामो छलफल गऱ्यौं तर अहिले त्यो छलफलको कुरा संसदको बैठक चल्दै जाँदा अगाडि बढ्न सकिने एउटा अवस्था रहला । त्यसमा माननीय सदस्यहरूले कुरा उठाउँदा मेरा पनि केही भनाइहरू राखौंला तर म अनुरोध र आग्रह गर्न चाहन्छु । थोरै गरौं तर निराशाजनक वातावरण नआउन दिनका निम्ति हामीले हेक्का राख्नुपर्ने एउटा अवस्था म त्यस्तो देख्छु ।

दुई तिहाईको संख्याका हिसाबले माथि छ कर्णाली प्रदेश तर सरकारको निर्णय प्रक्रिया हेर्दा तेलाई प्रतिनिधित्व गर्न कहीं सकेन कि छलफल गरौं । संख्या आफैंमा महत्त्वपूर्ण कुरा हो, कुनै विकल्प अन्त खोजिरहन पर्दैन । कसैले विकल्प खोजे भने पनि अर्को चुनाव नहुँदासम्म नेकपाबाहेक अर्काको विकल्प, उपस्थित हुन नसक्ने संख्या छ तर त्यो संख्यालाई दुई वर्ष सुरुदेखि अन्तिमसम्म एउटै नीति एउटै योजना, एउटै कार्यक्रम गर्ने गरी बढ्न कले छेक्या छ ? के संसदले छेक्यो के संसदले छेकेभन्दा म भन्न चाहन्छु सरकारका आफ्नै निर्णयले, अस्थिरताले, यस्तो स्थिति निम्त्याइ राखेको छ । आफैंले समीक्षा गर्नुहोस् तपाईंले प्रारम्भदेखि आजसम्म विभिन्न विषयमा के विचार र दृष्टिकोण राख्नु भो त्यो नै पर्याप्त छ त । विभिन्न विषयमा भनिराको छु म अहिले यहाँ उदाहरण दिन चाहन्न, पर्याप्त छ त । हामी जे संरचनामा अका छौं, जे व्यवस्था छ, जे प्रक्रिया छ हामी कानून बनाउने ठाउँमा छौं, कानून चित्त बुझ्दैन कानून बनाउन सक्छौं । कानूनअनुसार मलाई लाग्छ ब्युरोक्रेसी चल्न सक्छ तर संसदले हामी पास गर्छौं ।

म यति मात्रै भन्न चाहन्छु त्यो मूल्यलाई त्यो मान्यतालाई जतिसुकै असजिलो भयो भने बरु यही फर्किनुहोस संसदमा संसदलाई विश्वास लिनुहोस् । संसदले सरकारलाई सहयोग गर्न तयार छ । तर यहाँ जे भन्दा पास हुन्छ भन्दिने अनि पास गरेर गएपछि आफू अनुकूल फेरि परिवर्तन गर्ने, फेरि आफू अनुकूल चल्ने र निर्णय गर्ने कुरा गर्नु भयो भने एक छिन त अगाडि बढ्न सक्नु हुन्छ तर छलफल चल्यो भने फेरि हात जोडेर नमस्कार गर्नै पर्ने हुन्छ । गल्ती गर्नुहोस् त म कसरी भन्नु भनौं, नमस्कार गर्नैपर्ने हुन्छ यो रोस्टमबाट त्यसकारणले म फेरि पनि विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु यो संसदको शुभारम्भको दिनमा छौं । संसद सरकार र संसदभित्र रहेका सम्बद्ध दलहरूको एक आपसमा जति विश्वास बढ्छ, जति घनिष्टता बढ्छ जति आत्मविश्वासका साथ अगाडि बढ्न सकिन्छ त्यति तपाईले हामीले राम्रो काम गर्न सक्ने वातावरण निर्माण गर्न सकिने अवस्था रहन्छ । हाम्रा बारेमा सरकार, संसद र दलका बारेमा हामीभन्दा बाहिर रहेकाहरूले आलोचना गर्ने कुरा स्वाभाविक रहन्छ आलोचना गर्ने कुरा गरे भन्ने नाममा, उनीहरूसँग कुरा मिलाउँने नाममा हामीतिर, संसदतिर संसदले पास गरेका बजेट र कार्यक्रमप्रति प्रश्नचिन्ह खडा गर्ने गरी सरकारले काम गऱ्यो भने त संसदभित्र छलफल हुँदा कसरी समर्थन गर्न सकिन्छ र यो बीचमा माननीय सदस्यज्यूहरू विभिन्न समितिका नाममा म भन्दा बढी सक्रिय भएर फिल्डको पनि अध्ययन गर्नु भएको छ । संयोगले म रहेको समितिको एउटा बैठकको एउटा प्रारम्भिक रिपोर्ट सुन्ने अवसर मैले पाएँ यदि त्यो रिपोर्ट माननीय सदस्यहरूले फिल्डबाटै ल्याएको कुरा हो भने त्यो रिपोर्टका आधारबाट सरकारले राम्रो काम गरेकै रहेछ भनेर भन्न बढो गारो छ है । यद्यपि त्यतिबेला त्यो समितिमा रहनुभएको सम्बन्धित माननीय मन्त्रीज्यू पनि हुनु हुन्थो हामीले छलफल पनि गऱ्यौं ।

त्यसकारणले म अनुरोध गर्न चाहन्छु कि हामीप्रति कुनै सरकारप्रति होइन हामी ४० जना माननीय संसदभित्र, ४० जना माननीय संसदभित्र माननीय सभामुखज्यू, उपसभामुखज्यूपनि सामेल हुनुहुन्छ हामी प्रति जनताले औंलो ठड्याइहाले त म भन्दिनँ प्रश्नको मात्रा बढेको बढ्यै छ, बढेको बढ्यै छ यसलाई घटाउँने गरी अगाडि बढ्न जरुरी छ र म अनुरोध गर्न चाहन्छु कतिपय मनचिन्ते योजनाहरू सामेल भएका छन् । मेरै निर्वाचन क्षेत्रसँग सम्बन्धित पनि मनचिन्ते छन् मैले भने विकासका नाममा हो भने त गरिदिउन त भनेर मैले पनि चुप लागेर बसेको थिएँ तर त्यो कसैका निम्ति रोजगार शिर्जना गर्ने योजना पो रहेछन् त । यो मैले भन्दा बढी त त्यही सरकारमा रहने साथीहरूले, मनन्त्रीज्यूहरूले बुझ्ने कुरा हो, थाहा पाउने कुरा हो । एउटा जनप्रतिनिधिले त्यो कुरा भन्दा तपाईहरूलाई बलपुग्नु पर्ने हो भन्ने मलाई लाग्छ तर यस्ता काम भइराका छन् । काम अरुले गरिराका छन्, जवाफदेही हामी बन्नुपर्नेछ, हाम्रो जनताको मनोविज्ञान के छ भने कोले कहाँ काम गर्दा के गल्ती गरो त्यसको हिसाबकिताब जनताले खोज्दैन, सबै कामको हिसाबकिताब खोज्ने जनताको मानसिकता

हामी जनप्रतिनिधि भित्रै छ । चाहे त्यो निर्माण व्यवसायीले गल्ती गरोस्, चाहे कर्मचारीले गल्ती गरोस् चाहे आर्कोले गल्ती गरोस् त्यो सरोकारको विषय छैन त्यसको सम्पूर्ण जवाफदेही र भागिदारी हामी जनप्रतिनिधि बन्नुपर्ने हाम्रो मानसिकता अहिले पनि विद्यमान छ । तर यी जनप्रतिनिधिहरूको के भूमिका छ त्यो त्यही जनप्रतिनिधिलाई मात्र थाहा छ उनको हविगतको अवस्था । त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहन्छु मैले यस कारणले यो कुरा भनिराको छु कि म कहिले काहीं थोरै मात्रै धेरै कुरामा हैन स्वीकृत बजेटभित्र मात्रै सीमित रहेर मसँग जोडिएका निर्वाचन क्षेत्रसँग जोडिएका विकास र आयोजनासँग छलफल गर्न बेलाबखत तल्ला तहका कार्यालयमा जाने गर्दा, त्यहाँको हालत अवस्था देख्दा मलाई के अनुभूति हुन्छ भने सबै ठाउँ पुगेको राजधानीको हालत यस्तो छ भने त्यो दुरदराज जिल्लाको हालत र अवस्था के होला अनुमान मात्रै गर्ने कुरा हो । अनुभूति मात्रै गर्ने कुरा हो त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु कि यलाई प्रभावकारी ढंगले अगाडि बढाउने कुरामा यो अधिवेशन सफल होस् विगतका अधिवेशनका आधारबाट हामीले छलफलका आधारबाट, घटनाक्रमका आधारबाट जे हामीले निष्कर्ष र निर्णय लिएका छौं तेलाई सक्दा थपौं नभए अविश्वास बढाउने गरी जाँदा स्वयम् सरकार सञ्चालनमा रहेकै, जिम्मेवारीमै रहेकै जो माननीय सदस्यज्यूहरू हुनुहुन्छ जो मन्त्रीज्यूहरू हुनुहुन्छ तेलाई कहींकतै असजिलो गरेको असहयोग गरेको जस्तो पनि अलिअलि प्रचार गरेको देखिराको छु । तेसो हो भने यहींभित्र पनि छलफल गर्न सकिन्छ । मैले अघि नै भने संसदको प्रभावकारिताका निम्ति सबैका आ-आफ्ना दलहरू छन् दलमा विषय प्रवेश गराउन सकिने अवस्था रहन्छ । त्यहाँ छलफल चलाएर अगाडि बढ्न सकिने एउटा अवस्था रहन्छ । त्यसो भयो भने तपाईका समस्यामा सिंगो माननीय सदस्यहरू साथ दिएर अगाडि बढ्दा तपाईहरूलाई पनि मोरल हुन्छ तर त्यो मामिलामा एक्ला एक्लै त प्रयत्न गरेको मैले देखिराको छु । तर सामूहिक प्रयत्न जबसम्म गर्नुहुन्न एक्ला एक्लैको प्रयत्नले यस्ता किसिमका समस्याको समाधान गर्न सकिन्छ मलाई त्यस्तो लाग्दैन । सामूहिक प्रयत्न गरेर जानु भयो भने मलाई लाग्छ त्यो प्रभावकारीरूपमा अगाडि बढ्न सकिन्छ । यद्यपि यो संघीय संरचनालाई संस्थागत गर्न मिडियाका साथीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । हामीलाई भन्दा बढी चिन्ता गरेर समाचार पनि सम्प्रेषण गर्ने मिडियाका साथीहरू पनि मैले देखें चिन्ता गर्नु भयो । हामीलाई त्यो कुरामा सजग गराउनु भयो म धन्यवाद दिन चाहन्छु । तर म फेरि पनि भन्न चाहन्छु यो नेकपाको सरकारको बनाउने, को रहने को हट्ने को नहट्ने यो नेकपाको नितान्त आन्तरिक मामिला हो । हाम्रा तपाईरुले उठाएजस्तो विषय न व्यक्तिगत न सामूहिक न कहीं अनौपचारिक कहीं कतै छलफल चलिरहेको छैन तर मनचिन्ते समाचारहरू सम्प्रेषण गरेर तपाईको उद्देश्य त सफलै भाको होला जस्तो लाग्छ । तर म भन्न चाहन्छु त्यसले तपाईको जो

मिडियाको प्रयोग गरिरहनु भएको छ त्यसको विश्वसनीयता घट्ने कुरा हो मित्रहरू त्यस कारणले म तपाईहरूलाई त्यतातिर अनुरोध गर्न चाहन्छु ।

तपाईहरूले नै अनौपचारिक रूपले भन्नु हुन्छ यो यो भइराको छ तर तपाईहरूको त्यो सेक्टरले महत्त्वपूर्ण तथ्यसहित डाटासहित ल्याउनु भयो भने मलाई लाग्छ कोही कसैले पनि त्यसको संरक्षण गर्न सक्छ मलाई त्यस्तो लाग्दैन संरक्षण गर्नेगरी कसैले कुरा गरिरहेको छ मलाई त्यस्तो लाग्दैन त्यसमा अहिलेको सरकार वा नेकपाको सरकार त्योसँग सम्झौता गर्छ मलाई त्यस्तो लाग्दैन तर विषय उठाउने फेरि छोड्ने फेरि विषय उठाउने फेरि छोड्ने यसको पछाडि तथ्य सत्य भन्दा पनि तपाईका केही कुरा छन् कि भन्ने भयो भने मिडियाप्रति जे जनविश्वास बढ्नुपर्ने हो त्यसको तलवितल पो हुने हो कि मैले भन्दा बढी तपाईहरूले ध्यान दिने विषय हो भन्ने कुरा राख्दै फेरि पनि म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु संसदको प्रभावकारिता सरकार संसद र संसदभित्र रहेका सम्बद्ध दलहरूको भूमिकाबाट नै यसको प्रभावकारिता बढ्ने कुरा हो । यहाँ रहेका सदस्यहरूले मान्न पर्ने केही कुराहरू त होलान् तर माननीय सदस्यहरू दलबाट नै चल्ने र चलाउने कुरा नै हुन्छ । नियम र प्रक्रियाका हिसाबले मान्न पर्ने कतिपय कुराहरू होलान तर यिनी माननीय सदस्यहरूलाई अन्त कहिँ कतैबाट चल्ने र चलाउने कुरा कसैले बुझ्यो भने तेसले अन्तरविरोध मात्रै सिर्जना गर्छ । मुल कुरा दलहरूको भूमिका नै हो । दलभित्र आफ्ना माननीय सदस्यहरूलाई कसरी अगाडि बढाउने भन्ने कुरा दललाई नै जिम्मेवारि दिने कुरा गरियो भने यहाँ भित्रको व्यवस्थापन र सहकार्यमा, सहजीकरणमा तेले सजिलो पर्ने एउटा अवस्था रहन्छ जस्तो मलाई लाग्छ । त्यसकारणले पनि म ध्यान त्यता पट्टिमात्रै आकर्षित गर्न चाहन्छु । यद्यपि यलाई हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन अर्को अधिवेशनलाई बजेट अधिवेशन गर्ने कुरा नै हो । लामो तयारीका साथ जे अधिवेशन हो त्यस अनुसार कै यो अधिवेशनको आयोजना सरकारले निर्णय गरेअनुसार यो अगाडि बढ्ने नै होला त्यसअनुसार हामी छलफलमा सामेल हुने छौं । विधेयक अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा सफल पार्नका निम्ति यो पाचौं अधिवेशन सफलहोस भन्ने कुरा राख्न चाहन्छु र फेरि पनि अनुरोध र आग्रह गर्न चाहन्छु कि जिम्मेवारीअनुसारको सार्वजनिक ठाउँबाट आफ्ना धारणाहरू हामी सबैले राखौं। त्यसो गर्दा यसको विश्वसनीयता र यसको प्रभावकारितालाई बढाउन सकिन्छ ।

अहिलेको यो संरचना भन्दा अर्को संरचनाको मानसिकता अरुले राख्न सक्छ तर हामी यहाँ उपस्थित भएका माननीय सदस्यहरूले राख्ने कुरा हुन्छ मलाई त्यस्तो लाग्दैन। त्यसमध्ये पनि सरकार त अझ हामी माननीय सदस्यहरू भन्दा नियम र कानून र संविधानले बाँधिएकै ठाउँमा छ । उसलाई नै कहिलेकहीँ यस्तो देख्छु म उसलाई नै विश्वास नभएका कुरा मजाले भनिराको छ त उले त नयाँ बाटो खोजेको पो

जस्तो गर्छ त । त्यस्तो भयो भने के हुन्छ हामीभन्दा बाहिरका लाई उत्साह मिल्छ हाम्राका बीचमा संसद प्रतिपक्ष भए पछि पाचौंमा आउँदा त यस्तो छ अझ तीन वर्षसम्म अरु ६ वटा अधिवेशनहरू हुँदा जसको संसद प्रतिपक्षको भन्ने छ उसकै अवस्था त्यस्तो भएपछि अनि हाम्रो प्रभावकारिता कसरी अगाडि बढ्ला ? यतिका धेरै विषयहरू छन् । संख्याले कोही धेरै र थोरै होऔंला तर यतिका धेरै विषय छन् संख्या गौण कुरा हो विषय प्रमुख कुरा हो । म यस अवसरमा राख्न चाहन्छु हाम्रो कर्णाली प्रदेशमा एक त रोजेर आउने कमै जनशक्ति छ जो आउनु भाको छ उहाँलाई म धन्यवाद दिन चाहन्छु । तर म उहाँहरूलाई पनि मेरो तर्फबाट अनुरोध गर्न चाहन्छु थुप्रै अनुभव छ । त्यसमा विज्ञ हुनुहुन्छ तर निर्णय प्रक्रिया तपाईको सहित संलग्नताबाट भइराको छ भने त्यो प्रक्रिया किन त्यस्तो हुन्छ । मैले यति मात्रै विषय राख्न चाहन्छु जुन विषयमा तपाईहरूको संलग्नता छ, जुन कुरा पुष्टि गर्न सकिँदैन कसैका निम्ति अनुकूल र सजिलो होला यतिका धेरै प्रश्न आईराका छन् ती प्रश्नलाई समाधान गर्ने गरी सकारात्मक दिशाबाट अगाडि बढाउनका निम्ति तपाईहरूको महत्त्वपूर्ण भूमिका हुन्छ जस्तो मलाई लाग्छ । यद्यपि तपाईलाई रोजेको ठाउँमा चाहेको ठाउँमा अहिलेको सरकारले नपठाएको होला यद्यपि कर्णाली सरकारले तपाईहरूको पिर मर्कालाई सम्बोधन गरेर हाम्रो थोरै राशीबाट, थोरै बजेटबाट केही सम्बोधन गर्ने कोसिस गरिरहेको छ । तेलाई सकारात्मक ढंगले ठानेर मलाई लाग्छ कर्णालीलाई सुशासनका मामिलामा, संस्थागत विकासका मामिलामा, अनियमिततालाई नियन्त्रण गर्ने मामिलामा तपाईहरूले अलि ध्यान दिने कुरा गरिदिनु भयो भने मलाई लाग्छ त्यस अनुसारका निर्णय हुन्छन जस्तो लाग्छ । त्यस मामिलामा चाहिँ के कारणले हो अलि फितलो अलि कमजोर अवस्था म बाहिरबाट देख्छु मैले त्यस्तो अनुभिति गरेको छु । त्यसकारणले कर्णाली प्रदेशको सरकारलाई प्रभावकारी रूपले अगाडि बढाउनका निम्ति यो कर्णाली सरकारका सम्बद्ध निकायहरूको प्रभावकारिता जबसम्म हुँदैन तबसम्म रिजल्ट आउँदैन । रिजल्ट आएन दिन मात्रै बिते भने प्रश्न उठेका उठेई हुनेछन् अनि त्यो सँग सम्बद्ध दलहरूले राम्रो काम गरो भन्ने हुँदा हुँदै पनि मनोविज्ञानका हिसाबले, जनमतका हिसाबले असजिलो र अप्ठेरो पर्ने परिस्थिति नआउनदिनका निम्ति पनि हामीले समयमै सोचौं कुरा राख्दै फेरि पनि यो अधिवेशनको पूर्ण सफलताको कामना गर्दै बिदा हुन चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाहीः-** सभामुख महोदय, यस कर्णाली प्रदेशको वर्षे अधिवेशन अन्त्य भएको लामो समय पछि बल्ल आज हामी कर्णाली प्रदेश को हिउँदे अधिवेशनको पहिलो बैठक शुभारम्भ गरिरहेका छौं । विगतका वर्षहरूमा हामी सरकारको गतिविधि किन अगाडि बढ्न सकेन भनि प्रश्न गर्दा सरकारको जवाफ के रहन्थ्यो भने नीति नियम

कानून नबनेका कारण ढिलाइ भएको हो । सरकारलाई, सरकारलाई अहिले कुन तत्त्वले अगाडि बढ्न नदिएको हो । यसको जवाफको माग गर्दछु तर पनि समयमै धेरै ऐन कानूनहरू निर्माण भइसक्दापनि बजेट कार्यान्वयनको अवस्था देख्दा कर्णाली प्रदेश सरकारको प्रगति होइन बेथिति मौलाइरहेको छ । बजेट खर्च भएर प्रतिशतका आधारमा यति प्रतिशत भयो भन्ने कागजको पानामा देखाउनु बाहेक अरु केही देखिदैन यथार्थमा सही ढंगले सदुपयोग भयो या भएन भन्ने समीक्षा गर्ने यो व्यवस्थामा कतै हुँदैन र । सभामुख महोदय, जनता मोटा भया दरबार बलियो हुन्छ भन्थे यहाँ त आसेपासे आफन्त र कार्यकर्ता मोटा भए मात्रै आफू बलियो भईन्छ भन्ने मानसिकता मौलाएको त होइन ? प्रत्येक वर्ष हामी नीति तथा कार्यक्रम प्रस्तुत गर्छौं अब नीति तथा कार्यक्रम होइन कि ब्यथिति तथा कार्यक्रम भन्दा पनि फरक नपर्ने देखिन्छ । गरिब जनताको अवस्था झनझन दयनीय हुँदै गईरहेको छ त्यसैले ब्यथिति बारेमा बोल्न खोज्दा मुखमा मुक्का हान्ने काम भइरहेको छ । अधिकारको बारेमा बोल्दा मानव अधिकारको अपहरण भइरहेको छ । नीति नियम विपरीत आफन्त र कार्यकर्तालाई भरणपोषण गर्ने काम भइरहेको छ स्थानीय स्तरमा नीतिगत भ्रष्टाचार मौलाइरहेको छ । लोकतन्त्रको नाममा लुटतन्त्र भइरहेको छ । हजारौंको बलिदानले ल्याएको लोकतन्त्रहो भनेर मन्चमा गएर आदर्श भाषण छाँटिरहनु भएको छ यही हो तपाईले सर्वहाराको मुक्तिको लागि ल्याएको लोकतन्त्र आफूले पद नपाउँदा राजाले देश लुट्यो रे भनेर बोल्ने नेताले थोरै समय सत्तामा रहदाँ बालुवाटार देखि खुला मञ्च हुँदै सिंहदरवारसम्मका सार्वजनिक जग्गा बाँकी रहेनन् भने कसले देश लुटेको रहेछ बल्ल जनताले थाहा पाएका छन् । विस्तारै यसको हिसाबकिताब पनि खोज्ने छन् ।

विश्वमा हिन्दु राष्ट्र भनेर चिनिने नेपालमा सनातन धर्म कमजोर हुँदै गएको भन्ने कालान्तरमा नेपालको अस्तित्व मेटिदै जानेछ । माथि नेपालको परम्परा सामाजिक मूल्य मान्यता र सनातन धर्ममाथिको डरलाग्दो ढंगबाट प्रहार भइराखेको छ । सँगठन र योजनाबद्ध रूपमै धर्म परिवर्तन गर्ने गराउने कामहरू भइरहेका छन् । राज्यले नियन्त्रण गर्ने साटो प्रोत्साहन दिने काम भइरहेको छ । यस्ता कार्यले देश संकटमा पर्नुको साथै धार्मिक द्वन्द्व बढ्न सक्ने भएकोले सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सभामुख महोदय, नेपाल कृषिप्रधान देश हो भनेर कृषिमा परनिर्भर भइसकेको छ । कृषिमा ठूलो लगानी भइरहेको छ । तर प्रतिफल भने शून्य आइरहेको छ । यसको प्रमुख कारण भनेको हाम्रा होइन मेरा र हाम्रा भन्ने चित्तले दिमाग भरिएको छ । हाम्रो देशको हकमा कृषिमन्त्रीज्यूले कृषि कार्यको लागि राम्रै गर्नु भएको होला तर सत्ता र शक्तिको आडमा बेथिति बढेकाले सभामुखमार्फत् एकपटक सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । मैले सिफारिस गरेका सीमित योजना मात्रै समावेश भएका छन् तर ती भएका जनामा केही शब्द अगाडि थपेर हुन्छ कि बीचमा थपेर हुन्छ कि पछाडि थपेर हुन्छ कि तोडमोड गरेर अर्कै अर्थ लगाएर योजना परिवर्तन गरी दुख दिने प्रयास भएका

छन् । कस्तो मानिसकता हो औषधि र उपदेश मिठो हुँदैन भन्थे साँचै रहेछ । जनतामाझ देखाउने र सुन्ने कुनै उपलब्धिमूलक काम भएको देखिँदैन । यदि मुहान ठीक छैन भने धारा सुनकै जोडे पनि पानी त फोहोर नै आउँछ । आज कर्णाली प्रदेश सरकारको अवस्था तेही भइरहेको छ । हामीले कानून मात्रै निर्माण गर्ने तर यसको कार्यान्वयन पक्षलाई ध्यान दिएनौं भने यसले कुनै अर्थ राख्नेवाला छैन । त्यो भएर हरेक कुरामा निर्माणसँगै कार्यान्वयन पक्षलाई जोड दिन आवश्यक छ । यस कर्णाली प्रदेश सरकारले यस आ.व. को बजेट कार्यान्वयनसँगै गरी सफलता प्रदान गर्नुका साथै यस हिउँदे अधिवेशनको सफलताको शुभकामना दिँदै हरेक रचनात्मक र सकारात्मक कामको लागि म र मेरो दलको निरन्तर साथ र सहयोग समर्थन र ऐक्यबद्धता रहने नै छ तर गुण र दोषका आधारमा हामीले निर्णय लिनेछौं । भर्खरै सुर्खेतमा टिप्परको ठक्करबाट मृत्यु भएका व्यक्तिका घरपरिवारलाई आवश्यक राहतका साथै उक्त आन्दोलनमा घाइतेलाई उपचारका साथै क्षतिपूर्ती उपलब्ध गराईदिन हुन माग गर्दछु, जय राष्ट्रवाद धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक २०७६ साल फागुन १ गते बिहिवार दिनको ३ बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन १ गते

बिहीवार

(बैठक संख्या- २ को प्रथम)

<u>राष्ट्रिय धुन,</u>

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको ५ औं अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथा स्थानबाट आफ्ना भनाइहरू राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवन शहादुर शाही । माननीय सदस्य रोस्टम प्रयोग गर्न सक्नुहुन्छ।

**माननीय जीवन बहादुर शाहीः-** सम्माननीय सभामुख महोदय, पाचौं अधिवेशनको हामी दोस्रो बैठकमा छौं र कताकता हामीलाई भान भइरहेको छ । यो संसदमा आउन पनि हामीलाई अल्छी लाग्ने जस्तो ४० जनाको संख्या तो पनि घट्दै, घट्दै गईरहेको अवस्था चाहिँ छ। हामी यस्तो बन्न थाल्यौं कि जुनबेला जतिखेर मन लाग्यो तेलाई बन्द पनि गरी दिन्छौं मन लाग्या बेला खोल्दिने पनि भयौं । जसले गर्दाखेरि यो मर्यादित संसदको मर्यादा रहन्छ कि रहन्न भन्ने कुरो चाहिँ ठूलो महत्त्वपूर्ण कुरा हो भन्ने मलाई लाग्छ सभामुख महोदय, म सुन्दै छु आजबाट फेरि एकैचोटी अठार बिस गते कहिले हो त्यतिखेर जाँदै छ । कारण के हो त्यो मैले बुझ्न सकेको छैन । यति ढिलो हामीले हाम्रो संसद सुरुवात गऱ्यौं र अहिले आइसकेपछि सुन्नमा आउँछ सरकारले विधेयक ल्याएन । सरकारले विधेयक नल्याएको हुनाले हामीसँग बिजनेस छैन । बिजनेस नभएको कारणले चाहिँ यो सदन बन्द गर्नुपर्ने भयो भन्ने कुराहरू आईरहेका छन् । ल मानौं सरकारले विधेयक ल्याएन भने पनि वास्तवमा संसदको अरू पनि महत्त्वपूर्ण भूमिकाहरू छन् । हामीले प्रदेशलाई यो प्रदेशलाई कसरी सुदृढीकरण गर्न सक्छौं कसरी समृद्धि गर्न सक्छौं ? कुन कुन कुरामा छलफल गर्न सक्छौं भन्ने कुरा पनि हुन्थ्यो होला । समितिहरूको प्रदेशको बैठक नबसे ता पनि समितिहरूको बैठक वस्न सक्ने प्रावधान

छ । त्यो पनि गर्न सक्थ्यौं होला । तर त्यसमा नगरेर अहिले सरकार र सदनप्रति पनि जोहारी भए जस्तो मैले बिहान सरकारका मन्त्रीज्यूहरूलाई सोध्दै थिएँ होइन हामीले त सात-सात ओटा विधेयकहरू चाहिँ दर्ता गराएका छौं भनेर चाहिँ सरसर्ती मलाई टिपेरै दिनु भो जस्तै सार्वजनिक निजी साझेदारी, स्वास्थ्य, वातावरण जो अहिले आज प्रस्तुत भएको छ, खाद्य सम्प्रभुता, उपभोक्ता हित, लोकसेवाको संशोधन, युवा परिषद यी त हामीले पेसै गरेका छौं । अनि त्यसरी नै हामी तयारीमा छौं । ५ गते त हामीले क्याबिनेटबाट पास गर्छौं । प्रहरी, जलाधार, सूचना प्रविधि, विउबिजन, बन सेवा, सुविधा अब यो के हो ? कहिले कहिले माननीय सदस्यज्यूहरू सत्तारुढ दलका विशेष गरेर विपक्षी दल कोल्टे पऱ्यो विपक्षी दलले बोल्नै सकेन भन्नै सकेन, हुँदा हुँदा विपक्षी दलका नेताहरू त कानूनले दिएको पैसा पनि खान्छन् भन्ने पनि सदनमा कुरा नभएको होइन । यदि साँच्चै सत्तारुढ दलका माननीयज्यूहरूलाई सरकारप्रति त्यति वितृष्णा हो भने म आज एउटा प्रस्ताव राख्न चाहन्छु । हामीले सरकारका विरुद्धमा अविश्वासको प्रस्ताव दर्ता गर्न सक्छौं तर दुर्भाग्य के छ भने प्रतिपक्षको जम्मा १५ प्रतिशत मात्रै छ । अविश्वासको प्रस्ताव दर्ता गर्नको लागि एक चौथाई चाहिन्छ । एक चौथाई भनेको २५ प्रतिशत हो र यहाँहरू चाहिँ जो जो हिजो चाहिँ एकदम प्रतिपक्षले के हेरेर बसेको छ भने हामी चाहिँ अविश्वासको प्रस्ताव दर्ता गर्नलाई हामी तयार छौं । तपाईहरूले पनि साथ दिनु पऱ्यो सही गरिदिनको लागि २५ प्रतिशत त पुऱ्याउनु पऱ्योनी । त्यो अविश्वासको प्रस्ताव फेल होला पास होला त्यो आफ्नो ठाउँमा छ । हामी त्यो सुरुवात गर्छौं । होइन भने कसैका कानमा बन्दुक हानेर पट्किए पट्किएला नपट्किए नपट्किएला भन्ने कुरोले यो अगाडि बढ्न सक्दैन यो मलाई लाग्छ। मलाई अचम्म लागेको छ, गजब लागिरहेको छ । कार्यव्यवस्थामा पनि हामी उपस्थित नहुनु । त्यसैलाई पनि कता कता बहिस्कार गरे जस्तो हुनु त्यसले गर्दा हामी संसदहरूको पनि राम्रो देखिएको छैन सभामुख महोदय ।

हामीलाई पनि त्यति राम्रो देखाएको छैन । अनि हामी कहिले कहिले आफैंले बनाएको नियमावली पनि अल्झिरहेका हुन्छौं । नियमावली परिवर्तन गर्ने भन्यौं यो दुई चार महिनाभन्दा बढी भइसक्यौ आज सुन्नमा आउँदै छ दुईटा कुराले एकदम अल्झियो । सभापति राख्ने कि अध्यक्ष राख्ने । विधायन समितिबाट जाने कि अरुबाट यही लेखेकै रैछ। तपाईहरूले हेर्नु भयो भने अगाडि चाई हामी कस्ता छौं के हामी आफैंपनि हामी सबैको कुरा यहाँ अगाडि के लेख्यौं भने समितिको सभापति पदको उम्मेदवार भन्ने लेखेका छौं के विषय सूचीमा चाहिँ । अनि पछाडि लेखे छौं फेरि अध्यक्ष भनेर ।

भनाइको मतलब माथिको हामीले हुबहु यहाँ सार्‍यौं अनि एउटाले यो राख्नु पर्छ भनिदियो राखि दियौं । अनि विधायन समितिमा के भनेको छ भने विधायन समितिले प्रतिवेदन पेश गर्ने छ । फेरि हामीले के गर्‍यौं भने आफ्ना आफ्ना समितिमा जाने त आफ्ना आफ्ना समितिमा जान्छ त्यो कोले जान्न भनेको छ र ? तर त्यो के मार्फत आउनु पर्छ त विधायन समिति मार्फत नै आउने हो । सामाजिकको पर्‍यो भने विधायन समितिले सामाजिक समितिमा पठाई दिन्छ त्यहाँको छलपल गरेर यता आउने हो नि त । अब त्यो पनि हामीले गरेनौं। अब त्यस कारणले हामी आफैं पनि कन्फिउजिङ भएर बसिराखेको मैले बिहान पनि भने सरकारको आज दोस्रो वार्षिक उत्सव छ भन्थे अब त लोगो लाएर दियो भने त यो सुर्खेतका मान्छेले भेट्यो भने गालामा पट्काउँलान् जस्तो हामीलाई पनि भै सकेको छ । यो कुरामा तपाई हामीले चाहिँ सोच्नु पर्छ र हामीले संसदको पनि ठूलो दायित्व हो भन्ने मलाई लागेको छ।

सभामुख महोदय, अब यो यही किसिमले गर्ने हो भने बन्द हुँदै जाने हो भने प्रतिपक्ष भनौं या नियमावली र के रे उसमा लेखेको विपक्षी भनौं हामीले त पत्रकार सम्मेलन गरेर सरकारले बिजनेस दिन सक्दैन । सत्तारुढले चाहिँ कुनै पनि सदनलाई चलाउन चाहेको छैन भन्नुबाहेक अब हामीसँग विकल्प भएको मलाई लाग्दैन । यो ढंगले हाम्रो कतिसम्मको बदनामी अब काम गर्नेबेला सुरु भयो यी सारा कुराहरू इस्यु उठाउने बेला भयो । त्यो बेला हामी मजासँग बसिरहेका छौं । कानूनले के भन्छ भने कतै होला हामीले नियमावलीमा परिवर्तन गर्न सक्छौं नि यो त इमिडिएड हामीले गर्न सक्छौं । यदि सभामुखको उपस्थिति हुन नसक्ने अवस्था भयो भने हामी गरौं जुन नियमावलीमा लेखेको छ । उपसभापतिले नै उपसभापतिले पनि उपसभामुखले पनि सुरुको र अन्त्यमा चाहिँ गर्न सुरु गर्न र अन्त गर्न सक्ने छ भनी नियमावलीमा परिवर्तन गरौं । त्यो प्रयाक्टीस त हाम्रो अपर हाउसमा आइसकेको छ नि त राष्ट्रिय सभामा आईसक्यो भने त्यो प्रयाक्टीस गरौं । त्यो कुराहरू त तुरुन्त गर्न सकिन्छ तर यो या उ बहानाले हामी संसदमा चाहिँ नचल्ने अनि चल्न हामी पनि नदिने । मैहिनौं दिन पछि सार्ने हो भने संसदै नगरौं । के भयो र यो ढंगले अगाडि बढ्दैन । अब म आज अरु कुरा के उठाउन चाहन्छु भने सभामुख महोदय, हामीले धेरै प्रश्नहरू यहाँ उठायौं । हामीले धेरै कुराहरूको जवाफ यहाँ मागौं तर आजसम्म आएन हुन सकेन ।

अस्ति पनि पहिलो दिनमा पनि मैले बोलेको थिएँ समितिको के हो ? सम्माननीय सभामुखज्यू यो समिति वैध हो अवैध हो के हो ? अब दुई वर्ष भयो यदि त्यो हो भने हामीले घोषणा गरिदिउँ यो नै जो बनेको समिति ठीक छ भनेपछि सद्धियो त यहाँ के

देखियो भने समितिका सभापतिजीहरूलाई पनि के हो के हो । भोलि हामीलाई फेर्छन् कि भन्ने चाहिँ दुविधा राख्ने गरेर चाहिँ काम सञ्चालन गर्नलाई बाधा भएको मैले देखिरहेको छु । अस्ति मात्रै सुनिँदै थियो अब भन्न पनि नगर्ने यो कुराले चाहिँ कत्ति पनि हामीलाई राम्रो भएको छैन । अब यो अर्को संशोधित रातो किताब कहाँ पुग्यो, कहाँ गयो । जुन संशोधन भएको थियो र यहाँ संशोधित रातो किताब हामीले प्राप्त गर्न पर्थ्यो । चालु खर्चमा कुन कुन खर्च घटाइयो पूँजीगतमा पनि कुन कुन योजनाहरू ट्रान्फर भए ? त्यो गर्ने अधिकार दिइएको थियो । सरकारले आजसम्म त्यो ल्याएको छैन । यसको अर्थ त उहाँहरूलाई जेजे मन लाग्छ मन लाग्ने चाहिँ गर्ने मन नलाग्ने नगर्ने अवस्था चाहिँ आयो सभामुख महोदय, एउटा हाम्रो यहाँ नियमावलीमा लेखिएको छ म यो नै पढेर सुनाउन चाहन्छु किन कि हामीले आफैंले बनाएको पनि कतिखेर याद हुँदैन ।

यो नियम २१७ को (क) मा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको गठन, प्रदेश सभा तथा सचिवालयलाई सुचारु रूपले सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यहरू गर्न सचिवालयका कर्मचारीहरूको वृत्ति विकास तथा सुविधा निर्धारण विषयगत समिति बीच समन्वय एवं सामाञ्जस्यता कायम गर्न र प्रदेश सभा सदस्यको दक्षता अभिवृद्धि तथा प्रदेश सभा र सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने गराउने लगायतका कार्यहरू गर्नका लागि देहाय अनुसारको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| सभामुख | अध्यक्ष |
| मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | सदस्य |
| उपसभामुख | सदस्य |
| विपक्षी दलको नेता | सदस्य |
| प्रदेश सभा सचिव | सदस्य |
| सचिवालय सचिव | सदस्य-सचिव हुनेछ । |

(२) सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) सचिवालयको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ख) सचिवालयका कर्मचारीहरूको वृत्ति विकास एवं सुविधा निर्धारणसम्बन्धी कार्य गर्ने,

(ग) प्रदेश सभाका समितिहरू बीच समन्वय र सामाजस्यता कायम गर्ने गराउने कार्य,

(घ) प्रदेश सभा सदस्यको दक्षता अभिवृद्धिका लागि तालिम, गोष्ठी लगायत कार्य गर्ने,

(ङ) प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सभा र सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने गराउने, र आवश्यकता अनुसार अरु गर्ने।

वृत्ति विकासको कुरामा हामीले पास गऱ्यौं । सरकारलाई बजेट यति चाहिन्छ भनेर दियौं। समिति बस्यो निर्णय भयो । आजसम्म कार्यान्वयन हुँदैन । अनि यो नियमावली किन चाहियो ल किन चाहियो ? यो बनाएर समिति बसेको छ अब अहिले पनि समितिको सगर्ने यो समिति हो है किन बनेन ? भनेर बारम्बार यहाँ कुरा उठाउँदा खेरि सरकारले भनिदिदा हुन्छ त सभामुखज्यूलाई हाम्रो जुन बनेको छ ठीक छ भने त सिद्धि हाल्यो त। यो नगरेर पनि यसको हामीले कहिले पनि जवाफ पाउन सकेनौं । अनि त्यसकारण सचिवालय कसरी मर्यादित भएर अगाडि बढ्न सक्छ । कर्मचारीले कसरी काम गर्न सक्छन् । कि त हामीले दिन मिल्दैन कानूनले नदिएको कुरा भनेर भन्न पर्थ्यो नि । जब निर्णय गरिसके पछि आजसम्म कार्यान्वयन हुँदैन भने हामी अगाडि कसरी बढ्न सक्छौं सभामुख महोदय। अनि यो करार करार नियुक्तिको विषयमा आइरहेको छ सभामुख महोदय । असाध्यै राम्रो कामको लागि नियुक्ति गर्नैपर्छ अगाडि बढ्नैपर्छ तर त्यसका पनि प्रावधानहरू होलान । मौखिक इक्ज्याम हुनु पर्ने होला । लिखित इक्ज्याम हुनु पर्ने होला । मन्त्रीज्यूहरूले होला तपाईहरूलाई वाध्यता होला कम से कम हाम्रा भनेर ५० प्रतिशत गरेर राम्रालाई त ५० प्रतिशत ल्याउनु पर्छ नि । सबै हाम्रा हाम्रामा नि मेरा भनेर गर्ने र आज सुनिदैछ, आज सुनिदैछ । ल तिमीलाई हामी पास गराईदिन्छौं यदि तिमीले तिम्रो पार्टी छोडेर हाम्रो पार्टीमा आउछौं भने । भन्ने कुराहरू पनि आई रहेका छन् । अब त्यो किसिमले गर्ने हो भने कस्तो खालको म्यानपावर हामीले प्राप्त गर्न सक्छौं सभामुख महोदय । यो कुरापनि जटिल विषहरू उठिरहेका छन् । करारमा पठाईएका कर्मचारीहरू कुन लेभलका हुन् ? यो लेभललाई पनि हामीले हेर्नुपर्ने अवस्था आएको छ यसलाई पनि हामीले सायद त्यसैले हुन सक्छ लोकसेवा पनि हामी ढिलो ढिलो चाहिँ गरेर चाहिँ गठन गर्ने प्रक्रियाहरूमा गइरहेका छौं। यो ठाउँ ठाउँमा कयौं ठाउँहरूमा ईन्जिनियर हुँदा हुँदैपनि ईन्जिनियरको दरबन्दी हुँदा हुँदै पनि हामीले ओभरसियर पठाउने गरेका छौं । किनकि

हाम्रा मात्र होइनन् मेरा मान्छे राख्ने निहुँमा हामीले त्यसो गऱ्यौं भने विकास हुन सक्छ ? यो कुरा पनि म यो सदनमा उठाउन चाहन्छु सभामुख महोदय, अनि भ्रष्टाचारका विषयमा हामीले धेरैचोटि कुराहरू उठायौं । कालिकोटको त मैले नाम किटान गरेर फलानो, फलानो, फलानो, फलानो, फलानो, फलानो कर्मचारी नै आफैं उपभोक्ता समितिको अध्यक्ष भएको यसको के हो भनेर हामीले पठाएयौं तर ती कुरापनि आजसम्म सुनुवाइ भएनन् । हामीले मन्त्रीहरूले जवाफ यत्रो चाहिँ कुराहरू आइसकेपछि मन्त्रीहरू जवाफ दिनु पर्थ्यो कि पर्दैनथ्यो सभामुख महोदय, पाचौं अधिवेशन पुग्दासम्म पनि हामीले जवाफ नपाउने ? के हामीले बोलेको कुरा झुटो हो भनेपछि भन्नु पऱ्यो । हामी पनि सुधिर्न तयार छौं होइन भने भनेका कुरामा चाहिँ तिनको जवाफ हामीले पाउन पर्छ कि पर्दैन सभामुख महोदय । रकमान्तर सम्बन्धमा पनि त्यहिनै भयो सभामुख महोदय । संसदले पास गरेको बजेटलाई रकमान्तर पनि हुन सक्ला त्यसका कति प्रसेन्टेजहरू छन् । सटेन प्रसेन्टेजमा गर्न सकियला । ठूला ठूला कुरा गर्नु पर्दा खेरि फेरि सदनमा आउनु पर्छ कि पर्दैन ? सदनको अनुमति लिनुपर्छ कि पर्दैन ? समितिहरूको अनुमति लिनु पर्छ कि पर्दैन ? आफूलाई मन लागेको मन लाग्दी गर्ने हो भने यो चाहिँ शासन होइन कुशासन हुन्छ सभामुख महोदय । यो सुशासनको लागि हामी लडेर आएका हौं । सुशासनको लागि हामीले यत्रो क्रान्ति गरेका हौं र यो प्रदेशको समृद्धिको लागि हामीले गरेका हौं । आज सुखारी कर्णाली होइन हामी दिन प्रतिदिन दुखारी कर्णाली बनाउँदै छौं । यसको लागि यो सदनले यो सदनको रोस्टमबाट उठेका कुराको जवाफ पाउनु पर्छ कि पर्दैन सभामुख महोदय, आज सम्म त हामीले सहेर बस्यौं, सुनेर बस्यौं । तर पनि हामीले जवाफ पाएनौं । किनकि त्यो जवाफ दिनको लागि पनि हाम्रा सदनहरू चलिरहन पर्थ्यो सभामुख महोदय । अर्को अहिले अर्को डरलाग्दो कुरो आइरहेको छ सभामुख महोदय । डि.पि.आर.का कुरा डि.पि.आर. बनाउने हरेक कुरामा डि.पि.आर. भनिएको छ । हरेकका पहुँचवाला नेताका आफ्ना आफ्ना चाहिँ कन्सलटेन्सीहरू छन् । कसैका बहिनीका नाममा कसैका भाईका नाममा कसैका श्रीमतीका नाममा कसैका दाइका नाममा ती कन्सलटेन्सीहरू बनाइएको छ । अनि कार्यालयले के गर्छ भने प्रतिस्पर्धामा नगएर यो ६० र ४० को रेसियो छ सभामुख महोदय, म प्रमाणसाथ दिन सक्छु । ६० र ४० को रेसियो गर्ने अनि ती कार्यालयका हाकिमहरूले कस्को नजिकको छ तेसलाई दिएर बनाउने । यसमा पनि डि.पि.आर. भनेको के हो ? डिटेल पोर्जेक्ट रिपोर्ट हो नि । गर्ने चाहिँ इस्टिमेट गर्ने भर्खर ट्रेडस्कुलबाट पास गरेका ओभरसियरहरूलाई पठाउने । त्यहाँ न कुनै जियोलोजिस्ट छ

न कुनै अर्थशास्त्री छ, न कुनै समाजशास्त्री छ पेपरमा राखेका छन् एउटा सभओभरसियर र हाइवेका सर्भेहरू भइरहेका छन् सभामुख महोदय, यसले गर्दाखेरि हाम्रा यी बाटाहरू राम्रा बन्लान नबन्लान र अहिले अर्को प्रचलन पनि आएको रहेछ १० किलो मिटर सम्म जिल्लाले गर्न पाउने । अनि त्यो भन्दा बढी गऱ्यो भने प्रदेशमा आउनु पर्ने । त्यस कारणले दश दश किलोमिटर भन्दा बढी काम पनि न गर्ने जुन यो कुरो चाहिँ अगाडि बढीरहेको छ यसका विषयमा पनि हामीले डि.पि.आर.का विषयमा पनि धेरै चोटि कुरा उठायौं र आज मैले बाध्य भएर भन्दैछु यो रेसियोमा जाने र आफन्तहरूलाई दिने र ती बाटाहरू राम्रा नभएको अवस्था आएको छ सभामुख महोदय, ती डि.पि.आर. या भवनका हुन या बाटाका हुन विशेष गरेर यी बाटाहरू जहाँ हाम्रो भिरपाखा मात्रै छन् जहाँ चट्टानै चट्टान छन्, त्यस्तोमा यस्ता प्राविधिकहरूको चाहिँ उपयोग गरिएको छ । जसले गर्दाखेरि हाम्रो विकासमा ठूलो घाटा परेको छ सभामुख महोदय, अनि यो अनक्वालिफाइडहरूलाई दिने अनि हामीले ठूला कुरा गरेर यहाँको विकास हुन त सक्दैन यहाँको समृद्धि भएन भनेर हामीले कर्मचारी लाई दोष दिएर ब्युरोक्रेसी सिस्टमलाई दोष दिएर उम्कन पाउने अवस्था छैन सभामुख महोदय, यहाँ अचम्मका कुराहरू छन् हुन त आज यो उ वातावरण सम्बन्धमा चाहिँ हाम्रो आउँदै छ । यार्चागुम्बा पहिला मैले देखेको थिएँ कता गएको छ । थाहा छैन यार्चागन्बु संरक्षण भनेर ८ करोड रुपियाँ पहिलाको हाम्रो रातो किताबमा छुट्याइएको थियो । त्यसले कहाँ कहाँ संरक्षण भयो किन भने यो भनेको यस्तो चिज हो कि डोमेस्टिकेसन हुने चिज त होइन नि । त्यो संरक्षण गर्नलाई आठ आठ करोडको हामीले बार बन्देज गऱ्यौं कि ? त्यहाँ मान्छे नजान दिने गऱ्यौं कि ? त्यो के बन्यो कहाँ बन्यो ? हामीले लाएको त गजब बन्यो कुरा हुने भयो है भन्ने हामीले सोचेका थियौं । अहिलेको फेरि अर्को नयाँ किताब बनेको छैन त्यो परिवर्तन भयो कि छ कि छैन कि सुरुको जुन हामीले यो जुन किताब फिर्ता दिएको किताबमा लेखिएको थियो सभामुख महोदय, आठ आठ करोडका संरक्षण गरिसके पछि अब हाम्रो प्रदेशबाट कति यार्सागुम्बा चाहिँ उत्पादन भयो र हाम्रो यहाँ हामीले रोयल्टी कति पायौं भन्ने कुरालाई पनि हामीले हेनु पर्ने भएको छ सभामुख महोदय, अनि सरकारले अहिले अब कार्यविधिहरू बनाईरहेको छ, कार्यविधिहरू बनाएर ऐन कुनै पनि ऐन कानूनको अधीनमा नरहेर आफ्नो मनलाग्दी यो बनाएर जाने त्यो चाहिँ परम्परा ठीक हो कि होइन । त्येसलाई पनि हामीले सोच्नु पर्छ । अनि हामीले तामझामका साथ गऱ्यौं सभामुख महोदय । बाढीपीडितहरूको लागि सम्पूर्ण माननीयज्यूहरूले बोल्नु भयो । बाढीपीडितहरूलाई हामीले बासको व्यवस्था गर्न

पर्छ भन्यौं । सरकारले पास गऱ्यो १०४५ वटा घरहरू चाहिँ बाढि पीडितका प्रभावित क्षेत्र हुन भनेर आएको थियो । त्यसपछि सरकारले ६०० घरहरूलाई एक लाख पचास हजारको दरले चाहिँ पैसा दियो । त्यसपछि दिनुपर्ने एक लाख पचास हजार रुपियाँ कहाँ गयो, पैसा नभएको हो ? या एक लाख पचास हजार मात्र दिने नीति हो ? या हामीले अरुलाई जिम्मेवारी दिएको हो ? या हाम्रो फ्लोअप नभएको हो ? यो के भएको हो सभामुख महोदय, अनि त्यसपछि अर्को कुरा आयो मैले बारम्बार यो ढोकामा बिचौलियाहरू आएर दिने म एक एक नामावली मैले अरु जिल्लाको नसकेनी मेरो जिल्लाको दिन सक्छु कि कसलाई चाहिँ हामीले अनुदान दिएका छौं ? साँच्चै हामीले किसानलाई दियौं रु गरिखानेलाई दियौं ? या आफ्ना नामका मन्त्रीज्यूहरूले पनि सभामुख महोदय, यो हाम्रो पार्टीको हो कि हैन यो पार्टीको पनि मेरो खेमाको हो कि हैन भन्दै दिने गरेका ती पनि मसँग प्रमाण छन् । एउटा घार नभएकालाई, एउटा घार नभएकालाई मकै मौरीका घार भनेर चार पाँच लाख दिइएको छ । एउटा बाख्रा नपाल्नेलाई सिधै भनिरहेका छन् हाम्रो त माथि छ हामीले दियौं आयौं र यहाँ कयौं मान्छेहरू छन् मन्त्रीज्यूहरूले चाहिँ त्यो बाहिर पुलिस मात्र राखेर होइन अब यो एउटा सिआईडि टाईपको पुलिस पनि राख्नुहोस् कि यहाँ गर्दैछन् ५० लाखको योजना हाल्दिन्छु मलाई यति प्रसेन्ट चाहियो । यो खालको बदनामी भइरहेको छ सभामुख महोदय, त्यसकारण कर्णाली प्रदेश सबैभन्दा भ्रष्ट प्रदेश कर्णालीका मान्छेहरू सबै भन्दा भ्रष्ट भनेर चाहिँ हामीलाई आरोप लाग्ने गरेको छ। कुनै एउटा व्यक्तिले गरेको कुरामा सिङ्गो प्रदेशलाई सिङ्गो सरकारलाई आरोप लाग्न हुन्न भन्ने कुरा हाम्रो मान्यता हो सभामुख महोदय । यी कुरामा चाहिँ सरकारका मानिसहरूले सोच्ने कि नसोच्ने रु आफ्नो अधिकार हातमा आयो भनेपछि सरकार भनेको सबैको लागि हो गरिब जनताको लागि हो। हुने खानेको लागि हो यो पार्टीको लागि पनि हो त्यो पार्टीको लागि पनि हो । हामीले भन्ने गरेका छौं सरकारलाई पनि सभामुख महोदय, केही न केही होला । सत्तापक्षको केहि न केही प्रभाव पर्छ होला छायाँ पर्छ होला तर सबै कुरा बेइमानी गर्नु उपयुक्त हुन सक्दैन । त्यसकारणले जसका लागि जे का लागि तपाई हामी यहाँ पुगेका छौं त्यसको लागि हामी अगाडि बढ्नु पर्छ भन्ने मेरो कुराहरू छन्। यी गरेका कुरा मैले बारम्बार अब पनि यी कुराहरूको जवाफ नआउने हो हामीले गरेका निर्णयहरू कार्यान्वयन नहुने हो भने मैले बारम्बार भन्ने गरेको छु सभामुख महोदय, हामीले पुनर्विचारहरू गर्नुपर्ने अवस्थाहरू आएका छन् । यस कारण सभामुख महोदय, म भन्न चाहन्छु यो सदन मनलाग्दा रोक्ने मन लाग्दा खोल्ने होइन निरन्तर संसद

चलोस् संसदले चाहिँ यदि सरकारका बिजनेसहरू छैनन् र अघि मैले पढेका बिजनेसहरू आएका छन् भने पनि तिनलाई हामीले संशोधन गर्न पर्ने भए संशोधन गरौंला। विशेष समयमा बोल्ने बेला विशेष समयमा बोलौंला । शून्य समयमा बोल्दाखेरि शून्य समयमा बोलौंला । हामी यहाँ भत्ता मात्र पचाउन आएका होइनौं । हामी भत्ता खाएर आज के भनेका छन् यी माननीय भनेका के हुन् ? यी माननीय भनेका यिनको भत्ता पाए पुग्यो यिनको आवाज छैन्, बाटोतिर हिडिरहेका छन्, भत्ता खाइरहेका छन् । अहिले आफ्नो पैसाहरू के रे यो उ उठाइरहेका छन् भनेर त्यो हामी माननीयहरूलाई पनि आरोप आएको छ त्यसकारणले चाहिँ म एउटा आग्रह र अनुरोध गर्न चाहन्छु कि सभामुखज्यूले एउटा विशेष समिति गठन गरेर यसको छानविन गरियोस् भन्ने कुरा राख्दै म बिदा हुन्छु, धन्यवाद ! जय नेपाल !

**माननीय सभामुखः-** अब माननीय श्री धर्मराज रेग्मी । त्यसपछि माननीय श्री कृस्णा शाह तयार रहनु होला । समय ५ मिनेट ।

**माननीय धर्मराज रेग्मीः-** गठन भएको दुई वर्ष भएको छ सभामुख महोदय, यो दुई वर्षको दौरानमा सरकारमाथि केही प्रश्नहरू छन् र सरकारले त्यसको जवाफ दिनुपर्छ सभामुख महोदय, सामान्यतया लोकतन्त्रमा सरकार पारदर्शी हुनुपर्छ । सरकार चाहिँ विधिको शासन अनुसार चल्नुपर्छ । सरकार संविधान कानूनअनुसार चल्नुपर्छ यसमा कतै विमत गर्नुपर्ने कतै डिवेड गर्नुपर्ने विषय छैन सभामुख महोदय, सरकार जवाफ दिने हो सरकारले आफैं प्रश्न गर्ने होइन । सरकार जवाफ दिने ठाउँमा छ । सरकारले यसको जवाफ दिनुपर्छ आज सरकार दुई वर्ष पुगेको विहान एउटा कार्यक्रम पनि थियो । के भतेर पनि थियो सभामुख महोदय, म थिइन म गा थिएन । दुई वर्षको दौरानमा सरकारले गरेका काम कारवाहीको बारेमा सरकारले आफ्नो समीक्षा दिनुपर्छ र यो संसदमा सरकारको प्रमुखको रूपमा माननीय मुख्यमन्त्रीले पनि बोल्नुपर्छ सरकारका बारेमा र उहाँले भन्नुपर्छ दुई वर्षको दौरानमा सरकारले गरेको प्रगति के हो ? दुई वर्षको दौरानमा सरकारले विकास निर्माणको बारेमा कर्णालीको विकासको बारेमा सरकारको अवधारणा के हो ? कर्णालीको राजनीतिको बारेमा सरकारको अवधारणा के हो ? कर्णाली प्रदेशका जनताले आर्थिक कसरी गर्ने हुन् सरकारको मोडल के हो ? कम्तीमा दुई वर्षको दौरानमा सरकारका काम कारवाहीका बारेमा सरकारको प्रमुखले अहिले चाहिँ संसदमा बोल्नु पर्छ सभामुख महोदय । पाँच देखि छ प्रतिशत जस्तो बजेट गाछ होला यो वर्षको मलाई एकिन रूपमा प्रदेश सरकारको मन्त्रालयले तथ्यांकहरू सार्वजनिक त गरेको छैन । अब मेरो विचारमा ५ देखि ६ प्रतिशत जस्तो बजेटहरू चाहिँ यतिबेला चलिराख्या छ होला ।

एउटा त बजेट खर्च गर्ने हाम्रो चाहिँ खर्च गर्ने क्षमता कसरी विकास गर्ने हाम्रो चुनौती छ दोस्रो बजेट खर्च गर्नुले मात्रै विकास भइरहेको फिगर देख्न सभामुख महोदय, बजेट खर्च कस्तो जेन्यून मुद्दाहरूमा हामी बजेट खर्च गर्दै छौं भन्ने कुरा चाहिँ त्यसको पछाडि चाहिँ विकास भएको आर्थिक विकास भएको अथवा चाहिँ तरक्की भएको अथवा चाहिँ जनताको जीवनस्तरमा परिवर्तन भएको फिगरमा देखिनुपर्छ । सभामुख महोदय, अहिले हामी पाँच छ प्रतिशतको बीचमा छौं होला । सरकारमाथी वित्तीय अनुशासन उलंघनका गम्भीर प्रश्नहरू छन् । करिब १४० भन्दा बढी मुद्दाहरू अख्तियारमा प्रदेश सरकारका काम कारवाहीका बारेमा छन् । दर्जनौं मुद्दाहरू एउटा मन्त्री एउटा मन्त्रालयले दर्जनौं मुद्दाहरू चाहिँ लिखित जवाफ दिइराख्नु परेको अवस्था छ । वित्तीय अनुशासनका कुराले चाहिँ कर्णाली प्रदेशमा चाहिँ यो अत्यन्तै दुखदायी कुरा हो सभामुख महोदय । यसको जवाफ सरकारले अख्तियारलाई त जवाफ लेखेर दिन्छ होला तर तपाईले जनताको सामुन्नेमा सरकारले जवाफ दिनु पर्छ सभामुख महोदय । अख्तियारलाई जवाफ दिएर सफाई पनि पाइन्छ होला तर तपाईले पब्लिकले यो कुराको जवाफ दिन पर्छ कि सरकार ट्रान्सपरेन्स छ सरकार पारदर्शी छ र जनताका लागि सरकारले केही गरिरहेको छ भन्ने कुरा तपाईले भतेर भन्दा बाहिर उठेर न्याली भन्दा बाहिर उठेर गोष्ठीभन्दा बाहिर उठेर तपाईले जवाफ दिनु पर्छ । सभामसुख महोदय, एउटा अहिले डरलाग्दो तथ्यांक छ सभामुख महोदय, मैले अहिले यो संसदमार्फत राख्न चाहन्छु । करिब पचहत्तर छयात्तर वर्षमा चाहिँ यो कर्णाली प्रदेशमा प्रदेश र स्थानीयका नाममा कर्णालीमा एक अर्ब रुपियाँको चाहिँ गोष्ठी भयो भन्ने तथ्यांक छ सभामुख महोदय । यसको पुष्टि चैत सम्म चाहिँ महालेखाले यसको पुष्टि गर्छ सभामुख महोदय । म सँग अहिले भइरहेको डेटा के छ भन्दा खेरि एक अर्ब भन्दा भाथि हुन्छ चाहिँ । एक अर्बको प्रदेश र स्थानीयका नाममा भएका कर्णालीका गोष्ठीहरू करिब यो एक अर्बमा एक अर्बको हाराहारीमा पुग्दैछन् सभामुख महोदय, यो अत्यन्तै डरलाग्दो कुरा हो र यसले हाम्रो मूख्य चासो हाम्रो मूख्य रुचि के छ भन्ने कुरा चाहिँ यले संकेत गर्छ सभामुख महोदय । मैले पहिले पनि भने लोकतन्त्र पारदर्शी व्यवस्था हो । सरकार सञ्चालन गर्ने विषय अवश्य पनि कम्पनी सञ्चालन गरेको जस्तो प्रालि सञ्चालन गरेको जस्तो बालक्लव सञ्चालन गरेको जस्तो विषय होइन सभामुख महोदय । बिचौलियाहरू संस्थागत रूपमा बिचौलियाहरू मन्त्रालयको वरिपरि छन् । संस्था इन्सीच्यूसनलाई चाई संस्थालाई हामीले महत्त्व नदिने प्रणाली सुरु गऱ्यौं र कर्णालीमा त्यसको यति धेरै संस्थाको हुर्मत हाल्ने काम गऱ्यौं सभामुख महोदय । संसद प्रतिको उपेक्षा यो एउटा उदाहरण हो । हामीले चाहिँ

हामीलाई जरुरी पर्दा मात्रै हामी बैठक कल गर्छौं । संस्था इन्सिचिउस्नल डेभलोमेन्टमा हाम्रो भरोसा छैन सभामुख महोदय । अवश्य पनि मैले भने सरकार सञ्चालन गर्नुपर्ने विषयहरू क्लव चलाए जस्तो अथवा चाहिँ कम्पनी चलाए जस्तो होइन सभामुख महोदय । सुर्खेत र दैलेखका केही विषयहरू मैले जेनिउन रूपमा उठाउनु पर्छ सभामुख महोदय । हामी प्रति केही आग्रह छ। हामी प्रति केही पुर्वाग्रह छ । सुर्खेत र दैलेख प्रति हामी प्रति केही पुर्वाग्रह छ । हामीप्रति हामीले कुनै अपराध गऱ्या छौं ? लोकतन्त्रको हिस्सेदारीमा हाम्रो कुनै हिस्सा छैन कि परिवर्तनको लडाइमा छैन कि । हाम्रा मान्छेहरू यो आन्दोलनमा मारिएनन् कि सहिद भएनन् कि के हो हाम्रो चाहिँ मूल्य के आधारमा चाहिँ हामीले प्रताडित भइराख्नु परेको छ। के आधारमा हाम्रा मान्छेहरूको काम हुँदैन सभामुख महोदय । दैलेख र सुर्खेतको मान्छेको चाहिँ यो सरकारले काम गर्न नमिल्ने हो ? विमानस्थलको विषय सभामुख महोदय, हामीले जेन्युउन रूपमा उठायौं । विमानस्थल संघीय सरकारको पहल कदमीको कारणले अगाडि बढ्या छैन कि प्रदेश सरकारको भनेर भन्यो भने म यो रोस्टमबाट बढ्यो अब यो म केरे सम्मानित सदनमा भन्छु । हामीले ठोस पहल कदमी नगरेका कारणले यो विषय चाहिँ बरालिएको छ सभामुख महोदय । हामीले विकसको मुद्दा हामीले सुर्खेत र दैलेखका मान्छेहरूले विकासको मुद्दा राख्न नपाउने ? हाम्रा मान्छेहरूले अनुदान नपाउनु पर्ने ? हाम्रा मान्छेहरूले चाहिँ पुर्वाग्रहका आधारमा हाम्रा मान्छेहरूका कार्यक्रमहरू रेटिने ? सभामुख महोदय यो दुखत कुरा हो । यो दुखत कुरा हो यस्तो मनोविज्ञान नबनाउन म विनम्रतापूर्वक निवेदन गर्दछु सभामुख महोदय । मन्त्रालयसँग वार्षिक कार्यक्रमको एकीकृत पुस्तिका छैन । संसदमा अर्थमन्त्रीज्यूले पेश गर्नु भएको र अर्थमन्त्रीज्यूले चाहिँ जवाफ दिँदा भन्नु भएका पुस्तकहरू यसको डकुमेण्टहरू चालु खर्चका चाहिँ फजुल कार्यक्रमहरू पूँजीगत खर्चमा चाहिँ ट्रान्सफर गर्ने विषयहरू संसदमा उहाँले आएर दोहोऱ्याउनु भएन सभामुख महोदय । यो विधि अनुशासनको मात्रै उलंघन होइन प्रदेश सभामाथि, प्रदेश सभामाथि हाम्रो भरोसा छैन भन्ने कुराको संकेत हो सभामुख महोदय । प्रदेश सभा यो प्रदेशको जनताहरूको सबैभन्दा माथिल्लो र सार्वभौम निकाय हो । प्रदेश सभालाई उपेक्षा गर्ने विषय स्वीकार गर्न सकिँदैन सभामुख महोदय । २५ महिनाको दौरानमा प्रदेश सभाको नेतृत्व छैन । समितिको जेष्ठ सदस्यहरूले नागरिकताको आधारमा चाहिँ प्रदेश सभाको समितिको बैठक गरिराख्नु भएको छ सभामुख महोदय । २५ महिनामा संसदीय समितिको, समितिको नेतृत्व नहुनु हाम्रो लाचारी अथवा हाम्रो नेतृत्वको कमजोरी मात्र होइन सभामुख महोदय यो के हो भन्दा खेरि हामीलाई संस्था प्रति भरोशा छैन । हामी

चाहिँ संस्थाहरूलाई सञ्चालन हुन दिँदैनौं अथवा यसको जरुरी छैन र व्यवस्था प्रतिको अत्यन्त भद्दा मजाक हो सभामुख महोदय । २५ महिनाको दौरानमा तपाईले बाँकी ३५ महिना छ यो कार्यकाल छ सभामुख महोदय । नागरिकताको आधारमा गर्नुपर्ने प्रणाली अत्यन्त पूरानो सामान्तिक प्रणाली हो त्यो तदर्थ व्यवस्था हो सभामुख महोदय । नागरिकता देखाएर एउटा दुइटा बैठक गर्न सकिन्छ । नियमित संसद चलाउन सकिँदैन । त्यसो हुँदा खेरि यो व्यवस्था प्रतिको विश्वास छैन भनेपछि त्यो पनि माननीय मुख्यमन्त्री ज्यूले सरकारको प्रमुखले चाहिँ संसदमा आएर यसको जवाफ दिनु पर्छ सभामुख महोदय । त्यसो हुँदा मैले सारमा भन्ने पर्ने दुई तीनटा कुराहरू छन्

**माननीय सभामुखः**- छोट्याउँ माननीय सदस्य

सभामुख महोदय मैले टुङ्ग्याएँ । सारमा के छ भन्दा खेरि भ्रष्टाचारको आहालमा डुबेर समृद्धिको यात्रा हामीले तयार गर्न सक्दैनौं । त्यो चाहिँ यात्रा तय गर्न हामीलाई चुनौती छ र सरकारले यी विषयहरू जवाफ दिनुपर्छ सभामुख महोदय, यति कुरा मैले राखें धेरै धन्यवाद ।

**माननीय सभामुखः**- माननीय श्री कृष्णा शाह । समय ५ मिनेट । यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनु होला ।

**माननीय श्री कृष्णा शाहः**- माननीय सभामुख महोदय, पाचौं अधिवेशनको शुभारम्भको रूपमा रहेको पहिलो बैठक सुखमय साथ सम्पन्न भयो होला । त्यसमा म उपस्थित हुन सकिन र आज हामी पाचौं अधिवेशनको दोस्रो बैठकमा छौं र आज यो दोस्रो बैठकमा मैले यो विशेष समयमा उठाउन खोजेको कुरा कोरोना भाइरसको प्रतिरक्षाको लागि हाम्रो कर्णाली प्रदेश सरकारले पूर्वतयारी के गरिराखेको छ भन्ने विषयमा म यहाँ उठाउन खोजिराखेको छु। यो विषय सवहान मात्रै सरकार स्थापना दिवसको कार्यक्रममा हाम्रो माननीय प्रदेश प्रमुखज्यूले पनि सरकारको ध्यानाकर्षण गर्नु भएको छ । सभामुख महोदय, आज विश्वको केन्द्र बन्दै गरेको चिनको हुवई प्रान्तको जुन वुहान सहरमा फैलिएको सहरबाट फैलिएको नोबेल कोरोना भाइरसले आज चिनलाई मात्र होइन विश्वलाई आतंकित बनाइराखेको छ । र त्यति मात्र होइन । सभामुख महोदय, विश्वव्यापार र विश्व अर्थतन्त्रको विस्तारमा ठूलो समस्या पैदा गरेको छ र त्यसैले आज हामीले हाम्रो यो विश्व आतंकित बनिरहँदाखेरि अझ हाम्रो देश नेपाल चिनको एउटा छिमेकी राष्ट्र भएको कारणले हामीले के कस्ता आवश्यक तयारीहरू गरिराखेका छौं भन्ने कुरा हाम्रो यो एउटा महत्त्वपूर्ण प्रश्न बनेको छ । भोलि मात्रै चीनमा रहेका करिब १८२ जना विधार्थीहरू चीनको जुन बुहान सहरमा अध्ययनरत विद्यार्थीहरूलाई भोलिमात्रै

फर्काइदै छ यो खुसीको विषय हो र हामीले सिंगो नेपाल र हाम्रो कर्णाली प्रदेशको समस्याको विषय हेर्दाखेरि हाम्रो कर्णाली प्रदेश पनि एउटा चाइनासँग जोडिएको सीमाना जोडिएको प्रदेश भए कै कारणले जस्तो हुम्लाको हिल्सा, मुगुको नाक्चे नाग्ला र डोल्पाको धो मरिल्ला ती नाकाहरूमा हाम्रो आवश्यक तयारी चेक जाँच आवश्यक प्रतिरक्षा प्रणाली हामीले के अपनाईराखेका छौं ? हामीले नजिकैको छिमेकी राष्ट्रमा त्यत्रो महामारी फैलीदाखेरि हामी पूर्वतयारी हुने कि नहुने ? हामीले त्यस प्रकारको सतर्कता अपनाउने कि नअपनाउने ? हाम्रो यो अहिलेको टट्कारो विषय बनिराखेको छ, सभामुख महोदय,

आज चोक गल्लीहरूमा नागरिकहरूले हाम्रो नाकाहरूमा कर्णालीका सीमाहरूमा के गर्ने आवश्यक तयारी गरिराखेको छ सरकारले भन्ने कुरा छलफलको विषय बनिराखेको छ र नागरिकहरू चिन्तित भैराखेको स्थिति हो । चाइना जस्तो सुविधा सम्पन्न अत्याधुनिक सुविधा सम्पन्न राष्ट्रमा आज कोरोना भाइरसको संक्रमण रोक्नको लागि हम्मेहम्मे परिराखेको छ । दिनानुदिन मान्छे सय डेढसय जना मान्छेहरू मर्ने स्थिति भइराखेको छ । नेपालको सन्दर्भमा हामीले यो त हाम्रो कल्पनाभन्दा बाहिरको कुरा छ र हामीले, हाम्रो औकातभन्दा बाहिरको कुरा छ त्यसैले गर्दाखेरि रोक लाग्नुभन्दा अगाडि नै हामीले त्यो प्रकारको उपाय अपनायौं रोकथामको विधि अपनायौं भने त्यो वैज्ञानिक हुनसक्छ । त्यसैले कर्णाली प्रदेश सरकारले हाम्रा ती नाकाहरूमा आवश्यक पूर्वतयारी गर्नको लागि विशेष ध्यान दिनेछ भन्ने कुराको मैले सभामुख मार्फत् यहाँ हाम्रो कर्णाली सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**मानीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री, यसपछि माननीय श्री देवी ओली तयार रहनु होला ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, सर्वप्रथम त मैले जाजरकोट जिल्लाको जिल्ला अस्पतालमा औषधी नपाएर त्यहाँ बिरामी समेत जान छाडिसके अब औषधी पनि सामान्य रुघाखोकीको झाडापखालाको पनि औषधी नपाएर जान छोडिसके । त्यो जाजरकोटी जनताको रहर होइन त्यो वाध्यता हो सरकार गठनको २ वर्ष भइसक्यो प्रदेश सरकारको हामीले पटक पटक जाजरकोटका संसदहरूले यो मर्यादित थलोबाट आवाज नउठाएका पनि होइनौं तर पनि त्यहाँ विशषज्ञ डाक्टरहरूको दरवन्दी अनुसार डक्टर नभएको र पटक पटक औषधी अभाव भइरहने गर्छ र औषधी त्यहाँ पुऱ्याउनको लागि र विशषज्ञ डाक्टरको लागि पहल गरिदिन हुन म सभामुखमार्फत हाम्रो सम्बन्धित मन्त्रालयलाई केन्द्रमा ध्यानाकर्षण गर्न अनुरोध गर्छु । अर्को कुरो धेरै कुरा त हाम्रा पूर्ववक्ता माननीयज्यूहरूले भनि सक्नुभएको छ उहाँको कुरामा समर्थन छ । हामीले

कर्णालीको समृद्धिका कुरा गर्छौं, र हाम्रो पहिलो समृद्धिको आधार भनेको हाम्रा सरकारमार्फत जाने योजना कार्यान्वयनको विषयवस्तु होला, त्यसको न्यायोचित खर्चमा होला, त्यसको खर्च उता हामीले देखिसक्यौं यसको हविगत यस्तो छ मैले यहाँ धेरै कुरा भनिराख्नु जरुरी छैन। अर्को समृद्धिको आधार भनेर हामी लोकप्रिय नारा हामीले पर्यटनमा दिएका छौं र पर्यटनमा पनि म सभामुखमार्फत हाम्रो मन्त्रीज्यूलाई के प्रश्न गर्न चाहन्छु भने समृद्धिको आधार भनेर मात्र लोकप्रिय नारा त तय भयो तर पनि हाम्रो उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा हाम्रो पर्यटनसम्बन्धी विशेषज्ञहरू छन् कि छैनन् र यसलाई पर्यटनलाई लोकप्रिय बनाउनको लागि पर्यटनलाई आकर्षण गराउनको लागि मुख्य तीन कुराको आवश्यक पर्छ। पहिलो कुरा भौतिक पूर्वाधार हो, दोस्रोकुरा भौतिक संरचना त्यहाँ होटेल व्यवसायको कुरा हो र तेस्रोकुरा हाम्रो व्यवहार हो । हाम्रा यी कुरामा कति ध्यान दिएका छौं । हाम्रा व्यवहारमा कति हामीले प्रशिक्षित गरेका छौं हाम्रा ती व्यवसायलाई र हामीले भौतिक संरचना कसरी बनाइराखेका छौं भन्ने कुरामा के योजना भइराखेको छ यो कुरा म सभामुखमार्फत उहाँलाई प्रश्न गर्न चाहन्छु र अर्को कुरा हाम्रो मानव कलंकको रूपमा आइरहेको जो हाम्रो प्रदेशमा पनि दुई जिल्लामा भनेर अहिले तीन जिल्लामा भनेर अहिले हाम्रो राष्ट्रिय तथ्यांकमा छ । जो छाउपडी प्रथा त्यसको विषयमा कर्णाली प्रदेश सरकारले आफ्नो तर्फबाट गर्नुपर्ने अब जनताका बीचमा छाउ मानसिकता भत्काउनको लागि छाउ गोठहरू होइन छाउ मानसिकता भत्काउनको लागि र मनैबाट सुसूचित हुनको लागि विकल्पसहितको के हो हाम्रो योजना यो पनि सभामुखमार्फत कर्णाली प्रदेश सरकारलाई म प्रश्न गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री देवी ओली, यसपछि माननीय श्री ठम्मरबहादुर बिष्ट तयार रहनुहोला।

**माननीय श्री देवी ओलीः-** माननीय सभामुख महोदय, आजको दोस्रो बैठकमा सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । सर्वप्रथम आर्थिक वर्ष २०७६/०७७ को बजेट कार्यान्वयनको प्रगति विवरण प्रदेश सभाका सदस्यहरूले यो गरिमामय सदनबाट सरकारको प्रगति थाहा पाउनु पर्ने हो । यो कुरामा सरकारो ध्यान पुगेन कि जस्तो लागि रहेको छ त्यस कारण हामीले मिडियाबाट सुनिरहेका छौं हाम्रो छिमेकी प्रदेश ५ नम्बर प्रदेशले २५ प्रतिशत पुंजीगत खर्च गर्दा खेरि हाम्रो प्रदेशले ५ प्रतिशतको सेरोफेरोमा रहँदाखेरि अवश्य पनि हाम्रो शिर ठाडो हुने अवस्था, वातावरण छैन यो कुरा प्रति सरकारको विशेष ध्यान जाओस् । दोस्रो कुरा संघीय सरकार गृह मन्त्रालयको निर्देशनमा हाम्रो समाजमा रहेको विशेष गरेर कर्णाली प्रदेशका केही जिल्लाहरूमा रहेको सामाजिक

कलंकको रूपमा जो छाउ प्रथा छ त्यसको गोठ भत्काउने अभियान भएको छ र केही संख्यामा गोठहरू पनि भत्काइएका छन्। यसमा प्रदेश सरकारले विशेष कार्यक्रम बनाएर हिजो १७ औं शताब्दीको चेतनामा गरिएको त्यो व्यवस्था र अहिले २१ औं शताब्दीमा आउँदाखेरि उहाँहरूसँग हामीले कुन अवस्था र स्थितिमा त्यो मानसिक परिवर्तन गर्न सक्छौं त्यसको विशेष कार्यक्रम सामाजिक विकास मन्त्रालयले तय गरिनुपर्छ । मैले सूचना हेरेको छु प्रस्ताव आह्वान पनि गरेको छ तर संघ संस्थालाई सामाजिक कुरीतिको कार्यक्रम भर पर्दाखेरि कतिको सरकारको प्रभावकारिता हुन्छ यसमा ध्यान जाओस् भन्न चाहन्छु । अर्को कुरा यो कर्णाली प्रदेश सरकारको कामकाजलाई प्रभावकारी र व्यवस्थित गर्नको निम्ति आफ्ना कर्मचारीहरूलाई केही प्रोत्साहनको व्यवस्था गरिएको छ र आज त्यो क्षेत्रमा काम गर्ने कर्मचारीहरू आफैं पनि अन्यौल भएको मैले पाएको छु । उहाँहरूले त्यो पाएवापत थप उहाँले के मेहनत र कसरत के कार्यक्षेत्र कति समय थप दिनु पर्ने हो त्यो कुरा पनि प्रस्ट रूपमा आएको छैन र त्यो कुरा कसरी अगाडि बढाउन चाहिरहेको छ सरकारले यो कुरा पनि हामीले यहाँ संसदभित्रैबाट जानकारी पाउनुपर्ने कुरा हो भन्न चाहन्छु र अर्को कुरा स्थानीय तहका पदाधिकारी र सदस्यहरूको सेवा सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयकलाई सर्वोच्च अदालतले खारेज गरिदिएपछि आज हामीले संसदले बिजनेस नपाएर हामी धेरै लामो समय अन्तरमा बैठक बस्नु पर्ने अवस्था स्थितिमा यो ऐन संशोधनको तुरुन्तै व्यवस्था गरेर उहाँहरूलाई कति सेवा सुविधा दिन सक्ने हो सरकारले यसको तुरुन्त व्यवस्था गरिनु पर्छ र यो संशोधन विधेयक अथवा कानून चाहिँ छिटो आउनु पर्छ भन्ने कुराको मैले ध्यानाकर्षण गर्न चाहे । अन्तिम यो स्थानीय तहमा जसरी सामाजिक कुरीति देखि लिएर न्याय प्रणालीलाई जसरी प्रभावकारी बनाउने सन्दर्भमा न्यायिक समितिको भूमिका प्रभावकारी बनाउनको निम्ति त्यहाँ स्थानीय तहमा कानून अधिकृतको आवश्यकता छ । कति धेरै स्थानीय तहहरूले अनेक ढंगले मिलाएर गर्नु भाको होला तर कानूनी व्यवस्था प्रस्टरूपले सरकारले नभनिदिंदाखेरि उहाँहरूले त्यो कानून अधिकृत राख्न सकिरहनु भएको छैन । र राखेकाहरूलाई पनि कानूनीरूपमा उहाँहरूको पारिश्रमिकको व्यवस्था गर्न नसकिरहेको एउटा जटिल अवस्था सिर्जना भएको मैले पाएको छु यसको पनि तुरुन्तै कानूनी व्यवस्था गरेर त्यो गाँठोलाई फुकाउनको निम्ति प्रदेश सरकारले विशेष ध्यान देओस् भन्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट, यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** माननीय सभामुख महोदय, पाचौं अधिवेशनको दोस्रो बैठकमा अब विशेष समयमा केही कुराहरू यहाँ जोड गर्नु पर्दाखेरि खासगरी यो मैले सुर्खेतको विषयमा जनता आवाससँग सम्बन्धित कुराहरू उठाउन गईरहेको छु । त्यहाँ हामी बैठक बसेउँ त्यहाँ खासगरी दुईटा समस्याहरू अहिले आएको छ । एउटा डाटा अपडेट छैन त्यो छिटै गर्नु पर्ने त्यो ढिलाढाला भइराखेको छ । दोस्रो कुरा ऐलानीको हकमा के गर्ने भन्ने कुरा त्यहाँ विरोधाभास कुराहरू आएको छ जबकि विगतमा वादी समुदाय अरु केही उत्पीडित, दलित अथवा त्यो समुदायको घरहरू बनेको छ अहिले प्रदेशलाई चार्ज लाग्ने स्थिति त्यहाँ खडा भएको छ । पहिला यसरी भयो तर अहिले प्रदेशले पुन चाहिँ जनतालाई यो ढंगले चाहिँ तपाईको सेवा सुविधा दिन सकेन भन्ने खालको चाहिँ आवाज उठ्ने खतरा छ । त्यसकारण यो स्थितिमा सम्भवत त्यो मन्त्रालय मुख्यमन्त्रीज्यूले नै अहिले समालिरहेको स्थितिमा त्यो कामलाई छिटो गर्न र ऐलानीको विषयमा के गर्ने हो जस्तो लालपुर्जा छैन । त्यसमा चाहिँ तत्काल सरकारले एउटा चाहिँ जवाफ देओस् मैले चाहिँ सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । दोस्रो कुरा भनेको बाढी पीडितको कुरा हामीले खासगरी अलि बढी अन्य जिल्लामा पनि होला सुर्खेतमा एकदमै बढी त्यो जटिल अवस्था थियो । फेरि पनि तपाई कहिले अलिकति उनीहरूको खुसी गराउने फेरि निराशा बनाउने यो खालको चक्कर चलिराखेको छ त्यसकारण अब फेरि पनि यो अरु कसैको कारणले कुनै कर्मचारी या कुनै संघ या अरु कुनै कारणले भन्दा पनि हाम्रै सरकारका कारणले यो काम ढिलो भइराखेको छ भन्ने निष्कर्ष यहाँ देखिन्छ । आर्थिक मामिला मन्त्रालयको कुरा हो या चाहिँ आन्तरिक मामिलाको कुरा होस् कहाँ टेवलमा गएर के प्रक्रियामा अट्िक राखेको छ यो किन ढिलोढालो भइराखेको छ यसको लागि पनि मैले सरकारको जवाफ माग्छु । अर्को कुरा भनेको अब यो रातो बुकमा उठेको कुराहरू जस्तो २०७४/०७५ मा पनि सरकारले काट्यो विभिन्न शीर्षकमा २०७५/०७६ को बजेटमा पनि काट्यो त्यो काट्न मिल्छ कि मिल्दैन ? हामीले सम्मानित सदन भन्छौं यहाँबाट पारित गरेको कुरा फेरि सरकारले जे पनि गर्न पाउने भनेपछि त यसको मर्यादा कसरी रहन सक्छ सभामुख महोदय, यो गम्भीर विषय हो हामीले संसदलाई चाहिँ सर्वोच्चताको अंग भनेर स्विकाछौं भने त्यति मात्रै होइन अब कुरा सुन्नमा आएको छ मन्त्रीहरूका ईलाकामा एरियाहरूमा जस्तो अहिले तटबन्धनको कुरा, पदमार्गको कुराहरू उहाँहरूको सम्झौता भइसक्यो रे अब हामीलाई हो-हल्ला के आएको छ भने मलाई त त्यही आएको छ हैन अहिले रोकिएको छ भन्ने छ । पोहोर पनि तपाईको चाहिँ एकदम बलन्डर मिस्टेक के भयो भने त्यो सम्बन्धित

मन्त्रीहरूका क्षेत्रमा हामीले यहाँ कुरा पनि उठायौं त्यो लागु भयो तर त्यही चाहिँ तपाईको निर्णय अथवा त्यही नियमलाई लागु गरेर संसदहरूको एरियामा अथवा निर्वाचन क्षेत्रमा त्यो योजना लागु भएन । त्यस कारण यो गम्भीर विषय हो त्यसको लागि सरकारले सायद जवाफ दिन सक्दैन किन कि सरकारले नै गलत गरिसकेपछि सरकारलेनै जवाफ दिने स्थिति भएन यसको लागि एउटा छानविन समिति के भको पोहोर देखि यो लगातार ३ वर्ष यो भइराख्याछ र अहिले पनि उहाँहरूको साँच्चै चाहिँ निर्वाचन क्षेत्रमा लागु भएको हो भने त यो धेरै गम्भीर कुरा हो । त्यसकारण यो विषयमा एउटा छानबिन एउटा उच्च स्तरको छानबिनको चाहिँ माग गर्दछु । सभामुख महोदयमार्फत्, त्यसकारण अब यी कुराहरू छन् र अब मैले अन्तिममा जस्तो यो अब यहाँ प्रतिपक्ष दलको नेताले पनि राख्नु भयो अब यहाँ खतरा के बढ्यौ भने प्रतिपक्ष नेताले कहिले सत्ता पक्षका नेताले अविश्वास प्रस्ताव राख्लान र अब यहाँ चाहिँ यसो रमिता हेरौंला भनेर चाहिँ पर्खिराख्ने त्यो कहिल्यै नहुने र हामी पनि अलिअलि चाहिँ तपाईको सुध्रि त हाल्ला आफ्नै सरकार हो कति धेरै गर्ने हो र भनेर चाहिँ त्यो दिन पर्खिदा पर्खिदा तपाईको चाहिँ यो पाँच वर्ष गुज्रेला जस्तो खतरा यहाँ बढो । त्यसकारण यो विषयमा यो लरोतरो तरिकाले अब यहाँ फेरि केही संसदले विरोध गर्ने केही फेरि यो खालको एउटा चक्कर जो चलिराख्या छ अब सरकारले एउटा संकल्प प्रस्ताव अहिलेसम्म के के गऱ्यो किन सबै संसदलाई त हातमा लिन नसकेको साँचै हो नि । त्यसकारण सदनलाई चाहिँ तपाईको हातमा लिन सक्ने हो साथमा लिन सक्ने हो भने अहिले सम्मको एउटा प्रस्ताव चाहिँ सरकारबाट चाहियो । अब यसरी हामी जान सक्छौ भन्ने कुराहरू अगाडि बढ्ने कुराहरू सरकारले ल्याउनुपर्छ । अब जनमोहत्सव २ वर्षको मनाइ राख्याछौं एउटा मान्छेको आयुमा वयस्क भनेको तपाईको चाहिँ २५/३०/४० वर्ष गनिन्छ भने अब ५ वर्षको अवधिमा ३ वर्षतिर लम्किदैछ यो वयस्क हो यो प्रौढ हुन थालिसक्यो अब चाहिँ कहिले तपाईको हामीले सरकारबाट त्यो अपेक्षा गर्ने हो त्यसकारण यो कुरामा यो घुमिफिरि रुम्जाटार जो भइराखेको ५ सभामुख महोदय, विषय अत्यन्तै गम्भीर छ । यो विषयमा सरकारको तत्काल चाहिँ संकल्प प्रस्ताव चाहिन्छ मैले सभामुखमार्फत यही कुरा निवेदन गरे, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, यसपछि माननीय श्री यज्ञ बहादुर बि.सी. तयार रहनुहोला ।

**माननीय सदस्य श्री पद्मा खड्काः-** माननीय सभामुख ज्यू, पाचौं अधिवेशनको दोस्रो बैठकमा विशेष समयमा मैले आफ्ना केही सार्वजनिक महत्त्वका विषयहरू यहाँ राख्न

चाहन्छु। सर्वप्रथम मैले कर्णाली प्रदेश सरकारलाई कस्तो खालको कानूनलाई हामीले कार्यान्वयन गर्न अगाडि प्ररित गरेका छौं नागरिकलाई कस्तो खालको कानून हामीले आम नागरिकलाई बुझाउनलाई कोसिस गरिरहेका छौं । सन्दर्भ एउटा सुर्खेतको घटना जो कालिकोट निवासी सुर्खेतमा अस्ति भर्खरै भएको घटना केशर बहादुर सिंह टिप्परको ठक्कर दिएर जुन मृत्यु हुँदा जुन खालको आन्दोलन भयो सुर्खेतमा जुन खालको आन्दोलनले सुर्खेतको कर्णाली प्रदेशको राजधानीमा जुन खालको अवस्था बजारमा जुन खालको एउटा क्षतिग्रस्त अवस्था, धेरै निजीव्यवसायहरूको धेरै भन्दा धेरै क्षति भएको । त्यस्तै गरी विभिन्न सरकारी निकायहरूले राखेका विभिन्न संरचनाहरू तहसनहस भएको अवस्था छ । र त्यो अराजक जुन खालको आन्दोलनलाई नियन्त्रण गर्न नसकेर कुनै पनि एउटा नियन्त्रणको विन्दुमा नपुग्दा हामीलाई लागो कताकता कर्णाली प्रदेश सरकारले यहाँ मैले आन्तरिक मामिलामन्त्रीज्यूलाई पनि देखिराखेको छैन । आन्तरिक मामिला मन्त्रीज्यूलाई नै मैले सुनाउन खोजिरहेको छु पटक पटक हामीले धेरै संवाद गर्दा पनि जुन खालको एउटा बहस र छलफल भयो पीडित पक्षलाई एक खालको राहत दिने काम भयो, जुन खालको आन्दोलनलाई मत्थर पारियो र त्यो सँगै अर्को एउटा नागरिक जाजरकोटको जो पीडित जसको पहुँच पनि रहेन जसको यहाँ धेरै आफन्त पनि थिएनन् होला उसले पनि त्यही प्रकारको एउटा ट्रयाक्टर र ट्रकको ठक्करबाट ज्यान गुमाउनु पऱ्यो र त्यो घटनाले जस्तो रूप लियो जुन कालिकोटको घटना र जाजरकोटको घटनालाई हामीले तुलना गर्दा र पहुँचवालाको मात्रै सरकार रैछ भन्ने कुरा आम नागरिकले महसुस गरेका छन् राजधानीमा आज राजधानीभित्र धेरै मान्छे यहाँ बसोबास गरिरहँदा सरकारले कुन खालको नीति र थिति बसाल्दैछ भन्ने कुरा प्रस्ट रूपमा यहाँ देखिन आउँछ । जसले जथाभावी जुन अराजक तरिकाले आन्दोलन गरिरहँदा सुरक्षाकर्मी, प्रशासनले केही नगरेर उहाँहरूलाई जुन खालको आन्दोलन गरिरहन दिने रमिता हेरेर बस्ने र शान्तिपूर्ण आन्दोलन गर्दा ती जाजरकोटवासी जुन जाजरकोटका पीडितहरू जो पीडकका पक्षमा पीडितका पक्षमा जुन शान्तिपूर्ण आन्दोलन गर्दा सुरक्षा कर्मिहरूले उहाँहरूलाई लाठ्ठी चार्ज गरेको घटना सुर्खेतमा हामीले देखिरह्यौं । र यो अवस्था हुने हो भने सामान्य नागरिकको जिन्दगी जुन जीवन कसरी बाच्न सक्छ उसले आफूले कसरी जिउन सक्छ भन्ने कुरा एकदम गम्भीर विषय मैले यहाँ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र यो सँगै मैले के भन्न चाहन्छु भने बढ्दो शहरीकरणसँगै राजधानीमा दिन प्रतिदिन यहाँका विद्यालयहरू विद्यालय बस सञ्चालन हुने समय यहाँको बजारीकरण सँगसँगैको जनसंख्याको वृद्धिदरसँगै यहाँ चल्ने टिप्पर टयाक्टरहरूलाई कसरी नियन्त्रण

गर्ने हो सरकारले यो सरकारको यातायात भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत पर्छ कि पर्दैन कस्तो खालको कानून बनाउने हो कसरी यलाई नियमन गर्ने हो यो कुरामा सरकारको ध्यानाकर्षण भएको छ कि छैन । जहाँ पहुँचवाला छ जहाँ पहुँच देखाउन सक्छन् उनीले मात्रै आन्दोलन गरेर क्षतिपूर्ति पाउने हुन भने सरकारले त्यो क्षतिपूर्ति कसैलाई १७ लाख कसैलाई ५ लाखमा चित्त बुझाउने अवस्था सिर्जना हुँदै जाने हो भने भोलि आम नागरिकको मानसपटलमा सरकारप्रतिको हेर्ने दृष्टिकोण कहाँसम्म जान्छ । यो कुरा मैले प्रश्न राख्न चाहन्छु ।

सभामुख महोदय, मैले अर्को विषय के भन्न चाहन्छु भने कर्णाली प्रदेश सरकारले शहरी, कम्तीमा पनि राजधानीलाई एउटा सुन्दर घरको सपनासँगै जुन हामीले सुन्दर घरको कल्पना त्यो आगन सफा देखिम भने यो घर पक्कै राम्रो रहेछ भन्ने मानसिकता हामीले बुझ्छौं भने यो राजधानीलाई सुन्दर बनाउन सकिम भने हाम्रा १० जिल्लाको एउटा टेक्ने बाटो, टेक्ने पहिलो थलो भनेको राजधानी हो । त्यसकारणले यहाँ बजेट धेरै छुट्टाईएको छ यलाई कार्यान्वयन गर्ने कुरामा अगाडि बढिरहेको छ । तर हामीले यहाँ देखिरहेको छौं धेरै भन्दा धेरै भौतिक पूर्वाधारका सडक, बाटा देखि लगेर खाने पानी अघिल्लो वर्ष २०७४/०७५ र २०७५/०७६ का बाटाहरू बनिदै गएका छन् । तर वर्षदिन नपुग्दै ती बाटाहरू भत्किरहेका छन् । ती बाटाहरूमा विभिन्न निर्माणका भौतिक निर्माणका सामाग्रीहरू राखिरहेका छन् । बाटैमा ढलानका सामाग्रीहरू चाहिँ बनाइरहेका छन्, विभिन्न सडकहरू ५ महिना नपुग्दै उत्रिरहेको अवस्था छ यसको नियमन कसले गर्ने हो । यसको मुल्यांकन कस्ले गर्ने हो ? यो पनि मैले सरकारलाई प्रश्न राख्न चाहन्छु । यसको जवाफ पनि चाहिन्छ भन्ने मैले आफ्नो कुरा राख्न चाहन्छु र यसै गरी अर्को एउटा हामीले बनाइरहेका कानून कार्यन्वयन गर्ने कुरामा हामींले बजेटलाई कार्यान्वयन गर्ने कुरामा हाम्रो बजेटको प्रतिशत हेर्दा दुखदायी छ तर कार्यान्वयन गर्ने तेहि एउटा कार्यान्वयन एकाई, स्थायी सरकार भनेर हामीले जसलाई चिन्छौं । स्थायी सरकार भनेर चिनिने स्थायी सरकार कहाँ अल्मलिरहेको छ भन्ने कुरा सरकारले हेरेको छ कि छैन ? र सरकारले कार्यान्वयन गराउन सकेको छ कि छैन, जहाँ एउटा कार्यालयको प्रमुख ७ औं तहको एउटा सुब्बालाई एउटा कार्यालयको कार्यालय प्रमुख बनाई रहँदा उसलाई हटाएर फेरि छैटौं तहको सुब्बा गराउने काम हाम्रै सरकारले गरिरहेको छ । यो के हो ? यो किन गरिदैछ ? अनि कर्मचारीहरूको अनि स्थायी सरकारको मनोबल कता गईरहेको छ यस्ता कुरा हामीले किन ख्याल गरिरहेका छैनौं ? यी सानातिना काम कारवाहीहरू हाम्रा सरकारका यी नै काम कारवाहीले हाम्रा

कार्यान्वयन गर्ने, बजेट कार्यान्वयन गर्नेमा समस्या आइरहेको छ । कर्मचारीहरूले गुनासो गरिरहेका छन्,

**माननीय सभामुखः**- सकौं माननीय सदस्य सकौं

यिनै कुरालाई म हार्दिक अनुरोध गर्दछु धन्यवाद ।

**माननीय सभामुखः**- माननीय श्री यज्ञ बहादुर बि.सी., यसपछि माननीय श्री झोवा वि.क. तयार रहनुहोला।

**माननीय सदस्य श्री यज्ञ बहादुर बि.सी.**- माननीय सभामुख ज्यू, हिउँदे अधिवेशनको पाचौं अधिवेशनको दोस्रो बैठकमा विशेष समयमा सार्वजनिक महत्त्वको विषय म सभामुखज्यूमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेश सरकारले २०७६/०७७ को बजेट प्रस्तुत गरिसकेपछि यस गरिमामय सदनले त्यस बजेटलाई पास गऱ्यो र कर्णाली प्रदेश सरकारले प्रथम चौमासिकमा ४५ प्रतिशत कार्यान्वयन गर्ने कुराको चाहिँ आफ्नो चाहिँ लक्ष्य लिएर अगाडि बढ्यो । सभामुख महोदय, कर्णाली प्रदेशलाई समृद्ध बनाउन र कर्णाली प्रदेशका सुखी जनतालाई, कर्णाली प्रदेशका जनतालाई सुखी बनाउनका लागि पूर्वाधार विकास, सामाजिक विकास नै हो । त्यसो भएर अहिलेसम्म प्रथम चौमासिक यो अवस्थामा आइपुग्दा हाम्रो यो कर्णाली प्रदेशको सरकार विकासको गतिमा पूर्वाधार विकास, सामाजिक विकासको गतिमा पुष मसान्त सम्म आइपुग्दा १.६१ प्रतिशत मात्रै कर्णाली प्रदेश लेखा नियन्त्रण कार्यालयको आधिकारिक रूपमा सामाजिक सञ्जालमा आइरहेको पाइएको छ । सभामुख महोदय यसको लगत्तै प्रथम चौमासिकको थप दुई महिनापछि १.६९ प्रतिशत थप चाहिँ बजेट खर्च गरेर पुष मसान्तसम्म ३ प्रतिशत ३.३० प्रतिशत सरकारले अहिलेको २०७६/०७७ को विनियोजित बजेट स्वीकृत बजेटलाई कार्यान्वयन गरिरहेको अवस्था छ । हालसम्म अहिले माघसम्म आएर ७.५० प्रतिशतको सेरोफेरोमा सरकारले कार्यान्वयन गऱ्यो भन्ने यसो सुन्नमा आएको छ । यथार्थता त्यो वास्तविकता चाहिँ जुन खर्च हो त्यो खर्च गरिरहेका जुन कर्णाली प्रदेश सरकारले गतिविधि गरिरहेको अवस्था माघसम्मको कार्यान्वयनको अवस्था यस गरिमामय सदनमा कर्णाली प्रदेश सरकारले जानकारी गराउनका लागि म सभामुख महोदय मार्फत अनुरोध गर्न चाहन्छु। सभामुख महोदय, हामीले चाहिँ सपना देखेका छौं, त्यो मात्रै होइन अहिले त चिन्ता के लागिरहेको छ भने कहिँ कतै कर्णाली प्रदेशको सरकारको साथसाथै यो गरिमामय सदन पनि कहिँ कलंकित हुने त होइन भन्ने हामी सम्पूर्ण यस गरिमामय सदनका माननीय संसदज्यूहरूलाई चिन्ता बढीरहेको अवस्था छ । किन चिन्ता बढिरहेको अवस्था छ भने

आज कर्णाली प्रदेशको सरकार आफ्नो तरिकाले जुन गरिमामय सदनले पारित गरेका ऐन कानूनमार्फत् चाहिँ नियमावली तयार गरेर अगाडि नबढेर आफ्नो मनोपली ढंगले आज सरकार अगाडि बढिरहेको छ । सभामुख महोदय, यसो भएर म कर्णाली प्रदेश सरकारलाई यस गरिमामय सदनको जुन भनमा पारित भएका कुराहरूलाई आत्मसाथ गरेर कर्णाली प्रदेश सरकार अगाडि बढोस् भन्ने कुरा म यहाँ राख्न चाहन्छु सभामुख महोदय । सभामुख महोदय, जस्तो मैले एउटा कुरा के राख्न चाहन्छु भने कसरी आफ्नो तरिकाले चलिरहेको अवस्था म एउटा कुरा भन्न चाहन्छु यहाँ । कर्णाली प्रदेश सरकारले पूर्वाधार विशेष कार्यक्रमको चाहिँ कार्यविधि बनायो पहिलो पटक, पहिलो पटक बनायो त्यसपछि उसको आफ्नो अनुकूल नहुँदा व्यभिचारी ढंगबाट स्वबिचारी ढंगबाट फेरि पुनः दोस्रो चाहिँ कार्यविधि बनाईरहेको अवस्था छ त्यसकारण के भन्देखिन आज हाम्रो यो कर्णाली प्रदेशको सरकार यो विनियोजित बजेट स्वीकृत बजेटको कार्यान्वयनको पक्षमा नभएर आफ्नो अनुकूल कसरी चाहिँ हामीले चाहिँ यो सरकारले आफ्नो अनुकूल कसरी बनाउन सकिन्छ भनेर चाहिँ त्यही कार्यविधि मात्रै फेर बदल गरिरहेको अवस्था छ । जस्तो अगि नै हाम्रो संसदीय दलको नेताज्यूले भन्नु भयो के भन्नु भयो भन्दाखेरि आज यो सदन आजमात्रै चलेर फेरि १७/१८ गते तिर जाँदै छ भन्ने कुरा यहाँ राख्नु भयो रोस्टममा । मलाई त के लाग्छ भने हाम्रो सरकार नै त्यस्तै छ । अहिले सम्म अब चौथौं दोस्रो चाहिँ चौमासिकको पनि अन्तय अवस्था हुने आइसक्ने अवस्थामा जम्मा ७.५० प्रतिशतको काम गर्‍यो कार्यान्वयनको अवस्थामा सदन पनि किन चलाउनु पर्‍यो । सदन पनि त्यही तरिकाले जाने । सदन धेरै लामो समयसम्म चलाएर र सदन (माननीय सभामुखः- छोट्याउँ, छोट्याउँ माननीय सदस्य) यो गरिमामय सदनलाई बिजनेस दिएर नीति पूर्वक नीति बनाएर अवलम्वन गर्ने सवालमा आज सरकार धेरै पछि परिरहेको अवस्था छ । माननीय सभामुख महोदयमार्फत र अहिले सम्मका २०७६/०७७, २०७५/०७६ र २०७६/०७७ का भएका कामका गतिविधिहरूको बारेमा यो गरिमामय सदनलाई पूर्ण यो सरकारले जानकारी देओस् भन्दै मेरा कुरा यहीँ अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री झोवा वि.क., यसपछि माननीय श्री मीनासिंह रखाल तयार रहनुहोला ।

**माननीय सदस्य श्री झोवा वि.क.-** सभामुख महोदय, यो पाचौं अधिवेशनको भित्र म यहाँ कुरा गर्न थालेको छु । हाम्रो माथि के रे नाग्मदेखि अनि गमगडीसम्म चार पाँच महिना भइसक्यो अझै चाहिँ गाडी चल्दैन । हामीले माथितिर कसरी दुख छ एक चाहिँ माथि

मुकुम कार्मारोतिर दुख रोड नै खुल्दैन रोड नभएर त्यही पनि गमगडीमा आएर केही खानेकुरा लिनलाई पनि यताबाट गाडी चल्दैन चार पाँच महिना भइसक्यो । यसरी दुखको खबर म बाहिर बाहिर भनिसकेँ यो सालपनि भनेपछिमा अब के गरौं सरकारले भनेपछिमा मान्दैन के गरौं त । अनि एक कुरा दोस्रो कुरा चाहिँ यता चाहिँ यो पूर्वाधार विकास कोषमा अनि प्रदेशहरू आफ्नै ढंगले चलेको छ हामी लाई खबरखाबर केही पनि छैन । हामीलाई केही पनि जानकारी गर्दैन हाम्रो कोबाट माननीयज्यू एउटा खाईलाग्दोको के रे यो युवा केटा अनि फेरि यो भाषणमा मख्ख पार्ने, भाषण गर्न थालेपछिमा यो महिलाको कुरा गर्छन् दलितको कुरा गर्छन् यसरी खाईलाग्दोको अनि माननीयज्यू हुन्छन् । त्यलाई फेरि मलाई चाहिँ मुगुबाट म मुगु नै छु भन्छन् अनि ५ मिनेट हिन्ने भएर हाम्रो मुगु छैन हाम्रो यो कृषिमन्त्री भित्र चाहिँ उडेर आएको हो कि मन्त्रीले तानेर ल्याएको हो कि त्यहि भित्रै झलकै देखेर म त झसँग भयो यले ५ मिनेटमा मुगु छ ३ बजेतिर मिटिङ छ भन्छन् । म एक्लै पनि छैन उई हाम्रो माननीय कौशिला छ, माननीय त्यही राजु छ अनि हामी ठिक्क भयो के होला कसो होला भनेर यो त सहमतिको ढंगले जाने हो त म । म मात्रै दुखी भएर हुने हो त हाम्रो मुगु तिर मन्त्री पनि छैन एक त मन्त्री पाएपछिमा म चाहिँ यसरी खुसी लाग्ने कुरा खुसी छ भनेर त यिनीहरू यसरी गरेपछिमा मलाई थिचाउ मिचाउने गरेर हुने हो अब फेरि महिला यो महिला १३ जना छ त्यहीमा अरु कुरा गरेर कुरा गर्ने बेला अरु महिलाको बरे दलितको कुरा जनजातिको कुरा गर्छन् । यो महिलाको बारेमा कुरा गर्ने मान्छेलाई, दलितको कुरा गर्ने मान्छेलाई यसरी मलाई किन ढाट्ने होला, मलाई किन ठग्ने होला । यो चाहिँ न्याय अन्याय यो तेहि कर्णाली प्रदेश सरकारले ध्यानाकर्षण गर्नुहोला धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री मीनासिंह रखाल, यसपछि माननीय श्री राजु नेपाली तयार रहनुहोला ।

**माननीय सदस्य श्री मीनासिंह रखालः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशको सुशासन र शान्तिको बारेमा सभामुखद्वारा सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु । नेपालको संविधान, २०७२ भाग (३) मौलिक हक र कर्तव्य र प्रत्यक व्यक्तिलाई सम्मानपूर्वक बाच्न पाउने अधिकार हुनेछ भनेर लेखिएको छ तर यही माघ १४ गते कालिकोटको होनाहार युवा सुर्खेतको यरिचोक मुलपानी नजिकै टिप्पर दुर्घटनाबाट मृत्यु हुन पुगो जो युवा कोरिया भाषा पढेर आफ्नो परिवारलाई पाल्नको लागि वैदेशिक रोजगारमा जानको लागि सुर्खेतको एरिचोकमा नजिकै डेरा गरेर बसिरहनुभएको थियो र मृत्यु हुँदाको दिनमा आफ्नो आमालाई अटोमा राखेर बसपार्क पुऱ्याएर फर्केर आउँदा टिप्परले हातमात्रै

कुल्चिएको हो तर टिप्परले फेरि ब्याक गरेर जुन युवाको टाउकै छिन्नभिन्न, अंगै छिन्नभिन्न गरेर दुर्घटना भइसकेपछि सुर्खेती जनता कालिकोटी जनता, दैलेखी जनता त्यस्ता युवाको मृत्युपछि आक्रोश पैदा भएपछि शान्तिपूर्वक आन्दोलन गरिरहेको अवस्था हामीले सुन्न र देख्न पनि पाइरहेको हो र बुबा लालबहादुर सिंह आमा गौरी सिंह छोराको ठूलो भविष्यको उज्यालोको कामना गरेर बसिरहेका आज त्यस्ता होनाहार युवा, २० बर्षे युवा मरेपछि कस्को मन रुदैन र कसलाई दुख लाग्दैन र अनि आक्रोश त आउने नै भयो । हाम्रो सरकारले त्यहाँ सुशासन कायम गर्नु पर्थ्यो र ती शान्तिपूर्वक आन्दोलन गरेका जनताहरूसँग वार्ताको कुरा अगाडि बढाउनु पर्थ्यो तर त्यसो नभएर हामीले युटुबमा हेर्न पाइम कि एकजना युवालाई १० जना प्रहरीहरूले खुट्टाले, बुट ले लट्ठिले पिटेर फेरी पनि अझ गाडीमा राखेर गाडीभित्रै पनि पिटेको देखियो र त्यसै गरी एउटा १४ बर्षे बालकलाई उसको दाँत फुत्किने गरेर उसको दाँत फुकालेको रक्ताम्ये पनि देख्न पाइयो । यसरी हामीलाई स्वतन्त्रपूर्वक शान्तिपूर्वक आन्दोलन गर्ने अधिकार हुँदाहुँदै र हामीलाई बाच्ने अधिकार हुँदाहुँदै हामीले त्यसरी कुटाइ खानु पर्ने गोली चलाउनु पर्ने अवस्था सरकारबाट सिर्जना भएको देख्न र बुझिन आएको छ र हाम्रो प्रदेशमा यदि सुशासन शान्ति कायम नै गर्ने हो भने सरकारको ध्यान त्यहाँ जानु पर्दछ । र त्यसै गरी ती प्रहरीहरूको ज्यादतीमा बच्चा युवाहरू ले पिटाइ खाएको हामीले सिसि क्यामराबाट देख्न पाएका छौं, र युटुब च्यानलमा पनि हेरिरहेका छौं । त्यस्ता प्रहरीहरूलाई पनि कारवाहीको माग राख्दछु । किन कि गल्ती गरेछ यदि जनताले अथवा आन्दोलन कारीले समातेर गाडीमा राखेर हिरासतमा लिएर ल्याउने अधिकार हुन्छ । त्यसरी बुटले लठ्ठीले चुट्ने अधिकार प्रहरीहरूलाई पनि छैन प्रहरीहरूको ज्यादतीलाई घटाउँनु पऱ्यो कर्णाली प्रदेशलाई सुशासन दिन पऱ्यो भन्दै म हाम्रो सभामुख महोदयसँग कर्णाली प्रदेशको सुशासन र शान्तिको लागि माग राख्दछु धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली, यसपछि माननीय श्री पदम बहादुर रोकाया तयार रहनुहोला ।

**माननीय सदस्य श्री राजु नेपालीः-** सभामुख महोदय, हिउँदे अधिवेशनको पाचौं अधिवेशन पाचौं बैठकमा आफ्ना, दोस्रो बैठकमा आफ्ना केही विशेष समयमा विशेष कुराहरू राख्न चाहन्छु । धेरै कुराहरू हाम्रा माननीयज्यूहरुले यहाँ राखिसक्नु भएको छ । कर्णाली प्रदेश सुर्खेत राजधानी जनसंख्या अत्यधिक वृद्धि भएको सवारी साधन अनियन्त्रित रहेको र धेरै दुर्घटनाहरू निम्तिरहेको र यस घटनाहरू दिनानुदिन बढिरहेको हुँदा त्यो सवारी साधनको बारेमा पनि समय निर्धारण गरिनुपर्छ कि समय निर्धारण बिहान ५ बजेदेखि त्यो

छोटो दुरीको सवारी साधनको लागि ९ बजे सम्मको लागि चलाइने र बेलुकी ५ बजेसम्मलाई फेरि बन्द गरी फेरि सुचारु गर्ने जस्ता कुराहरू यहाँ सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र हामी यो प्रदेशमा धेरै भन्दा धेरै सबैले बुझेका पनि छौं जानेका पनि छौं भन्ने छैन तर ट्राफिक नियम बारेमा सबैले हुबहु लागु गर्नुपर्‍यो र कडाईका साथ लागु हामीले पनि गर्नु पर्‍यो र गराउँनु पनि पर्‍यो र त्यस्ता जनचेतना जगाउने कार्यक्रमहरू सरकार मार्फत नागरिकसम्म पुर्‍याउनु पर्‍यो र सरकारका कामका बारेमा भन्नु पर्दा अहिले केही कामहरू समयमा सुरु भएका छन् । फेरीपनि सरकारले ती कामलाई छिटो र छरितो गराउनका लागि आ-आफ्ना कार्यालयहरूमा हाकिम अथवा जिल्लाहरूमा ताकेता गर्नु पर्नेछ अलकति समस्या छ जिल्लाहरूमा पनि अब यो कर्मचारीहरूबाट अलिकति ढिलोसुस्ती हुन गएको देखिन्छ समयमा बजेट पास भएको छ र यो बजेटलाई छिटो भन्दा छिटो सरकारले अगाडि बढाउने छ समयमै बजेट चाहिँ सही सदुपयोग होस् भन्ने कुरा राख्दै बिदा हुन्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री पदम बहादुर रोकाया ।

**माननीय सदस्य श्री पदम बहादुर रोकायाः-** सभामुख महोदय, हामी कर्णाली प्रदेश छाउ गोठ मुक्त अभियानमा लागिरहेका छौं । गत २०७६/१०/२१ गते राती जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिका वडा नं. २ मालिकावत्ता भन्ने गाउँमा छाउ महिला गोठमा सुतिरहेको अवस्थामा, गोठमा आगलागी भएर प्रेम ऐडीकी श्रीमती भोटेनी ऐडीको मृत्यु भएको छ र श्रीमान प्रेम ऐडी घाईते भएका छन् । उहाँका ५ वटा गोरु जलेर नष्ट भएका छन् र करिब ५ लाख बराबरको क्षति भएको छ उहाँको । त्यसै कारणले उहालाई राहतको माग गर्न चाहन्छु । हामी डिपिआरको अघिपनि कुरा उठो डिपिआर ले व्यापक भ्रष्टाचार भएको छ । एक किलोमिटर मात्रै बाटो डिपिआर गर्‍यो भने ७५ हजार लाग्छ गरे खर्च भने १०० किलोमिटर गरे कति हुन्छ ७५ लाख भने कोले डिपिआर गर्नेहो त्यो कसका मान्छे गर्नेहुन ती । मैले मेरै ठाउँमा १० लाख मात्रै योजना हालेको हो, छिटो उपभोक्ता समिति गर्न पर्‍यो सम्झौता गर्नपरो भन्दाखेरिमा डिपिआर भएको छैन भन्या । अनि १० लाखको मात्रै डिपिआर किन गर्न पर्‍यो २० लाखको डिपिआर किन गर्नपर्‍यो डिपिआर भनेको करोडौंका योजनाहरू डिपिआर गर्न गर्‍यो ।त्यो १० लाख २० लाख भनेको त्यो खानेबाटोमात्रै हो त्यसै कारणले जनता सडकको कुरा उठेको छ जनता सडकमा सबैभन्दा बढी पैसा गएको छ । भैतिक पूर्वाधार मन्त्रालयबाट एक करोडका ठेक्का, टेन्डर भएका छन् । ७० प्रसेन्ट ७३ प्रसेन्ट ठेकेदारले कम्पिटिसनमा घटेर हालेका

छन् जम्मै उनले लिएका छन् २७/३० लाखमा लिएका छन् । त्यस मध्ये पनि ५/७ लाख बचाएर डोजरवालालाई ठेक्का दिएकाछन् काम गर्ने अनि २० लाखमा उले डोजरवालाले काम गर्छ भने उले एक करोडको काम कसरी गर्छ।पटक्कै भ्याएका छैनन् पैसामात्रै गएको छ जनता सडकमा अनि हिजो २०७५/०७६ को बजेट मुख्यम्त्रीज्यूले मन्त्रीहरू, मन्दिरहरू नगर्ने भनेर बन्द गर्नु भयो । कोही ठाउँ त मन्दिर बनेकै छन् त हामीले देख्याछौं । अनि मन्त्रीले हालेका मन्दिर बन्ने थान बन्ने अनि माननीयले हालेका मन्दिर थान नबन्ने हामीले केही योजनाहरू मिलेको छैन संशोधन गरौं भन्दा सदनले पास गरिसको रातो किताबमा आईसक्यो भन्ने अनि पास भएका योजनाहरू किन मन्दिरहरू गर्न नदिने ? तटवन्धहरू कि बन्द गर्ने अहिले कि कोहि ठाउँको तटवन्ध बन्दै छन् । कोहि ठाउँका तटवन्ध रोकिएका छन् अहिले पनि हामीले माननीयहरूले सिफारिस गरेका योजनाहरू रातो किताबमा नपरेका योजनाहरूपनि बन्दैछन् अहिले हामीले देखिरहेका छौं । ती कहाँबाट गए ती योजनाहरू, कसरी गए, कुन बिचौलियाले हाल्यो ती योजनाहरू कसले कमिसन लिएर हाल्यो कसले कमिसन खायो त्यो पत्ता गर्नु पर्छ गर्दैछौं हामी आ-आफ्ना क्षेत्रमा गर्नु गर्छ । त्यसै कारणले सभामुख महोदय, हाम्रो मुख्यमन्त्री कार्यालयबाट भुरीगाउँ तेलपानी सडक, नाग्म गमगडी सडक भुरीगाउँ तेलपानी सडकमा २० करोड छट्याईएको थियो, नाग्म गमगडी सडकमा ३० करोड छट्याईएको छ आज त्यो काटिएको छ भन्ने सुनिन्छ । किन काटियो नाग्म गमगडी सडक भनेको रुपैडिया नाक्चे लाग्ना सबैभन्दा छोटो उत्तर दक्षिण राजमार्गको सबैभन्दा छोटो दुरी त्यही हो । अनि त्यो नाग्म गमगडीको ३० करोड उता चौताराबाट भुलभुले गएको छ भन्ने कुरा सुनिन्छ हो कुति चौतारा भुलभुले पनि हाम्रै जुम्ला जिल्ला हो त्यसको विरोध होइन पहिले मुख्यमन्त्री कार्यालयबाट कुते चौतारा गमगडी ३० करोड भन्नु पर्थ्यो भन्दा खेरिमा नाग्म गमगडी भन्ने अनि अहिले उता किन हालियो भन्ने गरिन्छ ५२ करोड संघबाट आएको त्यो नाग्मगमगडी सँजा भन्ने सँजा हाल्ने त्यो ३० करोड उता हाल्ने अनि संघ र कर्णाली प्रदेशको रकमसँगै जुधाएपछि क्या झगडिन्छन् क्या लडाइ गर्छन् ठीक छ ३० करोड रुपियाँले कति किलोमिटर गर्छ त्यो भन्दा माथि ५२ किलोमिटर ५२ करोडले संघको कति वर्ष छिटो भन्दा छिटो रोड ग्राभेल हुनु थियो पिच हुन्थ्यो नाला बन्थ्यो अघि हाम्रो झोवा वि.क. माननीयज्यूले भन्नु भयो बाटो रोकिएको छ, हो रोकिएको छ बाटो बर्षासालमा पानी आउँछ साउनमा बाटो रोकिन्छ, हिँउदमा हिँउ पर्छ बाटो रोकिन्छ अनि मुगु कसरी जाने, हुम्ला कसरी जाने

नाक्चेलाग्ना कसरी जाने सबैभन्दा छोटो दुरीको बाटो त्यही हो । त्यसै कारणले सभामुख महोदय यसको लागि किन पो त्यो ३० करोड काटिएको छ त्यहाँ कोले काटेको हो त्यो त्यसको लागि विरोध गर्न चाहन्छु म । हामी हिजो २०७५/०७६ को नीति तथा कार्यक्रममा सुरुङ मार्गको कुरा ल्याउँने, जलमार्गका कुरा ल्याउने, रेल मार्गका कुरा ल्याउने केबुल कारका कुरा ल्याउने अनि सडकमा हालेको बाटो सकम काटिने यहिहो कर्णाली प्रदेशको यस्तो भयो भने कर्णाली प्रदेश कसरी कर्णाली प्रदेशको विकास हुन्छ। कसरी सफल हुन्छ कर्णाली प्रदेश जतिजति सरकार ढिलो चल्दै छ जतिजति सरकार बढी हुन्छ निरंकुश हुन्छ त्यसै कारणले हामी अघि कुरा उठो अविश्वासको प्रस्ताव

**माननीय सभामुखः- अब छोटयाउँ माननीय सदस्य**

कोहि मान्दैन अविश्वासको प्रस्ताव ल्याउनलाई तर चित्तनबुझो भने काम भएन भने मान्छे विकल्प खोज्छन् मान्छे । अनि माधव नेपालको विपक्षमा झलनाथ खनाल आएका होइनन् एउटै पार्टी भित्र अनि सुर्यबहादुर थापाका विरुद्ध लोकेन्द्रबहादुर चन्द आएका होइनन् । गिरजाप्रसाद कोईराला पछि शेरबहादुर देउवा आएकै त हुन एउटै पार्टी त हो । त्यसै कारणले चित्त

**माननीय सभामुखः-** अब सकउँ/सकउँ माननीय सदस्य

नबुझेपछि निरंकुश भयो भने सरकार विकल्प खोज्छन् । विद्रोह गर्छन् म धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू विशेष समयमा बोल्नेक्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू प्रदेश सभाको आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका सार्वजनिक सरोकारका विषयहरूमा सरकारका विभागीय सरोकारवाला विभागीय मन्त्रालयलाई प्रदेश सभाको आगामी बैठकमा जानकारी वा जवाफ दिन रुलिङ गर्दछु । माननीय सदस्यहरू अब यो बैठक २० मिनेटका लागि स्थगित हुन्छ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन ३ गते

बिहीवार

(बैठक संख्या- २ को दोस्रो)

<u>राष्ट्रिय धुन,</u>

**माननीय सभामुखः-** माननीय सदस्यहरू, स्थगित बैठक सुचारु भएको जानकारी गराउँछु । माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ५१ (६) १ मा राष्ट्रिय हित अनुकूल तथा अन्तर पुस्ता समन्वयताको मान्यतालाई आत्मसाथ गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा प्रयोग गर्न र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने भन्ने व्यवस्था र नेपालको संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसुचि ६ मा उल्लेखित विषयमा निहित रहेको छ र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुने छ भन्ने व्यवस्था रहेको साथै संविधानको अनुसूची-६ को क्रमसंख्या १९ मा राष्ट्रिय वन, जल उपभोग तथा वातावरणसम्बन्धी विषय उल्लेख भएकोले स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने मौलिक हकको संरक्षण गर्न वातावरण र विकास बीच सन्तुलन कायम गर्ने र वातावरणीय ह्रासबाट हुन सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनका चुनौतीको सामना गर्ने र वातावरणीय प्रदूषणबाट जनस्वास्थ्यमा पर्न सक्ने असर न्यूनीकरण गरी त्यस्ता असरबाट हुने क्षतिको क्षतिपूर्ति पाउने हक स्थापित गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक रहेकोले कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक २०७६ साल फाल्गुन १८ गते आइतवार दिनको ३ बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन १८ गते

आइतवार

(बैठक संख्या-३)

<u>राष्ट्रिय धुन,</u>

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशसभाको पाचौं अधिवेशनको तेस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सार्वजनिक सरोकारमा सरकारको ध्यानाकर्षण गराउनु पर्ने विषयमा यथास्थानबाट आफ्ना भनाइ राख्न चाहनु हुने माननीय सदस्यहरूलाई शून्य समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री मीनासिंह रखाल, समय १ मिनेट ।

**माननीय श्री मीनासिंह रखालः-** माननीय महोदय, सभामुखज्यू दैवी प्रकोपदेखि मान्छेको केही लाग्दो रहेनछ । अहिलेको समयमा किसान अचम्मै हर्षित र खुसी हुनुहुन्थो महिनै पिच्छे पानी परिरहेको डाँडापाखाका खेतीपाती राम्रो हुँदै आइरहेको तर २०७६/११/१३ गतेको दिन दैलेख नौमुले गाउँपालिकामा असिनापानीले बालीनाली तहशनहश भएको छ गहुँको खेतीपाती सबै सुतिरहेका छन् र त्यहाँका किसानहरू अत्तालिएको अवस्था छ र यसैकारण म सभामुख महोदयसाग सरकारको ध्यानाकर्षण गर्नको लागि नौमुले गाउँपालिका वडा नं. ६ को किसानहरूको राहतको लागि सरकारसँग ध्यानाकर्षण गराउनको लागि अनुरोध गर्छु, हवस् धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू शून्य समयमा बोल्ने सदस्यहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षंण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री अम्मर बहादुर थापा ।

**माननीय श्री अम्मर बहादुर थापाः-** माननीय सभामुख महोदय, दैलेखमा अहिले माननीयज्यूले भनेजस्तै दैलेखको असिनापानीले जनताको बालीनाली लाई नोक्सानी गराएको छ र त्यो नोक्सानी जुन नौमुले गाउँपालिका र माहाबु गाउँपालिकामा भएको छ

त्यो दुईटै गाउँपालिकामा जुन किसिमले असिनापानीले जनताको क्षति भएको छ त्यो क्षतिको लागि सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र साथसाथै सभामुख महोदय, अहिले पनि सरकारको कामकार्यलाई हेर्दा अब अहिले पनि यो बजेट पूरा खर्च हुन्छ कि हुँदैन र विकास निर्माण पूरा हुन्छन् कि हुँदैनन्, जनताले जे चाहाना राखेका थिए जुन किसिमले हामीले यो संसदबाट बजेट पास गर्दा यति बजेट यहाँ तपाईहरूको आफ्नो आफ्नो क्षेत्रमा परेको छ भनेर हाम्रा कतिपय माननीय संसदज्यूहरूले पत्रकार सम्मेलन नै गरेर आफ्ना जनतालाई एकदमै आश्वस्त तुल्याईयो तर अहिले त्यो बजेट खर्च भइराको छैन । त्यो बजेट खर्च भएन भने फेरि जनता उत्साहित होइन जनताहरू असन्तुष्ट हुने जनताहरू हतोत्साहित हुने अवस्था सिर्जना भएको छ । मैले सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु कि यो वर्षको बजेट जुन किसिमले जुन गतिले जान पर्नेथियो त्यो गतिले गईरहेको अवस्था छैन सरकारका काम कारवाहीले यो वर्षको बजेटले जनताले पाउन सक्ने सेवा सुविधा प्राप्त गर्न सक्ने छैनन् यो कुरा म भन्न चाहन्छु । दोस्रो कुरा सरकारलाई अहिले पनि के आग्रह गर्न चाहन्छु भन्दा हामी कर्णाली प्रदेशलाई समृद्ध र सुखी कर्णाली बनाउने हो भने यो गति र यो विधिले हामी सरकार कर्णालीलाई सुखी बनाउन सक्दैनौं । र यसको मोडालिटी नै सुखी र समृद्ध बनाउने मोडालिटी भएन मोडालिटी नै चेन्ज गर्नु पर्छ भन्ने मेरो मान्यता छ तर सरकारका सेवा सुविधाहरू जे जति हुन्छन् त्यो सेवा सुविधाहरूलाई ५१ प्रसेन्टले प्राप्तै गर्दैनन् ।अनि कसरी यो सुखी र समृद्ध कर्णाली बन्न सक्छ ? हामी जे सरकारले दिएको सेवा सुविधा छ ४९ प्रसेन्टले मात्रै प्रयोग गरेर ५१ प्रसेन्ट जुन लक्षित वर्ग छ त्यो ५१ प्रसेन्ट लक्षित वर्गले त्यो सेवा सुविधा प्राप्त राज्यको सेवा सुविधालाई प्राप्त गर्न सक्दैन भने कर्णाली सुखी समृद्ध कर्णाली बन्न कसरी सक्छ जो लक्षित हामीले ५१ प्रतिशत जनता मानव सूचकांकमा भन्दा तल छ । त्यो सूचकांक भन्दा तल रहेका जनताको जीवनस्तर माथि उठाउनलाई राज्यको तर्फबाट जानपर्ने त्यो सेवा सुविधा जबसम्म जाँदैन तबसम्म जनताको जीवनस्तर माथि उठ्न सक्दैन त्यसै कारणले पनि कर्णाली प्रदेशको समृद्ध कर्णाली सुखी कर्णाली बनाउने कुरामा सरकारले यो मोडालिटी नै चेन्ज गरेर अगाडि जब सम्म बढिदैन तबसम्म हामीले जो नारा मात्रै लगाएर सम्भव छैन । त्यस कारणले मैले सरकारलाई समितिको तर्फबाट पनि गत वर्ष हामीले लेखेका छौं यसलाई प्राथमिकताको आधारमा र कर्णालीको यो विकास निर्माणको लागि अगाडि बढ्नुस भनेका छौं । तर अहिले पनि हाम्रो भनाइ छ त्यो आउँदो बजेटलाई ध्यान दिएर र त्यो कर्णालीलाई सुखारी कर्णाली बनाउनको लागि समृद्ध कर्णाली बनाउनको लागि

हामीले जथाभावी गरेर अगाडि बढेर र यसलाई अल्मल्याएर एकैचोटि पुस, माघमा चाहिँ सञ्चालन गरेर कसरी समृद्ध कर्णाली बन्न सक्ला त्यसकारणले मैले सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री हिमबहादुर शाही ।

**माननीय श्री हिमबहादुर शाहीः-** माननीय सभामुख महोदय, मैले सर्वप्रथम कर्णाली प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु । काष्ठमण्डप, कान्तिपुर, काठमाण्डु तीनटा नामले चिनिएको हाम्रो राष्ट्रको मुख्य राजधानी, हाम्रो प्रदेशको मुख्य राजधानी कर्णाली प्रदेश अनि अर्गानिक प्रदेश, अनि डिजिटल प्रदेश अत्यन्तै राम्रो पक्ष छ सबल पक्ष छ तीनटा तीनतीनवटा नामले यो स्थापना भएको छ । मैले पूर्व माननीयज्यूले भनिसक्नु भएको छ आर्थिक वर्ष २०७६/०७७ को विनियोजन बजेट १० वटै जिल्लामा पुग नपुग साढे तीन चार प्रतिशत मात्र सम्झौता भएका छन् भने ०.१ प्रतिशत मात्र कार्यान्वयनमा गएका छन् । त्यो भन्दा बढी अरु कुनै पनि अगाडि गएको छैन । कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु अब पहिलो चौमासिक, दोस्रो चौमासिकको अन्त भइसक्यो अब तेस्रो चौमासिकमा हामी यो विकास कार्यक्रमलाई अगाडि लैजान सक्छौ कि सक्दैनौं । कर्णाली प्रदेश सरकार यसमा गम्भीर भएर अगाडि आओस् र कर्णाली प्रदेशसँग म जोडदार माग गर्न चाहन्छु २०७६/०७७ को विनियोजित बजेटलाई जनताको नजिक पुगाउन, जनतालाई सहजता दिनको निमित्त यथाशीघ्र कदम अगाडि बढाओस् यो मेरो माग हो । अर्को कुरा म सभामुखमार्फत कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु यो पूर्वाधार क्षेत्रविकास कार्यक्रमको कार्यविधि आयो कार्यविधि आएर वितरण भएको १५ दिन भित्र २०७६ माघ ८ गते संशोधन गरियो । यो संशोधन गर्न किन आवश्यक थियो ? संशोधनमा के गरियो भने समानुपातिकका माननीयहरूलाई हावा फुस्केको बेलुन उडाए झैं समानुपातिक माननीयलाई १५ दिन भित्र संशोधन गरेर कार्यविधि ल्याउनु आवश्यक के थियो । यदि संशोधन गर्नु पर्ने थियो, समानुपातिक माननीयहरूलाई अब त्यहाँबाट अवकाश दिनु नै थियो भने पहिले नै सरकारको यहाँ भित्र ब्रेन थिएन । समानुपातिकलाई त्यहाँ राख्नु हुँदैन भन्ने ब्रेन थिएन ? किन सरकारले यस्तो गऱ्यो त्यस कारणले म सरकारसँग माग गर्दछु पूर्वाधार क्षेत्र विकास कार्यक्रममा जुन अनगमनको संयोजक समानुपातिक माननीयलाई बनाइएको छ त्यो स्पष्ट रूपमा हटाइयोस् म जोडदार रूपमा माग गर्न चाहन्छु । समानुपातिक माननीयहरूलाई जुन चाईने उसमा राखिएको छ त्यो अनुगमन समितिको संयोजक बनाइएको छ त्यो अनुगमन समितिको संयोजक बनाउनु आवश्यक छैन । यो कस्तो अचम्म लाग्यो भने म एउटा

सानो कुरा भन्छु सभामुख महोदय समय कम होला एउटा घरमा ३/४ जना पाहुना गएछन् बुढाबुढी थिए रे नुन सकिएको रहेछ । घरमा नुन नै रहेनछ अहो नुन सकिएको छ के गरौं पाहुना आए भने अरे म कुरा मिलाउँला जति छ त्यही हाल न भनेर भनेछ अनि हालेछन् नुन/सुन खाना दिएछन् अनि ट्याक्क बुढाले के भनेछ भने हजुर हामी त स्वास्थ्यलाई खराब हुन्छ भनेर नुन बहुत कम हाल्छौं अब नुन कस्तो भो कस्तो भो भनेर भनेछ उले के । उले सुनिसकेको रहेछ पाहुनाले हजुर नुन नभए हामी कमै खान्छौं भन्दियो अरे । त्यस्तै हामी समानुपातिकका माननीयहरू कर्णाली प्रदेशलाई सहयोग गर्न तयार छौं हामी बरु नुन कमै खान्छौं तुरुन्त अर्गानिक संयोजकबाट हटाइयोस् । कर्णाली प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु मेरो अहिले यति नै हो यस भन्दा पछिका समयमा कुरा गरौंला हवस्, धन्यवाद।

**माननीय सभामुखः-** अब माननीय श्री वीरबहादुर शाही, यसपछि माननीय श्री रातो कामी तयार रहनुहोला ।

**माननीय श्री वीरबहादुर शाहीः-** माननीय सभामुख महोदय, आज यो पाचौं अधिवेशनको तेस्रो बैठकमा यो कर्णाली प्रदेशको एउटा आर्थिक स्रोत जडीबुटी पनि हो । म लाई लाग्छ यो गत साल पनि यो जडीबुटीले कर्णाली प्रदेशका उपभोक्ताहरू सास्ती खेपिराखेका छन् र अहिले पनि फेरि संघीय सरकारले यो जडीबुटीलाई या चाहिँ हाम्रो पहल कदम कम भएको हो कि ? या चाहिँ संघीय सरकारले हामीलाई यसको अधिकार नदिएको हो ? फरि पनि तपाईहरूको यो जडीबुटीहरू संकलन पुर्जी पनि केन्द्रले दिने, छुट पनि केन्द्रले दिने र एउटा ईटगद्दी र मात्रै जिल्ला वन कार्यालयले दिने नीति आएको हुनाले अहिले पहुँचका आधारमाले मात्रै यो मात्रै जडीबुटी किन्ने र बेच्ने भएको छ र निम्न वर्गकाहरू फेरि पनि मर्कामा परेको अनुभूति भएको छ । यो म सदनमार्फत संघीय सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । अर्को यो डोल्पा जिल्लामा २०७६ साल असार २८ गते आएको बाढीपहिरोमा ज्यान गुमाएका ७ जना बेपत्ता भएका छन् र ४ जनाको त्यहाँ शव फेला पेरेको छ र ४ वटा घर त्यहाँ बाढीले बगाएको छ र १० वटा घर जोखिममा छन्। यसको अहिले सम्म राहत नआएको कारण के हो र यो अन्त जिल्लामा चाहिँ कालिकोटमा चाहिँ आगलागी भएको राहत पाउने डोल्पामा नपाउने कारण के हो यो चाहिँ सरकारले जवाफ दिनु पर्छ र आउँदै गरेको यो हिमाली जिल्लामा नेपाल भरी नै एस.ई.ई. परीक्षा छ यसको लागि साबिकका जिल्ला कर्णालीलाई एक विद्यालयबाट अर्को विद्यालय जानलाई दुई तीन दिन लाग्छ र यो विद्यार्थीलाई सारै समस्या छ । यलाई चाहिँ सम्बन्धित विद्यालयमा एस.ई.ई. दिने गराउन पाइयो भने

त्यहाँको विद्यार्थीहरूलाई राहत पुग्ने थियो । आउँदो कार्यक्रममा म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु र यो जति हुन्छ रातो किताबमा आउँछ, योजनामा किन जान्न ? यसको बारेमा के भएको छ सरकारले जवाफ दिनु पर्छ। गत साल पनि रातो किताबमा आएका मन्दिरहरू लास्टमा काटिए । अहिले पनि तटबन्धन, पर्यटन पदमार्ग, उद्योगहरू जब किताबमा आइरहेको छ र अहिलेसम्म कार्यान्वयनको पक्षमा गएको छैन । यो के कति कारणको हो यसको जवाफ सम्बन्धित मन्त्रालयले दिनु पर्छ र जब विनियोजन भएको योजनाहरू सम्बन्धित छिटो भन्दा छिटो गएर यसको कार्यान्वयन पक्षमा अगाडि बढाउनु पर्छ भन्ने चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री रातो कामी ।

**माननीय श्री रातो कामीः-** माननीय सभामुख ज्यू, पाचौं अधिवेशनको तेस्रो बैठकमा मैले मेरो निर्वाचन क्षेत्रमा भएका समस्याका बारेमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । किन कि अहिले हामी जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले बजेटलाई बनाउँदा, बजेट बनाउँदा आवश्यकता भएरै यी बजेटहरू रातो किताबसम्म आइपुगेका हुन्। अहिले बीचमा जनताका प्रतिनिधि अथवा साँसदहरूसँग छलफलै नगरीकन कतिपय योजनाहरू रोक्ने, कतिपय योजनाहरू काट्ने आदि कुराहरू सरकारबाट भइरहेका छन् । ढिलासुस्ती पनि अगाडि बढिरहेको छ, त्यसैले गर्दा चार वटा विकासे मन्त्रालयका योजनाहरूमध्ये यो वन, पर्यटन, वातावरण र खास गरी भौतिक पूर्वाधार मन्त्रालयका बजेटहरू अहिले पनि सम्भवतः ती टेन्डरमा जान लायकका बजेटहरू त टेन्डर प्रक्रियामा अगाडि बढेका छन् र बाँकी तल स्थानीय स्तरमा उपभोक्ता मार्फत गर्ने साना मसिना बजेटहरू विभिन्न ढंगले अगाडि बढ्न सकिरहेका छैनन्, र खासगरीकन मैले भन्न खोजेको कुरा गत वर्ष मेरो निर्वाचन क्षेत्रमा धेरै भन्दा धेरै जनसमुदाय र सामान्यतया कृषकहरूको जग्गा जमिन बाढी पहिरो नदी कटानबाट प्रभावित भएको त्यसैले गर्दा अहिले पनि तटबन्धनका कामहरू हामीले जेठ १५ गते भन्दा अगावै त्यलाई लगाउन सकिएन भने, अनि जेठ १५ देखि उता फेरि नदी बढ्ने, खोलाहरू एक ढंगले बढ्ने र लगाउँदा पनि त्यसको चाहिँ खास त्यति चाहिँ दिगो नहुने भएकाले जति सक्यो यलाई अगाडि बढाउनको लागि सभामुख मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख (माननीय श्री उपसभामुख पिठासिन):-** माननीय श्री शोशिला शाही, समय पाँच मिनेट शोशिला शाहीज्यू ।

**माननीय श्री शोशिला शाहीः-** सभामुख महोदय, सभामुख महोदय, यस कर्णाली प्रदेशको प्रदेश सभाको पाचौं अधिवेशनको तेस्रो बैठकमा विशेष समय लिएर वोलिरहेकी छु । समय समयमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । आजको अवस्थामा दुई तिहाईको सरकार पूर्णतः सफल र नकारात्मक मार्ग प्रेरित भएको स्पष्ट देखिएको छ । जनताको विश्वासमा तुसारापात भएको छ अब, कसले गर्ने त के सरकार चलाउन पनि विदेशीलाई निम्त्याउनु पर्ने भयो त ? प्रत्येक दिन देश भ्रष्टाचार, अनियमितता र अस्तव्यस्तताका नयाँ नयाँ कीर्तिमान स्थापना गर्दै छ । भ्रष्टाचारग्रस्त देश भनेर दाता राष्ट्रको सहयोग रोकेको अवस्था छ । भ्रष्टाचार संस्थागत र खुलमखुला हुँदै गएको छ । जब जनता सशक्त भएर उठ्नुको विकल्प छैन भ्रष्टाचारीको शान्तिपूर्ण वहिस्कार आन्दोलनलाई अगाडि बढाउँदै जनताको तर्फबाट भ्रष्टाचर विरोधी एवं नियन्त्रणको उद्देश्य बोकेको विधेयक, विदेश सदनमा प्रस्तुत गरी शक्तिशाली आयोग बनाई कार्यान्वयन गर्नु अनिवार्य भइसकेको हुँदा यो तत्काल अगाडि बढाउनका लागि सभामुखमार्फत सदन र सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। मानव मस्तिष्क एक कारखाना हो त्यसमा दुई मत कामदार हुन्छन् जो एउटा कारात्मक सोच उत्पन्न गर्ने अर्को नकारात्मक साधन त्यही नकारात्मक सोच उत्पन्न हुने कारखाना कर्णाली प्रदेशमा स्थापना त भएको सभामुख महोदय, यो भन्दा अर्को कम्पनी माथिदेखि तलसम्म आर्थिक डिल गर्ने कारखाना पनि स्थापना भएको पाइएको छ किनभने हरेक योजनामा २० देखि २५ प्रतिशतसम्म डिल भएको सुन्नमा आइरहेको छ । नहोला भन्ने पनि कुनै दुविधा छैन किन भने जिल्लाका हरेक योजनामा मापदण्ड विपरीत जसले नक्कली उपभोक्तालगायत स्थानीय निकायको समेत नक्कली सिफारिस बनाइएको छ । त्यसैलाई काम दिने भइराखेको छ यसको मुख्य कारण के हो भने सत्ता र शक्तिको आडमा ढोके धुपौरेहरूले वास्तविक खेतमा हैन कागजमा खेती गरी जनताको श्रम र पसिनामा होली खेलिरहेका छन् । यही प्रवृति हो भने समृद्ध कर्णालीको नाराले ठूलो दुर्घटना निम्त्याउने हुँदा समयमै सरकारको ध्यान जाओस् धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय ठम्मर बहादुर विष्ट, समय पाँच मिनेट ।

**माननीय श्री ठम्मर बहादुर विष्टः-** सभामुख महोदय, अब विशेष गरी मैले दुईटा कुरा यहाँ सभामुख महोदयमार्फत ध्यानाकर्षण गर्न गईरहेको छु । पहिलो कुरा यो अस्ति मात्रै त्यो नागरिक नेटवर्क डटकममा त्यहाँ संसदले सरकारी जग्गामा संसदको घर भन्ने एउटा शीर्षक त्यहाँ आएको रहेछ । त्यहाँ घरसहित त्यहाँ एउटा टिनको छाप्रोसहित मेरो घर हुन आएको छ त्यो, त्यो छिन्चुमा त्यहाँ छ त्यलाई चाहिँ प्रकाशन गरिएको छ । सायद

म रिमाइन पनि गर्न चाहन्छु यो विषयमा थुप्रैचोटि यहाँ धेरै माननीय ज्यूहरूले पनि बोलिसक्नु भाछ त्यो क्षेत्रतिरको माननीयहरूले । यसमा मेरो यहाँ भनाइ के हो भने अब त्यहाँ जसरी व्याख्या गर्न खोजियो यद्यपी यो जुन मिडियाले पत्रकारले त्यहाँ न्युज उठाउनु भाको छ उहाँलाई मैले धन्यवाद दिन चाहन्छु किन कि त्यो एउटा विषय कमसे कम बन्यो तर त्यहाँ भैराको के छ भने कहिले काँही अख्तियारको हवाला दिने कहिले चाहिँ तपाईको अरु केही कुराहरू त्यहाँ तुरुन्तै उठाउनु पर्छ भन्ने खालको कुरा गर्छन्, त्यहाँ २३ घर छन् । त्यहाँ अत्यन्तै गरिब स्तरका २३ घर छन् त्यहाँ एउटा आतंकित गर्ने काम भाको छ त्यहाँ दुई तिनटा कुराहरू त्यहाँ नेटवर्कमा जसरी त्यो अनलाईनमा भएको छ त्यो जुन उद्देश्यले त्यलाई क्लियर गर्ने उद्देश्यले आएपनि पछाडि त्यहाँ क्रिया प्रतिक्रियामा त्यहाँ अलिकति सरकारी जग्गा नै कब्जा गरेर यो यहाँ पनि अर्को बिष्णु पौडेल निस्किएछ कि भन्या जस्तो गरेर त्यहाँ अलिकति व्याख्या गर्न खोज्या जस्तो गलत ढंगले बुझ्या जस्तो लाग्छ त्यसकारणले त्यो विषय के हो भने पहिलो कुरा त्यो जग्गा खानेपानी उपभोक्ता समिति र एउटा चाहिँ कुनै व्यक्तिको मुद्दा चलेको रहेछ । त्यो अलि पहिला नै जति खेर चाहिँ कारोवार भएर अथवा चाहिँ हामी त्यहाँ बस्यौं त्यसमा चाहिँ खासमा अदालतको फैसला के छ भने त्यो कुनै व्यक्तिको अथवा खानेपानी संस्थाको भनेर अदालतले फैसला गरेको छैन। जो व्यक्तिले जिकिर गरेको थियो त्यो व्यक्ति अब त्यहाँ उपयुक्त प्रमाण नपुगेको कारणले भनेर त्यो कसैको पनि पक्षमा फैसला गर्‍या छैन त्यो मतलब नेपाल सरकारको जग्गा सार्वजनिक जग्गा भयो । त्यो कुरा म क्लिएर गर्न चाहन्छु किन कि त्यो कुनै चाहिँ जस्तो कुनै संस्थाको या तपाईको सँग जोडिएको कुनै लालपुर्जा अथवा कुनै पुर्जा भको जग्गालाई कब्जा गरेको त्यहाँ त्यस्तो खालको भन्ने त्यो होइन । दोस्रो कुरा भनेको अब हामीले जुन प्रक्रियाबाट लियौं त्यो जसरी चाहिँ ऐलानी भनौ न त्यहाँ ठकुरी टोल अथवा जाउने बजारिया, छिन्चु बजारिया नगर नेपाल अधिराज्यभरि ५० प्रसेन्ट जग्गा चाहिँ तपाईको ऐलानी सरकारी जग्गा छ । त्यो किसिमले गर्दा खेरि त्यलाई एउटा चाहिँ तपाईको हिजोको स्थितिमा फेरि मलाई चाहिँ त्यहाँ अब संसदले भनिएको छ अब म संसद भैसकेपछि जग्गा लिएको अथवा घर बनाको पनि हैन त्यो लगभग ५/६ वर्ष अगाडिको कुरा हो । त्यसकारणले त्यो ढंगले त्यहाँ २३ घर बसोबास गरेको छ अब त्यसलाई मेरो केहो भन्दाखेरि तपाईको कब्जा गरेर अथवा सरकारी जग्गालाई चाहिँ तपाईको अलिकति त्यहाँ बल प्रयोग गरेर आफ्नो चाहिँ कुनै माननीय या संसदको एउटा चाहिँ तपाईको एउटा पोर्टोकल अथवा आफ्नो चाहिँ त्यो

पदको दुरूपयोग गरेर त्यहाँ प्रयोग गरेको भन्ने खालको कुरा हो त्यो बिलकुलै त्यो असत्य कुरा हो यो कुरा मैले यहाँ निवेदन गर्न चाहन्छु सभामुखमार्फत ।

दोस्रो कुरा भनेको अब त्यो जग्गा यदि अदालतले फैसला गरेको हो भने पनि कार्यान्वयन गर्ने भन्ने कुरा पनि फेरि अदालत मार्फत नै हुन्छ । त्यो कुनै अख्तियारमार्फत हुने कुरा होइन जहासम्म मैले बुझेअनुसार, अब त्यहाँ अख्तियारको हबला दिएर जसरी त्यहाँ आतंकित गर्ने काम गरिएको छ सम्भवतः हामी त्यहाँ भको हुनाले पनि केही राजनीतिक रंग दिएर अलिकति त्यलाई चाहिँ बाँकी सबै मान्छे यतै हुन सबै मान्छे यिनीसँगै जोडिएका हुन भन्ने ढंगले जसरी अहिले राजनीतिक रंग दिन खोजिएको छ केही व्यक्तिहरूद्वारा त्यहाँ त्यो गम्भीर चाहिँ तपाईको एउटा आपत्तिजनक विषय छ र दोस्रो कुरा मेरो सँगसँगै के हो भने त्यो २३ घरको जिम्मा त मैले लिन सक्दैन मेरो घरै त्यहाँ हानेर बुलडोजर हानेर पनि त्यो आज पनि हान्न सकिन्छ त्यो मैले कहिल्यै आपत्ति पनि गरेको छैन । कुनै खालको मैले त्यहाँ कुनै कहि मैले त्यो खालको तपाँईको बार्गेनिङ या तपाईको त्यहाँ समन्वय पनि मैले त्यसमा गरेको छैन । त्यो आफ्नो त्यहाँ मेरो बच्नुपर्छ हुनुपर्छ भन्दिन म त्यसकारण यो कुरा छँदै छ यो कुरा मैले क्लिएर बनाउन चाहन्छु तर मेरो विषय यहाँ मैले त्यो कुरा भन्दा पनि खास यहाँ मैले जोड दिन खोज्या विषय के हो भने आज त्यहाँ २३ घरलगायत हामी जतिखेर चुनावमा थियौं त्यतिखेर पुर्जा कहिले आउँछ भनेर हामीले धेरै भोट हामीले त्यसी लियौं तर आज समस्या छ आज एकातिर जस्तो माफियाहरूले जग्गा कब्जा गरिरखेका छन् केन्द्रदेखि वीरेन्द्रनगर मै पनि तपाईको कति जग्गा कब्जा भइराख्या छ । त्यो जग्गा कति हो यहाँ प्रदेश सरकारले पनि एउटा तपाईको यहाँ मन्त्रीजी हुनुहुन्छ मैले पनि उहाँसँग बुझे एउटा चाहिँ समाधान आयोग अथवा सुझाव आयोग हामीले बनाउँदैछौं यहाँ पनि उहाँले भन्नु भो । माननीय बिमला के.सी.जीले मन्त्रीजीले त्यसकारण त्यो विषयमा एउटा चाहिँ तपाईको लिनु पर्‍यो तत्काल चाहिँ सुझाव कहाँकहाँ हो त समस्याहरू झण्डै ५०/६० प्रसेन्ट चाहिँ तपाईको जग्गा ऐलानी छ अझ त्यो गुर्भाकोट नगरपालिका भेरी नगरपालिकामा त सँगै चाहिँ तपाईको ऐलानी झण्डै अहिले पनि त्यो बबइ डाइभर्सनले त्यहाँ चाहिँ थुप्रै समस्याहरू पैदा भको छ अस्ति मात्रै पनि मैले काठमाण्डुमा मन्त्रालयमा गएर कुरा गरेको छु । त्यहाँ मुआब्जाका विषयहरू आएका छन् कैयौं कुराहरू आएका छन् त्यसकारण यो विषय के हो भन्दा खेरि यलाई तत्काल हल गरिनु पर्‍यो । तत्काल तपाईको कहाँ कहाँ हो यसको ऐलानी कहाँ कहाँ हो सार्वजनिक जग्गा साच्चिकै सार्वजनिक जग्गा हो सरकारी जग्गा हो त्यलाई छुट्याउनु पर्‍यो र जनता जहाँ बसेका

छन् त्येलाई तपाईको चाहिँ अब सरकारी त सरकारी जग्गा हुन्छ नि आफ्नो पुर्जाबाहेकको त सबै सरकारो हुन्छ । त्यस कारण संसदको जग्गा सरकारी भन्दा खेरि त्यसको अर्थ मान्छेले अलिकति गलत ढंगले बुझेर त्यहाँ क्रियाप्रतिक्रिया दिन खोज्या हुनाले मलाई त्यो पछिको क्रिया प्रतिक्रयासँग अलिकति असहमति हो र बाँकी यो कुरा चाहिँ तत्काल हल गर्ने ढंगले माननीय मन्त्रीज्यू लाग्नु पर्छ माथि पनि यो कहाँ पुग्या छ माथि यो आयो भन्ने हामीले त्यो सुन्यौं त्यो कहाँ हरायो त्यो भूमि आयोग ? त्यसकारण यो त एकदमै हट इस्यु बनेर गको छ । तेसो भकोले यलाई चाहिँ एउटा प्याकेजको रूपमा हल गरेर जानपर्छ अब त्यहाँको बस्तीमा पनि साँच्चिकै तपाईको कति बस्ती हो सरकारी जग्गा त्यो जग्गा छुटयाउनुपर्छ र साच्चिकै चाहिँ अब जनताहरूलाई बस्नलायक अथवा बस्नुपर्ने जहाँ चाहिँ बसौं जस्तो त्यही जग्गामा पनि जो ठकुरी टोल भनिएको छ जहाँ हाम्रो त्यहाँ बसोबास छ त्यो २३ घर त धेरै २०४३/२०४४ सालदेखि बस्दै आएका छन् एकातिर सरकारले १० वर्षदेखि पुर्जा दिने भन्ने खालको चाहिँ नियम पनि छ अर्को तिर तपाईको २५, ३०, ४० वर्ष बसेकालाई अब त्यसै उठाउने भन्दाखेरि मान्छेहरू त्यसै आएर भोलि मान्छे मैले देखेको छु त्यहाँ २३ घरमध्ये त कसैको केही छैन बाहिर सप्पै उहाँहरूले त्यही प्रयोग गर्नु भाको छ । उहाँहरू कि झुण्डिएर मर्नुपर्ने कि विष खाएर मर्नुपर्ने स्थिति छ । त्यसको जिम्मा कले लिन्छ ? सरकारले लिन्छ ? त्यसकारणले यस्तो थुप्रै समस्याहरू छ हामी किसानको लागि, हामी मजदुरको लागि लड्ने मर्ने भन्छौं कम्युनिस्ट पार्टी त्यसकारण यो सरकार कम्युनिस्ट पार्टीको सरकार हो हामी सबै त्यहाँबाट चाहिँ तपाईको अब कम्युनिस्ट पार्टीको यहाँ अब मेजरिटि अथवा दुईतिहाई सरकार छ त्यो ढंगले तत्कालै भोलि नै सम्भवत यो मन्त्रीजीले यसको जवाफ दिन पर्‍यो र यहाँबाट समस्याको समाधानको लागि त्यही ठकुरी टोल लगायत कहाँ कहाँ हो विवादित भको जग्गालाई सरकारी स्तरमा छुट्टयाउने । कुन कुन चाहिँ तपाईको जनता गरिब जनता बसोबास गर्न गर्ने हो त्यलाई चाहिँ छुटयाउने ढंगले अगाडि बढोस् मैले यहाँ यो कुरा राख्न चाहन्छु ।

दोस्रो कुरा अब मैले यहाँ प्रवेश गरे एम.सि.सि. को विषयमा पनि बोल्न चाहन्छु । एम.सि.सि.को विषयमा अब नेपाल बेचिनै थालेपछि हाम्रो प्रदेश सरकार कहाँबाट चल्छ मैले प्रश्न गर्न चाहन्छु सभामुख महोदय, नेपाल बेचिन थाल्यो अब यहाँ चाहिँ तपाईको भोलि मानौं न भोलि तपाईको इण्डियन सेना आयो, अमेरिकन सेना आयो सारा देशै गयो भोलि चाहिँ भुटानको जस्तो भोलि अफगानिस्तान, इराक जस्तो यो संसद हुन्छ । यहाँ अमेरिकन कुइरे काले आएर बस्छन् अनि के हुन्छ हाम्रो देशको अवस्था त्यसकारण

यसमा दुईटा बुँदाहरू खासगरी यो इण्डो प्यासेफिक स्टाटेजी अन्तर्गतै हो भनेर चाहिँ अमेरिकाको मेन डकुमेण्टले बोलेको छ यो आपत्तिजनक छ । दोस्रो कुरा भनेको जो सम्झौता भएको तपाईको ७८ पृष्ठको लामो त्यो छ त्यो चाहिँ ठूलो डकुमेण्ट छ त्यसको सार भनेको चाहिँ तपाईको नेपाललाई एउटा भातृ संस्था जस्तो र एम.सि.सि. या एम.सि.ए. चाहिँ तपाईको एउटा सरकार जस्तो भएर एकदम डोमिनेट भएर त्यहाँ सम्झौता गरेको छ त्यो ५५/६० अरव भन्या त्यो केही विषय नै होइन सरकारको लागि हामी १४ अर्ब १५ खर्व त हामी पैसा बनाउँछौं भने त्यसकारण

**माननीय सभामुखः** खै मर्यादापालकले सहयोग गर्दिनुहोस उहाँलाई बाहिर लगिदिनुहोस त

**माननीय श्री ठम्मर बहादुर विष्टः-** त्यस कारण मलाई यो सम्बन्धमा के लाग्छ भने अब सम्भवत यहाँ नै एउटा विषय प्रवेश गराएर छलफल गराउँदा धेरै राम्रो हुन्छ सभामुख महोदय मार्फत् मैले यो आग्रह गर्न चाहन्छु यहाँ पनि एउटा विषय प्रवेश गराउँ । होइन यहाँ विषय प्रवेश गराउन मिल्दैन भने हाम्रो प्रदेश अन्तर परिषद त एउटा मिटिङ छ नि मुख्यमन्त्रीज्यूले यहाँको सरकारको अथवा यहाँको चाहिँ प्रदेशको स्थिति यो छ है भनेर उहाँले चाहिँ त्यो विषय लिएर कमसे कम त्यो विषयलाई लिएर केन्द्रमा जनाउनुपर्छ विषय अत्यन्तै गम्भीर छ यो कुरा मैले यहाँहरूलाई निवेदन गरें धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, समय पाँच मिनेट ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, पाचौं अधिवेशनको तेस्रो बैठकमा विशेष समयमा मैले विशेष कुरा राख्न चाहन्छु । सर्वप्रथम कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा बेला बखतमा चलिरहने महोत्सवको विषयमा मैले आज यहाँ कुरा उठाउन चाहन्छु। सभामुख मार्फत सम्बन्धित मन्त्रालयलाई मैले ध्यानाकर्षण गर्न चाहन्छु । प्रथम कर्णाली एक्स पो महोत्सव चलिरहेको अवस्था छ । सर्वप्रथम मैले सरकारले बजेट छुट्याइ सकेपछि कार्यान्वयनको अवस्था हेर्दा एकदमै न्यून अवस्थामा कार्यान्वयनमा अगाडि बढिरहेको छ र हामीले मिडिया सार्वजनिक सूचनाहरूबाट सुन्ने गरिरहेका छौं कृषि मेला महोत्सवलाई हाम्रो प्रदेशका सम्बन्धित विषयगत मन्त्रालयले दिएका अनुदान पूँजीगत खर्च बढाउँनलाई हो कि ? र मन्त्रालयको विषयगत यसको उपलब्धि यसको यो कार्यक्रमले कर्णाली प्रदेशलाई कति उपलब्धिमा हामीले गरेका अनुदानबाट के प्राप्त भको छ भन्ने कुरा त्यो कृषि मन्त्रालय ले र अर्को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय दुईटा मन्त्रालयबाट अहिले चलिरहेको महोत्सवमा अनुदानको कुरा हामीले जुन कुरा बाहिर सुनिरहेको छौं त्यसको स्पष्ट रूपमा मन्त्रालयबाट दिएको अनुदानको हामीले जवाफ माग गर्दछु मैले । यसको विषयमा मैले यहाँ कुरा उठाइरहँदा कर्णाली प्रदेशका

सबै जिल्लाका विभिन्न कृषिका उपजहरू विभिन्न अर्गानिक कृषिका उपजहरू त्यस्तै गरेर हामीसँग उत्पादन भएका कला विभिन्न कलाकृतिका सामाग्रीहरू सबै स्टलहरूमा राखेर कर्णाली प्रदेशको प्रचार प्रसार गर्नलाई र उद्योग व्यवसायलाई फस्टाउनलाई हामीले विभिन्न मेला महोत्सवहरू राखि रहेका छौं कि ? वा कर्णाली प्रदेशको राजधानीमै रहेका विभिन्न धेरै भन्दा धेरै उद्योग व्यवसायीहरूलाई दिन प्रतिदिन हामीले घाटाको व्यवसाय व्यहोर्ने एउटा आम व्यवसायीहरूको जुन खालको जनगुनासो आइरहेको छ त्यस प्रति मैले यहाँ कुरा किन उठाउन खोजिरहेको हो भने हामीले मेला महोत्सव चलाईरहँदा १० जिल्लाका विभिन्न अर्गानिक वस्तुहरूलाई हामीले प्रचार प्रसार गर्दै र यहीं दसै जिल्लामा विभिन्न उत्पादन भएका वस्तुहरू खरिदबिक्री गर्नेलाई हामीले प्रोत्सान गरिरहेका छौं कि ?

अथवा हामीले मेला महोत्सवका नाममा हाम्रो प्रदेश भन्दा बाहिरबाट जसले ठूला ठूला उद्योग कलकारखानाहरू आफैं उत्पादन गरेर जो डिलरका रूपमा यहाँ व्यवसाय गर्ने उद्देश्यले र यहाँका स्थानीय व्यवसायलाई स्थानीय व्यवसायले गरिरहेको व्यापारमाथि जुन घाटा बनाउने उद्देश्यका साथ सामानहरू ल्याएर बिक्री वितरण गर्ने एउटा माध्यम बनेको छ यो माध्ययमले गर्दा दिन प्रतिदिन र वर्षमा तीन चारपटक लाग्ने मेलाले यहाँ कर्णाली प्रदेशको राजधानीमा रहेका उद्योगी व्यवसायीहरू एकदम निराशा भइरहेको अवस्था छ । यो निराशा भइरहेको अवस्थामा यो राजधानीमा अर्थतन्त्रले कतिको असर पुर्‍याउँछ भन्ने कुरा पनि एकातिर छ । त्यस कारणले मैले के माग राख्न चाहन्छु भने हामीले चलाईरहेका हामीले खोलिरहेका हामीले जुन अनुदान दिन खोजिरहेका पाटाहरू हामीले दिइरहेका अनुदानबाट जस्तो सरकारले दिइरहेको अनुदानमा हामी पूजीगत खर्च बढाउँनलाई एकदमै हौसिएर दिन्छौं कि अथवा त्यो मेलामा हामीले अनुदान दिंदा र यो कर्णाली प्रदेशलाई कति फाइदा पुगेको छ कति उपलब्धि पुगेको छ भन्ने कुरालाई ख्याल गरिरहेका छौं । यो कुरा मैले सम्बन्धित मन्त्रालयलाई सुझावको रूपमा पनि राख्न चाहन्छु र आउने गरेका मेला महोत्सवहरूमा जसरी एउटा सानो कुनै एउटा सहयोग गर्दा त्यो किसानले उसको जीवन रूपान्तरण गर्न सक्छ भने हामीले त्यता तिर ध्यान दिइरहेको अवस्था छैन । अँझैपनि हामीले मेला महोत्सव र ठूला ठूला व्यवसायीहरूलाई जसले एउटा उद्देश्य लिएका हुन्छन् त्यो उद्देश्य कहिल्यै पूरा गरेको देखेका छैनौं हामीले ।गत वर्ष पनि महोत्सव लगाएर यो बनाउँदै छौं राजधानीमा भनेर महोत्सव लगाउने अनि महोत्सववाला पदाधिकारी अथवा त्यहाँका जिम्मेवार निकायहरू लडेर अनि त्यो रकमलाई दुरूपयोग गरिरहेको हामीले देखिरहेका छौं ।

यस्तै बेला बखतमा लागिरहने महोत्सवले कहिल्यै पनि उद्देश्य अनुसार कामी गरिरहेको हामीले देखिरहेका छैनौं । त्यस कारणले यस पटकको महोत्सवमा हाम्रो कर्णाली प्रदेश सरकारको लगानी भएको छ भने हामीले सुनेको मिडियाबाट सुनेको छौं । पत्रपत्रिकाबाट सुनिरहेका छौं तर यथार्थ कुरा हाम्रो प्रदेशको सरकार सम्बन्धित मन्त्रालयले जानकारी दिने नै छ यदि सत्य तथ्य हो भने र हामीले दिइ रहेका अनुदान कार्यन्वयनमा छन् कि छैनन् कार्यान्वयनमा जान्छन् कि जान्नन् भन्ने कुराको यथार्थ प्रगति विवरण सम्बन्धित मन्त्रालय कम्तीमा पनि आम नागरिकलाई सुन्ने र बुझ्ने गरी जवाफ दिने छ भन्ने कुरा राख्दै मेरो भनाइ अन्त्य गर्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय यज्ञ बहादुर वि.सी. समय पाँच मिनेट ।

**माननीय श्री यज्ञ बहादुर वि.सीः-** सभामुख महोदय, पाचौं अधिवेशनको तेस्रो बैठकमा विशेष समय लिएर यही २०७६ फागुन १४ गते चौकुने गा.पा. वडा न ४ विजौरा बस्ने नवीन वि.सी.को घरमा अज्ञात समूहले परिवारहरू घरमा नभएको अवस्थामा घरमा आगजनी गरी २० औं लाखको क्षति भएका कारण प्रदेश सरकारले दोषीलाई पत्ता लगाएर तत्काल कानूनको दायरामा ल्याओस् । सभामुख महोदय, पीडित परिवारलाई प्रदेश सरकारले राहतको व्यवस्था गरोस् भन्ने मेरो भनाइ छ । अर्को दोस्रो कुरा सभामुख महोदय, २०७१ सालका बाढीपीडितहरू आज छानामुनि बस्न नपाएर जिउँको तिउँ समस्या बाँकि नै रहेको छ सभामुख महोदय । प्रदेश सरकारले बजेटमा जुन व्यवस्था गरेअनुसार विपत्त व्यवस्थापन भनेर २०७६/०७७ मा को बजेटमा ६ करोड चाहिँ बजेट स्वीकृत गरेको छ । र त्यसको अवस्था अहिलेसम्म यस गरिमामय सदनलाई कुनै पनि जानकारी भएको छैन सभामुख महोदय । गरिमामय सदनलाई जानकारी दिनका लागि सभामुख महोदय मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, हाम्रो कर्णाली प्रदेश अर्गानिक प्रदेश कर्णाली प्रदेशलाई समृद्ध कर्णाली प्रदेश बनाउनका लागि कर्णाली प्रदेशका जनतालाई सुखी बनाउनका लागि हामीले पहिलो कदम यो सरकारले एउटा नीति अर्गानिक प्रदेशको नीति ल्याएको छ । अब अर्गानिक प्रदेश बनाउन त्यलाई सफल पार्नका लागि कर्णाली प्रदेशका जनतालाई आत्मनिर्भर बनाउनका लागि सर्वप्रथम कर्णाली प्रदेश सरकारले विगतका विभिन्न आयोगबाट नाप नक्सा भएर सेतो लालपुर्जासमेत पाइसकेका जुन जग्गाधनीहरू छन् र उनीहरूलाई सरकारले कर्णाली प्रदेश सरकारले जग्गाको स्वामित्व अहिलेसम्म स्वामित्व पाइरहेको अवस्था छैन सभामुख महोदय । कर्णाली प्रदेश सरकारले अब तिनी जुन हिजोका विभिन्न आयोगबाट नाप नक्सा भएका जग्गाहरूलाई जनताको स्वामित्वमा लिएर

जनताले ढुक्कका साथ जग्गाको मालिक बनेर अर्गानिक प्रदेश बनाउनेमा इच्छाशक्ति बढाउँनका लागि तत्काल कर्णाली प्रदेश सरकारले यसको कदम चालोस् र यदि कर्णाली प्रदेशका विशेष गरीकन सुर्खेत जिल्ला अन्तर्गत रहेका धेरै हिजोका आयोगले नाप नक्सा गरेका धेरै ऐलानी जग्गाहरू छन् । सेतो लाल पुर्जा भएका धेरै जग्गाहरू छन् । अहिलेसम्म यहाँका जनताहरूले जग्गा छ र विभिन्न वित्तीय संस्थाहरूबाट केही गरु र औषधी गर्ने अवस्था मा पनि तर कुनै संघसंस्थामा धरौटी, वित्तीय संस्थाहरूमा धरौटी जमानत पाएको अवस्था छैन। आफूसँग त्यो जग्गा हुँदा हुँदै पनि आज कर्णाली प्रदेश अन्तर्गतका जनताहरूले यो कर्णाली प्रदेश सरकारले भूमिको व्यवस्था गर्न नसकेको कारण आज चाहिँ जग्गा धनि खाली कुनै अधिकार स्वामित्व नभएका कर्णालीवासी विशेष गरीकन सुर्खेत जिल्लामा यो अवस्था बढी जटिल छ त्यसकारण म सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु र यदि अधिकार प्रदेश सरकारको अधिकार सूचीभित्र पर्दैन भने तत्काल संघीय सरकारसँग समन्वय गरेर जुन यहाँका जनताहरूको जग्गा प्रतिको स्वामित्व कायम गरोस् भन्दै मेरो कुरा यही अन्त्य गर्छु, हवस्त धन्यवाद ।

**माननीय सभामुखः-** मानीय सदस्यहरू विशेष समयमा वोल्ने क्रममा वोल्ने समय समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू यस सभाको फागुन ३ गते बसेको पाचौं अधिवेशनको दोस्रो बैठकको विशेष समयमा माननीय सदस्यहरूले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विविध विषयमा उठाउनु भएका जिज्ञासा एवं प्रश्नको सम्बन्धमा जवाफ दिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय श्री बिमला के.सी.ज्यूलाई समय दिन्छु ।

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री बिमला के.सी.:-** माननीय सभामुख महोदय, आज पाचौं अधिवेशनको तेस्रो बैठक बसिरहँदा पाचौं अधिवेशनको दोस्रो बैठकमा उठाइएका सवालहरू र त्यो सँगसँगै आम विषयको रूपमा बेलाबेलामा उठिरहेका बैठकमा उठिरहेका सवालहरूका बारेमा जवाफ दिने जुन अवसर प्राप्त भयो त्यसको लागि माननीय ज्यूहरूलाई सभामुखमार्फत हार्दिक आभा सहित धन्यवाद दिन चाहन्छु । खास गरी कृषिका सम्बन्धमा भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सम्बन्धमा आएका उठेका सवालहरूका विषमा मैले जवाफ दिँदा पहिलो नम्बरमा सबैको सरोकारको विषय बनेको राष्ट्रको नागरिकको हामी सबै जनप्रतिनिधिहरूको सरोकार बनेको विषय भनेको कृषिको अनुदान सदुपयोग भएन बिचौलियाहरू लागे कार्यकर्ताहरूमुखी पनि भयो भन्ने पनि आयो । प्रतिपक्ष दलका नेताबाट यो सबै सन्दर्भमा हामी ले लामो समीक्षा

गर्‍यौं सरकारमा ठूलो बहस गर्‍यौं र बिचौलियालाई हटाउँने विधि तय गरौं भनेर विधि तय गर्ने तिर लाग्यौं नीति तय गर्ने तिर लाग्यौं र नीति बनाएका छौं । मेरो विचारमा हामीले अहिले ७५ प्रसेन्ट त बिचौलियाहरू रोक्ने कार्यक्रम त हामीले बनाइसकेका छौं हेर्न सकिन्छ तथ्यगत हिसाबले पनि हेर्न सकिन्छ। किसान सरकार हातेमालो कर्यक्रम विधिले सिधै जनतामा लिन्छ समूह सहकारी कुनै बिचौलियाहरू त्यहाँ आउन दिँदैन । यले सिधै स्थानीय तह हुँदै सिधै समुदायमा छनौट गरेर जाने प्रावधान छ । त्यस्तै अहिले लक्षित वर्ग अनुदान कार्यक्रम चलेका छन् त्यो पनि त्यही मोडालिटीमा छ । सहकारी नमुना गाउँ, ७० वटा नमुना गाउँका कार्यक्रम त्यही मोडेलमा गएका छन् । त्यसले कोही बिचौलियाहरू आउन दिदैन । हामीले के भन्यौं भने यो अनुदानले विकृति जन्मायो त्यसैले अनुदानको मोडालिटी ठीक ढंगले तय गर्नु पर्छ भनेर त्यही ढंगले यो चालु आर्थिक वर्षमा ल्यएको नीति अनुसार अगाडि बढ्न एकदमै मेहनत गरिरहेका छौं । संस्कार हो मान्छेहरूमा अनुदान खानुपर्छ भन्ने सोच अहिले पनि छ । विकासका निम्ति बजेट चाहिँदैन खानका निम्ति बजेट चाहिन्छ त्यो भन्ने संस्कार त आम नेपाली संस्कार हो र कर्णालीमा अझ बढी समस्या छ भन्ने कुरा हामी सबै अवगत छौं त्यसैले त्यसलाई रोक्ने कसरी हो भन्ने सन्दर्भमा हामी सबै लाग्यौं भने त्यो सम्भव छ जस्तो हामीले सफ्ट लोनको कुरा गर्‍यौं र ब्याज अनुदानको कुरा गर्‍यौं र ब्याज अनुदानको कार्यविधि पास भइसकेको छ क्याबिनेटबाट ब्याज अनुदानको अब कार्यक्रम लागु हुन्छ छिटै एक हप्ता भित्रै र सफ्ट लोन सम्बन्धीको पिन कार्यक्रम अगाडि बढ्दै छ कानूनबाट अगाडि बढ्दै छ यले सभाले पास गर्ने छ र हामी अगाडि बढ्नेछौं र विशेष गरिबहरूका लागि विशेष अनुदानका कार्यक्रमहरू नल्याइकन गरिबलाई सोलोडोलो ५० प्रसेन्ट अनुदानको नीति जो अहिले संघीय सरकारले बनाएको छ त्योबाट गरिबहरू लाभान्वित हुन्न भन्ने हाम्रो बुझाइ हो र हामीले गरिबलाई विशेष अनुदानको कार्यक्र सिधै प्रदेश सरकार गरिबको साथमा भन्ने नारा लियौं र विशेष अनुदानका माध्यमबाट लक्षित वर्ग विशेषमा गएका छौं । पहुँचवालाहरू खास गरी बैंकमा पहुँच पुग्नेहरू बैंकको सिष्टममा छिर्नेहरूलाई ब्याज अनुदानबाट लाभान्वित गर्ने र हामी करोडौंको कारोवार गर्न सक्ने व्यवसाय कृषि व्यवसाय गर्नेहरूलाई हामीले त्योबाट लाभान्वित गर्दै छौं । जो मध्यम, निम्नमध्यम र मध्यमखालका कृषकहरू, युवाहरू विदेशबाट फर्केकाहरू यस्ताहरूको निम्ति ब्याज अनुदान ले लाभान्वित गर्छ भनेर ब्याज अनुदानको कार्यक्रम अगाडि बढाएका छौं र समग्रमा अनुदान दिने होइन प्रोत्सान कामका आधारमा अनुलदान दिनुपर्छ प्रोत्साहन अनुदानको कार्यक्रमलाई गत वर्षदेखि नै अगाडि बढाएका छौं ।

यो कुराले चार वटा कुराले अझ त्यो सँगसँगै सहकारी र निजी क्षेत्रसँग साझेदारी मोडेलमा जानु पर्दा सरकार आफैंले पनि उत्पादनको नेतृत्व गर्न पर्छ सँधै अर्कालाई अनुदान दिने बाड्ने मात्रै कुरा राम्रो होइन भनेर साझेदारी मोडेलमा पनि हामी अगाडि बढेका छौं र कानून पास हुँदै छ हामी अगाडि बढ्न त्यहाँ एकदमै मेहनत गरिरहेका छौं । कार्यविधि त्यसरी नै बनाएका छौं । कानून त्यसरी नै आउने छ भन्ने अपेक्षा गरेर हामीले कोसिस गरेका छौं साझेदारी ढंगले अगाडि बढ्न । त्यसो हुँदा अहिले हामी ७५ प्रसेन्ट हामीले दावीका साथ भन्छु ७५ प्रसेन्ट अहिले बिचौलियाहरू छिर्ने अनुदान छैन । नीतिले नै बिचौलियाहरूलाई बाँधिसकेको छ आउन दिएको छैन तर कतिपय सशर्त अनुदान छन् सशर्त अनुदानको कार्यविधि संघीय सरकारले बनाएको कार्विधिमा पालना गर्नुपर्छ । त्यस्तो खालको कार्यक्रम पनि हामीसँग छ त्यसका कारणले सूचना गर्न पर्छ सूचना गर्न पर्ने बाध्यकारी व्यवस्था छ तेले गर्दा खेरि निवेदन आउने कतिपय मतलब प्रेसर आउने मलाई परेन त्यलाई परेन भनेर कार्यालय प्रमुखहरूलाई आउने कुराहरू स्वाभाविक छन् जसका कारणले कतिपय ठाउँमा पाउनु पर्नेले नपाउने र नपाउनु पर्नेले पाएको हुनसक्छ । त्यो सबै कुरा हामीसँग अपडेट हुने कुरा त्यो सम्भव छैन त्यसैले माननीयज्यूहरू जो जनप्रतिनिधि भएर आफ्नो क्षेत्रको विषयमा विकासको विषयमा चिन्तित हुनुहुन्छ लागिरहनु भएको छ उहाँहरूले खास सूचना ल्याइदिनु भयो भने हामी त्यहाँनेर कहाँ बेइमानी भएको छ कहाँ दुरूपयोग भइको छ कहाँ प्रेसरको आधारमा कार्यालय प्रमुखहरूले बजेट हालेका छन् हामी त्यो हेर्न तयार छौं र त्यसका लागि आवश्यक प्रोसेसमा जान तयार छौं ।

हामीले गरी पनि रहेका छौं । त्यसो हुँदा यसका सन्दर्भमा आगामी बजेटबाट हाम्रा कार्यक्रमबाट यस्ता कुनै खालका कार्यक्रमहरू जो कि बिचौलियाहरू छिर्ने खालका कार्यक्रमहरू नल्याउनका निम्ति हामी सचेत छौं र अहिले देखि संभाव्यताका आधारमा मात्रै बजेट बनाउनुपर्छ भनेर मुख्यमन्त्रीको निर्देशनमा हामी लागिरहेका छौं तर यसो हुँदा अहिले माननीयज्यूहरूले जुन खालको चासो छ कार्यकर्तालाई मलाई त लाग्छ अहिलेसम्म म मन्त्री भएदेखि अहिले सम्म कुनै पनि कार्यालय प्रमुखहरूलाई तपाईले यो कार्यक्रम बनाइदिन पर्छ हाल्दिन पर्छ भनेर भनेको स्थिति छैन । कार्यालय अहिलेको हाम्रो बजेट सडक र सिँचाइ माननीयज्यूहरूको सिफारिसमा सडक सिँचाइमा हामीले तोकेर पठायौं । त्यो सामाजिक काम हो सडक सिँचाइ बाहेक अरु सप्पै कार्यक्रम कार्यालयको सम्भाव्यताका आधारमा गर्न पर्छ भनेर जिल्ला कार्यालयलाई नै अधिकार दिएर हामीले प्रमुखहरूलाई अधिकार दिएर पठाएका छौं कार्यविधि वनाएका छौं मापदण्ड बनाएका छौं

। सबैले सबै खालका समस्याहरू संबोधन गर्ने गरी कार्यविधिपनि त्यहाँ संवेदनशील भएकै छ । त्यो हिसाबले हामी अगाडि बढ्ने कोसिस गरेका छौं । यो होइन कि हामीले यहाँबाट तोकेर कतिपय मान्छेले भनेजस्तै ढोका ढोकामा के रे बिचौलियाहरू आएर पैसा बोकेर कार्यक्रम लिएका छन् भन्ने जस्तो हो भने कहाँ हो मेरो अनुरोध छ सभामुखमार्फत माननीयज्यूहरूलाई अरु कुनै पनि सरोकारवाला मान्छेहरू सरोकार राख्ने पर्छ अनुमानका भरमा कुरा होइन वास्तविक तथ्याङ्कका आधारमा प्रमाणका आधारमा यहाँहरूले हामीलाई भन्दिनु भयो भने हामीलाई सहयोग हुन्छ ।

यो राम्रो कुरा हो उठ्नु पर्छ । उठाउनु पर्छ यस्ता कुराहरू नउठीकन भ्रष्टाचारको निर्मूल गर्न सकिँदैन र न्यूनीकरण पनि हुन सक्दैन । भ्रष्टाचारलाई हामीले देशभरीबाट र कर्णाली प्रदेशबाट सखाप पार्ने अभियानमा हामी नलाग्ने हो भने विकासको कुरा होइन व्यर्थको कुरा हो भन्ने मलाई लाग्दछ । मेरो आफ्नो बुझाइ त्यो हो र निष्कर्ष त्यसले हामी भ्रष्टाचारका विरुद्धमा ठूलो अभियान सञ्चालन गर्नुपर्छ र अब त्यो ठाउँमा अलि गहिराइपूर्वक अहिले पनि हामी उठाइ रहेका छौं । कहाँ हो त २० प्रसेन्ट २५ प्रसेन्ट ६० प्रसेन्ट ४० प्रसेन्ट बार्गेनिङ गरेर को मार्फत कसरी बजेट हालिएको छ त्यसलाई तथ्यमा आएर प्रमाणकासाथ आएर यहाँहरूले हामीलाई सहयोग गरिदिनु भयो भने हामी त्यो कुरामा निर्ममतापूर्वक मन्त्रालयले कारवाही गर्ने कुरामा हामी अगाडि बढ्ने छौं र यहाँ करारवाला कर्मचारीहरूको सन्दर्भमा कुरा उठेको थियो सेवा करारवाला कर्मचारी पदपूर्तिसम्बन्धी हाम्रो यो बाध्यता हो । हाम्रो आवश्यकता हो लोकसेवाबाट पदपूर्ति गर्न नसकिने तत्कालीन अवस्थालाई समाधान गर्न नसकिने क्याविनेटबाट कार्यविधि पास गऱ्यौं र कार्यविधि यति धेरै लोक सेवा आयोगले लिने भन्दा कडा कार्यविधि छ भनेर टिप्पणी जताततै चलिराखेको छ । हामी आफैंलाई पनि त्यो कार्यविधि एकदमै कडाइपूर्वक लागु गरेको भन्ने कुरा हामीलाई आत्मविश्वास छ र हामीले गरेका छौं । त्यो कार्यविधि यस्तो छ कि हामी आफैंले केही चाहेर मन्त्रीले केही चाहेर पनि केही गर्न सक्ने अवस्था छैन । त्यसो हुँदा यो त निष्पक्ष ढंगले सेवा करारमा कर्मचारी पदपूर्ति गऱ्यौं भन्ने सरकारको एउटा खालको बुझाइ छ र दाबीका साथ सेवा करारका कर्मचारी हामीले त्यसरी पूर्ति गरेका छौं । बरु निष्पक्षताका नाममा आधारभूत रूपमा कतिपय अपांगता भएका मान्छेहरूलाई तपाईहरूले जिल्ला खटाउँदा ख्याल गर्न पर्दैन महिलाहरूलाई ख्याल गर्न पर्दैन भन्ने खालको कोइसन उठिराखेको छ । त्यहाँ कार्यविधिमा के रैछ भने १ नम्बरमा ल्यायकोले एक नम्बर रोज्न पाउने हुँदा खेरि अब महिलाहरूले पनि रोज्न पाएन । दोस्रोमा आएका बच्चासँगका महिलाले पनि रोज्न पाएन

अपांगता भएका कर्मचारीले पनि रोज्न पाएन । कार्यविधिको हुबहु पालना गर्दा खेरि बरु त्यस्ता खालका अव्यावहारिक समस्या आए भन्ने हामीलाई टिप्पणी र गुनासो आएको छ त्यसो हुँदा हामी यो हु-बहु कार्यविधिलाई पालना गरेर अगाडि बढेका छौं । कसैले मुद्दा हाल्यो भने पनि मज्जाले हेर्न सकिन्छ । हाल्न सकिन्छ त्यसरी पनि हामीले भनेका छौं । त्यसो हुँदा यो कार्यविधि पालना गरेका छौं प्रतिबद्धताका साथ र हामी नयाँ ढंगले अगाडि बढेका छौं ।

हाइटेक नर्सरीको कुरा उठेको थियो हाइटेक नर्सरी गत वर्ष २४ वटा निर्वाचन क्षेत्रमा कृषि मन्त्रालयबाट २४ करोड पैसा छुट्टिएको थियो पछि रकमान्तरको क्रममा हामीले केही पैसा त्यहाँबाट निकाल्दा एउटा निर्वाचन क्षेत्रमा ७५ लाख ७० लाखको हिसाबले विनियोजन गरिएको थियो । त्यो पैसा अधिकांश ठाउँमा कार्यान्वयन भएन नभईसकेपछि हामीले गत वर्षसम्म सम्झौतामा गएका हाइटेक नर्सरी भनेर सम्झौतामा गएका नर्सरीहरूलाई अलिकति ७० लाख सम्म पैसा राख्ने गरी र अरु बाँकी निर्वाचन क्षेत्रमा बीस बीस लाखका हिसाबले नर्सरी अगाडि बढाउने गरी हामीले ८ करोड मत्रै पैसा नर्सरीमा छुट्याएका थियौं । त्यसो हुँदा अहिले हाइटेक नर्सरीको सन्दर्भमा जस्तो कालिकोटमा अलि बढी प्रश्न उठेको छ । कालिकोटको नर्सरीलाई हाइटेक नर्सरीलाई पेस्की अलि बढी दिइएछ पेस्की दिने काम भएछ । हामीले त्यसको अनुगमन गऱ्यौं । कार्यालयलाई भन्यौ त्यसपछि त्यो पेस्की अलि बढी दिने खालको स्थिति बनेछ र त्यो अहिले काम भएको छ र त्यो पेस्की पोहोर दिएको पेस्की अहिलेको भुक्तानीमा कट्टिन्छ त्यसो हुँदा खेरि काम त्यहाँ हुँदै छ भन्ने हामीले सुनेका छौं । मैले रिपोर्ट लिएको थिए अहिले काम हुँदै छ । त्यस्तै अरु पनि नर्सरीहरू काम गरेका गरेका नर्सरीलाई पैसा दिइन्छ उपभोक्तालाई खासगरी सहकारीहरू थिए त्यतिबेला सहकारीहरूलाई दिइन्छ अरुलाई दिइदैन । त्यसमा ढुक्क भए हुन्छ हाइटेक नर्सरीको हामीले कहिँ पनि दुररूपयोग गर्ने अवस्था बनाएका छैनौं । बरु दुरूपयोग रोक्ने काम गरेका छौं त्यो खालको हामीलाई अनुभव नभएको हाइटेक नर्सरीका विषयमा यति धेरै समस्याहरू आएका थिए त्यो समस्यालाई चिन्यौं । कार्यान्वयन भएन अर्को पाटो होला हामी त्यसमा टाइटली जाँदाँ खेरि नि हामीले यो अगाडि बढ्न नसकेको कुरा पनि एउटा सत्य हो र हामी आफैं पनि अन्यौल र जानकारी नभएको कुरामा थियौं । अहिले हामीले एक दुईटा हाइटेक नर्सरी सफल गर्ने कुरामा छौं र अरु बाँकी सामान्य नर्सरी हुँदा खेरि पनि कर्णाली प्रदेशलाई अगाडि बढाउन सकिन्छ र टिसिकल्चरको नर्सरीको लागि हामी दशरथपुरसँग हामी अगाडि बढ्दैछौं र टिसिकल्चर त्यता बनाउने र हाइटेक १/२ वटा

हाइटेक हुने बित्तिकै कर्णालीलाई नर्सरीबाट नर्सरीको आवश्यकता जो छ त्यो पूर्ति गर्न सकिन्छ भन्ने नै हाम्रो बुझाइ छ । त्यसपछि कर्मचारी उपभोक्ता समितिमा बसेको कर्मचारीको विषयमा कुरा उठेको थियो । खास हामीले बुझौं यो कुरा सदनमा कुरा उठिसकेपछि कार्यालय सहयोगी एक जना कार्यालय सहयोगी वनसम्बन्धी यो वन मन्त्रालयको उपभोक्ता समितिमा बसेर काम गरेको भन्ने कुरा जानकारी आयो जानकारी आइसकेपछि हामीले बुझ्दाखेरि उनी हाम्रो कार्यालय सहयोगी हुनुभन्दा अगाडि उनि समितिको अध्यक्ष भइसकेको त्यसपछि यो प्रश्न उठिसकेपछि हामीले कुरा गर्दा अब उनी त्योबाट त्यतिबेला काम भइसकेको स्थिति रहेछ । हामीले कार्यालायमार्फत त्यसको स्पष्टीकरण लियौं र चेतावनी दिएका छौं । यो प्रोसेसमा हामी अगाडि बढ्यौं र यले अरु सबैलाई पनि सिकाइ हुने गरी अरु ठाउँमा पनि संप्रेषण गर्ने काम गरेका छौं । त्यसपछि यो भैसी, बाख्रा यो वितरण गरेको ठाउँमा अहिले केही पनि छैन भन्ने प्रश्न उठ्यो मलाई अचम्म लाग्छ कहीं त्यस्तो छ भने त्यही ठाउँ भनौ अस्ति गुर्भाकोटमा हाम्रो माननीयज्यूहरू संसदीय समितिका माननीयज्यूहरू जानु भएछ । गुर्भाकोटमा एउटा भैसी दिएको ठाउँमा ६ वटाँ भैसी पालन गरे अरे किसानहरूले माननीयज्यूहरूले भन्दै हुनुहुन्थो कम्तीमा तालिमको व्यवस्था गर्नुहोस् मन्त्रीज्यू भनेर धेरै ठाउँमा हामीले अनुदान दिएका ठाउँमा मान्छेहरू आज धनी बनिसके पैसा गन्ने भइसके । त्यो कुराको चर्चा चल्दैन तर कहाँ हो त्यस्तो अवस्था हो भने यकिन गर्‍यौं र हामीसँगै जाउँ र कारवाही गर्‍यौं । त्यसका निम्ति मन्त्रालय प्रतिवद्ध अझ सक्रियतापूर्वक लाग्नका निम्ति हामी यहाँहरूलाई सहयोगको अपेक्षा गर्न चाहन्छौं सभामुख मार्फत । रातो किताबका सन्दर्भमा आफ्नो आफ्नो मन्त्रालयका आफ्नो आफ्ना तयारीहरू हुने भए मन्त्रीहरूले भन्ने कुरा भयो खासगरी हाम्रो मन्त्रालयको सन्दर्भमा त्यतिबेला उठेको प्रश्न के थियो भने हामी छिटो छाप्यौं राता रात गरी धेरै मिस्टेक भएका थिए । एउटा जिल्ला कालिकोटको जुम्लाका कालिकोट आएर बसेको कालिकोटको जुम्ला आएर बसेका योजनाहरू लक्षित वर्गको कार्यक्रमहरू पनि अन्त अन्त गएर बसेको स्थिति थियो र त्यो सच्याउँछौं भनेर भनियो। थियो यो मंचबाट प्रतिवद्धता जाहेर गरिएको थियो र कतिपय रकम छुट भएको थियो अंक मा रकम छुट भएको थियो त्यस्ताकुराहरू सच्याउँछौं भनिएको थियो त्यो कुरा माननीयहरूकै लिखित सिफारिसमा हामीले सच्यायौं। जसका कारणले हाम्रो माननीय शोशिला शाहीले कालिकोटमा अलिकति योजना तलमाथि गर्दा दुख पाइयो भन्नुभयो । त्यो कुरा त्यस्तै क्रममा भएको कुरा हो उहाँहरूले नै दिँदा खेरि लिखित हस्ताक्षरमा हामीले त्यो सच्याएका थियौं र त्यो सच्याउने काम गरौं र खास गरी माननीयज्यूहरूले

पानी नकिन्नु पर्ने ठाउँमा पानीको पैसा किन हालियो मोटरसाइकल नचल्ने ठाउँमा किन तेलमा पैसा हालियो भन्ने कुराहरू गरिसकेपछि हामीले गम्भीरतापूर्वक त्यसको अध्ययन गऱ्यौं र त्यसो भएको रहेछ त्यो भइसकेपछि हामीले करिब डेढ करोड जति पैसा हामीले बचायौं र त्यो पैसालाई जुन कार्यक्रमहरू हाम्रा थिए ती कार्यक्रमका थप्ने अपुग भएको थियो त्यो थप्ने काम गऱ्यौं । हाम्रो मन्त्रालयले यहाँ बोलेको यहाँ ल्याएको कार्यक्रम र त्यहाँ अहिले हामीले गराएकोमा अन्तर छैन । अलिअलि त्यो सच्याउने काम र रकम नपुगेका ठाउँमा थप्ने काम मात्रै भएको छ । त्यसपछि माननीयज्यूहरूले एउटा कुरा उठाउनु भयो सुर्खेत दैलेखमा बजेट कम भयो यहाँको बजेट कार्यान्वयन पनि हुँदैन भन्ने कुराले मलाई अलि बढी छोयो । सरकारलाई छोयो मलाई लाग्छ हामी सुर्खेत र दैलेखमा ४ चार वटा निर्वाचन क्षेत्र छन् माननीयहरू धेरै हुनुहन्छ । अहिले सबै मन्त्रालयको बजेट हिसाब गरौं बजेट सुर्खेत र दैलेखमै बढी हुन्छ । हामीले चाहँदा नचाहँदा बजेट हुन आउँछ यहाँको निर्वाचन क्षेत्र यहाँको जनसंख्या यहाँको बजेट हाम्रो विनियोजनको तरिका जनता सडक कार्यक्रम होस् या निर्वाचन क्षेत्र विशेष पूर्वाधार कार्यक्रम होस् या हाम्रै मन्त्रालयको पनि दुई दुई करोड त सिँचाइमा सबैलाई राखेकै हो । १/१ करोड पैसा सबैलाई कृषि सडकमा राखेकै हो । ४० लाख वाला त्यो लक्षित वर्ग विशेष कार्यक्रम सुर्खेतमा १० वटा छ । १० जना माननीय हुनुहुन्छ जब कि सल्यानमा दुई जना माननीय हुनुहुन्छ त्यहाँ ८० लाख मात्रै गएको छ । त्यसो त हरेक मन्त्रालयको कुरा गर्दाखेरि मलाई लाग्छ मेरो मन्त्रालयको पनि यहिँ सँग जोडेर कुरा गरें सुर्खेत र दैलेखमा बजेट कम भएको भन्ने कुरा हाम्रो मन्त्रालयको हकमा होइन र समग्र सरकारको हकमा पनि हुन सक्दैन भन्ने नै लाग्छ र काम पनि यहाँको कम हुने र अन्त बढि हुने कुरा कँहि नियत छैन । सुर्खेत र दैलेखलाई काम कम मन्त्रालयले वित्तीय प्रगति त सबैतिर गर्दा नहुने हो यहाँ नगर्दा यहाँ वित्तीय प्रगति हुने भन्ने हुन सक्दैन त्यसैले मन्त्रालयले समग्रमा सबै कार्यान्वयन गर्ने कुरामा नै मन्त्री र मन्त्रालयको त्यो अपेक्षा हुन्छ र सरकारको त्यो समग्र अपेक्षा हुन्छ । सुकुम्बासी ऐलानी भूमिहीनको समस्या एकदमै निरन्तर आइरहेको छ । माननीयज्यूहरूलाई म सभामुखमार्फत ध्यानाकर्षण गर्न चाहन्छु यो हाम्रो बाध्यता छ विवशता छ मन्त्रालयले एउटा भवन बनाउ भन्दा हामीसँग जमिन छैन हाम्रो नाममा जमिन छैन । हस्तान्तरण खोज्छ हस्तातरण गर्ने संघीय कानून छैन । लिजमा लिने कानून रै छ, लिजमा लिने आज अब हामीले संघीय, एउटा भवन बनाउनु पऱ्यो भने, कार्यालय भवन बनाउनु पऱ्यो भने लिजमा लिनु पर्ने संघीय सरकारकोबाट त्यस्तो बाध्यता छ । यो कुरा बारम्बार भनिएको छ ।

प्रधानमन्त्रीलाई भनिएको छ । अध्यक्ष प्रचण्ड कमरेडलाई पनि भनिएको छ र सम्बन्धित मन्त्रीलाई पनि भनिएको छ र अरु मन्त्रीहरूलाई पनि भनिएको छ । तर आजसम्म हामीले भूमीसम्बन्धी जुन खालको संवैधानिक अधिकार पाएका छौं कार्यविभाजनसम्बन्धी नियमावलीसम्बन्धी जुन अधिकार पाएका छौं । सो अनुसारको हामीले केही पनि काम गर्ने स्थिति आजसम्म बनेको छैन । त्यसैले हामीले यहाँका लालपुर्जा नपाएकाहरूलाई सेतो पुर्जा पाउनेहरूले लालपुर्जा पाएको छैन । ऐलानीलाई हामीले लालपुर्जा दिन सकेका छैनौं । अगाडि माननीयहरूले उठाएको जस्तै धेरै समस्याहरू सुर्खेतमा छ । दैलेखमा गुठीको चर्को समस्या छ । रुकुम, सल्यान, जाजरकोटमा जनयुद्धकालीन समस्याहरू छन् तर समस्या समाधान गर्न हामी सँग कुनै क्षेत्रकाधिकार छैन । आज स्थानीय तहमा मालपोत हुन पर्थ्यो, नापी हुन पर्थ्यो । यदि संवैधानिक व्यवस्थाअनुसार हामी जान सकेको भए, यो संक्रमणकाल भएर होला म अपेक्षा गर्छु, विश्वास गर्छु छिटै हामीलाई सरकारले, केन्द्रीय सरकारले बाटो खोल्दिनेछ कि आफैं समस्या समाधान गर्ने छ। कि त हामीलाई अधिकार दिएर समस्या समाधान गर्ने तिर ढोका खोल्ने छ । मैले विश्वास लिएको छु यो समस्या समाधान हुने छ र मन्त्रीले अब छिटै संघीय मन्त्रीले भूमी मन्त्रीले छिटै आयोग बनाएर कामलाई सल्टाउने कानून अब सभामुख भइसकेपछि सभामुख आइसकेपछि विधेयक पनि प्रमाणीकरण भइसकेको छ र अगाडि बढ्ने हाम्रो अगाडि प्रतिवद्धता पनि गर्नु भएको थियो र हामी ६ वटै प्रदेशका मन्त्रीहरू गएर यो विषयमा उहाँसँग डेलिकेशन पनि गरेका थियौं । त्यसो त अब हामीले हाम्रो प्रदेशबाट केही पनि नगर्ने त्यसो पनि होइन त्यसमा हामी भूमीसम्बन्धी समस्या समाधान का निम्ति समस्याको पहिचान र सुझाव संकलनका लागि एउटा समिति गठन गर्ने विषयमा गठनादेशबाट ७५ मा गठनादेश पास भइसकेको र यस्तै अधिकार नपाएका कारणले रोकी राखेकोलाई अब हामी तुरुन्तै गठन गर्ने प्रक्रियामा गएका छौं । अब यसको गठन हुने छ । अब केही समस्याहरूको पहिचान गर्ने र समस्या समाधान सम्बन्धी सुझाव दिने कुरामा यो समितिले काम गर्ने अपेक्षा हामीले लिएका छौं। माननीय सभामुख ज्यू, हामीले खासगरी हाम्रो मन्त्रालयको तर्फबाट अहिले बजेट कार्यान्वयन गर्दै गर्दा खेरि हामीले समीक्षा पनि गऱ्यौं। यो विचमा समीक्षा पनि गऱ्यौं पहिलो चौमासिकमा हाम्रो ओएमएनमा बित्यो र हामीले काम गर्न पाएनौं यो चौमासिक हामीले कार्यान्वयनमा अगाडि बढेका छौं कार्यान्वयनमा अगाडि बढ्दा धेरै योजनाहरू सम्झौताको प्रक्रियाबाट अगाडि बढी सकेका छन् । खासगरी सडक र सिचाई सिचाई त अस्ती म आफैं अनुगमन गरेर आए सम्पन्न भइसकेको छ । यस्तै धेरै ठाउमा सडक र सिचाईका कामलाई कामलाई व्यवस्थित

ढंगले अगाडि बढेको रिर्पोट छ । अरु पकेटका कार्यक्रम र गत वर्षका निरन्तरताका कार्यक्रमहरू पनि छन् । ती कार्यक्रमहरू अगाडि बढिरहेका मतलब कार्यालय बाट रिर्पोट आइरहेको छ । त्यसो गर्दा यो दोस्रो चौमासिकको अन्यसम्म २० देखि २५ प्रतिशत सम्म वित्तीय प्रगती गर्न सकिने हामी अनुमान गरेका छौं । दोस्रो चौमासिकमा असारमा मात्र होइन सुरुदेखी नै क्रमशः हरेक महिनामा वित्तीय प्रगति बढाएर मन्त्रालयको लक्ष्य प्राप्तीको निम्ति लागि परेका छौं र अग्रसर छौं यसका निम्ति माननीयहरूले जुन खालको मेहनत गर्नु भएको छ । त्यो मेहनतप्रति आभार प्रकट गर्न चाहन्छु । सभामुखमार्फत र यहाँहरूले जुन जुन जनप्रतिनिधि जुन क्षेत्रमा कामको विषयमा चासो गर्नु भएको छ । त्यो क्षेत्रको काम अगाडि बढेको कुरा पनि म निवेदन गर्न चाहन्छु । त्यसो हुदा जहाँ जनप्रतिनिधिहरूले पहल लिएको छ जहाँ सरोकार राखेको छ जहाँ कार्यालय प्रमुखलाई घच्घचाईराखेको छ त्यो क्षेत्रका कामहरू निकै अगाडि बढेका छन् । मलाई निकै खुसी लागेको छ । हामी सबै विकासमा एकदमै चिन्तित छौं र अगाडि बढ्न कोसिस गरिरहेका छौं । फेरि पनि कर्णालीमा वित्तीय प्रगतीका चिन्ता त उठेकै छ । त्यसलाई समयमा समाधान गर्न यो दोस्रो चौमासिक भित्रै रकमान्तरको कुरालाई टुङ्गाउनु पर्छ भन्ने कुरा पनि हामीले गरी नै राखेका छौं । यो पनि माननीयहरूसँग को सरोकार र सल्लाहमा रकमान्तर हुने बाट नहुने खर्च केरे खर्च नहुनेबाट खर्च हुनेमा कसरी प्रभावकारी ढङ्गले रकमान्तर गरेर यसको कामलाई अगाडि बढाउने होला भन्ने कुरामा पनि तयारी गरिरहेका छौं । मैले दुईटा कुरा खासगरी अहिले भइरहेको बजेट कार्यान्वयनको अवस्था प्रभावकारी बनाउन जहाँ जहाँ बदमासी भएका छन् जहाँ जहाँ कुनियतका साथ अगाडि बढेको स्थिति छ त्यसका निम्ति गम्भीरतापूर्वक सबै लाग्न पत्रकार साथीहरू सम्बन्धित सरोकारवाला साथीहरू, जनप्रतिनिधिहरू त हुनु नै हुनुहुन्छ । यसको एकदमै अंशियार त्यसो हुँदा हामी सबै लागेर विकृती र विसँगतीहरूलाई रोकौं, पारदर्शीता विरोधी गतिविधिहरूलाई रोकौं, बिचौलियाहरू र बार्गेनिङ गर्ने कुराहरू रोकौं, बिचौलिया आफैंले रोक्ने कुरा पनि रहेछ, बिचौलिया हामी म दावीका साथ भन्छु हाम्रो मन्त्रालयमा बिचौलियाहरू आउने स्थिति बन्दैन् । जहाँ इन्ट्रेस राखिन्छ त्यसपछि बिचौलिया आउने हो इन्ट्रेस नराख्ने हो भने बिचौलिया आउने रहेनछन् त्यो अनुभव हामीले राम्रोसँग गरेका छौं त्यसैले हामीले निश्वार्थ भावनाले केही गरौं भन्ने उद्देश्यका साथ अगाडि बढ्यौं भने यी बिचौलियाहरू साना साना कुराहरू तोड्न सकिन्छ र प्रदेशलाई एउटा नयाँ गतिमा लिन सकिन्छ भन्ने विश्वास हामीलाई लागेको छ र खासगरी पशु क्षेत्रमा केही ठूला कार्यक्रम स्रोत केन्द्रहरू छन् । तिनलाई सरकारी

बनाउने सकेसम्म नभए साझेधारी मोडेलमा लिने गरी लागिएको छ । त्यसमा पनि यहाँहरूको सहयोग चाहिन्छ भन्ने अनुरोध मैले सभामुखमार्फत गर्न पाए र आगामी बजेटलाई मुख्यमन्त्रीको स्पीड सरकारको स्पिडमा सम्भाव्यताका आधारमा मात्र गर्नुपर्छ भन्ने जुन स्पिड छ त्यसलाई अगाडि बढाउन हामीले हाम्रो मन्त्रालयले चारपाँच वटा सम्भाव्यताका अध्ययनका कामलाई सँगसँगै अगाडि बढाउदै छौं । माछाको सम्भाव्यता अध्ययन गर्न माथि कर्णालीका जिल्लाहरू साबिकका कर्णालीका जिल्लाहरूमा एउटा टोली अगाडि बढिसकेको छ । त्यहाँ जनप्रतिनिधिहरूसँग समन्वय भयो भने कहाँ कहाँ सम्भावित क्षेत्रहरू हुन त्योसँग समन्वय गर्न सजिलो हुन्छ जस्तो मलाई लाग्छ । त्यसपछि हामीले रामपुर विश्वविद्यालयसँग कृषि वन विज्ञान विश्वविद्यालयसँग कृषिका पकेट क्षेत्रहरू र बजारीकरणलाई कसरी सुनिश्चित गर्न सकिन्छ । कस्तो कार्यक्रमहरू बनाउदा स्वरोजगार सिर्जना थर्न सकिन्छ । त्यो सम्भाव्यता अध्ययनको निम्ति त्योसँग एमओयू गरेका छौं । विश्वविद्यालयसँग त्यो काम पनि अब छिटै अगाडि बढ्ने छर त्यसको सुचिकृत गरेर हामी सबैबाट सहयोग लिएर स्थानीय सरकार र हाम्रा जनप्रतिनिधिबाट सहयोग लिएर त्यसको सुचिकृत लिएर अगाडि बढ्ने छौं । त्यसपछि यता मध्यपश्चिम विश्वविद्यालयसँग कृषिका पूर्वाधार खासगरी सिचाईका र अत्यावश्यक कृषि सडकको सन्दर्भमा त्यो सँग सम्झौता गरेका छौं । निजि क्षेत्र सँग उद्योग वाणिज्य महासंघसँग कृषि जन्य उद्योगको निम्ति कतिपय एकदमै जरुरी कृषि जन्य उद्योगको सम्भाव्यता अध्ययनका निम्ति हामीले सम्झौता गरिसकेका छौं र यो सँगसगै अर्गानिक कृर्षिको जोनिङ भइरहेको छ । अर्गानिक कृषिको पकेट कहाँ हो । त्यसको सम्भावनाको निम्ति पनि एउटा टिमलाई हामीले अनुरोध गरेका थियौं त्यो पनि अगाडि बढेको छ । हाम्रा यी सम्भाव्यता अध्ययनका कामहरूलाई प्रभावकारी बनाउन सकियो भने आगामी योजना अझै वैज्ञानिक बनाउन सकिन्छ र अनुमानका आधारमा बजेट बनाउने कुरालाई तोड्न सकिन्छ र मुख्यमन्त्री स्पिडमा कर्णाली सरकारलाई भन्ने विश्वास हाम्रो मन्त्रालयले लिएको छ भन्दै यी कुराहरूलाई राख्दै कतिपय सन्दर्भमा पटकपटक स्पष्टीकरण दिन वा जवाफ दिन भन्दा पनि अलिकति उठेको सरोकार खासगरी मेलाको सन्दर्भमा उठेको सरोकारको सन्दर्भमा कुरा गर्दा उपयुक्त हुन्छ जस्तो लाग्छ अनुमती पाउछु नै जस्तो लाग्छ । व्यावहारिक हुन्छ नै जस्तो लाग्छ । हामीले हाम्रो मन्त्रालयले अर्गानिक कृर्षि प्रदर्शनीको निम्ति बजेट छुटयाएकै थियौं । हामीले व्यवस्था गरेकै थियौं गत वर्ष सहकारी दिवसको सन्दर्भ पारेर तीनदिने अर्गानिक कृर्षि मेला लगायौं । अहिले पनि तीनदिने मेलाकाो तयारीमा थियौं । तीनदिने तयारीमा थियौं तर सन्दर्भ कस्तो

पऱ्यो भने ६ गते प्रदेश सरकारको स्थापना भएको, पहिलो बैठक बसेको दिन ६ गते फागुन ६ गतेलाई नै हामीले मौका पारेर ६ देखि ८ सम्म लगाउने निर्णय गरेका थियौं । यता उद्योग वाणिज्य संघले २ गतेदेखि लगाउने निर्णय गरेको रहेछ । त्यो जुधेको राम्रो नहुने भएकाले हामीले के गऱ्यौं भने एकै ठाउँमा जाउँ एकैचोटी गऱ्यौं र ६ गते नै जाऔं । हामीले कृषि प्रदर्शनीको लागि हामी सहयोग गर्छौं भनेर भन्यौं र हामीले खास सहयोग हामी उद्योग वाणिज्य संघलाई होइन प्रर्दशनीका लागि स्टलहरूलाई सहयोग हामीले किसानहरूको लागि गरेका छौं र पुरस्कृत गर्दैछौं र पुरस्कृतको लागि हामीले सहयोग गर्दैछौं र उद्योग वाणिज्यलाई होइन कि हामीले कृषकहरूलाई कृषकको उत्पादनलाई व्यापारसँग जोड्का लागि स्टलहरूलाई सहयोग गरेको कुरा सत्य हो । हाम्रो बजेट भित्रको कार्यक्रम पनि हो। त्यसैले त्यो कार्यक्रमबाट हामीले उद्योग वाणिज्यका केही मान्छेहरू वा कसैको इन्ट्रेस अनुसार हामीले हाम्रो मन्त्रालय नगएको कुरा जानकारी गराउन चाहन्छु सभामुखमार्फत अहिले बीचमा कृषि सम्मेलन अन्तराष्ट्रिय खालको एउटा कृषि सम्मेलन पनि गऱ्यौं। त्यसले एक खालको संकेत दिएको छ । अब अर्गानिक कृषिको सुरुवात कसरी गर्ने भन्ने बहस गर्ने ठान्यौं र त्यो कार्यक्रम गऱ्यौं र त्यो कार्यक्रमको प्रभावकारिता पनि निकै राम्रो हामीले लियौं र अर्गानिक गुरुयोजनाको फिडब्याक लिने काम गरेका छौं । त्यसो हुदा योसँग जोडेर हेर्न जरुरी ठानेकाले यो कार्यक्रम गरेका हौं र अन्त्यमा माननीय ज्यूहरूबाट ठूलो सहयोगको अपेक्षा गर्दै मेरा भनाइहरू अन्त्य गर्दै बिदा हुन्छु हवस् त धन्यवाद ।

**माननीय सभामुखः-** मन्त्री ज्यूले जवाफ दिइसकेपछि अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलको लागि सभासमक्ष प्रस्तुत गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय नन्दसिंह बुढाः-** माननीय सभामुख ज्यू, नेपालको संविधानको धारा ५१ (६) १ मा रहेको राष्ट्रिय हित अनुकूल तथा अन्तपुस्ताको समन्वयको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन दिगो रूपमा प्रयोग गर्न र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने भन्ने व्यवस्था, र नेपालको संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा हित रहने छ र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानून बमोजिम हुनेछ भन्ने प्रस्ताव रहेको साथै संविधानको अनुसूची-६ को क्रमसंख्या १९ मा राष्ट्रिय वन, जल उपभोग तथा

वातावरण सम्बन्धी विषय उल्लेख भएकोले स्वस्थ र स्वच्छ वातावरणमा बाच्न पाउने मौलिक हकको संरक्षण गर्न वातावरण र विकास बीच सन्तुलन कायम गर्न, वातावरणीय ह्रासबाट हुने क्षतीलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनका चुनौतीको सामना गर्न, वातावरणीय प्रदूषणबाट स्वास्थ्यमा पर्न सक्ने असर न्यून गरी त्यस्ता असरबाट हुने क्षतीको क्षतिपूर्ति पाउने हक स्थापित गर्ने सम्बन्धमा कानुनी व्यवस्था आवश्यक रहेकोले कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमामा व्यवस्था गर्न बनेको ऐन, २०७६ कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्तुत गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** मन्त्रीज्यूले प्रस्ताव राखेपछि, माननीय सदस्यहरू कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलमा भाग लिन हुने माननीय सदस्यहरूको लागि समय व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री सिता कुमारी नेपाली समय ७ मिनेट ।

**माननीय सिता कुमारी नेपालीः-** सभामुख महोदय पाचौं अधिवेशनको तेस्रो बैठकमा हामी कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफल गर्दै छौं र यो विधेयक माथि सैद्धान्तिक छलफल गर्नुपुर्न कर्णाली प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र मन्त्रीज्यूलाई धन्यवाद पनि दिन चाहन्छु । जलवायु परिवर्तनका कारण थुप्रै समस्याहरू हामीले झेलिरहेको अवस्थामा वातावरण संरक्षण गर्ने, पर्वद्धन गर्ने, व्यवस्थापन गर्ने, जुन उद्देश्य हो त्यो उद्देश्य अनुसार यो विधेयक आएको छ र यो विधेयक कर्णाली प्रदेशको अवस्था र यहाँको आवश्यकताको आधारमा यो विधेयक अगाडि बढाउदै जाँदा संविधानलाई पहिलो आधार मानेर यो विधेयक अगाडि बढेको छ । यो विधेयक यो संसदमा ल्याउनुको पछाडिको उद्देश्य र कारण पनि विधेयकको सैद्धान्तिक छलफलको निम्ति प्रस्ताव प्रस्ताव प्रस्तुत गर्दै गर्दा यहाँ राखि सक्नु भएको छ । राष्ट्रको हित अनुकूल मात्रै होइन कि अन्तरपुस्ता समन्वयका मान्यतालाई पनि आत्मसात गरेको छ र सँगसँगै प्राकृतिक स्रोत साधनहरूको संरक्षण संवर्धन गर्नको निम्ति वातावरण अनुकूल हिसाले अगाडि बढाउनु पर्छ र त्यसका निम्ति पनि संविधानले जुन व्यवस्था गरेको छ संविधानको निर्देशक सिद्धान्त अनुसार संरक्षण संवर्धन गर्ने मात्र होइन उपयोग गर्नको लागि पनि स्थानीय स्तरमा प्राथमिकता र अग्राधिकार दिने भन्ने प्रस्टरूपमा उल्लेख भएको छ । संविधानले स्वच्छ वातावरणको हक भनेर मौलिक हकमै व्यवस्था गरेको छ । स्वच्छ वाताावरणमा नेपालका नागरिकहरूले आफ्नो जीवन जिउन पाउनु पर्छ । त्यो जीवन जिउने क्रममा यहाँको

प्राकृतिक हिसाबले जुन स्रोत साधनहरू छन् ती प्राकृतिक स्रोत साधनहरूलाई चैं संरक्षण संवर्धन संरक्षण गर्ने कुरा मात्र होइन । प्राकृतिक हिसाबले जुन प्रदूषणहरू पनि हुने गरेको छ । त्यो प्रदूषणहरूलाई न्यूनीकरण गर्ने र प्रदूषण गर्नेबाट पनि राज्यलाई प्रदुषित गर्नेबाट पनि राज्यले क्षती गरिएको खण्डमा क्षतीपुर्ती गराउने कुरा प्रस्ट रूपमा संविधानले नै उल्लेख गरेको छ । सँगसँगै हामीले यो वातावरणसँग सम्बन्धित विषय राख्दै गर्दा राष्ट्र निर्माणको कुरा र राष्ट्रको विकासको कुरा पनि जोडिएको छ । राष्ट्र विकास गर्नको निम्ति वातावरणीय हिसाबले कुनै अवरोध नहुने कुरालाई पनि संविधानले प्रस्ट रूपमा व्यवस्था गरेको छ । यो विधेयकमा संविधानलाई एउटा आधार मानेर संघीय कानूनलाई आधार मानेर प्रदेशको आवश्यकताका आधारमा यो विधेयक ल्याइएको मैले अनुभुती गरेको छु र यो विधेयकमा व्याख्यात्मक टिप्पणी राखिएको छ । त्यो व्याख्यात्मक टिप्पणी धेरै कुराहरू पनि प्रस्ट भएको छ र सँगसँगै यो विधेयकमा प्रत्यायोजित व्यवस्था सम्बन्धी टिप्पणी उल्लेख गरिएको छ । कानून निर्माण गर्दैगर्दा कानूनसँग सम्बन्धित रहेर नियमावली बनाउनु पर्ने आवश्यकता हुन्छ । सबै कुरा कानूनमा लेख्न त मिल्दैन । कानूनमा उल्लेख भएका कुराहरूलाई व्यवस्थित गर्नका निम्ति नियमावलीहरूमा उल्लेख गर्नु पर्ने पनि हुन्छ। त्यो कुरा प्रत्यायोजित व्यवस्थापनसम्बन्धी व्यवस्था गरिएको हुन्छ सबै कानूनहरू निर्माण गर्दा तर मलाई एउटा प्रश्न यहाँ राख्न मन लागेको छ । हामी कानून निर्माण गर्ने थलोमा छौं हामी कानून निर्माता पनि हौं । कानून निर्माण गर्दै गर्दा कतिपय कुराहरू ऐनमै पनि उल्लेख गरिनु पर्छ । धेरै कुराहरू ऐनबमोजिम नियमावलीमा मात्रै गर्दा ढिलासुस्ती हुने पनि हामीले देखेका छौं । त्यो ऐन कार्यान्वयन नहुने अवस्था पनि हामीले देखेका छौं । त्यसैले कानून बनाउदै गर्दा यो विधेयकमा दफा र उपदफा हरूमा प्रत्यायोजितसम्बन्धी टिप्पणीहरू यहाँ राखिएको छ । ती सबै दफा र उपदफामा आवश्यकता हो कि होइन भन्ने कुरा पछि दफावार छलफलमा जाँदै गर्दा खेरि ती विषयहरू राखौंला । ती सबै विषयहरूमा नै व्यवस्थापनसम्बन्धी प्रत्यायोजित व्यवस्थापनसम्बन्धी व्यवस्था आवश्यक हो कि होइन मलाई प्रश्न गर्न मन लागेको कुरा र मैले माननीय सभामुखज्यूमार्फत मन्त्रीज्यूलाई गरेको छु र सँगसँगै राष्ट्र निर्माणको कुरा, विकास निर्माणको कुरा गर्दा खेरि वातावरणीय अध्ययन तयार गर्नुपर्ने आवश्यकता हुन्छ, प्रभाव मूल्याङ्कन गर्नुपर्ने आवश्यकता हुन्छ । वातावरणीय प्रभा ा मूल्याङ्कन गर्नुपर्ने त्यो आवश्यकतालाई मध्येनजर गर्दै नियमावलीमा नभएर यही कानूनमा हामीले त्यो प्रतिवेदन तयार गर्नको लागि समय सीमा राख्न सक्दैनौं । कुन स्केलको हो ठूलो स्केलको हो भने अलि बढी

समय राखौं त्यो भन्दा अलि सानो स्केलको हो भने अली कम समय राखौं र तत्काल गर्न सकिने स्थिति हो भने अली कम समय राखेर समय हामीले यो ऐनमा उल्लेख गरेर राख्दाखेरि राम्रो हुन्थ्यो कि मलाई लागिराखेको कुरा यो ऐनमा त्यो समय त छैन । समय चाहिँ नियमावली मै उल्लेख गर्ने होला । यो ऐनमा समयको सीमा उल्लेख गरेर राख्दाखेरि कतिपय बजेटहरू, योजनाहरू कार्यान्वयन गर्दै गर्दा खेरि बजेट फ्रिज नहुने समयमै काम हुन्थ्यो कि भन्ने कुरा मलाई लागि राखेको छ । यो विषयमा मैले यती नै राख्न चाहन्छु र प्रदूषण नियन्त्रणसम्बन्धी व्यवस्था पनि यसमा उल्लेख गरिएको छ । प्रदूषण गर्नेलाई जरिवानाको कुरा जो छ नी जरिवानाको कुरा त्यती नआएका मलाई लागेको छ । जस्तो वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिसकेपछि त्यो प्रतिवेदन स्वीकृत भइसकेपछि त्यसको आधारमा योजना अगाडि यदी बढाइएन भने त्यो प्रतिवदन अनुरूप योजनाहरू बढाइयो भने चैं जरिवाना गर्ने कुरा त प्रर्याप्तै आएको छ यहाँ तर प्रदूषण गर्नेलाई जरिवाना गर्ने कुरा त्यती आएको जस्तो लागेन त्यसले गर्दाखेरि प्रदूषणलाई पनि जरिवाना गर्ने कुरा आउँदाखेरि राम्रै होला भन्ने कुरा लागेको छ । वातावरणीय कुरा गर्दा खेरि अब जलवायु परिवर्तनको कुराहरू पनि छन् । सँगसँगै वातावरणको संरक्षण गर्ने कुरा संरक्षण गर्दा खेरि जो अनुकूलन योजनाहरू छन् नि उपल्लो तटीय, तल्लो तटीय क्षेत्रहरूमा जसरी वातावरण संरक्षण गर्नको लागि थुप्रै कामहरू राज्यले गर्ने गरिरहेका छ । जस्तो कि वृक्षारोपणको कार्यक्रमहरू गर्दै गर्दा हामीले पानीको स्रोतलाई सुनिश्चित गर्नुपर्ने रिचार्ज गर्नुपर्ने अवस्थाहरू पनि आउँछ । विगतका दिनहरूमा थुप्रै पोखरीहरू हुने गर्थे, तालहरू हुने गर्थे, आज तालहरू, पोखरीहरू सुकिरहेका छन् । आहालहरू सुकिरहेको अवस्था छ, त्यो आहाल, ताल, पोखरीहरू सुक्दै गर्दा पानीको समस्या दिन प्रतिदिन बढ्दै गइरहेका अवस्था छ । त्यसले गर्दा कम्तीमा ती ताल पोखरी, आहालहरूलाई चाहिँ व्यवस्थित गर्नको निम्ति वृक्षारोपण गर्नको लागि कस्ता वृक्षहरू रोपण गर्ने पानी नै सुकाईदिने टाईपको वृक्षारोपण गर्ने कि बहुउपयोगी कम्तीमा आर्थिक हिसाबले पनि आम्दानी हुने गरी बहुउपयोगी बोट बिरुवाहरूलाई पनि रोप्न जरुरी छ । वृक्षारोपण गर्न जरुरी छ र त्यो सँगसँगै पानीलाई पनि संरक्षण पानी जस्तो ताल तलैयाहरूको संरक्षण गर्ने पानीको मुहानहरूको संरक्षण गर्ने यो पनि वातावरणसँग सम्बन्धितै हुन्छ । वातावरणसँग सम्बन्धित हिसाबले यसलाई पनि यो विधेयकमा उल्लेख गरेर ल्याउनु पर्छ भन्ने मलाई लाग्दछ । माननीय सभामुख महोदय, म अन्त्यमा के भन्न चाहन्छु संविधानले जसरी मौलिक हकको रूपमा स्वच्छ वातावरणको हक दिइएको छ । स्वच्छ वातावरणमा बाच्न पाउने अधिकार संविधानले व्यवस्था

गरेको छ र सँगसँगै त्यो वातावरणको संरक्षण गर्ने कुरा व्यवस्थापन गर्ने कुरामा स्थानीयलाई प्राथमिकता दिने कुरा र अग्रअधिकार दिने कुरा संविधानले व्यवस्था गरेको छ र त्यही आधारमा यो कानून निर्माण गर्दैछौं र यो कानून निर्माण गर्दै गर्दा स्थानीयलाई प्राथमिकतामा राख्ने गरी र अग्राधिकार दिने गरी यो विधेयक सरसरी पढ्दा यो त्यती धेरै त्यस्तो व्यवस्था त देखिन । कम्तिमा स्थानीयलाई प्राथमिकतामा राख्ने कुरा अग्राधिकार दिने कुरा यहाँ समेटिएको जस्तो मलाई लागेको छैन । संरक्षण गर्ने अधिकार दिइएको छ, त्यसको प्रर्वधन गर्ने अधिकार दिइएको छ, त्यसको व्यवस्थापन गर्ने अधिकार दिइएको छ तर त्यो सँगसँगै उनीहरूले त्यो अधिकार प्रयोग गर्न पाउनु पर्छ उपयोग गर्न पाउनु पर्छ । उपयोग गर्नको लागि पनि स्थानीयलाई प्राथमिकतामा राख्नु पर्‍यो, उनीहरूलाई अग्राधिकार दिनुपर्छ तब मात्रै वातावरणको ठीक ढङ्गबाट संरक्षण हुन सक्छ र वातावरणको व्यवस्थापन हुन सक्छ । हामी आज सैद्धान्तिक छलफल गर्दै गर्दा खेरि वातावरण, जलवायु परिवर्तनका कारण थुप्रै समस्याहरू आइरहेको छ । हिजो मौसम अनुरूप जुन बर्षा, हिउँद हुने गर्थ्यो आज त्यो छैन हामी यतीबेला वर्षाको जस्तो अनुभुती गरिरहेका छौं । एक हप्ता विराएर पानी आइरहेको अवस्था छ । यो प्रकारको अवस्थामा कम्तीमा हामीले जलवायु परिवर्तनको जुन असरहरू छन् त्यो रोक्नका लागि पनि हामीले हाम्रो ठाउबाट प्राकृतिक हिसाबले जुन साधन स्रोतहरू छन् । ती साधन स्रोतको संरक्षण गर्ने मात्र होइन की त्यो साधन स्रोतलाई पनि उपयोग गर्ने गरी यही क्षेत्रमा त्यो वातावरणको क्षेत्रबाट आम्दानी भएको विषय वातावरण कै क्षेत्रमा लगानी गर्ने गरी कर्णाली प्रदेशको कानून बनायौं भने अवश्य पनि वातावरण संरक्षणसम्बन्धी जुन विधेयक आएको छ । यो ऐनको रूपमा पारित हुन्छ यसले कर्णालीको आवश्यकता अनुसार यहाँको अवस्था अनुसारको व्यावहारिक कानून हुनेछ भन्ने कुराको विश्वास पनि व्यक्त गर्दै मेरो भनाइ यहीं राख्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथीको सैद्धान्तिक छलफलको लागि आजै समाप्त हुने भएकाले छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूले रोस्टमको बायाँ तर्फ रहेका सचिवालयका सदस्यहरूलाई नाम टिपाउनु होला । माननीय सदस्यहरू अब सर्वप्रथम माननीय श्री यज्ञबहादुर विसी समय ७ मिनेट ।

**माननीय यज्ञ बहादुर विसीः-** सभामुख महोदय पाचौं बैठकको अधिवेशनको तेस्रो बैठकमा कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलको क्रममा म यहाँ उपस्थित भएको छु । सभामुख महोदय, स्वस्थ र स्वस्थ

वातावरणका लागि जुन बाच्न पाउने अधिकार जुन हाम्रो संविधानले नेपाली जनतालाई मौलिक हकको रूपमा संरक्षण गरेको छ र त्यसको साथसाथै विकासलाई पनि त्यसै सँग चाही गासेको छ र यलाई वातावरणीय प्रभाव र विकाससँग चैं सन्तुलन कार्य गर्ने गर्नका निम्ति वातावरणीय ह्रासबाट हुन सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्नको लागि यो विधेयक आएको छ । सभामुख महोदय, विशेष गरीकन र बाच्नका लागि विकाससँग सम्बन्धित भएकै कारणले यो विधेयक अगाडि नै आउनु पर्थ्यो । विशेष गरीकन ढिलै भएपनि वातावरणीय प्रभावलाई सन्तुलन कायम गर्ने अभिप्राय लिएर कर्णाली प्रदेश सरकारले जुन विधेयक ल्यायो म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चहान्छु । सभामुख महोदय, यो विधेयक जुन वातावरणीय प्रदूषणलाई व्यवस्थित गर्न सातवटा परिच्छेदमा विभाजन गरिएको छ । ४८ वटा उपदफाहरू छन् र यसमा वातावरणीय अध्ययनसम्बन्धी व्यवस्था जुन गरेको छ । यो विधेयकमा व्यवस्था भएको छ र कर्णाली प्रदेशको भूगोललाई हेरेर नेपाली जनताको अथवा कर्णाली प्रदेशको बाच्न पाउने अधिकार स्वच्छ र स्वस्थ भएर बाच्न पाउने अधिकार जुन यो विधेयकले त्यसको साथै विकाससम्बन्धी असरहरू विकास निर्माण गर्दा वातावरणको अध्ययनै नगरी मैले अघि नै भनिसके सभामुख महोदय, अझै धेरै अगाडि आउनु पर्थ्यो । हाम्रो जस्तो विकासका लागि मुख ताकि रहेको जुन पछाडि परिरहेको जुन प्रदेश थियो । वातावरणीय प्रभावलाई सन्तुलन गर्नको लागि व्यवस्थित गर्न जुन विधेयक आयो । कर्णाली प्रदेश सरकारले ल्यायो यसको सम्बन्धमा अब हामीले परिच्छेद ७, ४८ दफामा व्यवस्था गरिएको जुन विधेयक छ । यो विधेयकको कार्यान्वयनको निमित्त सरकार र संसदको अथक प्रयासबाट यो विधेयक कार्यान्वयनको पक्षमा सफल हुन जरुर छ सभामुख महोदय । अन्यथा हिजो यस गरिमामय सदनले ल्याएका विधेयकहरू पास भएका विधेयकहरू यस कर्णाली प्रदेशमा कार्यान्वयनका निमित्त एकदमै ढिलो र सुस्ती हिसाबले अगाडि बढिरहेको छ । अब यो विधेयक पास भइसकेपछि यी कर्णाली प्रदेशका जनताहरूले स्वस्थ, स्वच्छ भएर बाच्न पाउने अधिकारको प्रत्याभूती गर्नको लागि सभामुख महोदय, आज सदन र सरकारको ठूलो दायित्व छ सभामुख महोदय र स्थानीय प्रारम्भिक संरक्षण भनेर उल्लेख गरिएको छ । प्रारम्भिक संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई मात्र नभईकन स्थानीय सरकारलाई पूर्ण स्वामित्वको र संरक्षण र त्यसको उपयोगको व्यवस्था र सञ्चालनको व्यवस्था यो विधेयकमा हुनुपर्छ भन्ने मलाई लाग्दछ र अन्तमा यो विधेयक पारित भइसकेपछि कर्णाली प्रदेशका जनताहरू स्वच्छ हिसाबले बाच्न पाउन र

वातावरणीय प्रभावलाई ह्रास नहुने खालको कर्णाली प्रदेशका जनताले अनुभव गर्न पाउन हवस् त धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री देवी ओली यसपछि माननीय श्री माननीय मिना सिंह रखाल तयार रहनु होला ।

**माननीय श्री देवी ओलीः-** सभामुख महोदय, पाचौं बैठकको अधिवेशनको तेस्रो बैठकमा कर्णाली प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलमा मैले सर्वप्रथम सभामुख महोदय, कुडा कर्णालीका कर्णालीको भूमीमा बसेर यो प्रदेशको वातावरण संरक्षणको लागि ऐन बनाउने विषयमा सैद्धान्तिक छलफल गरिरहेका छौं । यस प्रदेशको भूमी अत्यन्तै प्राकृतिक रूपमा सौन्दर्यतामा सजिएको छ । आज वातावरणमा आज जुन प्रदूषण देखिएको छ । कर्णाली प्रदेशको कारणले होइन यद्यपी हाम्रो देश नेपालको कारणले पनि होइन् । त्यो वातावरण प्रदूषण ठूलाठूला औद्योगिक राष्ट्रहरूबाट जुन खालको प्रदूषण भइरहेको छ । त्यसको हिसाबकिताब राष्ट्रले खोज्ला नै तर यो सन्दर्भमा जसरी वातावरण संरक्षणसम्बन्धी विधेयक आफ्नो प्रदेशको निम्ति मन्त्रालय, मन्त्रीज्यूले जुन मेहनत गरी यहाँसम्म ल्याउनु भएको छ त्यसको निम्ति विशेष धन्यवाद दिन चाहान्छु । हुन त यो हेर्दै जाँदा खेरि प्रदेश पनि डिजिटल नै हो जमाना कम्प्यूटरको छ । वातावरणको संरक्षणसम्बन्धी ऐन बनि सकेको छ । कपी गर्ने पेष्ट गर्ने पनि एक मेहनत नै हो र आज यो हाम्रो १० ओटा जिल्ला मध्ये ५ वटा जिल्लाहरू त प्राकृतिक नै छन् जस्तो लाग्छ मलाई हामीसँग हिमाली जिल्लाहरू पनि छ सभामुख महोदय, यो प्राकृतिक सौन्दर्यलाई यो प्राकृतिक वातावरणलाई जोगाउनका निम्ति कानून निर्माण गरिरहनु परेको छ भने अर्कोतिर भौतिक पूर्वाधारका ठूलाठूला सञ्चालन गर्नुपर्ने बाध्यता पनि छ । अहिलेसम्म हामीसँग २४७२ किलो मिटर मात्रै सडक छ । केही जिल्लाहरूमा सडक पुगेकै छैन । ठूलाठूला एअरपोर्ट पनि हामीले बनाउनु पर्ने नै छ। यसो गर्दाखेरि हामीले वातावरण संरक्षण भन्दा पनि वातावरण कती विगार्ने र कती संरक्षण गर्ने भन्ने कोणबाट यो विधेयकमाथी छलफल गरेर सहजतापूर्वक दुर्गम र विकासका निम्ति एउटा सडकको पहुँचमा पनि नपुगेका कर्णालीवासीको घर ढोका त्यो पहुँच पुऱ्याउनको निम्ति कसरी यो कानूनले सहजता प्रदान गर्न सक्छ ? यो विधेयकले त्यतापट्टी सोच्नु पर्छ भन्ने मलाई लागिरहेको छ । आज सभामुख महोदय, समस्या यी धेरै विकास निर्माणको जुन खालको आवश्यकता परिपूर्तीको लागि समस्याको बीचबाट हामीले ठूलाठूला औद्योगिक विकास गर्नु नै छ । यो समस्याको बीचबाट पनि कति बिर्गान सक्ने र वातावरणलाई कती जोगाउन सक्ने

भन्ने कोणबाट यो विधेयकले अलिकति सजिलो र सहज दुई ओटै कुरामा ध्यान दिएर यसलाई परिमार्जित गर्नुपर्छ भन्ने मलाई लाग्दछ । विधेयकको नाम राखेका छौं अवश्य पनि वातावरण संरक्षण भनेर तर हामीले वातावरण बिगार्नु नै छ। किन हामीले परम्परागत रूपमा रहेको जुन प्राकृतिक संरचना छ । एउटा हामीले सामान्य कुरा गर्दाखेरि मुसालाई आफ्नो घरमा केही बिगार्‍यो भने हामी मार्न खोज्छौं त्यसको पनि आफ्नो महत्त्व छ । सर्प विषालु हुन्छ त्यसलाई देखेपछि हामी मार्छौं त्यसको पनि वातावरण सन्तुलनमा धेरै ठूलो भूमिका छ तर हामीले आज यो कुरालाई कसरी सामञ्जस्यतामा ल्याउने र यो विधेयकले हेर्दा मोटो छ। प्रस्ताव गरिएका कुराहरू २० ओटा पेजहरूमा छ र यो विधेयक अथवा ऐनको मातहतमा रहेर नियमावली, कार्यविधि बनाउने कुरा पनि सँगसँगै लिएर आएको छ । नियम र विनियम, कार्यविधिहरू संघीय ऐनको मातहतमा रहेर मन्त्रालयले बनाउन सक्छ र यो कर्णाली प्रदेशको ऐन बनाउने सिलसिलामा हामीले यो वातावरणको संरक्षणको कुरा सामान्यरूपले भन्दा पनि हामीले विकास निर्माणलाई कसरी सहजता प्रदान गर्न सक्छौं भन्ने कुरालाई नै ध्यान दिएर यो बनाउनु पर्छ भन्ने लाग्छ । यो विधेयकमा कल्पना गरिएको त्यहाँ प्रस्ताव गरिएको कुरा छ । वातावरणीय अध्ययन प्रतिवेदन तयार भइसकेपछि संक्षिप्त छ भने ७ दिन, प्रारम्भिक छ भने १५ दिन वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा ३० दिनको समय भित्र फाइनल गर्ने वा टुङ्ग्याउने भन्ने कुरा यहाँ प्रस्तावित छ । यसले हाम्रो जुनखालको विकास निर्माणको अथवा भौतिक संरचना निर्माणको हुटहुटी छ यसलाई कती सम्बोधन गर्छ यसलाई पनि विशेष ध्यान दिनुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, एउटा यो प्रदूषण वातावरण प्रदूषण गर्ने यो विधेयकले वातावरण प्रदूषण गर्ने कुरामा अलिकति जरिवानाको कुरा पनि गरेको छ । जरिवानाको कुरा गर्दाखेरि निरीक्षण अधिकारी भनिएको छ । त्यो निरीक्षण अधिकारीले ठाउँमै त्यो ठाउँमा नै १५ देखि ३० हजार जरिवाना तोक्न सक्ने भनिएको छ यो के कल्पना गरिएको मलाई अनौठो लाग्यो कम्तीमा पनि संस्थागत र संरचनात्मक कुरा गर्दा खेरि त्यसको रिर्पोट अनुसार कतीसम्म हामीले कारवाही गर्न सक्छौं, सजाय गर्न सक्छौं, जरिवाना गर्न सक्छौं भन्ने कुरालाई ध्यान दिनुपर्दछ । यो वातावरणीय प्रभाव मूल्याङ्कनका निम्ति यो मूल्याङ्कन, वातावरण निरीक्षक भनेर कल्पना गरिएको छ । यसले के व्यक्तिहरूलाई अलिकति शक्ति सुम्पन खोजेको हो जस्तो मैले ठानेको छु यस्लाई त्यसरी लिनुपर्ला सभामुख महोदय, यो जरिवानाको हकमा जुन वातावरण प्रदूषण गर्ने व्यक्तिलाई मर्का पर्‍यो धने निवेदन दिने व्यवस्था गरिएको छ । निवेदनको सन्दर्भमा, पुनरावेदन गर्ने सम्बन्धमा दिन त्यहाँ समय मिति तोकिएको छ।

सुरु निवेदन गर्ने सन्दर्भमा तीनदिन भित्र गर्ने हो कि सात दिन भित्र गर्ने हो कि त्यो कुनै नबोलेको हुनाले यो अलिकति अन्यौलता जस्तो मैले देखेको छु त्यसकारणले यी केही कुराहरू कानूनमा स्पष्ट व्यवस्था गर्नुपर्छ, उल्लेख गरिनुपर्छ र विशेष गरेर अलिकति सहजता जनताको पक्षमा यहाँका कर्णाली जनताका पक्षमा सहजता प्रदान गर्ने गरी यसको दफावार कुराहरूमा हामी फेरि पनि छलफल गर्ने छौं त्यो खालको कल्पना अथवा त्यो खालको संशोधनसहित अगाडि बढ्न सकोस् भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु, धन्यवाद् ।

**माननीय सभामुखः-** अब माननीय श्री माननीय मिना सिंह रखाल त्यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय मिना सिंह रखालः-** सभामुख महोदय, पाचौं बैठकको अधिवेशनको तेस्रो बैठकमा उपस्थिति भइरहँदा कर्णाली प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयको वातावरण संरक्षण गर्न बनेको विधेयक २०७६ माथि सैद्धान्तिक छलफलमा भाग लिएको छु । सभामुख महोदय वातावरण भन्ने बित्तिकै जन्मजातै शिशुलाई पनि वातावरण चाहिन्छ र आज वातावरण संरक्षणमा हामीले भाग लिईरहँदा म अलिकति के कुरा राख्न चाहन्छु भने यो वातावरण जीवनको अति आवश्यक हो र यो वातावरण विधेयक सुरुमै आउनु पर्ने थियो जुन मन्त्रालयले असाध्यै मेहनत गरेर राम्रो बुँदामा सात परिच्छेद ४८ दफामा ल्याएका बुँदाहरू असाध्यै राम्रा र सान्दर्भिक मैले पाएको छु र हाम्रो कर्णाली प्रदेश सौन्दर्यता दिएको प्रदेश हो । हिमाल छ, पहाड छ र हाम्रा भूगोलले हामीलाई धेरै नै साथ दिएको यो कर्णाली प्रदेशमा वातावरण संरक्षण विधेयक आईरहँदा र यसमा हाम्रो संविधान २०७२ ले भाग ३ को मौलिक हकमा हक र कर्तव्यमा स्वच्छ वातावरण हक भन्ने जुन प्रत्येक नागरिकलाई जुन स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक हुनेछ भनेको छ । त्यसले पनि यो विधेयकले पनि यहाँ लेखेको हरेक शब्दले पनि स्वच्छ रहन प्रेरित गरिरहेको छ । हरेक नागरिकलाई स्वच्छ वातावरणमा बाच्ने अधिकार हुँदाहुदै पनि हामीले ती वातावरण संरक्षणसम्बन्धी नियम कानून र नियमावली नभएकै कारणले आज हाम्रो प्रदेशको राजधानीको अवस्था हेऱ्यो भने जतातत्तै धुलैधुलो, जतातत्तै फोहोरहरू, जतातत्तै प्लाष्टिकको खोस्टाहरू त्यस्तो किसिमका अहिलेसम्म पनि भोग्दै आईरहेका छौं । हामीले यो राजधानीमा यो अवस्था भोगिरहेको बेलामा आज यो विधेयकले प्रत्येक शब्दमा केही शब्दहरू यहाँ लेखेको छ र यसमा भनेको छ सुरुमा वातावरणीय संरक्षण भनेको छ । प्रदूषण गर्न नहुने भनेको छ । प्रदूषणको रोकथाम, प्लाष्टिक जन्य पदार्थको प्रयोगमा नियन्त्रण, जोखिमपूर्ण पदार्थको व्यवस्थापन प्राङ्गारिक क्षेत्रको प्रोत्साहन गर्न सक्ने,

प्रयोगशालाको स्थापना गर्न सक्ने, जलवायु परिवर्तनको अवस्थाको सार्वजनिक गर्न सक्ने, असर र जोखिमको व्यवस्थापन र वातावरण संरक्षण, विशेष व्यवस्था गरेको छ र संरक्षणसम्बन्धी आदी कुराहरू लेखेको कारणले यो अनुसार हामीले हाम्रो सरकारले यो अनुसार काम गरियो भने र काम गर्न सक्यो भने साँच्चै नै हामीले कर्णाली प्रदेशलाई स्वच्छ र स्वस्थ किसिमको एउटा वातावरणको सिर्जना गरेर हामीले यो प्रदेशमा उदाहरणीय काम गर्न सक्छौं भन्ने मलाई लागेको छ र यो वातावरणहरूको विग्रने कुरामा हाम्रो वातावरण स्वच्छ र प्रदूषणरहित रह्यो भने हाम्रा सम्पदाहरू पनि स्वच्छ र राम्रा हुन सक्छन् । जस्तै हाम्रा सम्पदाहरू ऐतिहासिक सम्पपदाहरू पनि आज भत्केका बिग्रेका र हेर्दा पनि हामीलाई त्रास लाग्दा त्यसता किसिमका सम्पदाहरूको सुरक्षा र संरक्षण गर्नुपर्दछ र हाम्रा वन जंगलहरूको पनि सुरक्षा गर्नुपर्दछ । यदि हामीले वातावरणलाई हामीले राम्रो पार्ने हो भने हाम्रा वनजंगलहरू आज बाटाघाटा खोल्ने नाममा वनजंगलहरू पनि  मासिएका छन् र वृक्षारोपण कम हुने वनजंगल बढी नासिने त्यस्तो किसिमको पनि बनजंगलहरूको संरक्षण हुन जरुरी छ । हाम्रा खोलानालाहरू, नदीनालाहरू दोहन भइरहेको छ । गिट्टीको नाममा, ढुङ्गा झिक्नेको नाममा र हाम्रो खोलानालको आकारहरू पनि बिग्रिरहेका छन् र यस्तो किसिमको यी खोलानालाहरूको संरक्षण गर्नुपर्छ र हामीले प्लाष्टिक छन् यी आजै देखि हामीले यो विधेयक आज पास होला नहोला पास हुन्छ तर आजैबाट हामीले हाम्रो मन्त्रालयको अधिकार भनेर सरकारको अधिकार भनेर सदरमुकाबाट अथवा यो राजधानीबाट प्लाष्टिकका खोस्टाहरू उठाउने काम पनि गऱ्यौं र आजैबाट हामीले हाम्रा वन जंगलहरूलाई पनि अति संरक्षण गर्ने हिसाबले अगाडि बढ्यौं र हाम्रा जतिपनी प्रदूषणहरू छन् जतिपनी हामीले प्रदूषण अहिले अनुभव गरिरहेका छौं । जस्तै गाडी घोडा, मोटरसाईकल, ट्याक्टर ट्रक, यिनीहरूले दिनानुदिन प्रदूषण बढाईरहेको तिनका आवाजले हामी बसिखान नसकेको तिनका धुवाँले नाक छोप्नु परेको त्यो अवस्था छ । त्यसलाई पनि नियन्त्रण गऱ्यौं । आज जुन यो केरे वातावरण संरक्षण जुन विधेयक आएको छ । यस्लाई म कर्णाली प्रदेशको सरकार र मन्त्रालयलाई धन्यवाद दिदै हामीले यसको लागि अगाडि बढेर आफ्नो काम लेखेर मात्र होइन काम गरेर देखाउनु पर्छ भन्ने मान्यता राख्दै कर्णाली प्रदेशको सरकारलाई धन्यवाद दिदै विदा हुन्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री यसपछि माननीय श्री ठम्मर बहादुर विष्ट तयार रहन होला ।

**माननीय कौशिल्यावती खत्रीः-** सभामुख महोदय, कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक २०७६ को सैद्धान्तिक छलफलमा आफ्नो धारणा राख्न गइरहेको छु । मानवजाति लगायत सिङ्गो प्राणी जगतलाई आवश्यक पर्ने प्राकृतिक स्रोत साधन र वातावरण संरक्षण गर्ने जस्तो महत्त्वपूर्ण विधेयक ढिलै भए पनि कर्णाली प्रदेश सरकारले ल्याएको छ र यसको लागि म सभामुखमार्फत कर्णाली प्रदेश सरकार यसको विभागीय मन्त्रालय र मन्त्रीलाई धन्यवाद दिन चाहन्छु । यस विधेयकमा जलवायु परिवर्तनका कारणले जोखिम रहेका प्राकृतिक स्रोत संरक्षण तथा वातावरण संरक्षण जैविक विविधताको विशेष क्षेत्र व्यवस्था गर्ने प्राङ्गारिक क्षेत्र घोषणा गर्न सक्ने वातावरणीय अध्ययन प्रतिवेदन वातावरणीय परिक्षण जस्ता थुप्रै महत्त्वपूर्ण कुरा ल्याउन खोजिएको छ र यो पक्ष असाध्यै राम्रो छ । र यो कार्यान्वयनको लागि पनि यस्लाई कार्यान्वयन तहमा एकदमै लाग्नु पर्ने आवश्यक देखिन्छ । जसरी कर्णाली प्रदेश सरकारले हाम्रो जस्तो जलवायु अनुकूलनमा अत्यन्तै जोखिममा रहेको प्रदेश जहाँ हिमश्रृंखला र हिमनदीहरू छन् र यसको जलवायु परिवर्तनको कारणले जहाँ हिमश्रृंखला नाङ्गो भए भने हिमनदीहरू सुक्न गए भने कर्णालीवासीहरूलाई आफुहरूले जीविकोपार्जन त के जिउन नै गाह्रो हुन्छ । त्यसैले यो विधेयक पहिले नै ल्याउन आवश्यक थियो र यसलाई ल्याएर नियमन गर्नको लागि कर्णाली प्रदेश अहिले ल्याएर छलफल गरिरहेको छ । यो कर्णाली सापेक्षतामा यो कानून बन्नुपर्छ यो विधेयक कर्णालीवासीले आफ्नो विधेयक हो भन्ने अनुभूतिसहित आफ्नो कानून कार्यान्वयन गर्न सक्नु पर्छ । व्यवस्थित बस्ती यो विधेयकमा अझै पनि यसलाई पूर्ण गर्नको लागि व्यवस्थित बस्ती व्यवस्थापन र घरबाट दैनिक निस्कने फोहोरको व्यवस्थापन गर्न लागि यसलाई प्रोत्साहन गर्ने धुलाम्मे सडकलाई कसरी छिट्टै यसलाई धुलोबाट वञ्चित गर्नको लागि कसरी यसलाई व्यवस्था गर्न सकिन्छ । यसलाई पनि नियमन गर्दिएको भए राम्रो हुन्थ्यो किनभने कर्णालीको प्रर्दशन भनेको धुलाम्मे सडक हो । यहाँ नियम सजाय गर्ने दण्डित गर्ने कुरा त राखिएको छ । हामी विकासको नाममा जहाँ पनि सडक खन्दै गइरहेका छौं ती धुलाम्मे छन् । तिनीहरूलाई बेलामा व्यवस्थित गरिदैन र ती सडकहरूले वातावरण प्रदूषण गर्दै गइरहेका छन् । कस्ता कस्ता कुरामा हामीले सजाय गर्ने कस्तो कुरामा हामीले के गर्न सकिन्छ यसलाई नियमन गरिदिएको भए अझै राम्रो हुने थियो । माननीय सभामुख महोदय, धर्तीको भविष्यको सुरक्षा र हाम्रो सन्तानको भविष्यसँग जोडिएको वातावरण संरक्षणलाई नागरिक हकसँग जोड्दा दिगो विकासका लक्ष्य अनुरूप यो हकलाई जोडेर विकासको लक्ष्यलाई अघि बढाए मात्रै विकासका लक्ष्यलाई अघि बढाउन सहयोग भैदियो भने यो विधेयक कर्णालीको

आवश्यकतामा बन्न सक्छ भन्ने मलाई लाग्छ । वातावरणलाई हामीले भावी पुस्तालाई हस्तान्तरण गर्न सके अझै राम्रो बनाएर भावी पुस्तालाई हस्तान्तरण गऱ्यौं। सकिँदैन भने भएको वातावरणलाई पनि नबिगारेर हस्तान्तरण गर्न सक्यो भने मात्रै भावी पुस्ताले हामीलाई हाम्रा अग्रज भनेर चिन्न्ने मौका पाउँछन् र हामीलाई सराप्दैनन् । जसरी मैले यसको कुरा गरिरहँदा हाम्रा पहाडको उत्तर ठाउमा पोखरीहरू बनाउने र त्यसले पानीका मूलहरू संरक्षण गर्ने कुरामा सहयोग गरिरहेका थियो । त्यसलाई पनि यहाँ यो विधेयकमा समावेश गर्नुपर्छ र मुल संरक्षणको लागि हाम्रा पुस्ताहरूले पानीको मूल नजीक बैंसका रुख लाकुरीका रुखहरू लगाउने यस्ता किसिमका बिरुवाहरू लगाउने पर्ने कुराको पनि व्यवस्था गरिदिएको भए यो विधेयक अझैं राम्रो हुने थियो भन्ने मलाई लाग्दछ । नेपाल जस्तो पुर्वीय सभ्यता सम्पन्न मुलुकको लागि वातावरण संरक्षण गर्न रुख रोप्ने कुरा भने कुनै नौलो होइन यो जताततै हाम्रो सभ्यतामा पनि वरपिपलका रुखहरू रोप्ने वातावरण चौतारो बनाउने हाम्रो सभ्यतामा पनि छ । हाम्रो संस्कारमा पनि छ । यो संस्कारलाई पनि जीवन्त राख्नको लागि हामीले सचेत बनाउनको लागि आम नागरिकलाई पनि सचेत बनाउनुपर्छ भन्ने कुरा हो । अहिले विधेयकमात्र बनाएर कानूनमा मात्र लेखेर सफल हुन सक्छ भन्ने मलाई लाग्दैन आम नागरिकलाई पनि सचेत बनाउन आवश्यक छ । अन्यमा यस विधेयकले नीतिगत प्रस्थान विन्दु पहिल्याओस् नेपालको संविधान धारा ३० ले व्यवस्था गरेको प्रत्येक नागरिक स्वच्छ र स्वस्थ वातावरणमा बाच्ने हक पैदान गरोस र कार्यान्वयनमा पनि एकदमै सफल होस यो ऐन किताबको पानामा मात्र नहोस भन्दै मेरो भनाइ टुङ्ग्याउँछु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री ठम्मर बहादुर बिष्ट ।

**माननीय ठम्मर बहादुर बिष्टः-** सभामुख महोदय, हामी यो कर्णाली प्रदेश को वातावरण संरक्षण गर्नेसम्बन्धी बनेको विधेयक, २०७६ मा हामी छलफलमा छौं । वास्तवमा यो हाम्रो सम्बन्धमा समग्र कर्णालीवासिको सन्दर्भमा किन भने हामी धेरै पछि परिसकेका छौं। हामी कर्णाली प्रदेश हामी त्यसमा पनि हामीले अब भर्खरै हामी बामे सर्दै छौं । व्यवस्थाकै सिलसिलामा कुरा गर्दाखेरि अब आज अमेरिका, जापान, युरोपियन देशहरू विकसित देशहरूले इभन चाइनासम्ममा पनि चाइनाले एउटा चाहिँ बर्षेनि साल चाहिने धेरै मान्छेहरू मारेरै जग्गाहरू कटानी हुने ठूलो एउटा एउटा डेथ सागर भनेर चाहिँ एउटा त्यस्तो एउटा नदीको रूपमा चित्रित भएको थियो अहिले उले सबै पर्यावरणीय क्षेत्र बनाएर त्यहाँ एउटा हरित एउटा क्रान्तिजस्तो एउटा उसले गरेर त्यो एउटा सबै चाहिँ तपाईको नदीलाई वारिपारि तपाईको गार्डेन बनाएर त्यलाई एउटा इरिगेसनमा प्रयोग गरेर

एउटा चमत्कार गरेको छ। अमेरिका अब आजभन्दा सय वर्ष अगाडिको उसको क्लाइमेट चेन्जमा उ लागि रहेको छ। आफ्नो नागरिकलाई कसरी स्वच्छ राख्ने भन्ने कुरामा त्यस्तै इन्डिया चाइना अन्य विकसित देशहरूले पनि त्यस्तै गर्दै आइरहेको छ भने अब हामी धेरै पछि छौं । एकातिर यो छलफल गरी राछौ अर्कोतिर लाज मर्दो स्थिति पनि छ । यो कुरा कति यहाँ समेटिन्छ। यो मन्त्रीजीलाई पनि यो अग्नि परीक्षामा होमिए जत्तिकै हो । यो अग्नि कुण्डमै हात हाले जस्तो छ यो हामी सबैलाई पनि यो छलफलबाट मात्रै हुने हो कि यो केही गरी खाने उद्योग हुन्छ भन्ने एउटा ठूलो कोइसन छ यहाँ किनभने हामी सरर हेर्यौं भने हाम्रो जग्गा जमिन दलालको हातमा छ । सबै जग्गाजमिन तपाईको नागबेली झै बाटाहरू झरेर वीरेन्द्रनगर अबको आठ दश वर्षपछि कस्तो माटो थियो भनेर हामीले यहाँको माटो नै हामीले नपाउने स्थिति छ सबै सिमेन्टेड जहाँ उर्वरा भूमि छ । त्यसकारण कहाँ हो ? वनजंगल कहाँ छ । वन्यजन्तु कहाँ पाल्ने हो ? मान्छे कहाँ बस्ने हो ? खेतीपाती कहाँ गर्ने हो ? उद्योगधन्दा कहाँ बनाउने हो ? भन्ने कुरा चाहिँसँग कुनै पनि चाहिँ नेपाल सरकारसँग ज्ञान भएन अब यो स्थितिमा माथि सरकारको तालमेल के हुन्छ ? कसरी सरकारले ल्याउँछ, क्लाइमेन्ट चेन्जको विषयहरू वातावरणीय विषयहरू र हामी कसरी गर्न सक्छौ भन्ने ठूलो एउटा चुनौतीको विषय मैले देख्छु । अब हुन त एसडिजि गोलमा सस्टेनेवल डेभलपमेन्ट गोलमा १७ ओटा बुदाँमा १३ नम्बरमा क्लाइमेट एक्सन भनेर राखिएको छ । महत्त्वपूर्ण कुरा हो यो । अर्को सँगसँगै बिश्वको यो दादागिरी भो पेरिस सम्झौता भन्ने भयो अमेरिका त्यसबाट बाहिरियो धेरै खतरनाक स्थिति छ । अब उले ठूलाठूला चाहिँ भोलि हातहतियार भन्नुस् वा अरु उद्योग भन्नुस ठूला चाहिँ उले चाहिँ त्यस्ता ग्याँस उद्योग उत्सर्जन हुने केन्द्रहरू हुन्छ । अब त्यलाई अमेरिकाले बाध्ने स्थिति छैन जहाँ जहाँ त्यले चाहिँ पेटियटहरू या चाहिँ रासायनिक सम्बन्धित मिसायलहरू उले हान्छ त्यो कुरा चाहिँ वैधानीक हुन जान्छ । यदि त्यो भयो भने हामी कसरी सुरक्षित हुन्छौं । नेपाल सरकारले गरे पनि कसरी सुरक्षित हुन्छौ । या चाइनाले गरे पनि त्यो गर्दा हामी कसरी सुरक्षित हुन्छौं । यो पनि एउटा बहुत स्टिकल कोइसन छ । त्यसले गर्दा अब यो विषय छदैं छ अब यसमा मैले मात्रै सन्दर्भ के हो ? भने यो विषय अत्यन्तै जटिल छ जस्तो यो अर्गानिक क्षेत्र बनाएर अहिले हामी फस्दै गाछौ नि अब कति सालसम्म हुने हो, यो बनाइ फासो जस्तो हामीलाई भा छ नगरि पनि भाछैन । गर्ने कसरी भन्ने पनि हामी कहि कताबाट पसेर कहाँ निस्कने भन्ने अन्धाधुन्ध छ । आफैं हराउने हो कि भन्ने खतरा छ। त्यसकारण यो मा पनि सुरुमै मैले चाहिँ एउटा सुझाव र मैले अग्रिम

शुभकामना दिन चाहन्छु मन्त्री जी कमसेकम यो घेराबाट उम्किन चाहिँ सफल हुनुहुने छ अनि मात्रै हामी सबै कर्णाली हाम्रो पनि अलि अलि तपाईको केही फेस सेभिङ्ग होला । अब यसमा अलिकति यसको स्प्रिट हेर्दा यसको एउटा स्थानीय तहलाई जो एउटा यो के बुँदा लेखिएको छ भने एउटा कुनै बुँदाको परीक्षण सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वन क्षेत्र भएमा मन्त्रालयमा चाहिँ कोअडिनेसन गर्नपर्ने भन्ने छनि त्यस्तो गर्नु हुदैन किनभने यो जटिल विषय हो सबै विषयमा तपाईको स्थानीय तहले मन्त्रालयसँग लया प्रदेशसँग कोअडिनेसन गर्नपर्छ । जस्तो मानौ स्थानीय तहमा उले वातावरणसँग सम्बन्धित कुराहरू उले आफ्नो ढंगले बनाइदियो भने त्यो त हामीले त त्यलाई त कुनै पनि गर्न सक्दैनौ एक अर्को चाहिँ बुँदामा के छैन भने कमसेकम संघको चाहिँ तपाईको जहाँ वातावरण संरक्षणसम्बन्धी या वातावरणीय चाहिँ तपाईको पर्यावरणसम्बन्धी जहाँ संघले काम गरिराख्या छ त्यस्तो ठाउँमा प्रदेशको अथवा बाझिएमा प्रदेश ले त्यहाँ तपाईको स्वतः हामी माइनस हुने अथवा संघको नैं लागु हुने स्प्रिट छ । कहाँ के स्प्रिट छैन भने अथवा स्थानीय तहलाई दिदा पनि प्रदेश ले गरेको कुरा बाझिएमा स्थानीय तहको चाहिँ तपाईको लागु नहुने भन्ने कुरा देखिएको छ। त्यो कुरा बनाउनु पर्छ । नभए त्यहाँ स्थानीय तह हावी हुन्छ सबै ७९ ओटा पालिका उनैले लिइहालेपछि हामी खुट्टो कहाँ हाल्नी त्यो कही न कही ठाउँ त राख्न पऱ्यो नि आफैं बुझिने गरेर चाहिँ तपाईको यो समृद्धि त हुदैन । त्यो भएर यो कुरामा अलिकति यहाँ यो सच्युनु पर्छ जस्तो लाग्छ । अब अर्को कुरा यो प्राचिन स्मारकसम्बन्धी मूर्तिसम्बन्धी अथवा कुनै तपाईको ठूलठूला जिल्लाका जो संरचना थिए त्यस्तो कुराहरू बनाउदाखेरि खासै स्वीकृति नदिने नगर्ने भन्ने छ नि यो एकदम कपि पेस्टमा आएको छ । हाम्रो सम्बन्धमा यो लागु हुदैन हामीत एउटा ड्रास्टिकल चेन्ज गर्दै छौ नि कर्णाली प्रदेशलाई त हामी त स्विजरल्याण्ड अथवा सात प्रदेशमा मध्येमा पनि कर्णाली मा नै जाउ भनेर कुइरेलाई काले कुइरेलाई यहीं भित्र्याउने हाम्रो चाहिँ उद्देश्य छ भने सबै चाहिँ तपाईको माथि मंगोलियनदेखि आर्यन सारा सबैलाई चाहिँ बिश्वका २०० सय राष्ट्रका मान्छे खन्याउने हाम्रो लक्ष्य छ भने यलाई त हामीले त्यही अनुसारको विकास गर्न पर्छ । त्यसकारण यसमा के हो भने जस्तो मानौ एउटा चाहिँ वीरेन्द्र चोक मा अहिले एउटा मूर्ति छ । त्यो मूर्तिलाई के गर्ने भनेर फेरि लिन पऱ्यो नि त्यहाँ त तपाईको फेरि सिफारिस लिन परेन फेरि अनुमति लिनु परेन अहिलेको स्थितिमा के आवश्यक छ । त्यहाँबाट रेल पो जादै छ कि त्यहाँ बाट पानी जहाज पो जादै छ कि बस्ती पो उठ्दै छ कि स्वीकृति त लिनु पऱ्यो नि त्यसकारण यो के भने यो एकदमै कपि पेस्टमा आएको छ

। यो एकदमै कन्टयाटिज्म हुन्छ जस्तो लाग्छ। अर्को कुरा यो स्प्रिट मात्रै हो जस्तो लाग्छ । अर्को एउटा के छ भने यसमा मैले एकदम सिरियसली के राख्छु भने तहगतरूपमा एउटा कार्यक्रम तय गरौं जस्तो जंगल कहाँ बनाउने उद्योग कहाँ बनाउने ? औधोगिक क्षेत्रहरू अरु कहाँ बनाउने । खेतियोग्य जमिन कहाँ बनाउने ? अब अहिले चाहिँ हामीले एउटा बन्यजन्तु आरक्ष भन्या छौं त्यो कहाँ बनाउने हामीले त्यही ठीक छ कि छैन ? ती सबै कुरा त हामीले त एक चोटि पुरै चाहिँ तपाईको त्यलाई एउटा रिस्टक्चरिङ्ग मा हामीले लैजान पर्‍यो त्यसको हामीसँग ल डाटा नै छैन मन्त्रालयसँग यत्तीकै बनाएकै भरमा त्यो लागु हुदैन पहिला त गर्ने हो । अब उद्योग धन्दा कहाँ गर्ने हो ठूलठूला उद्योग धन्दा कहाँकहाँ बनाउने हो । भोलि चाहिँ हामीले ठूलाठूला राजमार्गहरू अरु चाहिँ तपाईको ठाडा तेस्रा भटिकल होरिजेन्टल चाहिँ तपाईको चाहिँ कहाँ कहाँ बनाउने हो त्यो कुराको हामीलाई चाहियो ? यो अध्ययन यसमा छैन ? कत्ति पनि छैन यसमा यो कुरा आउनु पर्छ मरो विचारमा

**माननीय सभामुखः-** अब सकौ माननीय सदस्य,

सिद्धिन लाग्यो माननीयज्यू, ल त्यसको लागि अब मैले यी कुराहरू राख्दै अत्यन्तै यो सान्दर्भिक छ यलाई अलिकति यो छलफल गरेर अल्ली बस्तुनिष्ठ भएर आयो भने यले उद्देश्य चुम्ने छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री शोसिला शाही ।

**माननीय शोसिला शाहीः-** सभामुख महोदय आज कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि छलफलमा सहभागी हुदै भएका छौ । वातावरण सम्पूर्ण प्राणीहरूको घर हो । वातावरणमा नै प्राणीको अस्तित्व अडिएको हुन्छ । वातावरण को श्रीजना यस पृथ्वीमा भएको जीवजगत र प्राकृतिक सम्पदाहरूको सहयोगबाट हुने भए पनि यसको संरक्षणमा मानव जातिको महत्त्वपूर्ण भूमिका हुन्छ भने वातावरण स्वच्छ राख्नु हामी सबैको कर्तव्य पनि हो साथै सम्पूर्ण समुदायको विकासको प्रक्रियामा वातावरणीय परिस्थितिको मुख्य भूमिका हुन्छ । आजका प्रत्येक देशमा यही तवरले विनाश दिन प्रतिदिन बढिरहेको छ यसको मुख्य कारण जनसंख्याको कारण रहेको र अस्तव्यस्त सहरीकरण विभिन्न निर्माण बढ्दो मात्रामा यातायातका साधनहरूको प्रयोग, विभिन्न रासायनिक मलको प्रयोग नै हो ।

वातावरण रहे मात्र हामी बाच्न सक्छौं भन्ने कुरालाई ध्यान नदिई थोरै समय नाश हुन सक्ने गम्भीर परिवेशहरू हाम्रा अगाडि बिध्यमान छन । अब, हामीले विधेयक बनाएर मात्रै पुग्दैन यसलाई कार्यान्वयन गर्न वातावरणीय शिक्षाको व्यापक प्रचार प्रसार गरी

जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ । यसै गरी विधेय भित्र केही सुझावहरू भन्नु पर्दा परिच्छेद-२ को उपदफा २, दफा २ उपदफा २ को (घ)मा वन क्षेत्र प्रयोग गर्नु पर्ने प्रस्ताव स्वीकृत गर्नुअघि सम्बन्धित स्थानीय तहले मन्त्रालयको स्वीकृत लिनुपर्ने भनेको हुँदा सरकारले नै सामुदायिक वनलाई समुदायमा हस्तान्तरण गरिसकेकोले उक्त वन क्षेत्रको स्वीकृत लिन सामुदायिक वन समितिका उपभोक्ता समितिहरूको पनि स्वीकृत लिनुपर्छ किनभने किनकि  मन्त्रालयको मात्रै स्वीकृत लिँदा सम्बन्धित समुदायका उपभोक्ताका अधिकारको हनन हुन जान्छ । त्यही भएर यो बुँदा थप्न सुझाव रहेको छ । यसै गरी बुँदा नम्बर ३१ को दफा ३ मा रोक लगाएको नदीमा नदीजन्य पदार्थ बिक्री वितरणमा गर्न कसैले ठेक्का लगाएमा ठेक्का रद्द हुने भनिएको हुदा त्यसलाई ठेक्का रद्द मात्रै होइन प्रचलित कानूनअनुसार कारवाहीको भागीदार समेत गरिने छ भन्ने शब्द राख्न मेरो सुझाव रहेको छ । यसै गरी दफा २ को (ढ) मा वातावरण प्रभाव मूल्याङ्कन गर्ने भनिएको छ । भनिएको त छ तर अहिले गाउँ गाउँमा सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक, वातावरण क्षेत्रको प्रभाव पर्ने वा नपर्ने कुराले ख्यालै नगरी जथाभावी डोजर लगाएर डोजर आतंक भइरहेको छ अहिले हामी विधेयक बनाई रहेका छौं भन्ने यहाँभन्दा पहिला कुनै ऐन, नियम नबनाइएको भएको हो त। पक्कै होइन किन भने यसको प्रमुख कारण हो कार्यान्वयन नगरी कागजको खेती मात्रै गऱ्यौं । हामी कसैले कार्यान्वयनको पाटोलाई हेरेका छैनौं । खालि समय बर्बाद गरेर भत्ता पचाउने काम मात्रै भइरहेको छ । यो विधेयक छलफल गर्नु पास गर्नु राम्रो हाम्रो कुनै उपलब्धि होइन आजसम्म पास भएका विधेयक कति हदसम्म कार्यान्वयन भए भएनन् हामीले कहिल्यै समीक्षा गरेका छैनौं । त्यही भएर हामी सबैले सम्पूर्ण ऐन नियम कानून मेरो र तेरो नभनी कार्यान्वयनतर्फ लैजाउ भन्ने मात्रै समृद्ध कर्णालीको झल्को दिन्छ कि जस्तो लाग्छ, धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका उद्योग, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढालाई कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले कर्णाली प्रदेशको कर्णाली प्रदेशको वातावरण संरक्षणसम्बन्धी जुन विधेयक आज सैद्धान्तिक छलफल भैरहेको छ र यसमा माननीयज्यूहरूले धेरै कुराहरू राखि सक्नु भएको छ र

जुन एउटा विधेयकको महत्त्वको बारेमा अधिकांश माननीयहरूले एकदमै सकारात्मक र कुराहरू राख्नु भएको छ । यसमा यो विधेयक आज धेरै ढिला भयो भन्ने कुरा पनि उठिरहेको छ । यो सन्दर्भमा नेपालको संविधानले संघीय कानून नबनेसम्म प्रदेशले कानून बनाएपछि अन्तिममा त्यो बाझिने र त्यो प्रदेशको कानून अमान्य हुने व्यवस्था रहेको कारणले गर्दा हामीले डेढ वर्ष अगाडि वातावरणसम्बन्धी जुन सैद्धान्तिक स्वीकृति जुन हामीले लिइसकेका थियौं । यसमा हामीले मन्त्रालयले धेरै पटक छलफल गरेर यो हामीले विधायन समितिमा पनि हामीले छलफल गऱ्यौं हामीले यसलाई अहिले संघीय सरकारको जुन वातावरण ऐन बनिरहेको छ र त्यो ऐनसँग नबाझिने र संविधानले प्रदेशको अधिकार क्षेत्रलाई हामीले समेट्ने हिसाबले जुन यो विधेयक ढिला भैरहेको छ । यो ढिलो भए पनि अति महत्त्वपूर्ण विधेयक छ र अहिले हामीले हाम्रो जस्तो कर्णाली प्रदेश हामी भौतिक पूर्वाधारदेखि विभिन्न विकासको क्रममा हामी पछि परेका छौं र हाम्रो प्राकृतिक स्रोत साधनले कर्णाली प्रदेश यति महत्त्वपूर्ण छ र हामीले दुइटै कुरालाई कसरी अगाडि बढाउने हो भन्ने कुरामा यो तपाईको कर्णाली प्रदेश सरकार हाम्रो मन्त्रालय वातावरण संरक्षणसम्बन्धी बनको ऐन छ र यो ऐनले अवश्य पनि विकास निर्माणमा पनि यसले सहज ल्याउने छ र अर्को कुरा तपाईको प्रदूषण विभिन्न तपाईको जलवायु परिवर्तन लगायतको कुराहरूको तपाईको अगाडि बढाउन यो विधेयक अति महत्त्वपूर्ण छ र यो विधेयक अति महत्त्वपूर्ण भएको कारणले गर्दा अहिले तपाईको यो संसदमा यो गरिमामय संसदमा यो छलफलको विषय बनिरहेको छ र यसमा मुख्य गरेर अहिले जुन सरकारले भौतिक पूर्वाधारहरूमा अहिले एकदमै बजेट खर्चमा कम प्रतिशत खर्च भैरहेको कुरा उठिरहेको छ र अहिले जुन तपाईको संघीय यो तपाईको संविधानमा र तपाईको आएर अहिले जुन संघीय ऐनमा प्रदेशको वातावरण ऐनमा तपाईको व्यवस्था भएअनुसार तपाईको हुनेछ भन्ने भैसकेपछि तपाईको अहिले विभिन्न तपाईको भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरेर अहिले सडक जस्तै भौतिक मन्त्रालयका सडकहरू र हाम्रै मन्त्रालयका पनि विभिन्न तपाईको पर्यटन सडकहरू आज कार्यान्वयन प्रक्रियामा छैन । यसमा म मुख्य गरेर तपाईको अख्तियारको ६१ बुदाँमा तपाईको कुनै पनि भौतिक पूर्वाधार गर्दा तपाईको वातावरण पर्यटन र तपाईको वातावरण प्रभाव मूल्याङ्कन नभएर कुनै पनि भौतिक निर्माण गर्न नपाइने निर्देशन भएको कारणले गर्दा आज तपाईको हाम्रा तल जुन प्रदेश सरकारका विभिन्न योजनाहरू आज कार्यान्वयन भएको छैन । त्यसकारण हामीले यलाई छिटो भन्दा छिटो यो ऐन पास गर्न सक्यौं

र यो ऐन भित्र रहेर हामीले विभिन्न हाम्रो यो ऐनका नियमावलीहरू हामीले व्यवस्था गर्न हामीले सक्यौ भने अवस्य पनि यो कर्णाली प्रदेश मा तपाईको भौतिक पूर्वाधारको हकमा पनि यसले ठूलो भूमिका हुन सक्छ र अर्को कुरा जुन अहिले यसमा विभिन्न कुराहरू आइरहेको छ । आज पलास्टिकजन्य वस्तुहरू विभिन्न तपाईको ढुवानीलगायतका विभिन्न तपाईको जलवायु परिवर्तन बाढी पहिरो तपाईको विभिन्न कुराहरू तपाईको छ यसले यो ऐनले अवश्य पनि यसलाई व्यवस्थापन गर्ने छ र अहिलेको जुन तपाईको यो ऐनले व्यवस्था गरेअनुसार तपाईको संक्षिप्त वातावरण परिचय भनेर तपाईको अध्ययन गर्ने कुरा गरेको छ । यो तपाईको मुख्य गरेर तपाईको जिल्लागत रूपमै तपाईको त्यहाँ एउटा तपाईको अध्ययन गर्ने र त्यो अध्ययन गरेर मन्त्रालय अथवा हाम्रो वन तथा वातावरण निर्देशनालयबाट स्वीकृत गर्ने व्यहोरा हामीले व्यवस्था हामीले गरेका छौं भने अर्को वाताबरण परीक्षणको हकमा यो तपाईको स्थानीय तहको यदि योजना हो भने स्थानीय तहले यलाई गर्ने र प्रदेश सरकार योजनाबाट हामीले प्रदेश मन्त्रालय हामीले तपाईको विभागलाई तपाईको जुन हाम्रो वन तथा वातावरण निर्देशनालयले हामीले त्यसलाई स्वीकृति गर्ने र अर्को तपाईको वातावरण प्रभाव मूल्याङ्कनको हकमा संघको योजना छनौट संघले गर्ने र प्रदेशको योजना छनौट प्रदेश सरकारको हाम्रो मन्त्रालयले स्वीकृत गर्ने र तपाईको स्थानीय तहको छ भने त्यले तपाईको प्रदेश सरकार जुन हाम्रो मन्त्रालयले स्वीकृति लिने गरेर जुन हामीले बनाएका छौं । अहिले मुख्य गरेर हाम्रो तपाईको धेरै कुराहरू यहाँ माननीयज्यूले उठाइ रहेको कुराहरूलाई एकदमै महत्त्वपूर्ण छ र यो विधेयक पनि अति महत्त्वपूर्ण छ त्यसकारणले हामीले एउटा तपाईको मन्त्रालयको तर्फबाट जुन खालको हामीले प्रस्ताव तपाईको यो विधेयकको रूपमा हामीले तपाईको टेबुल गरेका छौं। यो टेबुल गरिरहेको कुराहरूमा केही कुराहरू तपाईको छुटेको छ भने नि यसले तपाईको कसरी यो विधेयकले भोलि पछिसम्म दीर्घकालीन रूपसम्म पनि यो प्रदेशको प्राकृतिक स्रोत साधन र यो तपाईको जलवायु परिवर्तन लगायत विभिन्न सेक्टर र तपाईको यसमा आएर मुख्य र तपाईको अहिले विभिन्न तपाईको भौतिक पूर्वाधारको कुरा ठूलठूला औद्योगिक क्षेत्रहरूको कुरा यलाई कसरी व्यवस्थित गर्न सकिन्छ । भन्ने कुरा हामीले समेटेर जान सक्यौं भने अवस्य पनि यो विधेयकले तपाईको यले एउटा कर्णाली प्रदेशको जुन यो विधेयक महत्त्वपूर्ण हुने छ भन्ने कुरा यहाँहरूलाई जानकारी गराउँछु र यहाँ अधिकांस माननीय ज्यूहरूले एकदमै सकारात्मकताका साथ यो विधेयकको बारेमा प्रस्तुत गर्नु भएको छ । र

यसै सन्दर्भमा केही कुराहरू जुन माननीयज्यूले यो अधिकार प्रत्यायोजनको कुराहरू बढि उठाइरहनु भयो र अधिकार प्रत्यायोजन भनेको तपाईको हाम्रै मातहतको मन्त्रालयले तपाईको निर्देशनालय तर जिल्लाको कार्यालयहरू म तपाईको अधिकार प्रत्यायोजन गर्ने सबै कुराहरू सबै मन्त्रालयमा हुदाखेरि जनता र तपाईको सेवाग्राहि लाई अप्ठ्योरो पर्न सक्छ भन्ने उद्देश्यका साथ तपाईको त्यो गरेको छ र अर्को कुरा यो निरीक्षण जुन वातावरण प्रदुषणको कुरा त्यो पनि तपाईको त्यो कुनै एउटा व्यक्ति होइन। एउटा संस्थाले एउटा सिर्जना गरेको एउटा संरचना हो र त्यो संरचना भित्र तपाईको त्यो वातावरण निरीक्षण त्यो हुने हो र त्यसले नै यो भित्र अहिले गएर छ र मुख्य कुरामा केही जरिवानाहरू यो वातावरण निरीक्षणले तत्काल तपाईको त्यो ठाउँमा जादा खेरि केहि कुराहरू तपाईको विवरण दिएन भने तत्काल वातावरण निर्देशनालयले उलाई तपाईको जरिवाना गर्न सक्ने छ र अन्य तपाईको उसमा यो होइन यसै अरु कुराहरूमा म माननीयज्यूहरूको कुराहरू आइरहेको छ र यसमा मुख्य गरेर जरिवानाका कुराहरू मा अब अहिले संघीय तपाईको वातावरण ऐन त स्वीकृति भैसक्याछ र अहिले वातावरण यो नियमावली पनि संघले तयार पारेको छ र त्यसमा तपाईको यसको तपाईको एउटा तपाईको कुन तपाईको क्राइटेरिया अथवा तपाईको सीमा निर्धारण तपाईको संघीय तपाईको वातावरण ऐनले व्यवस्था गर्नेछ र त्यही अनुसारको प्रदेशले पनि हाली भोलि यो नियमावलीहरू सबै कुराहरू अब ऐनमा राख्दाखेरि तपाईको यो ऐनको पनि त्यति महत्त्वपूर्ण नहुन सक्छ । त्यसकारण यो ऐनमा मुख्य कुरा व्यवस्था राखिसकेपछि त्यसपछि तत्कालै मन्त्रालयले तपाईको नियमावलीको लागि पनि हामीले तपाईको आन्तरिकरूपमा तपाईको एक्साइज गरेका छौं । त्यो नियमावली भित्र व्यवस्था गरेर हामीले अगाडि बढाउन सक्छौ । त्यो भित्र केही छुटेका कुराहरू हामीले नियमावली भित्र दण्ड, जरिवाना कतिसम्म दिने त्यो कुराहरू पनि तपाईको नियमावली भित्र समावेश हुनेछ । र अर्को कुरा तपाईको अब यो तपाईको क्षेत्रहरू औद्योगिक क्षेत्रहरूको कुराहरूमा तपाईको अब सडकहरूको कुराहरूमा हाम्रो यो वातावरण ऐन मात्रै यस्तो नभएर तपाईको अरु तपाईको ऐनहरू बाझिने हुन सक्छ र अहिले धेरै जसो कुराहरूमा यो विस्थापनको कुरा तपाईको पानीको स्रोतको कुरा मुहानको कुराहरू यो पनि अहिले हाम्रै मन्त्रालय अन्तर्गतको वन ऐन, यो तपाईको यी कुराहरू धेरै कुराहरू मिल्न सक्छ । त्यसकारण अहिले पनि यो वन ऐनलाई पनि हामीले तपाईको यो तपाईको प्रदेश सभामा हामीले तपाईको पेश गरेका छौ । वन ऐन र वातावरण ऐन दुइटैलाई

तपाईको अगाडि बढाउन सकियो भने अवश्य पनि यो तपाईको जल परिवर्तनीय विभिन्न तपाईको प्राकृतिक स्रोतहरूको संरक्षण र त्यसको व्यवस्थापनको कुराहरूमा हामी अगाडि जानलाई यो दुईटा ऐन अति महत्त्वपूर्ण छ र यसकारणले पनि अहिले हामीले अझ बढि अहिले ल्याएर धेरै क्षेत्रहरूमा भौतिक पूर्वाधारको कुराहरूमा विभिन्न सडकदेखि लिएर विभिन्न भौतिक क्षेत्रहरूमा कुराहरू उठिरहेको छ । यसलाई समाधान गर्नको लागि नै अहिले हामीले यो वातावरण तपाईको संरक्षणसम्बन्धी ऐन तपाईको विधेयक यो प्रदेश सभामा टेबुल गरेका छौं र यो तपाईको माननीयज्यूले उठाएको कुराहरूमा यो कुराहरू अझ पनि व्यापकरूपमा यो प्रदेश सभामा छलफल भएर यो जुन एउटा राम्रो तपाईको विधेयक तपाईको छलफल गरेर हामीले एउटा ठूलो एउटा राम्रो ऐनको रूपमा व्यवस्था गर्न सक्यौं यो ऐन बनाउन सक्यौं भने यसले भोलि हामी तपाईको यो कर्णाली प्रदेशको सम्पूर्ण क्षेत्रमा भौतिक विकासको कुराहरूमा यसको संरक्षणको कुरा होलान र यसको दीर्घकालीन तपाईको व्यवस्थापनको कुरामा पनि यले ठूलो एउटा तपाईको यो ऐनले तपाईको मत रहन सक्छ । त्यसका लागि अझ पनि यो तपाईको छलफल अझ पनि तपाईको यसमा छलफल होस र यो भित्र अझ बुँदागतरूपमा पनि छलफल भएर यो ऐनहरू तपाईको राम्रो तपाईको यो ऐनको रूपमा पारित होस् र यसमा छलफल अझ पनि तपाईको गरियोस् भन्ने कुरा माननीय सभामुख महोदय, मार्फत यो प्रदेश सभा माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु र यस जुन विधेयकमा आज धेरै माननीयज्यूहरूले राम्रो कुराहरू राख्नु भएको छ । यसलाई पनि तपाईको हाम्रो मन्त्रालयको तर्फबाट र मैले यलाई सहर्ष स्वीकार गर्दै यो तपाईको वातावरण संरक्षण सम्बन्धीको ऐन तपाईको अझ तपाईको यसमा बुदाँगतरूपमा छलफल गरियोस् भन्ने भनाइ राख्दै म यहाँ विदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढा ले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१५ व्यवस्थापन कार्यविधिको नियम १०९ को उपनियम (१) अनुसार कर्णाली प्रदेशको वातावरण संरक्षण गर्न बनेको विधेयक, २०७६ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समय सीमा प्रारम्भ भएको व्यहोरा जानकारी

गराउँछु । माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय श्री नरेश भण्डारीलाई प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री माननीय श्री नरेश भण्डारिः-** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा १५१ (६) मा राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्वयको मान्यतालाई, माननीय सभामुखज्यू, नेपालको संविधानको धारा २४४ ले प्रदेश लोकसेवा आयोगसम्बन्धी व्यवस्था गरेअनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा प्रदेश संगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपयुक्त उमेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई सार्वजनिक तथा सक्षम भरपर्दो र सेवामुखी बनाउन वाञ्छनीय भएकोले प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक प्रदेशसभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक २०७६ साल फागुन १९ गते सोमवार दिनको तीन बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन १९ गते

सोमवार

(बैठक संख्या- ४)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको पाचौं अधिवेशनको चौथो बैठकको कारवाही सुरु हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायको ध्यानाकर्षण गराउने पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री सीता कुमारी नेपाली ।

**माननीय सीता कुमारी नेपालीः-** माननीय सभामुख महोदय, देश संघीय संरचनामा गएको छ। संघीय संरचनामा देश जाँदै गर्दा केन्द्रका अधिकार विकेन्द्रीकृत भएको छ । सात प्रदेश बनेको छ । प्रदेश राजाधानी तोकिएको छ । प्रदेश राजधानीमा जनसंख्या बढ्दो छ। हिजो मात्रै सुर्खेत जिल्लाको रत्नराजमार्ग अन्तर्गत दैलेख रोड नजिकै भे१त ८१७६ नम्बरको ट्याक्टर र भे३प ७४२ नम्बरको मोटरसाइकल ठोकिएर दुर्घटना भएको छ । दुर्घटना दुई जनाको मृत्यु भएको छ । विनपा १० निवासी ३३ बर्षिय याम बहादुर विक र २५ वर्षिय खगेन्द्रबहादुर विकको मृत्यु भएको छ भने विनपा ८ निवासी कुलबहादुर रामजाली घाइते भएको अवस्था छछ । तीनै जनालाई उपचारका लागि प्रदेश अस्पतालमा लिइएको थियो । दुई जनाको मृत्यु भयो भने एक जनाको नेपालगंजमा उपचार भइरहेको छ । सवारी साधानको बढ्दो चाप छ । सडक स्तरोन्नतिको काम पनि भइरहेको छ । थुप्रै दुर्घटना भइरहेका छन् । यस विषयमा धेरै माननीयहरूले आवाज उठाइराख्नु पनि भएको छ । म सभामुख मोहदयमार्फत् भन्न चाहन्छु कि प्रदेश सरकारले पनि दुर्घटना न्यूनीकरणमा प्रभावकारी भूमिका खेल्न सकेको छ । साथै सवारी साधान चलाउँदा अत्यधिक मदिरा सेवन गर्ने र पूराना सवारी चलाउँदा पनि दुर्घटना बढेको छ । यसले गर्दा धेरै धनजनको क्षती भइरहेको छ । हिजोको दुर्घटनाको कुरा गर्दाखेरि त्यो रत्नराजमार्गमा हरित सहर बनाउनका लागि जुन सडकको बीचमा बोटबिरुवा लगाइएको छ र त्यो बोट बिरुवा संरक्षण गर्न जाली पनि लगाइएको छ । ६, ७ फिटको त्यो माथिसम्म जालीले गर्दा सवारी देखिदैनन् र दुर्घटना हुने गरेको छ । एरिचोक होस् वा पिपिरा चोकमा पनि घटनाहरू भए । त्यसैले त्यो जाली हटाइनुपर्दछ । माननीय सभामुख माफृत म सरकारसँग के अनुरोध गर्न चाहन्छु भने जसरी प्रदेश सरकारले विगतका

दुर्घटनामा जसरी क्षतिपूर्ति दिने गरेको छ । त्यसै गरी क्षतिपूर्ति दिन माग गर्दछु भने घाइतेको उपचारको लागि पनि माग गर्दछु । जो पीडित हुन् तिनीहरूले आक्रोश र पीडामा आन्दोलन गरेका थिए । तिनिहरूलाई गिरसार गरिएको छ। तिनीहरूलाई विनासर्त रिहाइको माग गर्दछु । जो मृतकका छोराछोरी छन् उनीहरूलाई प्रदेश सरकारले शिक्षा, स्वास्थ्यको व्यवस्था गरोस् भन्ने कुरा म राख्न चाहन्छु । अन्तमा माननीय सभामुखज्यूमार्फत कर्णाली सरकारलाई सरकारको अनुभव हुने गरी र मृतकहरूमा विभेद नहुने गरी राहतको व्यवस्था गर्न माग गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री हिमबहादुर शाही ।

**माननीय हिमबहादुर शाहीः-** माननीय श्री सभामुख महोदय, दुखको कुरा छ । विशेष समय हो । शून्य समय हो । सैद्धान्तिक छलफल होस् । पशुपति बोल्दैन सरकारले सुनिदैन। म कर्णाली सरकारसँग प्रश्न गर्न चाहन्छु । आज विश्वको अगाडि कोरोना भाइरसको संक्रमणले घेरि सकेको छ । यस सम्बन्धमा नेपालको स्वास्थ्य संस्थाहरूले साबुन पानीले हात धुने, हात नमिलाउने, मुख छोप्ने, ठूलो भोजभतेर नगर्ने मात्र भनेको कस्तो ठूलो भोजभतेर हो त्यसबारेमा म अनभिज्ञ नै छु, नगर्ने मात्र भन्छ । के हो यस्तो ? साबुन पानीले हात धुने, हात नमिलाउने यति मात्रै भएपछि यो रोग पराजय हुन्छ ? यो रोग मानव जीवनको संक्रामक शत्रु, अवश्य पनि यसको निराकरण हुन्छ । मलाई जहाँसम्म लाग्छ यो हुन सक्दैन । त्यसैले कर्णाली सरकारले एअरपोर्ट अथवा मुख्य नाकामा यो रोग निराकरण गर्न कस्तो व्यवस्था गरेको छ । कर्णालीवासीलाई स्पष्ट जानकारी गराउन अनुरोध गर्दछु । अर्को कुरा सरकारको बारेमा जे जति कुरा गरेपनि सरकारले जे जति कुरा लुकाउन खोजेपनि सबैलाई थाहाँ भइसकेको छ । लुकाएर अब लुक्ने अवस्था छैन। आज प्रदेश सभाका सदस्यहरू हुन् अथवा सरकारमा बसेका माननीय मन्त्रीहरू होलान् तर सबैले जनताको माझमा प्रतिबद्धता जनाएर, प्रतिबद्धता दिएर आज संसदमा उपस्थित भएका छौं तर जनताको माझमा दिएका ती प्रतिबद्धता आज कहाँ छन् ? के छन् । यसपट्टि कुनै पनि सरकारको ध्यान छैन । म स्पष्ट साथ भन्न चाहन्छु, सरकारको वार्षिक कार्यक्रममा अर्गानिक प्रदेश भनेर बबई र कपुरकोटमा प्रयोगशाला स्थापना गर्ने भनेर योजना राखिएको थियो । वीरेन्द्रनगरमा सुरक्षा साइरन जडान गर्ने, दशै जिल्लामा सिसि क्यामेरा राख्ने, सुरक्षालाई स्वच्छ र पारदर्शी बनाउने भन्ने कार्यक्रम आएको थियो । यी कार्यक्रम कहाँ छन् आज ? यी कार्यक्रमहरू कहाँ गएका छन् आज ? मुख्यमन्त्रीज्यूको कार्यक्रममा एकीकृत बस्ती विकासका लागि भनेर २५ करोड ५० लाख विनियोजन भएको थियो । आज यो कार्यक्रम कहाँ छ ? कुन ठाउँमा छ ? बबईको तालमा छ कि ? कर्णाली नदीको भित्र छ कि ? कि बुलबुले तालभित्र लुकाइ राखिएको छ ? कहाँ छ त्यो । आज स्पष्ट रूपमा प्रदेश सरकारले प्रदेश सभालाई विश्वसनीयता दिनसक्नु पर्दछ । यस कारण म अवश्य पनि प्रदेश सरकारसँग प्रश्न गर्न चाहन्छु । प्रदेश सरका सिंगो आफ्ना र आफ्नासँग मिल्दोजुल्दोलाई दान दक्षिणा दिएर अथवा कथा सुनाएर

कर्णाली प्रदेशको विकास गर्न अग्रसर भएको हो । म पर्यटन मनत्रालयको एउटा स्पष्ट खाका देखाउन चाहन्छु । पर्यटन मन्त्रालयले दान र दक्षिणाको भरमा उद्योग विकासका लागि कालिकोटमा १ करोड ८१ लाख ८३ हजार ३ सय २१ रुपैया, दैलेखमा २४ लाख ५ सय ८५ रुपैया, जुम्लामा ७१ लाख २१ हजार ७ सय ७५ रुपैंया, जाजरकोटमा २६ लाख २७ हजार ३ सय १ र ८२ लाख ९७ हजार अर्को गरेर उद्योग धन्दामा दक्षता दिएको छ । डोल्पा र रोल्पामा दिएको रकमको अंकगणितमा हिसाब छैन । आवश्यक परे भनुला तर यी उद्योगबाट आज हामीहरू कति अघि बढेका छौं त ? कति विकास भएको छ त ? सभामुख महोदय, यस विषयमा छानविन गर्न अनुगमन समिति बनाएर अघि जानु छ्र्छ भन्ने चाहन्छ । समय छोटो छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री अम्मरबहादुर थापा ।

**माननीय अम्मरबहादुर थापाः-** माननीय सभामुख महोदय, अहिले विश्वमा कोरोना भाइरसले सताइरहेको छ र त्यसमा अँझै हामी चीनका छिमेकी देशका नागरिकहरूको सुरुवात चीनबाट भएको छ । त्यसैले अब सरकारले कोरोना भाइरस रोक्नका लागि के योजना बनाएको छ । यस विषयमा संसदमा जानकारी गराउनुपर्दछ र म संसदमा सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु अहिले हामी होसियार भएनौं र कर्णालीमा कोरोना प्रवेश गर्‍यो भने हामीले त्यसको सुरक्षा गर्न सक्दछौं कि सक्दैनौं त्यसैले पहिल्यै होसियारी गरेर सरकार अघि बढोस् भन्न चाहन्छु र साथ साथै उद्योगको कुरा आयो यसमा हामी समितिले पनि हेरिराखेका छौं । धेरै ठूला प्रोजेक्टहरूमा ५, १० लाख रकम दिइएको छ। जहाँ त्यसको नाम छ दलित युवा लक्षित कार्यक्रम र त्यो ठूलाठूला करोडौंका योजना सञ्चालन भएका छन् त्यसलाई ५ लाख दिइएको छ । यो सरकारले के गरेको छ ? जसको प्रोजेक्ट नै करोडौं छ । त्यहाँ ५ लाख अनुदान दिएर त्यो प्रोजेक्ट बन्न सक्छ कि सक्दैन ? भने काँही सामान किन्न दिएको छ भन्छन् सामान छैन । धेरै कार्यक्रम हेर्दा कतै सामान छ काम छैन । कतै काम गर्न खोजिएको छ सामान छैन । अपांगता भएका व्यक्तिका लागि दिइएको कार्यक्रम अपांग मैत्री नै छैन । अपांग भएका व्यक्तिहरूका लागि ठूलो गार्मेन्ट उद्योग खोल्नुपर्छ जस्तो लाग्छ । त्यसैले उद्योग गर्दा लक्षित वर्गमा पुगेर उनीहरूको जीवन स्तर माथि उकास्ने गरी काम गर्नुपर्छ । नत्र यसरी योजना ठूला बनाउने अनि रकम थोरै थोरै बाँड्ने चलनले केही काम हुन सक्दैन, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री बदमी क्वारी बोहोरा ।

**माननीय बदमी क्वारी बोहोराः-** सभामुख मोहदय, पाँचाौ अधिवेशनको चौथो बैठकमा बोल्दैछु। हिजो दैलेख रोडमा भएको घटनाबारे दुख ब्यक्त गर्दै पीडितलाई विभेदपूर्ण ढंगबाट भेदभाव नगरी उचित क्षतीपूर्ति र राहत प्रदान गर्न सभामुखमार्फत प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु, सम्बन्धित मन्त्रालयलाई र कर्णालीका दशै वटा जिल्ला विकट छन्। डोल्पामात्रै विकट छ भन्न मिल्दैन । दुरदराजमा रहेका गाउँमा पनि विभिन्न

किसिमको रोग विकास भएको छ । यसै क्रममा डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका २ स्थित करेलिकाँडा भन्ने गाउँ जुन मुकुटेश्वर हिमालको काखमा ४०, ४५ घरको एउटा बस्ती छ। त्यो बस्तीमा झण्डै चार पाँच दिन भयो । त्यो समाचार आज नयाँपत्रिका दैनिकमा पनि आएको छ । त्यहाँ भाइरल रोगले ४०, ४५ जना अज्ञात रोग, रुघाखोकी भाइरसले थला परेका छन् । जिल्ला अस्पताल र जिल्ला प्रशासनले पनि औषधी सहित टोली पठाउको भन्ने खबर आएको छ । तर प्रदेश सरकारले पनि आवश्यक सबै औषधी सहित दक्ष चिकित्सक टोली डोल्पा जिल्ला अस्पताललाई उपलब्ध गराइ दिनहुन सभामुखज्यू मार्फत प्रदेश सरकार र सामाजिक विकास मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । आज जुन एउटा नेपालमा संघीय सरकारको एउटा हिजो मैले हेरे एउटा समाचार जुन जुन देशमा कोरोना बढेको छ । त्यहाँ आउजाउ बन्द गर्ने भन्ने निर्णय लिएको छ । त्यसमा म धन्यवाद दिन चाहन्छु र कर्णाली प्रदेश पनि कोरोनाबाट अछुतो रहन नसक्ने भएकाले चीनसँग सीमा जोडिएको हुम्लाको सीमा नाका पनि कर्णाली सरकारले बन्द गर्नुपर्दछ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री विरबहादुर शाही ।

**माननीय विरबहादुर शाहीः-** माननीय सभामुख महोदय, यो पाचौं अधिवेशनको चौथो बैठकमा कर्णाली प्रदेशका यो घाइते अपांगहरूको समस्याको लागि यहाँ अपांगहरू आइरहनु भएको छ । यसको लागि यो अपांगहरूलाई कर्णालीका ७९ वटै गाउँपालिकामा उद्यमशीलताका कार्यक्रम वेयवस्था गरी दियो भने उहाँहरूको जनस्तर उठ्ने छ । अनी मात्रै घाइते अपांगहरूको राहतको महसुस हुनेछ । अर्को आज डोल्पा जिल्लामा रुघाखोकी भाइरलले ४०, ५० जना बिरामी भएकोमा म चिन्तित छु । यसका लागि प्रदेश सरकारले दक्ष स्वास्थ्यकर्मी र औषधी व्यवस्थापन गर्न माग गर्दछु। उनीहरू निको नहुन्जेलसम्म गाउँ मै शिविर राखेर सेवा गर्नुपर्दछ । अर्को कुरा हिमाली जिल्लामा हिमपात र वर्षाले योजनाको काम ढिलाई भएको छ । विगतको वर्षमा ती हिमाली जिल्लामा ६ महिना म्याद थपेर काम गर्ने भन्ने निर्णय भएको थियो । अहिले त्यो निर्णय कहाँ छ । ती जिल्लामा असार मसान्त होइन । ६ महिना म्याद थपेर काम गरियो भने निर्माण कार्य अघि बढ्नेछ र राष्टिय निकुञ्ज क्षेत्रमा कुनै पनि विकासको काम गर्न दिएको छैन । चोरी शिकारी बढ्ने भन्दै विकासका काम गर्न नदिदाँ जनतालाई दुख दिने काम भइरहेको छ । भन्ने यो सदनमार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री करवीर शाही ।

**माननीय करवीर शाहीः-** माननीय सभामुख महोदय, आर्थिक वर्षको दोस्रो चौमासिक सकिन करिब १० दिन बाँकी छ । सरकारले दोस्रो चौमासिकसम्म आइपुग्दा सदनमा रिपोर्ट गर्नुपर्ने थियो, त्यो भएको छैन । संसदहरूले विकासको बारेमा प्रश्न सोधिरहेका छन् । सरकारले त्यो बारेमा जवाफ दिएको छैन, दिन चाहेको छैन । यस तर्फ म सदनमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सरकारले के करकापमा परेर आयोजनाहरू

छनौट गर्छ, पछि क्याविनेट बसेर त्यसलाई स्थगन गर्छ । के मजबुरी आइलाग्यो सरकारलाई र ती आयोजनाहरू स्थगन गर्नु पर्‍यो । जनमानसमा ठूलो प्रभाव पर्ने खालको दंगा फसाद हुने खालका योजना थिए वा जनमानसमा प्रभाव गर्ने योजना आइलाग्यो र सरकारले स्थगन गर्‍यो ? म यसको जवाफ खोज्न गइरहेको छुँ । संसदहरूले पटक पटक कुरा उठाइरहेका छन् । मैले हिजो मात्रै सोधे । संसदको जवाफ हो कि ? मन्त्रीज्यूको जवाफ हो ? कहिले सरकार जस्तो लाग्ने कहिले मन्त्री जस्तो पनि लाग्ने । माननीय सदस्यहरूले योजना किन रोकियो भनेर सोध्नु हुन्छ । सरकार कर्णालीमा माछा पाल्ने जवाफ दिन्छ । यो कति तादामेत्या मिल्छ ? सरकारले मन्त्रीपरिषदको पहिलो बैठकले अर्गानिक प्रदेश बनाउछ तर त्यो अर्गानिक प्रदेशको माग उद्यमशिलतामार्फत इन्डीयाबाट ल्याइने माछाबाट सुरु गर्ने हो कि ? के बाट गर्ने हो ? त्यो माछामा कति अर्गानिक हुन्छ? त्यसैले हावामा योजना नबनाउँ भन्न चाहन्छु र अर्को विकास बजेट जति खर्च भएको छ। त्यस अनुसार विकास भएको देखिदैन । मलाई लाग्छ सरकारले एउटा जमर्को गरेको जस्तो मलाई लाग्छ । पोहोर साल अन्तिममा आएर रकामान्तरको सीमा नाघ्ने गरी केही विलासिताका सामान खरिद गरियो र बजेट खर्च अंकमा बढाइयो । यो पटक सरकारलाई केही राम्रै छ । जिल्लामा केही चार चार वटा दरले अफिसहरू खुलेका छन् ४० वटा । अहिले किनेका ती माल बस्तुहरू जिल्लालाई हस्तान्त्रण गर्ने । पोहोर साल किनेका ती सामान जिल्लालाई हस्तान्त्रण गर्ने र फेरि जापान, चीनबाट सामान किन्ने। यो सालको स्पिड पनि त्यतैतिर नहोस् भन्न चाहन्छु । अर्को कुरा ठकेदारहरूले गरेको बेइमानी । कामै नगरेको ठेक्कामा सरकारको के धारणा छ ? सुरुवातै नगरी केही ठेक्काहरू म्याद थपेको भन्ने सुनेको छुँ । यसकारणले ठेकेदारको अनुरोध बिनै सोझै ठेक्का म्याद थप्ने प्रचलन छ । यसले विकासको गति अघि बढ्न सक्दैन । यस विषयमा यति भन्न चाहन्छु। अर्को हामी कानून बनाउने, बजेट बनाउने बेलामा के मर्कामा के सास्तीमा परेर बनाउँछौं? र पछि फेर्छौं । यो फेर्ने प्रवृतिको कुरा जे छ रोक्ने प्रवृति यसलाई चाँडोभन्दा चाँडो त्यो के भन्छ नदी नियन्त्रण र पदमार्ग के कारणले योकियो ? यसबारे आगामी बैठकमा सरकारको तर्फबाट सरकारको प्रमुखको तर्फबाट मैले जवाफ चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री राजु नेपाली ।

**माननीय राजु नेपालीः-** सभामुख महोदय, चौथो बैठकको विशेष समयमा आफूले केही कुरा राख्ने मौका चाहन्छु । हिजो साँझ मात्रै दैलेख रोड भन्ने गरिन्छ । एकता नगर नजिक ट्याक्टरले ठक्कर दिदाँ दुई जनाको मृत्यु भएको छ । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली दिन चाहन्छु र घाईतेप्रति शीघ्रस्वास्थ्य लाभको कामना गर्दछु । हामी हिजो दिनमा पनि विभिन्न ठाँउ र विभिन्न चोकहरूमा पनि एउटै प्रवृतिका धेरै घटना घट्दै आइरहेका छन् । हामीले बारम्बार उठाइरहेको कुरा । प्रदेश राजधानी भएसँगै जनसंख्याको बृद्धि र त्यत्तिकै सवारी साधनको पनि चाप । र त्यसमा पनि ट्राफिक नियमको कमी । नागरिक धेरै

आउजाउ गर्ने चोकमा ट्राफिकको अलि समय दिएर नियम पालनमा जोड दिन त्यो स्थलमा ट्राफिक राख्न सभामुखमार्फत म प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । हामीले हो साच्चै आवेगमा आइन्छ कसैको काख रित्तियो, कसैले बाबु गुमाए हिजोको घटनामा । यस्तो देख्दा सुन्दा कसको पो मन रुदैन । त्यतिबेला सामान्य केही आफन्तहरूले स्वभावैले कहीं कतै क्षती नगरी आन्दोलन गरेका थिए तर एकाएक उनीहरूलाई समातेर राख्ने काम गरिएको छ । बन्दीलाई विनासर्त रिहाइ गर्नुपर्छ र हरेक क्षतीपुर्ति दिदाँखेरि कर्णाली प्रदेश सरकारले समानरूपले हेर्नुपर्छ भन्ने कुरा म सभामुखमार्फत ध्यानाकर्षण गराएँ । किन भने हिजो धेरै वर्ष अघिदेखिका सरकारहरूले ती निमुखाहरूलाई ऐन र अलिकति ठूलाबडाहरूलाई चयन गर्दै आएको थियो । अहिले त्यो अवस्था नभएको र लोकतान्त्रीक गणतान्त्रीक सरकार भएकाले अब ती निमुखाहरूलाई पनि हरेक न्यायमा सम्मान हुनुपर्छ भन्ने कुरा राख्दै बिदा हुन्छु, हवस्त धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश सभाको यस अधिवेशनको तेस्रो र चौथो बैठकको विशेष समयमा माननीय सदस्यहरूले सार्वजनिक सरोकारका विषयहरूमा उठाउनु भएका प्रश्न एवं जिज्ञासामा प्रदेश सरकारका सम्बन्धित विभागीय मन्त्रीलाई प्रदेश सभाको आगामी बैठकमा जवाफ दिनका लागि रुलिङ गर्दछु । माननीय सदस्यहरू विशेष समयमा बोल्ने माननीयहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू यस सभाको फागुन ३ गते बसेको पाचौं अधिवेशनको दोस्रो बैठक र फागुन १८ गते बसेको पाचौं अधिवेशनको तेस्रो बैठकको विशेष समयमा माननीय सदस्यहरूले उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्रालयसँग सम्बन्धित विविध विषयमा उठाउनु भएका जिज्ञासा एवं प्रश्नहरूको जवाफ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्री माननीय नन्दसिंह बुढाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सभाको पाचौं अधिवेशनको दोस्रो र तेस्रो बैठकमा माननीय सदस्यहरूले उठाउनु भएको सार्वजनिक सरोकारका विषयका प्रश्न र जिज्ञासाको बारेमा उद्योग, पर्यटन, वन तथा बातावरण मन्त्रालयको तर्फबाट जवाफ दिन म यहाँ प्रदेश सभामा उपस्थित भएको छुँ । माननीय सदस्यहरूले सबैभन्दा बढी हाम्रो मन्त्रालयसँग सम्बन्धित रातो किताबमा उल्लेख भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन नहुनु र ती योजना तथा कार्यक्रम फेरिनु अथवा संशोधन हुनु भन्ने विषयमा धेरै कुरा उठेको छ र यो सन्दर्भमा हाम्रो मन्त्रालयमा जुन बजेट बनाउँदा जुन संस्था र ठाउँ किटानी भएर केही योजना छनौट भएको थियो र त्यो पहिलो अधिवेशनमा त्यो कुरालाई संशोधन गर्नका लागि हामीले अहिले अर्थ मन्त्रालयमा ती ठाउँ, फर्म अथवा किटान भएको योजनालाई हामीले संशोधन गरेका छौं र ती योजनाहरू अब हामीले कार्यान्यनका लागि प्रदेश सरकारमा कार्यविधिहरू पेश गरेका छौं र अब बस्ने क्यािवनेटबाट त्यो कार्यविधि पास भइसकेपछि

यो उद्योगसम्बन्धीका योजनाहरू कार्यान्वयन हुनेछन् र जुन हाम्रो मन्त्रालयसँग सम्बन्धित योजनाहरूको कुरामा हालको जुन पर्यटन पदमार्ग, सडकहरूको विषयमा यो कार्यान्वयन भएको छैन भन्ने आयो। यो स्भाविकै कुरा हो । जुन पर्यटन सडकको हकमा अख्तियार आयोगले १ सय ६२ बुँदाको जुन परिपत्र जारी गरेको छ । त्यसमा कुनै पनि आयोजना, सडक निर्माण गर्दा आईई, एआई वातावरण प्रभाव मुल्यांकन गरेर मात्रै गर्न भनेको छ । त्यही कारणले यसलाई छिटो भन्दा छिटो गर्नका लागि हामीले वातावरण एनेको विधेयक बनाएका छौं । प्रदेश सभाबाट पास भएपछि सहज हुनेछ । अर्को कुरा यार्सागुम्बा क्षेत्रका लागि ८ करोड छुट्याएको भन्ने थियो । त्यो ८ करोड नभई ८ लाख मात्रै विनियोजन भएको कुरा म प्रदेश सभामार्फत जानकारी गराउन चाहन्छु । अर्को कुरा जुन प्रदेश राजधानीको धुलियाबिटदेखि बांगेसिमलसम्मको सडकमा पनि बजेट घटाएका छौं । अर्को कुरा ०७६/०७७ को नीति तथा कार्यक्रममा कुनै पनि योजनामा बजेट विनियोजन गर्नु पूर्व डिपिआर तयार गर्नुपर्ने भन्ने छ । यसको लागि सम्बन्धित योजनाको सूचि तयार गरी । सम्भाव्यता अध्ययन गरेर अघि बढाउने कुरा गरिहेका छौं । पर्यटन पदमार्ग र तटबन्धका कार्यक्रम किन कार्यान्वयन हुन सकेन भन्ने कुरा उठेको छ। यसमा हाम्रो मन्त्रालयबाट सबै जिल्लामा संचालित कार्यक्रम कार्यान्वयन भइसकेको कुरा म अवगत गराउन चाहन्छु। कुनै कुनै जिल्लामा काम भएर भुक्तानी प्रक्रिया अघि बढेको छ। पदमार्गको हकमा प्रदेश सरकारले कार्यान्वयन गर्न सम्भव छैन भनेपछि त्यस शीर्षकमा ११ करोड ४० लाख रकम छ । बजेटलाई रकमान्तर गर्ने वा कार्यान्वयन गर्ने भन्ने कुरा मुख्यमन्त्रीसँग छलफल गर्ने कुरा जानकारी गराउन चाहन्छु । अर्को कुरा जटीबुटी संकलन र छुटपुर्जीको कुरा उठेको छ । कुरा हामीले निकुञ्जसँग छलफल गर्नेछौं । हो निकुञ्ज र मध्यावधि क्षेत्रमा योजना कार्यान्वयन गर्न गाह्रो छ । कसरी बजेट कार्यान्वयन गर्ने यस विषयमा संघीय सरकारसँग छलफल गर्नेछौं । अर्को कुरा अनुदानको कुरा उठेको छ । यसमा कुनै पनि अनुदान दिन नमिल्ने व्यवस्था छ तर हामीले अनुदान दिन मिल्ने खालको कार्यविधि प्रदेश सभामा पेश गरेका छौं । जुन अर्को करारमा कर्मचारी नियुक्तिमा मन्त्रीकै मान्छे राखे भन्ने कुरा उठेको छ । यसमा प्रक्रिया र कार्यविधि अनुसार नै कुनैपनि पक्षपात नगरी काम भएको कुरा जानकारी गर्न चाहन्छु र अर्को कुरा मेला महोत्सवलाई अनुदान दिने कुरा उठेको छ। हामीले कुनै विवाद र अप्ठ्यारो नपर्ने गरी कार्यविधि अनुसार मेला महोत्सवलाई अनुदान दिएको कुरा जानकारी गराउँछु । अर्को सुर्खेत विमानस्थल स्तरोन्नतीको कुरा उठेको छ । यस विषयमा हामीले नागरिक उडयनसँग प्रस्ताव पेश गरेका छौं । यो विषय संघीय सरकारसँग जोडिएकोले हामीले झकझकाउने बाहेक अन्य काम गर्न नसक्नेकुरा पनि जानकारी गराउन चाहन्छु । अहिले धेरैजसो मन्त्रालयको बजेट ठूला योजनामा खर्च हुन नसकेको कुरा आइरहेको छ । यसमा हाम्रो मन्त्रालयले समयमै खर्च गर्नेगरी काम गर्नेछ। अर्कोकुरा अनियमितताबारे प्रश्न आएका छन् । यसमा अर्थ परामर्श समितिले सुर्खेत र रुकुमपश्चिममा अनुगमन गर्दा केही

ठाउँमा कमी कमजोरी भएको पाइएको छ । यसबारे प्रतिवेदन तयार पारी पेश गर्ने तयारी छ । जहाँ कमी कमजोरी भएका छन्। त्यहाँ समितिमार्फत अनुगमन गरी सम्बन्धित व्यक्तिलाई समेत कारवाही गर्ने गरी काम गर्ने तयारी भइरहेको छ र यसमा कर्मचारी पनि संलग्न छन् भने हामी कारवाही गर्नेछौं । कुनै पनि हालतमा अनियमितता रोक्नेछौं । अर्को कुरा अपांगता भएका व्यक्तिलाई उद्यमशिलताको कुरा उठेको छ । यसलाई हामीले मनन गरेर आगामी योजनामा उनीहरूका लागि कार्यक्रम राख्ने कुरा माननीय सभामुखमार्फत सदस्यज्यूहरूलाई जानकारी गराउँदै मेरो उ यहीं अन्त गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीको तर्फबाट प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गर्नका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, नेपालको संविधानको धारा २४४ ले प्रदेश लोकसेवा आयोग सम्बन्धी व्यवस्था गरे अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा र अन्य सेवाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्य उम्मेदवार प्रणालीलाई प्रर्वधन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम र सुदृढीकरण बनाउन वाञ्छनीय भएकाले प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलोसंशोधन गर्न बनेको विधेयक, कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने सदस्यहरूका लागि समय निर्धारण गरेको छुँ । सर्वप्रथम माननीय श्री देवी ओली । समय ७ मिनेट ।

**माननीय देवी ओलीः-** सभामुख महोदय, लोकसेवा आयोग ऐन, २०७५ पहिलो संशोधन विधेयक । हाम्रो प्रदेशमा सरकार बनेको दुई वर्ष पुगिसक्यो । अहिलेसम्म प्रदेश सभाले सत्ता पक्ष होस् वा प्रतिपक्ष सरकारले गर्ने हरेक कुरामा हामीले आखा चिम्लेर समर्थन गरेको कुरा अवगत गराउन चाहन्छु । दुई वर्ष पुग्दासम्म हामीले त्यो लोकसेवा आयोग ऐन प्रयाप्त मात्रामा समय लिएर संसदमा छलफल गर्ने अवसर पाएनौं तर छोटो बाटोबाट सरकारलाई काम गर्ने अवसर दिनुपर्छ भनेर हामीले समर्थन गरेका हौं तर सरकारलाई सजिलो पार्ने कि यहाँका जनताको हितमा काम गर्ने भन्नेकुरा संसदलाई जानकारी गराउन चाहन्छु र पहिलो संशोधन यहाँ ल्याइएको छ । धेरै कुरा क्रम मिलाउन जरुरी छ । यहाँका निमुखा जनताको लागि कानून बनाएका छौं कि कसैलाई सजिलो पार्न कानून

बनाएको छौं ? यसमा सरकारले ध्यान दिनुपर्छ । कार्यान्वयन गरेर व्यवस्थातिर जानुपर्नेमा संशोधन जस्ता अझै सरकारलाई धेरै कुराको प्रश्न उठिरहेको छ । अबदेखि यसमा सरकारको सचेतना रहोस् संसदको कुनै पनि कुरामा अवरोध छैन । यसमा यसकारणले ध्यान दिएर अघि बढोस् भन्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, माननीय सदस्यहरू, प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीयस सदस्यहरूले रोस्टमको बाया तर्फरहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनुहोला । अब माननीय श्री गोपाल शर्मा ।

**माननीय गोपाल शर्माः-** माननीय सभामुख महोदय, प्रयोगमै नआएर हामी प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्दैछौं । अचम्मको कुरा के हो भने प्रयोगमा गइसके पछि केही विषयहरू अप्ठ्यारो हुन्छ । त्यसबाट व्यवहारतः समस्या पैदा भयो भने सदनमा पेश गरेर छलफल गर्नु स्वभाविकै मानिन्छ तर यसमा के भयो भने सरकारले चाहेअनुसार सदनमा पेश गरेको हो र यसमा सबै माननीय सदस्यहरूले सरकारलाई सहयोग गरौं भनेर समर्थन जनाएका छन् । सरकारले जे ल्याएर आयो त्यो गर्दा दोषीको भागदार हामी नै भएका छौं । केही दफा हटाइएको छ । भने पहिलेको तुलनामा क्रम मिलाएर ल्याइएको छ । पहिले क्रम मिलाउन पनि हतार भएछ । यति हतारमा विधेयक ल्याएकै कारण एक वर्षभित्र संशोधन विधेयक ल्याइयो। कर्मचारी अभाव हुन नदिन हतारमा ऐन लाईयो तर एक वर्षभित्र क्रम मिलाउने अर्को पटक क्रममा मिलाउने यस्तो पनि हुन्छ ? त्यसैले हतारमा ल्याउनुभन्दा गहन छलफलपछि विधेयक पारित गर्दा ठीक हुन्थ्यो । समग्रमा जे पेश भएको छ त्यो आवश्यक पनि होला तर छोटो बाटोबाट पास गर्ने अनी फेरि संशोधन गर्ने प्रवृति अन्त्य हुनुपर्छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री यज्ञबहादुर वि.सी. ।

**माननीय यज्ञबहादुर वि.सी.ः-** माननीय सभामुख महोदय, पाचौं अधिवेशनको चौथो बैठकमा प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलका लागि यहाँ उपस्थित भएको छु । सभामुख महोदय, एक वर्ष अघि यस गरिमामय सदनमार्फत लोकसेवा आयोग विधेयक जुन सदनले सर्वसम्मत ढङ्गबाट पारित गऱ्यो र किन पारित गऱ्यो भने यस प्रदेश सरकारलाई जनशक्तिको अभावबाट जनताहरूको सार्वजनिक सेवा सुविधा प्रदेश सरकारले दिने र संघसंस्थाले दिनेमा तत्काल राहतका लागि छोटो बाटोबाट सदलनले पास गऱ्यो । सभामुख महोदय, आज सिंगो सदनले सरकारलाई सहयोग गर्दा जुन लागु नै नभएको विधेयकलाई लागू नै नगरी केही दफाहरू संशोधन गर्न छलफल हुन गइरहेको छ । आज सरकारलाई यस सदनले सहयोग गर्दा व्यापक छलफल नगरीकनै छोटो बाटोबाट यो विधेयक ऐनको रूपमा पास

भयो । जुन सदन र सदस्यहरू यसको भागीदार भएका छौं । २०७४ मा बनेको विधेयक २०७५ मा आउदा यो विधेयक सरकारले अध्ययन नै नगरी छलफल नै नगरी जनशक्तिको नाममा पास गरियो । तत्काल करारमा भएपनि जनशक्ति व्यवस्थापन गरी सरकारको काममा प्रभावकारिता ल्याउन सकिन्छ भन्ने अभिप्रायले विधेयक पास गरियो तर आज लज्जास्पद रूपमा यो विधेयक संशोधन गरिदैछ । यसरी हामीले गरेको प्रदेश समृद्धिको आशा आशामै सीमित हुनेछ भन्दै मेरो भनाइ यही अन्त गर्छु, हवस्त जय नेपाल ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीको तर्फबाट प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलोसं शोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाहरूको जवाफ दिन समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाः-** माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले भाग लिएर सरकारलाई ऐनको संशोधनको सन्दर्भमा अमूल्य र महत्वपूर्ण सुझाव दिएकोमा धन्यवाद दिन चाहन्छु । माननीय सदस्यहरूले उठाएको कुरा साँचो हो । कार्यान्वयन नै नभइ संशोधन गर्नुपर्ने अवस्था आयो । यो बाध्यता पनि भयो । कमजोरीका कारण संशोधन गर्नुपऱ्यो । त्यो हामी महसुस पनि गर्छौं । क्रम मिलाउने क्रममा जहाँ सर्तकता अपनाउनु पर्ने थियो । त्यसको परिणाम स्वरूप राजपत्रमा प्रकाशित गर्न गाह्रो भयो । राजपत्रमा प्रकाशित नगरी कार्यान्वयन नआउने भयो र अर्को कुरा संसदलाई सहयोग गरेको कुरा प्रति हामी पनि आभारी छौं । कर्मचारी व्यवस्थापन गर्न र आपूर्ति गर्न यो ऐन आवश्यक छ । यो विधेयक छिटो भन्दा छिटो पास गरी लोकसेवा आयोग गठन गर्न र कर्मचारी अभाव पूर्ति गर्न सहज हुनेछ । यसमा पास गर्न सबैले सहयोग गरिदिन अनुरोध गर्दै संक्षेपमा मेरो जवाफ यही अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीको तर्फबाट प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफलका लागि सभामा पेश गर्नुभएको प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमाथिको छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद-१५ को नियम १०९ को उपनियम १ अनुसार प्रदेश लोकसेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयकमा संशोधन पेश गर्न चाहनु

हुने माननीय सदस्यहरूका लागि ७२ घण्टाको समय सीमा प्रारम्भ भएको जानकारी गराउन चाहन्छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७६ साल फागुन २० गते मंगलबार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन २० गते

मंगलवार

(बैठक संख्या-५)

राष्ट्रिय धुन.

**सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको पाचौं अधिवेशनको पाचौं बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत सरोकारवाला निकाएको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्नो भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री यज्ञ बहादुर बि.सी. ।

**माननीय श्री यज्ञ बहादुर बि.सी.ः-** सभामुख महोदय पाचौं अधिवेशनको पाचौं बैठकमा विशेष समयमा सार्वजनिक महत्त्व विषयमा म आफ्ना कुरा राख्न गइरहेको छु । सभामुख महोदय, कर्णाली प्रदेश लाई सडक सञ्जालबाट अन्तर प्रदेश जोड्ने पाँच नम्बर प्रदेश बर्दिया भुरिगाउँ हुँदै सुर्खेतको तेलपानी, रानीघाट हुँदै मुगुको नाग्चे नाग्ला सम्म जोड्ने मोटरबाटो अन्तर्गत रहेको सभामुख महोदय, रानीघाट भेरी नदीमा लगभग ९-१० वर्ष भै सक्यो भेरी नदीको पुल निर्माण कार्य सुरु भयो एउटा पिल्लरसम्म त्यहाँ तयार गरियो । त्यसपछि अहिलेसम्म त्यो कार्यन्वयन गर्ने पक्षमा लथालिङ्ग छ अहिलेसम्म त्यो पुलको कुनै पनि कामचाहिँ भैरहेको अवस्था छैन । सभामुख महोदय, त्यो यदि संघ सरकारको जिम्मेवारी हो भने हाम्रो यो कर्णाली प्रदेशलाई अन्तर प्रदेशसँग जोड्ने जुन पाँच नम्बर बर्दियाको भुरीगाउँ हुदै लाई जोड्न जुन त्यो पुलबाट यदि जोड्न मद्दत पुग्ने भएका कारणले कर्णाली प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरेर तत्काल त्यो पुल बनाउने ठेकेदारलाई कारवाहीको घेरामा ल्याओस् । सभामुख महोदय र अर्को दोस्रो बराहाताल वार्ड नम्बर ६ बुटी भन्ने ठाउँमा झुलुंगे पुल पंचपुरी नगरपालिका १० लाई जोड्ने र बराहाताल गाउँपालिकालाई जोड्ने भेरी नदिमा झोलुंगे पुलको सर्भे भैसकेको र त्यो सर्भेको अवस्था त्यतिकै हालसम्म त्यो पनि कुनै जानकारीमा छैन र अर्को पंचपुरी नगरपालिका वार्ड नम्बर-७, को झोलुंगेपुल जुन अछामसँग चाही सुर्खेत र अछामलाई जोड्ने मनासयमा पनि सर्भे भैसकेको पुल अहिलेसम्म त्यसको पनि कुनै टेन्डर अथवा ठेक्कापट्टा भैरहेको अवस्था छैन । सभामुख महोदय, यसै गरेर चौकुने गाउँपालिका सुर्खेतको चौकुने नगरपालिका वार्ड नम्बर-४,

बिउरा भन्ने भुडेभावरको कर्णाली नदीमा कि कैलालि सँग जोडिने ७ नम्बर प्रदेश सँग जोडिने त्यो जुन झोलुंगेपुल छ त्यसको पनि सर्भे भैसकेको छ र सर्भे मात्रै भएर अहिलेसम्म कुनै पनि त्यसको कार्यन्वयन पक्ष अगाडि नबढेको कारणले प्रदेश सरकारले संघ सरकारसँग समन्वय गरेर ती झोलुंगेपुल र यो निर्मणाधीन भैरहेको रानिघाटको पक्कि पुलको अवस्थाको बारेमा तत्काल सम्मोनयन गरी संघ सरकारसँग समन्वय गरी कर्णाली प्रदेशले यस गरिमामय सदनलाई सभामुख महोदय मार्फत् मैले चाहिँ यो सम्बन्धित सरकारलाई कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, हस्त धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री देवी ओली त्यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री देवी ओलीः-** सभामुख महोदय विशेष समयमा हामीसँग सम्बन्धित विशेष कुरा राख्न चाहन्छु । हामी यो प्रदेश सभामा प्रवेश २ वर्ष पूरा भैसकेको छ सरकार बनेको पनि २ वर्ष पूरा भैसकेको छ दुईदिन सामाजिक समितिको कुनै विधेयकमा संशोधन कर्ताको हैसियतले बिहान उपस्थित भैरहदा खेरि अनुभूति भएको कुरा समितिका कारणले तपाईहरूको छेउमा महिला शौचालय छ जहाँ हात धुने साबुन पनि छैन, पानी पनि छैन हामीले लगातार उठाइरहेका छौं । व्यावहारिक रूपमा महिला मैत्री शौचालयका लागि शौचालय भित्र स्यानिटरी प्याड सम्म हुनुपर्छ । हामी संसदका हैसियतले किन्न नसकेको अवस्था पनि होइन त्यो ध्यान दिन नसकेको कुरा पनि होइन त्यो हामीले सुविधा खोज्यो भन्ने पनि पर्न सक्छ तर महिलाहरू सधैं घरमा बस्दा मात्रै महिनावारी हुन्छन् भन्ने हुदैन संसदमा, हिडिरहँदा बाटोमा त्यस्तो समस्या आउन सक्छ त्यो समस्या सम्वेदनशीलतालाई आज यो सम्बन्धित निकायले किन बेवास्ता गरिरहेको छ । यो सम्वेदनशीलता स्वाथ्यसँग पनि जोडिरहेको छ आज हामी शौचालय जाँदाखेरि हात धुने साबुन पाउदैनौं भने हाम्रो अवस्था कहाँ छ । यसमा गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री अमृता शाही त्यसपछि माननीय श्री पदम बहादुर रोकाया तयार रहनुहोला ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, पाचौं अधिवेशनको पाचौं बैठकको आफ्नो विशेष कुरा विशेष समयमा राखी रहेको छु सभामुख महोदय हिजो पनि सडक दुर्घटनाको कुरा आउँदै गर्दा यही फागुन ७ गते हो छिन्चुमा पनि राजु बोहोराको गाडीले ठक्कर दिंदा बाटोमै छिन्चु बजारमै साझँपख मृत्यु भएको थियो हिजो पनि त्यो दैलेखी चोकमा दुई जना मृतक हुनु भयो टिप्परको ठक्करले सभामुख महोदय, म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु कि यस विषयमा बाटोमा बाटो बाटोघाटो भन्दै २ वर्ष बित्यो सदनमा तर त्यो बाटोको सुधार कहिले होला भनेर हामीले पनि अहिले यो

धुलियाबिटमा दुईवटा पुल बनेका छन् त्यहाँनिर पनि धुलियाबिट र अनि यहाँ खजुरानिर यो ठाउँमा पनि दुईवटा पुल बनेका छन् यहाँ पनि एक जना मान्छे त्यहीं पुलको नजिकै दुर्घटना भएर अस्तिनै मरेको छ एक जना बाटो बाटोघाटो अथवा यो निर्माण गर्दै गर्दा यो बाटो निर्माण गर्ने अथवा घर निर्माण गर्ने त्यो साधनहरू राखेर बाटोमा जतातते अवरुद्ध त्यो पनि भाको छ र अर्को कुरा यो निर्माण व्यवासायीले पनि किन बेलामा निर्माण गर्दैनन् बाटोघाटो निर्माण गर्न लाको यो दुईवोटा पुल हामीले एकवर्ष नपुग्दै अब गर्ने भए छिटोछिटो हुने भए यो पुलको ठेकेदार राम्रो रहिछ भन्दै हिड् थियौं भने त्यो बाटोमा अहिले २ वर्ष भैसक्न लागेको छ तर त्यो पुल त्यस्तै छ अब बन्न त बन्दै छ त्यहाँनिर एकदमै गाह्रो छ मान्छेहरू त्यहि निरै जाम लाग्छ हामी यताउता गर्ने बेला घन्टौघण्टा कुर्नुपर्छ यसमा सम्बन्धित निकायको ध्यान जानुपर्छ र यो सदनबाट जाओस् भन्ने चाहन्छु । हिजो पनि सदनमा कुरा उठ्यो यो कोरोना भाइरस भन्ने रोग चीनबाट फैलियो विश्वभरी एकदमै मान्छेहरू त्रसित छन् कि अस्ति बबैइमा पनि एक जना चीनको मान्छे आएर २२ दिन सम्म नि एउटा कोठामा त्यसको निगरानी गरेर राखेको रहिछन् पछि बिहान निस्किदा खेरि त्यहाँको कामदार भरि भागाभाग गरेर भागेछन् किनकि एकदमै मान्छेहरू त्रसित छन् हाम्रो कर्णाली प्रदेशको सरकारले यो रोगको लागि के-कस्तो व्यवस्था छ र यदि मान्छे रोगी देखियो भने रोगी देखिनका लागि के गर्नुपर्छ र यदि देखिसक्यो भने पनि के उपाय छ भन्ने भन्दै सभामुखमार्फत यो रोगको रोकथाम कसरी हुन्छ भन्ने यो सदन यो मन्त्रीज्युहरू अथवा सामाजिक मन्त्रालयलाई ध्यानाकर्षण गर्न चाहन्छु, हस्त धन्यवाद ।

**सभामुख** : माननीय श्री पदम बहादुर रोकाया त्यसपछि माननीय श्री विन्दमान विष्ट तयार रहनुहोला ।

**माननीय श्री पदम बहादुर रोकायाः-** सभामुख महोदय, म विशेष समयमा कुरा राख्ने अनुमति चाहन्छु सर्ब प्रथम सम्माननीय प्रधानमन्त्री ने.क.पा.का अध्यक्ष के.पी. शर्मा ओलीको भोलि बुधवार दोस्रो मिर्गौला प्रत्यारोपण टिचिंग हस्पिटल मार्गमा उहाँको सफल होस् र सफलताको कामना गर्दछु अर्को कुरा के छ भने नेपालमा सधै अलि शान्ति हुन्छ कि भन्यो फेरि दशा आइलाग्छ केही वर्ष जनयुद्ध सुरु भयो । अनि शान्त भयो नेपालमा शान्ति भयो त्यसपछि नेपालमा भूकम्प आयो त्यसपछि तीन महिना मधेशमा आन्दोलन भयो केही शान्ति अलि पाएका थियौं अझ विश्वका ठूला देश उत्तरबाट ठूलो चीनबाट कोरोना भाइरस रोग आउँदै छ । दक्षिणबाट ठूलो शक्तिशाली अमेरिकाबाट MCC नेपालमा भित्रिएको छ यो कोरोना भाइरसले रोग ल्याउछ पनि अमरिकाको MCC ले दोष मात्रै नेपालमा ल्याउछ त्यसै कारणले MCC पास गरौं नेपालीको हितमा छैन नगरौं उले के निंउ खोझ्छ भोलि यो पनि हामीलाई अफठ्यारो परिरहेको छ त्यसै कारणले विकासको कर्णाली प्रदेशको विकास क्रममा पर्यटन मन्त्रालयका हिजो मन्त्रीज्यूले भन्नु भयो तटबन्ध सुचारु छन् अनि भौतिक पूर्वाधार

मन्त्रालयका तटबन्धहरू रोकिएका छन् किन रोकिय उता यता किन सुचारु भए अनि जनता सडक गत सालको जनता सडकका काम भएका छैनन् । अहिले भन्दा पनि पाँच करोड जति मेरो क्षेत्रमा मैले पाँच करोड १/१ करोड हालेको थिए टेन्डर भए एक करोडको टेन्डर हुदा खेरिमा ७०-७३% घटेर ठेकेदार ठेक्का लिए त्यसपछि बाटोमा डोजर खिया लागेका डोजर साहुले तान्दै गएका डोजर तेल हाल्नको निहुँले तेल हाल्न भएनि पैसा भइजाला भनेर डोजरवालाले ५-७ लाख ठेकेदारले दियर २० लाखमा काम गरिराका छन् अहिले उनि त अहिले एक करोडको काम गर्नुपर्ने होला त्यसै कारणले जति ठेकेदारले काम गर्छन् २०% भएका छैनन् बरु उपोभोक्ता समितिले गरेका २०-२५% उनीहरूले दायाबाया गरेका होलान् बाँकी ८०% त काम भएकै छन् अनि सामाजिक मन्त्रालबाट जो स्कुल भवनहरू गैरहेका जुन एकदम टाइट भएर गैरहेका छन् चाहे उपभोक्ता गरोस् चाए ठेक्कापट्टा गरुन उनिले पैसा फाइदा खान पाउने छैनन् । गत सालको पचास लाखको मेरै गाउको बिद्यालय थियो ५ जनाले काम चलाय थिए ८०-८५ हजार घाटा लग्यो भन्दै थिए उनीहरू अहिले पनि त्यस्तै छन् भने उनीहरूले फाइदा खान एकदम टाइट नै छ सामाजिक मन्त्रालयको भने अरु मन्त्रालयका एक करोडको योजना २० लाखमामा काम गरिरहेका छन् उनीहरूले कसरी विकास हुन्छ कसरी काम हुन्छ त्यसै कारणले हामीले अहिले सम्म समयमै खर्च गर्न सकेनौं भने अहिले पनि बजेट फ्रिज जाने सम्भावना छ त्यसै कारणले सदनले मान्य सदक्ष्य ज्यूहरूले आ-आफ्नो क्षेत्रमा हामी गयर म पनि मेरो क्षेत्रमा गएर सबै विकासहरू हेरेको छु भर्खर तीन भयो आयको म भने हामीले अलि यहाँ सदनमा बस्नु भन्दा आफ्नो क्षेत्रमा जाउ आफ्नो गाउँमा जाउँ ठेकेदार अथवा समितिलाई समयमै टाइट गरौं भन्दैमा यही अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री विन्दमान विष्ट त्यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, हामी यो सम्मानित सदनमा आर्थिक वर्ष ०७६-७७ को कार्यान्यनको बारेमा निकै लामो बहस भैरहेको छ सरकारको तर्फबाट केही माननीय मन्त्रीज्युहरूले जवाफ पनि दिराख्नु भएको छ आज हाम्रो चिन्ता कहाँ हो भने विगतका वर्षहरूमा बजेट कार्यन्वयन नहुँदा खेरि अपेक्षित विकास परिणाम हामीले प्राप्त गर्न सकेनौं । यो वर्ष पनि त्यही अवस्था रहने हो भने कर्णाली जनताको विकास र समृद्धिको आकांक्षा जो हो त्यो पूरा हुन सक्दैन कि भन्ने गम्भीर चिन्ता व्यक्त भैराखेको छ। योजना छनौट भएका छन् त्यसको कार्यन्वयनको अवस्था एउटा छ सम्मानित सदनमा हामी जनप्रतिनिधिहरूले एक ढंगले प्रश्नहरू उठाइ रहेका छौं मन्त्रीज्युहरूको जवाफ अर्कै लयमा गइरहेको छ हामी भन्दैछौं कार्यान्यनको प्रक्रिया द्रुत गतिमा अगाडि बढाउन पर्‍यो सरकार भन्दै छन् कार्यन्वयनको सन्तोषजनक ढंगले अगाडि बढिराखेको जस्तो जवाफ आइराखेको छ योजना

कार्यान्यनको अवस्था हेर्दा खेरि अवस्था त्यस्तो छैन । सभामुख महोदय माननीय सभामुखमार्फत योजना कार्यन्वयनको प्रक्रिया गतिलाई द्रुर्त गतिमा बढाउनको लागि सरकारको गतिलाई गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । प्रश्न यहाँ छ योजना कार्यन्वयनको सन्दर्भमा पनि विविधता देखा परेको छ हिजो मात्रै माननीय मन्त्रीज्युले जवाफ दिनु भयो भू-संरक्षणको काम हो खास गरी गर्नु पर्ने । वन तथा वातावरण मन्त्रालयले तटबन्धनको काम भनेर योजना बनिराखेका छन् ती सम्भाव्यताको आधारमा नदी नियन्त्रणका कामहरू सम्भाव्यताको आधारमा हेरेर उपयुक्त ठाउँमा गर्ने सरकारको जवाफ छ हामीलाई तर ती काम कयौं ठाउँमा भएर भुक्तानी भैसकेको कुरा जवाफ हामीले प्राप्त गरिम । हिजो त्यो कहिले सम्भाव्यता अध्ययन भो आवश्कता कहिले पहिचान भो र त्यो कहिले कार्यन्वयन भयो र त्यो कहिले भुक्तानी भयो जहाँ आजको हिउँदमा पनि फागुन चैतको महिनामा पनि खेतबारीहरू बगाइरहेको नदीले कटान गरिराखेको छ घरहरू बगाउने अवस्थामा छ । आज यो नदी सुक्ने बेलामा पनि ती ठाउँहरूको तटबन्धनको योजना कार्यन्वयन भएको छैन तर वन तथा वातावरण मन्त्रालयले ती योजनाहरू कहाँ छनौट गरेको कहाँ कार्यन्वयन गरेर कहाँ भुक्तानी गर्‍यो यो विषयमा म यहाँ माननीय सभामुख मार्फत सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । जे जसरी हुन्छ ती योजनाहरूलाई छिटो भन्दा छिटो मनन् गरौ भन्ने कुरा म भन्न चाहन्छु मैले एउटा गम्भीर ध्यानाकर्षण गराउन खोजेको कुरा के छ भने सभामुख महोदय प्रदेशको संरचना नयाँ हो व्यवस्थापनका केही सीमाहरू प्रारम्भिक चरणमा हाम्रा थिए । त्यसलाई म अव्यवस्था भन्छु। सरकारको सदनको सबैतिर हाम्रा केही अव्यवस्थाहरू थिए तर हामी दिन बित्दै गएका छन् अब हामी २ वर्ष क्रस गरेर अगाडि बढेका छौं । त्यो अव्यवस्थाको ठाउमा व्यवस्थाका सीमाहरूलाई कम गर्दै हामीले व्यवस्थित गर्दै जानु पर्ने ठाउँमा मैले के देखिराको छु भने सभामुख महोदय, अव्यवस्थाबाट हामी व्यवस्था तिर गैरहेका छौं संसद सचिवालयका काम कारवाहीहरू संसद सचिवालयमा हुने गतिविधिहरू यहाँ भित्रका काम कारवाहीहरू समितिमा हुने काम कारवाहीहरू सदनमा हुने काम कारवाहीहरू देखि लिएर सरकारको मुख्यमन्त्री कार्यालय देखि लिएर सबै मन्त्रलायाका काम कारवाहीहरूमा अव्यवस्थाबाट हामी अस्तव्यस्तता तिर गैरहेका छौ यसकारणले गर्दा खेरि अस्तव्यस्तता तिर होइन कि योलाई व्यवस्थित ढंगले चाहे हामी यो सदनमा जुन छलफल गरिरहेका छौं । कानून निर्माण गर्ने ठाउ हो यो नीति निर्माण गर्ने ठाउ हो यो यसका कामदेखि सरकारका विकास र समृद्धिको नेतृत्व गर्ने सरकारले हो । त्यसकारणले गर्दाखेरि यी दुवै कामहरूलाई हामी सबै जहाँजहाँ छौं सबै तिरबाट अव्यवस्थातिरबाट त्यसलाई व्यवस्थित ढंगले सुदृढ ढंगले अगाडि बढाउनको निमित्त माननीय सभामुखमार्फत संसद सचिवालयको र प्रदेश सरकारको म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । दोस्रो कुरा बडो गम्भीरतापूर्वक के ध्यानाकर्षण गराउन

चाहन्छु भने सभामुख महोदय, बाढीपीडितको कुरा फेरि पनि त्यही बाढीपीडितको कुरा करिब अब तेस्रो वर्षमा प्रवेश गर्दा फेरि पनि हामीले यो उठाउनै पर्ने छ म यो गम्भीरतापूर्वक उठाउन चाहन्छु । अघिल्लो वर्षको बजेट जेठ महिनामा आएर वितरण गरियो, हतार हतारमा केही पहिलो किस्ता केही बाढीपीडितहरूलाई वितरण गरियो। आज अब चैत लाग्दै छ अहिले पनि बाढीपीडितहरूले पाउनुपर्ने बाँकी रकम गत वर्ष पहिलो किस्ता पाएकाहरूले दोस्रो किस्ता र पहिलो किस्ता पनि नपाएका बाढीपीडितहरूले पाउनुपर्ने चैतको महिना लाग्दा खेरि पनि सभामुख महोदय अहिलेसम्म त्यो बजेट कहाँ बाट के हो भन्ने कुराको टुंगो लागिसकेको छैन । बजेटको शीर्षक राखियो विशेष अनुदान विशेष अनुदानमा यो योजना सिफारिस गर्ने बेलामा बाढीपीडितको कुरा विशेष अनुदानको योजनामा सिफारिस नही गरिएन म गम्भीरतापूर्वक ध्यानाकर्षण के गराउन चाहन्छु भन्दा खेरि बाढीपीडितको समस्या सामाधान गर्नको लागि अब मुढे बलकै आधारमा एउटा जंगल कब्जा गरेर, जंगल कब्जा गरे,र एउटा जंगल फडानी गरेर, जबरजस्ती बाढीपीडितहरूले आफ्नो आवास निर्माण गर्नुपर्ने हो त होइन भने सरकारले यती किन गरिराको छ । यो विषयमा यसको प्रस्ट जवाफ चाहिन्छ सभामुख महोदय, आजका मितिमा पनि सरकार एक स्टेप अगाडि बढेको छैन । धेरै पटक ध्यानाकर्षण गरियो मन्त्रालयमा सम्बन्धित मन्त्रालयमा ध्यानाकर्षण गरियो

**माननीय सभामुख** : सकौ सकौ माननीय सदस्य

सभामुख महोदय, त्यसै गरेर मुख्यमन्त्री कार्यालयमा ध्यानाकर्षण गरियो तर पनि अहिले सम्म नि एक स्टेप अगाडि नबढ्दा खेरि पनि यसको प्रस्ट जवाफ आगामी बैठकमा चाहिन्छ, धन्यवाद ।

**माननीय सभामुख** : माननीय श्री कौशिलावती खत्री त्यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, प्रदेश सभा गठन भएको र सरकार बनेको २ वर्ष बिति सक्यो । हामी हाम्रा नियमित काम कारवाही र क्रियाकलाप यहीभित्र गरीरहेका छौं । हामी बिहान देखि लगभग साझ सम्म यही प्रदेश सभाभित्र बस्ने कहिलकाहीँ वातावरण बन्छ यो सन्दर्भमा प्रदेश सभाभित्र हुनुपर्ने व्यवस्थित शौचालय र सरसफाई छैन । जहाँ महिला मैत्री शौचालय त कुरा छोडौं, महिला मैत्री हुने कुरा छोडौं त्यहाँ शौच गर्न पनि संक्रमण हुन्छ कि जस्तो लाग्छ र यस्तै गरी संसदहरू बस्ने कुर्सि पनि आज दोस्रो वर्ष बिति सक्दा पनि यी किलाहरू उम्केको जस्ताको त्यस्तै छन् । बस्दा खेरि अगाडिपट्टि लोटिन्छ कि पछाडिपट्टि फर्किन्छ भन्ने स्थिति छ । त्यस्तै प्रदेश सभाभित्र चलिरहेको क्यान्टिनको स्थिति पनि त्यस्तै छ क्यान्टिनको पनि भात पकाउने भान्सादेखि लिएर खाने ठाउँमा त्यस्तै

किसिमको मापदण्ड विपरीतको सञ्चालन छ । यसको सरसफाई कोले गर्नु पर्ने हो ? सभामुखमार्फत म सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु। अर्को कुरा हामी संसद चलिरहदा दुई वर्ष बितिसक्यो समस्याको मात्रै कति उजागर गर्ने। हामी संसद चलिरहदा प्रत्यक्ष आफूले बोले कुरा र संसद चलिरहेका कुरा प्रत्यक्ष प्रसारण हेर्नको लागि टि.भी. जडान गर्न आवश्यक छ । त्यस्तै गरी विश्वो जगतमा कायल परेको र हल्लाई रहेको कोरोना भाइरस कुरा गरी राख्दा हामी कर्णालीवासी सचेत एकदम आफैं पनि एकातिर स्वास्थ्यको सुविधासहितको स्वास्थ्य व्यवस्थापन आवश्यक छ भने तत्काल हामी पनि आफैं सचेत रहन आवश्यक छ । हामी विदेश जान्छौ, त्यसको विदेशबाट फर्कन्छौ त्यसको कोरोना भाइरसको चेक गरायौं कि गराएनौं । त्यो पनि हामी अनभिज्ञ छौं र हामीले गर्ने काम कारवाही भेला सरकारमार्फत प्रदेश सभामार्फत हुने भेला र बैठकहरू पनि तत्काल स्थगित गर्नको लागि म सम्बन्धित निकायको सभामुखमार्फत् ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री पदमा खड्का त्यसपछि माननीय श्री बदमी क्वारी बोहोरा तयार रहनुहोला ।

**माननीय श्री पदमा खड्काः-** सभामुख महोदय, पाचौं अधिवेशनको पाचौं बैठकको आफ्नो विशेष कुरा विशेष समयमा महत्त्वपूर्ण विषयमा यहाँ उठाउन गैरहेको छु । भनिन्छ एउटा संवैधानिक व्यवस्थाअनुसार हामी संघीयतामा गए पश्चात कर्णाली प्रदेश सरकारको गठन सँगसँगै प्रदेश सभा स्थापना दिवस पनि हामीले भर्खरै मात्र सम्पन्न गरेका छौं । सरकारको दिवस पनि हामीले सम्पन्न गरेका छौं र हामीले यी दुईवटा दिवस सम्पन्न गरेर आउँदा अहिलेसम्म गरेका सरकार र सभाका गतिविधि हामीले देख्न र सुन्न आम नागरिकले पनि पाएका एउटा अवस्था हो र हामी यहाँ एउटा जनप्रतिनिधिको हिसाबले हामी दैनिकि जस्तो सदन चलिरहदा यहाँ उपस्थिति हुँदा र यस सभामा गर्नुपर्ने नियमित गर्ने पर्ने विभिन्न काम कारवाहीहरूलाई जुन ढिलासुस्ती भएको छ यसलाई छिटो भन्दा छिटो कार्यान्वयनको लागि म सभामुखमार्फत् सम्बन्धित सचिवालयलाई ध्यानाकर्षण गराउन चाहन्छु र सन्दर्भ मैले अर्को एउटा विषय राख्न चाहन्छु । हामी विकास निर्माणलाई जुन गतिले कर्णाली प्रदेश सरकारले अगाडि बढाउने उद्देश्यका साथ नीति तथा कार्यक्रमलाई पछ्याउँदै बजेट वक्तव्यमा भएका विभिन्न विषयहरूलाई आज हामीले बजेट छुट्ट्याउनु मात्रै ठूलो कुरा हैन र कार्यान्वयन गरिसकेपछिको प्रगति के कति भैरहेको छ भन्ने कस्ले हेर्ने हो । मैले सबैभन्दा सम्बन्धित मन्त्रालयलाई यो विषय किन उठाइरहेको छु भन्दा सुर्खेत जिल्ला यो एउटा आफैंमा सुन्दर सुर्खेत जिल्ला त्यसमा पनि कर्णाली प्रदेशको राजधानी भित्र यति धेरै जनसंख्याको जनघनत्व बढदै गईरहेको बेला यो राजधानी भित्र एउटा हामीले देखिरहेका छौं यहाँ जस्ले आवश्यकतापनी छ घर निर्माण गर्दा बाटो निर्माण गर्दा हरेक निर्माण गर्दा निर्माणका सामाग्री आवश्यक पनि छ । जुन क्रसर उद्योग जहाँ

वीरेन्द्रनगरको वडा नं. ९ मा अवस्थित छ र आज प्रदेश सरकारले करोडौं बजेट हालेर त्यो बाटो निर्माण गरि राख्दा दिनानुदिन चल्ने ती टिप्परले त्यो बाटो दुई महिना पनि टिकेको अवस्था छैन भने यस्तो अवस्थामा यसको निगरानी यसको मूल्याङ्कन यसको कारवाही कसले अगाडि बढाउने हो । को जवाफदेही हुनी हो यो कुरा मैले सम्बन्धित मन्त्रालयलाई ध्यानाकर्षण गर्न चाहन्छु । सम्बन्धित व्यवसायले व्यवसाय गर्न नपाउने भन्ने कुरा छैन । उसको अधिकारको कुरा हो, उसले व्यवसाय गर्न पाउछ तर यो सहर भन्दा यो राजधानी भन्दा कति दुरीमा उसले त्यो व्यवसाय गर्न पाउने हो । उद्योग, पर्यटन, वन, वातावरण मन्त्रालयले यस्ले चासो राख्छ कि राख्दैन, यस्ले सरोकार राख्छ कि राख्दैन ? यो कुरामा गम्भीर भएर ध्यानाकर्षण भएर ध्यानाकर्षण गराउन चाहन्छु मैले र यस सँगसँगै मैले यहाँ आवाज उठाइरहदा विभिन्न घटनाक्रमहरू अहिले तुरुन्तै एकदमै लगातारको समयमा भर्खर भर्खरका युवाहरूले आफ्नो जिन्दगी समाप्त गर्नुपर्ने जुन एउटा घटना हामीले देखिरहेका छौं । ती घटना पनि कुनै एउटा निर्माण व्यवसायले समयमा बाटोको स्तरोन्नतीसँगै बाटोको जुन लिनुपर्ने एरिया हो त्यो एरिया अनुसार पुल नबनाउदा फेरि पनि त्यो पुललाई निर्माण गर्दा जुन निम्तिएका घटनाहरू छन् । ती निर्माण व्यवसायीहरूलाई आफ्नो जुन खालको उद्देश्यअनुसारको जुन बाटोको रूपरेखा जुन लिनु पर्ने हो सम्बन्धित त्यतिबेला किन लिन सक्दैन भन्नेकुरा यो कुन मन्त्राललै छानबिन गर्ने हो कस्ले हेर्ने हो यो कुरा असाध्यै गम्भीर छ । यी दिन प्रतिदिन हुने घटना निर्माण सामाग्रीले पनि जोडिरहेका छन् । यो कुरालाई विशेष गरी अहिले त हाम्रो प्रदेशमा एउटा सम्बन्धित मन्त्रालयनै खाली छ भौतिक पूर्वाधार मन्त्रालय नै खाली छ । त्यो जिम्मेवारी मुख्यमन्त्री कार्यालयमा छ । मुख्यमन्त्रीज्यूले लिनु भएको छ तर यो यस्तो भैरहँदा पनि किन हाम्रो यो सरकार यो प्रति गम्भीर छैन । यो गम्भीर कुरालाई म विशेष गरी सभामुखमार्फत प्रदेश सरकारलाई म ध्यानाकर्षण गराउन चाहन्छु, धन्यवाद् ।

**माननीय सभामुखः-** माननीय श्री बदमी क्वारी बोहरा यसपछि माननीय श्री ठम्मर बहादुर विष्ट तयार रहनुहोला ।

**माननीय श्री बदमी क्वारी बोहराः-** माननीय सभामुख महोदय, पाचौं अधिवेशनको पाँचौ बैठकमा विशेष समयमा म केही विकाससम्बन्धीका कुराहरू राख्न चाहन्छु । सभामुख महोदय, संसदमा सबैभन्दा कम बोल्ने माननीयको लिष्टमा पर्ने माननीय र धेरै कुरा बोलेको कार्यान्वयन नहुने मध्येको माननीय म मैले जिल्लाका कुराहरू धेरै पटक उठाए । मान्छेहरू हिमपहिरोमा परेर ज्यान गुमाए कतिले कति बाढीपहिरोमा परेर मान्छेले ज्यान गुमाए प्रदेश सरकारको ध्यानाकर्षण गराउदा खेरि प्रदेश सरकारको ध्यानाकर्षण भएको छैन । यो बोलेका कुराहरू सरकारले सुनुवाइ नगरेपछि धेरै बोल्न मन पनि लाग्दैन रहिछ । बोल्नै नजानेर नबोलेको पनि हैन । सरकारसँग सरकारले गरिराखेका गतिविधिसँग हामी सामेल छौं । सरकारले गरिराखेका कामकाजप्रति हामी

हेरि राखेका छौँ, नियालि राखेका छौँ । कसरी सरकाले काम गरिराखेको छ हामी बिहान बेलुका ती जनताका माझमा गएर पनि हामी समावेश भएका छौ र प्रदेशमा सरकारमा सदनमा बसेर पनि हामी ले नियाली राखेका छौँ कि हामी बोल्न नजानी, भन्न नसकी, गर्न नसकी चुप लागेका होइनौ । हामी आज कर्णाली प्रदेशको सरकार संघीयताको पहिलो प्रदेश सरकार सरकारका गतिविधि बिस्तारै सक्सेस होलान् । सरकारले राम्रो काम गर्ला बाहिर भन्ने मान्छेहरूका प्रतिपक्ष दलले गरेका कुराहरूमा जस्तै बाहिर कुरामा सरकार नजाला भन्ने किसिमले हामीले सल्लाह सुझाव बेलाबेलामा आफूले जानेका, बुझेका कुराहरू हामी सरकारलाई सुझाव दिदै राखेका छौँ र सरकारले गर्दै नगरेको कुरा चाही हैन आज विकासका कुरामा जाने हो भने समाजिक विकास मन्त्रालयले गरेका काममा हामी बहुत खुसी छौँ र जनता पनि सुखी छन् । त्यस्तै गरी कृषिका केही काममा जनता केही खुसी छन् । पर्यटनका गरेका केही काममा जनता खुसी छन् केही काम चाही बाँकी छ । भौतिक पूर्वाधारका विकासका कार्यक्रमहरू र पर्यटनका केही कार्यक्रमहरू विधि र विधानमा संविधानमा सजिला शब्दहरू छन्। विधेयकमा कार्यविधिमा सजिला शब्दहरू छन् तर घुमाउरो पाराले जनतालाई दुःख दिईराखेको अवस्था देखिन्छ । कर्मचारीमार्फत होस् या कार्यालयमार्फत होस् घुमाउरो पाराले सानातिना विकासमा पनि धेरै टाईम लागाउने विकास समयमा नगर्ने । बजेटहरू समयमा कार्यान्वयन नगर्ने, सम्झौता नगर्ने, जनतालाई दुख दिने काम चाही भैराखेको छ। यसमा सभामुखज्यू मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र भौतिक पूर्वाधार विकास मन्त्रालयका विकासहरूमा चाही धेरै कर्णाली प्रदेशका १० जिल्लामा त्यस्तै सबै ठाउँबाट उस्तै रिर्पोटहरू आएको छ । कि त प्रदेश सरकारका मुख्यमन्त्री नै भौतिक मन्त्री हुनुहुन्छ अहिले कि त राम्रोसँग क्रियाकलापलाई अगाडि बढाउनु पर्‍यो कि त संसदमा अरु त्यस्तो दक्ष, इमान्दारी, कर्तव्यनिष्ठ काम गर्ने कोही मान्छे छैन भनेर किटान गर्नु पर्‍यो, कि त मन्त्रिमण्डल विस्तार गर्नु पर्‍यो । मेरो जोडदार माग छ किनकि काम धेरै अल्झियो जनताका कामहरू पछाडी परे त्यसैले यो भौतिक पूर्वाधार विकासका कामहरू छिटो अगाडि बढाउनका लागि प्रदेश सरकारले कि त गति लिन पर्‍यो कि त मन्त्रिमण्डल विस्तार गर्नु पर्‍यो र दक्ष मान्छेलाई राम्रो काम गर्न सक्ने मान्छेलाई मन्त्री बनाउनु पर्‍यो मेरो माग सभामुखज्यू मार्फत् प्रदेश सरकारको सम्बन्धित मन्त्रालयलाई जोडदार माग गर्न चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री ठम्मर बहादुर विष्ट

**माननीय श्री ठम्मर बहादुर विष्टः-** माननीय सभामुख महोदय, विशेष गरी मैले सुर्खेतको सन्दर्भमा जनता आवासको कुराहरूलाई झण्डै यो हिउँदे अधिवेशन सुचारु हुने बेलादेखि नै मैले त्यो उठाएको थिएँ । सम्भवतः त्यसको जवाफ अहिलेसम्म पाइराखेको अवस्था छैन र अब यहा एउटा गम्भीर समस्या के आयो भने अगाडिको सरकारले जतिखेर

२०७३/०७४ तत्कालीन गा.वि.स. वा नगरपालिकाहरूले यो वन गा.वि.स. वा नगरपालिकाहरूले केही चाहि सिफारीस गऱ्यो भने घर बनाउने स्थितिहरू त्यहाँ भएछ । अब अहिले आएर मेरो आफ्नो क्षेत्रको नेतृत्वमा त्यहाँ बैठक पनि बस्यो कर्मचारीज्यूहरूले अब हामी सक्दैनौ । ऐलानीमा त घर कसरी र मतलब जनता आवासको कुराहरू भन्ने भैसकेपछि ठीक छ त लगत उठाउँ । लगत लिन जानु भएको छ तर त्यहाँ गम्भीर समस्या के आयो भने ५० प्रतिशत झण्डै धेरै त्यहाँ तपाईको जनताहरूको जग्गा छैन । त्यसो हुँदा मैले पहिला पनि जोडदार रूपमा राखेको थिए । अहिले पनि मैले यहाँ सभामुखमार्फत् मैले अनुरोध गर्न चाहन्छु, विशेष गरी त्यो यूनिट भनेको भौतिक योजना मातहतमा छ । त्यसकारण त्यसको व्यवस्था के हो गर्नुपर्ने किनकि जनता आवास भनेकै गरिव लक्षित, दलित लक्षित, उत्पीडित लक्षित हो भने जब कमसेकम जग्गा हुनेले त आफ्नो व्यवस्था गरिहाल्छ नि करिब ४/५ वर्षमा त्यसकारण तत्कालै यसको व्यवस्था के हो त्यो जवाफ दिनु पऱ्यो । हामीलाई एकदमै डे टु डे जनताहरूले त्यसमा प्रश्न गरिराख्नु भाछ र हाम्रो चाहि भविष्य के हुने भन्ने विषयमा प्रश्न सोधि राख्नुभाछ । त्यसकारण यो विषय मैले यहा सभामुखमार्फत भन्न चाहे। दोस्रो कुरा भनेको यहीसँग सम्बन्धित रहेर माननीयजी हामी निरन्तर संसदमा आएदेखी उठाइराखेका छौं बाढीपीडितको कुरा भर्खरै पनि माननीयजीले यहाँ उठाउनु भयो । यो सँगसँगै यो विषयलाई प्याकेजमा हल गरियोस्, कसरी हल हुन्छ ? जनता आवास र बाढीपीडितको कुरा किनकी त्यहाँ पनि जग्गा नहुने ले त नपाउने भयो ।आखिरी जुन एकदमै उत्पीडित वर्ग हो त्यसले नपाउने भै सकेपछि त्यस्को अर्थ के हुन्छ । त्यसकारण यो हाम्रो सरकारमाथि हाम्रो परिपाटीमाथि हामीले भन्यौ । गणतन्त्र अझ प्रगतिशिल, अझ क्रान्तिकारी सरकार हिजोको तुलना गर्दा हिजोको जतिकै पनि दिन हुन नसक्ने भएपछि त हामीलाई त गाउँमा प्रश्न उठिसक्यो नि । आफ्नो निर्वाचन क्षेत्रमा त्यसकारण सरकारले कहि न कहि यसको सोलुसन खोजेर तत्कालै यसको जवाफ चाहियो । प्रश्न मात्रै उठाउने विशेष समय उठाउने, जवाफ चाही विशेष नआउने भयो के प्रश्न विशेष भयो जवाफ पनि विशेष चाहियो । हामीलाई त्यसकारण यसकोलागि मैले चाहि अनुरोध गर्न चाहन्छु । दोस्रो कुरा भनेको अब यो कोरोना कोरोना भन्ने कुराहरू आईराखेको छ । विश्वव्यापीरूपमा फैलिराखेको छ । हामीले यहाँ चाही धेरै कुरा पनि उठाएका छौं । आज संयोगले हाम्रो समाजिक विकास मन्त्री यहाँ हुनुहुन्छ । २/३ वटा काम गरौ जस्तो मलाई लाग्छ । एउटा चाहि यो ५ नं. प्रदेश, सुदुरपश्चिमदेखी लिएर चाइनाको नाकाहरूलाई अहिले हामीले त्यहाँ चुस्त बनाउ त्यसलाई कमसेकम नाकामा कडाई गरौं, दास्रो कुरा भनेको झ्याप्पै अहिले चाही रोग कतिखेर कहाँचाहि के हुन्छ भन्ने थाहा हुदैन । कर्णाली झ्याप्पै २/४ जना १०/२० जना मान्छेमा देखा पऱ्यो भने कहाँ लगेर राख्ने प्रदेश अस्पतालमा लगेर राख्न त मिल्दैन त्यसको त आफ्नै नियम छ । ल त्यो त

अरुलाई सर्छ त्यस्तो छ कि छैन जवाफ चाहियो हामीलाई । तेस्रो कुरा भैहाल्यो भने माक्स देखि लिएर अरु कुरा अब यहाँ त धर्मशास्त्रमा एउटा भनाइ पनि छ नि सर्पले त नटोकेको तर यसो चिमोटदाखेरि तलाई कालडोमेनी सर्पले टोकेको छ भन्दाखेरि मान्छे मरेको छ यहाँ । हामीले हेरेका छौं नि अहिले यस्तो आतङ्क भैगो कि औषधी छैन । लाग्यो भने त मान्छे मर्नुको सिवाय नै छैन । अझै के के हुने हो यो त संसारै भ्याईने हो कि भन्ने पनि यतातिर खतरा आइराख्या छ । सायद अहिले विश्वभरिको तथ्याङ्क हेर्दा जति पनि मान्छे मरेका छन् त्यो भन्दा १० औं गुना बढी मान्छे मरेका छन् भन्ने भनाइ आएको छ । अब इरानको सरकारको मुख्य सल्लाहकार चाइनाको ठूलठूला स्वास्थ्यका निर्देशकहरू मरिसके भने के हामीलाई बचाउने हो त्यसकारण तत्कालै हामीले गर्न सक्ने त गरौं । यसको लागि मैले मन्त्रिज्यूको सभामुखमार्फत ध्यानाकर्षण गर्न चाहे तत्कालै यसक्नो जवाफ चाहिए २४ घण्टा भित्र किनकि जीवन र भविष्यको स्वास्थ्यको कुरा छ । त्यसकारण यो कुरा मैले राखे । दोस्रो कुरा यो सँगसँगै यहाँ धेरे कुराहरूचाहि उठिराख्या छ । पोहोर यही स्वास्थ्यसँग जोड्दा डयाङ्गो चाहि मच्चिराख्या थियो डयाङ्गो ले आतंकित थियो यहाँ ढोका हेर्दाखेरि जाली छैन कालडोमिनी सर्प फन्का मारेर आयो भने दौडिने स्थिति हुनेछ । सबै रोग भनेको त्यही मच्छरबाट सर्दछ । यो कोरोनादेखि लिएर सबै यो कुरा हामीले गरौं र यहा यो क्यान्टिन छ यसको सरसफाईको कुरा त छदैछ । यसलाई अलि उता राखौ कमसेकम १०० मि. उता यसको भवन देखी उता राखौं यहा लक अफ गरौं । मैले यसो हेरे म अलिकित सरसफाईसँग सैन्य विषयसँग जानकार त नभनौं तर म त्यस्को विद्यार्थी भा हुनाले न सि.सि.टि.भि. छ न केही छ । मलाई लाग्छ यहाँ कुनै ठूलै हतियारधारी समूह आउनु पर्दैन ५ मिनेटमा हाम्रो सबै ध्वस्त हुन्छ । यहाँ अत्याधुनिक समूह छिर्दा बित्तिकै किनकि यहाँ तारबार पनि छैन, त्यो कुनै चाहि तपाईको उ पनि छै न बाबा घटना त जतिखेर जहाँ पनि हुन सक्छ नि त्यसकारण घटना दुर्घटना भनेको बाजा बजाएर आउने पनि हैन । त्यसकारण सुरक्षा सल्लाहकारको छ हाम्रो संसद हेर्ने अथवा सरकारले कसलाई नियुक्त गरेको छ । स्वास्थ्यको सम्बन्धमा के छ । यो सन्दर्भमा तत्कालै अब सबैकुराहरू स्वास्थ्यदेखि यो सुरक्षादेखि सबै कुराको जवाफ यो फेरि चाही तपाईको अत्यन्तै तपाईको यो जनजीवनसँग जोडिएको हुनाले सभामुख मार्फत २४ घण्टाभित्र सरकारले विशेष समयमा जरुरी कुरा उठाइ राखेको छ, विशेष जवाफ चाहियो, धन्यवाद ।

**माननीय सभामुखः-** माननीयहरू विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई

कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ सभासमक्ष टेबुल गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिह बुढाः-** माननीय सभामुख ज्यू, नेपालको संविधानको धारा ५१(६) मा वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भाग वन क्षेत्र कायम राख्ने भन्ने व्यवस्था रहेको र संविधानको अनसूची-६ को क्रम संख्या १९ मा राष्ट्रिय वन, जल उपयोग र वातावरणीयसम्बन्धी विषय उल्लेख भएको र संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनसूची-६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेश भित्रको राष्टिरय वनलाई वातावरणीय सन्तुलन का लागि आवश्यक भू-भागमा वन क्षेत्र कायमराख्न र सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वनको संरक्षण, संवर्धन एवं दिगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको सहज आपूर्तिमार्फत वन पैदावरमा आधारित उद्योगहरूको प्रर्वधन, भू-तथा जलाधार संरक्षण, जैविक विविधता तथा जडीबुटी र पर्यापर्यटनको व्यवस्थापनबाट प्रदेशको समृद्धि र स्थानीय समुदायको जीविकोपार्जनमा योगदान पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वन विकास र प्रवर्धनको लागि कानूनी व्यवस्था गर्न आवश्यक भएकाले कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र व्यवस्था गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ मा भएको व्यवस्थाअनुसार कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ सभा समक्ष टेबुल गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू नेपालको संविधानको धारा ५१(६)मा नेपाल का ऐतिहाशिक सांस्कृतिक धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान संरक्षण, प्रवर्धन एवं प्रचार प्रसारमार्फत र राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको पर्यावरण उद्योगको विकास गर्ने र पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्न तथा पर्यटन उद्योगको लाभ वितरणमा जनतालाई प्रथमिकता दिने भन्ने व्यवस्था रहेको र नेपालको संविधानको अनसूची-६ को क्रमसंख्या ४ मा सेवा शुल्कलगायतका विषय उल्लेख भएको साथै नेपालको संविधान धारा ५७ को उपधारा २ मा त्यस्को अधिकार २ अनसूची ६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानूनबमोजिम हुने छ भन्ने व्यवस्था रहेकोले प्रदेश भित्रका पर्यटन क्षेत्रका प्रर्वधन र विकासका लागि पर्यटकीय सेवाहरूको अनुगमन गरी स्वदेशी तथा

विदेशी पर्यटकको सुविधा तथा हित प्रदेशको आर्थिक विकास गर्न सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकाले कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०७६ प्रदेश सभा नियमावली २०७४को नियम १०५ बमोजिम सभासमक्ष टेबुल गर्दछु, धन्यवाद् ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब यो बैठक २०७६ फाल्गुन २३ गते शुक्रवार दिनको ३:०० बजे सम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन २३ गते

शुक्रवार

(बैठक संख्या-६)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशस भाको पाचौं अधिवेशनको छैठौं बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू यस सभाको पाचौं अधिवेशनको विभिन्न बैठकहरू को विशेष समयमा माननीय सदस्यहरूले सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित विविध विषयमा उठाउनु भएका जिज्ञासा एवं प्रश्नको सम्बन्धमा जवाफ दिन सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु।

**सामाजिक विकास मन्त्री माननीय दल रावलः-** माननीय सभामुख महोदय सर्वप्रथम यो गरिमामय सदनमा हाम्रो मन्त्रालय सामाजिक विकास मन्त्रालयसँग सम्बन्ध जिज्ञासाहरू सुझावहरू जुन माननीय सदस्यज्यूहरूले राख्नुभयो त्यो राखिएको जिज्ञासाहरू नै प्रस्ट पार्नका निम्ति यो समय उपलब्ध गराउनु भएकोमा माननीय सभामुखज्यूलाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । लोकतन्त्रको अति नै गतिशील हलो र सुन्दर फूलबारी नै सदन हो । यो सम्मानित सदनले उठाएका कुराहरूमा सरकारलाई अझ गतिशील बनाउन, अझ पारदर्शी बनाउन बनाउनको निम्ति माननीयज्यूहरूले आफ्ना भावनाहरू राख्ने गर्नु हुन्छ म यो भावनाप्रति उच्च कदर गर्दै र सम्मान गर्दछु र हाम्रो मन्त्रालयसँग सम्बद्ध केही कुराहरू माननीयज्यूहरूले उठानुभएको छ । अब अहिले नियमित कामहरू भन्दा पनि अहिले आइलागेको संसारभरी यो कोरोना virus भन्छौं यो रोगको प्रतिकार्यको सरकारको तयारी के हो ? भन्ने कुरा नै माननीयज्यूहरूले विशेष गरी उठाउनु भएको छ। यसै गरी बजेट कार्यान्वयनका विषयहरूका सन्दर्भमा माननीयजीहरूले आफ्नो धारणा राख्नु भएको छ र त्यसैगरी मैले समालेको मन्त्रालय जनताको अत्यन्तै प्रत्यक्ष सरोकार राख्ने मन्त्रालय भएकोले योसँग जोडिएका केही विषयहरू माननीयहरूले राख्नु भएको छ। यसलाई हार्दिकताका साथ सराहना गर्दै मचाहिँ केही स्पष्ट पार्ने अनुमति चाहन्छु । बजेट कार्यान्वयनको अवस्था अलिकति कमजोरी छ । हामीले पहिले चौमासिकमा ONM संगठन संरचना निर्माण गर्न थाल्यौं । त्यो भएको नाताले पहिले चौमासिकमा हामीले खर्च गर्न सकेनौं हामीले बजेट

कार्यान्वयन गरी करिब दोस्रो चौमासिकबाट सुरु गऱ्यौं । सुरु गर्दा माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु माननीय सभामुखज्यूमार्फत हाम्रो चालु तर्फको बजेट आजका दिनसम्म २४.१७ प्रतिशत खर्च भएको छ । हाम्रो मन्त्रालयको यसैगरी पूँजीगत तर्फको बजे १५.२ प्रतिशत बजेट आजका दिनसम्म खर्च भएको छ । यो चौमासिकमा लक्ष्य अलिकति माथि राखेका थियौं । यो अझै पनि भुक्तानी दिने महिना हो। भुक्तानी दिनु हुन्छ साथीहरूले अहिले पनि खर्च बढ्छ होला हामीले यो दोस्रो चौमासिकको समीक्षा पनि फेरि पनि हामी माननीय सदस्यहरूलाई सम्मानित सदनलाई जानकारी गराउन लाई तर आजसम्म स्थिति यो हो र विशुद्ध रूपमा कर्मचारी अभावका कारणले हामीलाई अलिकति समस्या छ हाम्रो मन्त्रालयमा १०७० जनाको स्वीकृत दरबन्दी छ यस मध्येमा जम्मा पदपूर्ती ४७३ जना अथवा ४४ प्रतिशत मात्रै कर्मचारी हामीसँग छन् ५२७ जना रिक्त छ । जो ६६% कर्मचारी हामीसँग रिक्त हुनुहुन्छ । यसैका लागि हामीले कर्मचारीहरूको करार भर्ना लिने क्रमचाहिँ सुरु गरेका छौं र कर्मचारी भर्नाका विषयहरूमा माननीयज्यूहरूबाट उठेका थिए, त्यो मैले सुनेको छु । हामीले प्रदेश सरकारले बनाएको कार्यविधी अनुसार नै कर्मचारी भर्ना गरेका छौं । म प्रस्टरूपमा आग्रह गर्न चाहन्छु माननीय सदस्यहरूलाई हामीले सकेसम्मका मान्छेहरू जुन काम गर्न सक्छन् ती मान्छेहरू सक्षम मान्छेहरू नै नियुक्ति गरेका छौं र फेरि पनि नियुक्ति गर्ने प्रक्रियामा छौं म यो सम्मानित सदनमार्फत हाम्रो माननीय सभामुखज्यूमार्फत यो सदनलाई म जानकारी गराउन चाहन्छु । यसै गरीकन अब यो अहिले तत्काल उठेको विषय छ संसारका करिब करिब ३६ भन्दा बढी राष्ट्रहरूमा यस्ले प्रकोपको रूपमा महामारीको रूपमा अगाडि बढेको छ। हाम्रै छिमेकी देश चीनबाट यो उत्पन्न भएको महामारी आज संसारभरि फैलिएको छ। हामी भाग्यशाली भाग्यमानी छौं । आजका दिनसम्म नेपालमा एउटा मात्रै केश Identify भएको यो पनि सन्चो भएर फर्केको अवस्था छ अहिले त्यस्तो छैन र कर्णाली प्रदेशमा आजको दिनसम्म यसले यस्तो भेटिएको छैन तर पनि हामी पूर्वतयारी रहनु चाहिँ सरकारको सम्मानित सदनको आम नागरिकको चाहिँ दायित्व हुन्छ । त्यो भएको नाताले पनि प्रदेश सरकारले उचित रूपमा तयारी गरेको म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । हामीले यो अस्ति डोल्पाको त्रिपुरासुन्दरी वडा नम्बर १ को करेली काँडामा अलिकति एक डेढ सय मान्छे बिरामी भए भन्ने खबर आइसकेपछि माननीयज्यूहरूले यो सदनमा कुरा उठाइ सकेपछि हामीले तत्काल चिकित्सकसहितको स्वास्थ्यकर्मीको टिम र आवश्यक औषधिसहित हेलिकप्टर त्यो स्थानमा हामीले पठायौं । सदनमा कुरा उठेको पछिल्लो

दिनमै त्यहाँ यसको रेस्क्यु गरियो र पठायौं यहाँको एक-दुईजना अलिकति बढी नै बिरामीको  स्याम्पल केन्द्रीय ल्याबमा पुगेको छ । त्यो ल्याबमा परीक्षण भएर दुई दिनमा जानकारी आउला अन्य बिरामीको चिकित्सकहरूले स्वास्थ्य परीक्षण गर्नु भएको छ। त्यस्तो अरु केही रोग नभएर अलिकति कडा खालको रुघाखोकी हो भन्ने ढंगले चिकित्सकहरूले हामीलाई जानकारी दिनु भएको छ । त्यो भएको नाताले त्यहाँका दाजुभाइलगायत सम्पूर्ण कर्णालीवासी नागरिक नआत्तिदा हुन्छ भन्ने म आग्रह गर्न चाहन्छु। त्यसै गरी हुम्ला जिल्लाको हिल्साबाट जुन ताक्लाकोट बजार छ । अहिले पनि डेढसय जना नेपाली त्यहाँ हुनुहुन्छ भन्ने खबर छ । त्यहाँबाट एक जनालाई अलि अब आफ्नो देश फर्कियौं भन्ने भो भागेर आउनु भएछ।  आउँदाखेरि चाहिँ साढे चार हजारको नारालेक पर्दछ त्यो उचाइमा अत्यन्तै बढी हिउँ छ। त्यत्रो हिउँमा पनि उहाँचाहिँ आइसकेपछि त्यो हिउँमा धेरै ५/६ घण्टा नै हिउँमा हिड्दाखेरि हिउँले खुट्टा खान्छ । त्यो  खुट्टामा एकदम अप्ठ्यारो परेको असर परेको नाताले  त्यो ज्वरो आएको हो । यो त्यस्तो अरु केहि भाइरस होइन । त्यो मान्छे सिमिकोट पुगिसक्नु भएको छ र उपचारका लागि तल आउनुहुन्छ । त्यो पनि म चाहिँ सम्मानित सदनलाई आग्रह गर्न चाहन्छु । त्यो पनि त्यस्तो केही पनि रोग होइन हामीले चाहिँ विशेष तयारीका लागि प्रदेशमा माननीय मुख्यमन्त्रीज्यूको नेतृत्वमा एउटा प्रदेश निर्देशन समिति गठन भएको छ । यसै गरी मेरै नेतृत्वमा कार्यकारी समिति गठन भएको छ । हामीसँग मेडिकल पर्सनहरू पनि हामीले राखेका छौं । त्यो सँगसँगै चाहिँ सचिवहरू पनि हुनुहुन्छ र थुप्रै कन्सर्न स्टेपहरू राखेर हामीले चाही दुईवटा कमिटि बनाएका छौं । नीतिगत निर्देशन चाहियो माथिल्लो निर्देशक समितिले गर्छ र कार्यकारी भूमिका मेरो नेतृत्वमा भएको समिति छ त्यसले गर्छ र हामीले दुईवटा समिति पनि हामीले छिट्टै गठन गरि सक्यौं । यसपछि कर्मचारीहरूलाई स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारीलाई हामीले बिदा नदिने र बिदामा बसेकालाई पनि फर्काउने निर्णय गरेर निर्देशन गरिसकेका छौं । हाम्रा मातहतका संरचनाहरूमा तालिम गोष्ठी कहिँ पनि सञ्चालन नगर्ने र केन्द्रीय सरकारले पनि नगर्न अनुरोध गरेर हामीले त्यो पनि व्यवस्था गरिसकेका छौं र यो प्रतिकार्यका लागि चाहिँ त्यो स्वास्थ्यका जनशक्ति तयार होस् भनेर हामीले यो कामहरू गरेका छौं । यो भएको नाताले हाम्रो संरचनाका कर्मचारीहरूलाई स्पष्ट निर्देशन भएको हुनाले अब तालिम, गोष्ठी, केन्द्रका सेमिनारहरूमा जादैनन् र बिदामा बस्दैनन् ती सबै स्वास्थ्यकर्मीहरूसँग हामीसँग मौजुदा जति छन् यो प्रतिकार्यमा जुट्छन् र यो prepration यो जुन डिजास्टर आउँदैछ भन्ने छ यसका लागि

फुल्ली प्रिपियर भएर बसेको म चाहिँ माननीय सभामुखज्यूमार्फत सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । यसै गरीकन प्रदेश अस्पतालमा छुट्टै हामीले जुन नयाँ विल्डिङ छ, त्यहाँ मान्छेको आवतजावत हुँदैन । यहाँका पाँचवटा कोठामा पाँचवटा isolate वार्डका रूपमा हामीले व्यवस्था गरिसकेका छौँ । यसैगरी अर्को त्यसैको अर्को बिल्डिङको एउटा हरूमा हामीले क्वारेन्टाइनको पनि व्यवस्था गरिसकेका छौँ । त्यस्तो केही आइलाग्यो भने क्वारेन्टाईनको पनि व्यवस्था भइसकेको छ । १० वटै जिल्लाहरूमा १० वटै जिल्लाका अस्पतालहरूलाई पनि भनेका छौँ यहाँको सानो भए पनि एउटा बेड भए पनि व्यवस्था गर्नु अलग बस्नु भनेर हामीले निर्देशन गरेका छौँ । त्यो भएको नाताले हामी त्यतातिर पनि सचेत छौँ भन्ने चाही म सभामुखमार्फत सम्मानित सदन र माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु र हामीले यो हेल्प डेक्स राख्ने निर्णय हामीले गरिसकेका छौँ । सुर्खेतको विमानस्थलमा एर्यपोटमा हिजोदेखि हामीले सुरु गरिसक्यौँ र त्यसपछि हामीले यो हुम्लाको हिल्सा त जान सकिँदैन अहिले हिउँ छ हिल्सा नजिकैको याल्वाङमा चाहिँ हामीले राख्ने त्यहाँ फ्रिक्वेन्सी बढाउन सक्छ । मान्छेहरू यसरी भागेर आए भने अप्ठ्यारो पर्छ भनेर त्यसपछि दाङबाट माथि आउने कपुरकोटको इलाकामा अर्को हेल्प डेक्स राख्दै छौँ । त्यसपछि त्यो भेरीबबईबाट जुन यो नेपालगन्ज काठमाण्डौबाट आउने जुन यात्रुहरू हुन्छन् त्यो बबईमा पनि अर्को हेल्पडेक्स राख्दै छौँ । यसपछि यतातिर कुईने पानी यता यो बर्दियातीर आउने हुनाले यतातिर पनि हेल्पडेक्स हामी राख्दै छौँ । यो निर्णय गरिसकेका छौ । बबईको कुहिनेघाट भन्दो रैछ, यहाँ यो चिसापानीको नाका भएर आउने मान्छेहरूलाई हामीले हेर्नलाई र अहिलेचाहिँ उत्तरतिर मुगु र डोल्पाका नाकाहरू सिजनल नाका भएकोले open भएको हुनाले अहिले हामीले यहाँ राख्या छैनौ । पछि त्यस्तो अझै बढ्दै गयो भने जेठ पछि मान्छेहरू आवतजावत गर्न थाल्छन् हामीले व्यवस्था गर्दै छौँ। त्यसैले हुम्लाका ती दुई नाका पनि सिजनल नाका हुन् । यो अहिले खोल्दैनन् करिबकरिब त्यो असारपछि खोल्ने हुनाले यदि पछि राख्नु पर्‍यो भने पछि व्यवस्था गर्छौं । अहिले हामीले तत्काल गर्नुपर्ने ठाउँका ५ वटा नाकामा हामीले हेल्पडेक्ससहित चिकित्सक र एउटा स्वास्थ्य टोली त्यहाँ राख्दै त्यस्तो केही फिलिङ्ग भएको सिन्ट्रोम देखिएका बिरामीलाई हामीले चाहिँ त्यही चेकअफ गर्छौ । हामीसँग त्यो नछोएरै चेक गर्ने एउटा थर्मोमिटर हुन्छ त्यहाँ त्यसरी चाहिँ यात्रुहरूलाई चेक गरिन्छ । हिजो पनि हामीले एर्यपोटमा गर्‍यौं, त्यसबाट अलिकति टाईफाइड भयो भने फ्लोअप गर्छौं । यदि त्यस्तो भेटियो भने अब त्यो रोगै भेटिने भन्दा पनि अलिकति

रुघाखोकी लाग्यो त्यस्तै केही Syntrom भेटियो भने हामीले अलिकति फ्लोअप गरेर फरदर ट्रिटमेन्ट गर्ने गरेर व्यवस्था गरी आवश्यक औषधी, आवश्यक माक्स हरूको व्यवस्था त्यस्तो पनि हामीले गरिसकेका छौं र म सम्मानित सदनलाई के जानकारी गराउन चाहन्छु भने अहिले एउटा यो महामारी आएर भनेर एउटा आतङ्क कै रूपमा चाहिँ बढेको म भेट्छु, देख्दछु । यस्तो नमान्न आम नागरिकलाई चाहिँ माननीय सभामुखमार्फत माननीय सदन मार्फत नागरिकलाई म अपिल आग्रह गर्न चाहन्छु । हामी सचेतचाहिँ बनौं हामी चाहिँ अलिकति यो कारणले भाइरसलाई लाग्छ भन्ने जुन छ यो जानकारी सूचना प्रत्येक स्कुलमा प्रत्येक नागरिकका घरदैलोमा पुऱ्याउने अभियानमा हामी छौं । हामी सबै पुग्यौं तर यी सबै आतङ्कित र भयभीत हुनु हुँदैन वास्तवमा यसको मोडालिटी यसको मान्छेको मृत्युदर पनि एकदम न्यून छ । यो त्यस्तो साह्रै आक्रमण रोग पनि हैन अलि टाईममै यसको उपचार गर्न सक्यौं भने यो नियन्त्रणमा आउन सक्ने रोग हो। त्यो भएर भयभीत नहुन सचेत हुन मचाहिँ आग्रह गर्न चाहन्छु । सम्मानित सदनमार्फत किन भने यो अलिकति मिडियामा देख्ने बित्तिकै आत्तिने के-के न भइहाल्यो भने जस्तो अलिअलि भ्रमचाहिँ बाहिर आउने देखिएको छ । यो चाहिँ म माननीय सभामुखज्यूमार्फत सम्मानित सदन र यसमार्फत पनि आमनागरिकलाई कर्णालीवासीलाई म आग्रह गर्न चाहन्छु । सरकार तपाईंहरूको साथमा छ, स्थानीय सरकार तपाईहरूको साथमा छन्, संघको सरकार अत्यन्तै गतिशील रूपमा यस विरुद्ध लागिसकेछ । हामी तीनै तहका सरकार छौं त्यो भएका नाताले हाम्रा नागरिकहरू आत्तिनु पर्दैन तर अलिकति सरसफाइमा बस्ने अलिकति, हात नमिलाउने, रुघाखोकी लाग्यो भने माक्सको प्रयोग गर्ने, जस्ता कुराहरू हामी गरौं पूर्व सचेतना अपनाउ तर पनि आत्तिनु चाहिँ पर्दैन नआत्तिदिन हुन म चाहिँ आग्रह गर्न चाहन्छु र अन्य जिल्लाका अस्पतालहरूमा पनि हामीले औषधी व्यवस्था गरिसकेका छौं केही बजेट हामी त्यहाँ पठाउँदै छौं । परिहाल्यो भने पनि छिटोभन्दा छिटो हामीले त्यसको रेस्क्यु रेस्पोन्स गर्न पनि हामी तयार छौं । म यति चाहिँ जानकारी गराउन चाहन्छु यसै गरी बजेट कार्यान्वयनका चुनौतीहरू छन् माननीयज्यूहरू अब यहाँहरू जानकारै हुनुहुन्छ । मैले अघि पनि भनिहाले कर्मचारीको तेत्तिकै अभाव छ। अब हामीले त्यही भएर अब त्यो केही करारका कर्मचारी नियुक्ति गर्दैछौं।स्पिड अब होला तरभए पनि हामीले पूर्वाधारमा बढी बजेट भएको पूर्वाधारसँग मान्छेहरू म नभै दिएको भय समस्या यही छ । अहिले पनि हामीले DPR गरेका विल्डिङ्गहरू पनि टेन्डरमा जान सकेको अवस्था छैन । यति सम्मको समस्या अलिकति छ । अब हामी स्वाभाविक ढंगले आवश्यकता थियो

पूर्वाधारमा बढी फोकस गऱ्यौं, पूर्वाधारमा हाल्यौं, पूर्वाधारका खर्चहरू अहिले पनि न्यून उपस्थिति न्यून नै छ । अहिले पनि हाम्रा चाहिँ मैले भनिहालें हुन त अब हाम्रो चालुतर्फ कै खर्च हुने मन्त्रालय हो तर हाम्रो चालु र पुजिगत को उस्तै-उस्तै छ । २४ प्रतिशत चालु र १५ प्रतिशत पुँजिगतको खर्चको आधारले अगाडि बढेको छ । यो भनेको हाम्रो सामाजिक विकास मन्त्रालयको नेचर नै वास्तवमा पुँजीगत भन्दा हुने भए पनि पुजिगत खर्च पनि एकखालको उसमा गएकै छ । अझै पनि तीव्रता दिनको निम्ति माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु आफ्ना-आफ्ना निर्वाचन क्षेत्रमा अत्यन्त राम्रो अनुगमन गर्दिन म आग्रह गर्न चाहन्छु । उहाँहरू नै हो अब वास्तवमा यहाँ विकासको मूल साझेदार, भागेदार, नेतृत्वकर्ता, जे भनौ उहाँहरू नाताले म हार्दिकताका साथ आग्रह गर्न चाहन्छु । माननीय सभामुखज्यूमार्फत माननीयज्यूलाई यहाँको विकास निर्माण पारदर्शी भयो कि भएन अलिकति त्यहाँका उपभोक्ताहरूको हुन् अथवा त्यहाँका कुनै पनि संरचना हुन के भयो या भएन प्रदेश सरकारका संरचना जवाफदेही भएकी भएनन् माननीयज्यूहरूले पनि अलिकति निगरानी गरि दिएर अनुगमन गरी दिएर सहयोग गरिदिनु हुन आग्रह पनि गर्न चाहन्छु । यति कुरा चाहिँ मैले राखे यती कुरा नै माननीयज्यूले उठाउनु भएको थियो वास्तवमा मलाई एकदमै पुग्ने गरी सामाजिक विकास मन्त्रालयलाई अझ गतिशील बनाउने गरी अझ पारदर्शी जवाफदेही बनाउने गरी माननीयज्यूहरूले जुन खालको सुझाव र सल्लाह दिनु भएको छ यसका लागि म चैं भित्रै हृदयदेखि नै सम्माननीय माननीय सभामुखज्यूमार्फत माननीयज्यूहरूलाई हृदययदेखि आभार प्रकट गर्दै बिदा हुन्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू नेपालको संविधानको धारा ५१ (६) मा वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने भन्ने व्यवस्था रहेको संविधानको अनुसूची ६ को क्र.सं. १९ मा राष्ट्रिय वन, जल, उपभोक्ता तथा वातावरणसम्बन्धी विषय उल्लेख भएको र संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकार प्रयोग संविधान र प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेशभित्रको राष्ट्रिय वनलाई वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम गरी राख्न सरकारद्वारा व्यवस्थित वन सामुदायिक

वन, कबुलियती वन र धार्मिक वनको संरक्षण संवर्धन एवं दिगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको सहज आपूर्ति मार्फत वन पैदावारमा आधारित उद्योगहरूको प्रवर्धन भू तथा जलाधार संरक्षण, जैविक विविधता तथा जडीबुटी र प्रार्य पर्यटनको व्यवस्थापनबाट प्रदेश समिति र स्थानीय समुदायको जीविको पार्जनमा योगदान पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वन विकास र प्रर्वधनको लागि कानूनी व्यवस्था गर्न आवश्यक भएकोले कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ को सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूका लागि समयको निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री सीता कुमारी नेपाली समय ७ मिनेट यसपछि माननीय श्री विन्दमान विष्ट तयार रहनु होला।

**माननीय सीता कुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफल गरिरहेका छौं। सर्वप्रथम यो विधेयक तयार गरेर यो गरिमामय सदनमा सैद्धान्तिक छलफलमा पुगेको छ । यसका निम्ति कर्णाली प्रदेशको सरकार उद्योग, वन, पर्यटन वातावरण मन्त्रालय र मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । विधेयक अझ अगाडि आउनु पर्थ्यो ढिलागरी भए पनि यो विधेयक आएको छ र आज हामी विधेयकको सैद्धान्तिक विषय माथि हामी छलफल गरिरहेका छौं र यसको दफावार विषयमा हामी पछि नि छलफल गर्नेछौं र यो विधेयकमा चाहिँ परिच्छेद १५ दफा ८७ वटा रहेका छन् र त्योभित्र थुप्रै विषयहरू समेटिएर आएको छ । हामीले सानो क्लासमा पढ्दाखेरि हरियो वन नेपालको धन भनेर पढ्ने गर्दथ्यौं । त्यो हरियो वन नेपालको धन साँच्चिकै प्राकृतिक हिसाबले हाम्रो नेपाल अत्यन्तै सुन्दर पनि छ । प्राकृतिक स्रोत र साधनका हिसाबले हामी असाध्यै धनी पनि छौं तर ती प्राकृतिक स्रोत साधनहरूलाई सही ढङ्गबाट उपयोग गर्न अझै पनि सकिरहेका छैनौं । हामीले ती प्राकृतिक स्रोत साधनहरूलाई सही ढङ्गबाट उपयोग गर्न सक्यौं भने अवश्य पनि हामीले वन क्षेत्रको संरक्षण परिवर्तन गर्ने मात्र हैन त्यसको उपयोग गरेर राष्ट्रिय आयमा यो क्षेत्रबाट धेरै प्रतिशत योगदान पुऱ्याउन सक्छौं । त्यसैले प्राकृतिक हिसाबले जुन सौन्दर्य छ त्यो सौन्दर्यको संरक्षण गर्ने कुरा र त्यो प्राकृतिक स्रोत साधनलाई चाहि उपयोग गर्ने गरी हामीले यस्ता ऐन कानूनहरू बनाउनु पर्ने हुन्छ र संघीय संसदले पनि वन संरक्षणसम्बन्धी ऐन बनाएको छ। त्यो ऐन २०३५ बाट थुप्रै पटक संशोधन भएर पछिल्लो २०७६ पनि आइसकेको छ र वन संरक्षणसम्बन्धी ऐन, २०७६ लाई आधार मानेर त्यो ऐनलाई

आधार मानेर त्यो ऐनका दफाहरूसँग नबाझिने ढङ्गबाट प्रदेशको ऐन आउनु पर्छ र आएको पनि छ । प्रदेशको ऐन बनाउँदै गर्दा संघको ऐन नबाझिने हुँदाहुँदै पनि प्रदेशको अनुकूलतामा प्रदेशको आवश्यकतामा पनि कतिपय कुराहरू आउनुपर्ने हुन्छ। त्यो अलि प्रर्याप्तरूपमा आएन कि भन्ने मलाई लागिरहेको छ । यसमा हामी दफावार छलफलको क्रममा दफा दफामा अध्ययन गरेर यहाँको अनुकूलतामा यहाँको आवश्यकतामा कहाँ के सम्भावना हुन्छ । त्यसलाई हामी पछि राख्ने नै छौं र सँगसँगै वातावरणसम्बन्धी ऐन पनि विधेयक पनि यो संसदमा दर्ता भएको छ । त्यो विधेयकमाथि सैद्धान्तिक छलफल गरेर ७२ घण्टा लागेर त्यो संशोधनको प्रक्रियाबाट त्यो अब यो संसदबाट समितिमा जान सक्छ वा यो गरिमामय संसदमा छलफल गरेर टुङ्गिन पनि सक्छ । यो वातावरणसँग सम्बन्धित ऐनसँग यो वनसँग सम्बन्धित ऐन पनि विधेयक पनि अन्तर्र सम्बन्धित छ र हामीले भनिरहेका छौं वन संरक्षण गर्दै गर्दा वनबाट हामीले धेरै आम्दानी पनि दिँदै छौं यसका निम्ति पर्या-पर्यटनको विकास गर्ने कुराहरू पनि होला वन पैदावारसँग सम्बन्धित उद्योगधन्दाहरू पनि होला हामीले सञ्चालमा गर्ने कुरा होला वन्यजन्तुहरूको पालन व्यावसायिक हिसाबले पालन गर्ने कुराहरू पनि होला सँगसँगै देखिएको छ र वन क्षेत्र भित्रका खाली जमिनहरूमा थुप्रै अन्य कामहरू गरेर पनि हामीले आर्जन गर्न सकिने कुराहरूको पनि त्यहाँ लेखेका छौं। यो लेख्दै गर्दा जस्तो वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कुरा त्यसपछि प्रारम्भिक वातावरण मूल्याङ्कन प्रतिवेदन बनाउने कुरा अब हरेक योजनामा बनाउने स्थिति बन्यो भने हामीले यो कर्णाली प्रदेशमा बन्ने क्षेत्रमा गरिने विकास, त्यो भौतिक पूर्वाधारको कुरा होला र विकास निर्माण सँगसँगै उत्पादनका कुराहरूमा चाहिँ गर्न सक्छौं कि सक्दैनौं शंका चाहि मलाई लागिरहेको छ। त्यसैले कम्तीमा कतिपय विषयहरूमा हामीले ऐनमै सबै कुराहरू राखेर पनि हामीले त्यसलाई चाहिँ नियमन गर्नुपर्ने अवस्था नहुन सक्छ। नियमावलीहरूबाट पनि व्यवस्थापन गर्नुपर्ने त होला र यो विधेयकमा मैले के देखिराखेको छु हुने थुप्रै दफा उपदफाहरूमा प्रत्यायोजनसम्बन्धी व्यवस्था पनि गरिएको छ। त्यो प्रत्यायोजनसम्बन्धी व्यवस्था त्यति धेरै दफा उपदफामा आवश्यक हो कि हैन सबै कुराहरू अब प्रत्यायोजित व्यवस्थाअनुसार नियमावली नै बनाउने भएपछि त्यो ऐन आवश्यक पर्ने हो कि हैन त्यसले गर्दाखेरि प्रत्यायोजनसम्बन्धी व्यवस्थाको कुरा चाहिँ अलि बढी दफा उपदफामा आएको मैले अनुभूति गरेको छु यसैले गर्दाखेरि यी विषयहरूलाई पनि अलिकति अध्ययन गरिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । अन्त्यमा हिजोका दिनहरूमा हाम्रो वनक्षेत्रमा थुप्रै खनिज पदार्थहरू थिए । ती खनिज पदार्थहरूको उत्खनन् गर्ने कुरा र त्यसलाई उपयोग गर्ने हाम्रा पुर्खाहरूले गर्ने गर्दथे आजपनि त्यो थुप्रै गाउँहरू हामीले खानीगाउँ खनिज पदार्थका कारणले नै होला त्यो गाउँका नामहरू पनि खानी भनेर भन्ने गर्दछ। कतिपय ठाउँमा पहेंलो हुने, कतिपय ठाउँमा रातो हुने कतिपय ठाउँमा कालो हुने, हामी हिँड्दै गर्दा पनि कतिपय

ठाउँमा त्यस्तो देखिरहेका छौं तर पछिल्लो चरणमा पनि पदार्थ हुँदै गर्दा पनि त्यसको उत्खनन गर्ने कुरा उपयोग गर्ने कुरा भइराखेको अवस्था छैन। यसले गर्दा पनि पदार्थको उपयोग गर्ने कुरा हामीसँग बहुमूल्य जडीबुटीहरू छन् ती जडीबुटीहरू हिजोका दिनमा त्यो जडीबुटीहरूलाई चाहि प्रयोग गरिन्थ्यो हैन । आज हामीले भएका जडीबुटीहरू ती कच्चापदार्थहरूको बिक्री गर्ने गर्छौं निर्यात गर्छौं तर हामीले फेरि त्यहीं जडीबुटीबाट बनेका औषधीहरू आयात गर्दाखेरि हामीलाई हाम्रै ठाउँमा पाइने जडीबुटीहरू महंगोमा किन्नु पर्ने अवस्था पनि सिर्जना भएको छ । यसले गर्दा हामीले जडीबुटीहरू सँग सम्बन्धित विषयहरूलाई पनि अलिकति समावेश गर्नुपर्छ कि भन्ने मलाई लाग्छ । यस्तै वनपैदावरसँग सम्बन्धित विषयहरू पनि छन् संरक्षण र प्रवर्धन गर्नुपर्ने कुराहरू सँगसँगै त्यसको उत्पादन गर्ने कुरा र त्यसको उपयोग गर्ने कुरालाई पनि अलिकति हामीले जोड दिन सक्यौं भने अवश्य पनि संघीय संरचनामा आइसकेपछि प्रदेशलाई आत्मनिर्भर बनाउने कुरा प्रदेशमा एउटा स्रोतलाई चाहिँ सुनिश्चितता गर्न हाम्रो प्राकृतिक स्रोत साधन जुन सम्भावना नै सम्भावनाहरू छन् त्यो सम्भावनालाई हामीले ठीक ढंगबाट उपयोग गर्न सक्छौं कि भन्ने कुरा मलाई लागिरहेको छ, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक २०७६ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकाले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोस्टमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीहरूलाई नाम टिपाउनु होला अब माननीय श्री विन्दमान विष्ट यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनु होला ।

**माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलको प्रक्रियामा छौं। सर्वप्रथम, माननीय मन्त्री ज्यू र मन्त्रालयलाई म धन्यवाद दिन चाहन्छु। अब यो हाम्रो प्रदेशको हामी जे अवस्थामा छौं त्यो अवस्थाबाट हेर्दाखेरि वन हाम्रो आयको निमित्त एउटा महत्त्वपूर्ण स्रोत हो । अब यसलाई हाम्रो प्रदेशको आयस्रोतको एउटा मुख्य माध्यम कसरी बनाउने होला ? त्यो मैत्री हाम्रो कानून कसरी निर्माण गर्ने होला ? भन्ने छलफलमा हामी छौं जस्तो लाग्छ मलाई । त्यसो हुँदाखेरि खासगरी यसका केही इतिहासका अनुभवहरूलाई वनको संरक्षण गर्न पनि पर्नेछ, वातावरीणय सन्तुलनको हिसाबले हेर्दाखेरि र वनको वातावरणीय सन्तुलन कायम गर्नको लागि जति वनक्षेत्र हामीले लिनुपर्ने छ । त्यो वनक्षेत्र लिईसकेपछि त्यो वनक्षेत्रबाट हामीले आम्दानी कसरी आयस्रोतलाई कसरी बढाउने होला ? त्यसलाई आम्दानी मैत्री कसरी बनाउने होला भन्ने विषयमा अलि गम्भीरतापूर्वक छलफल गर्नु पर्ने ठाउँमा छौं जस्तो लाग्छ मलाई ।

विविध प्रकारको वनको परिकल्पना छ हामीसँग, अभ्यास पनि छ । राष्ट्रिय वन छ, सामुदायिक वन छ, कबुलियती वन छ, त्यसपछि धार्मिक वन पनि भन्ने छ, हैन त्यसपछि निजी वन पनि भन्ने छ । राष्ट्रिय वनकै हामीले देख्दाखेरि जस्तो अघी अगाडि पनि यहाँ चर्चा भो हरियो वन नेपालको धन । हरियो वन नेपालको धन भनिन्छ, तर वनभित्र सडापडाहरू जो हुन्छ त्यो कहिल्यै पनि धनमा परिणत हुँदैन अहिलेको अभ्यासको हिसाबले हेर्दाखेरि । काठ वनभित्र सडिराखेको छ, त्यसलाई निकासी गरेर त्यसपछि गएर त्यसलाई आम्दानीको रूपमा कसरी परिणत गर्ने होला भन्नेतिर हाम्रो अभ्यासका केही सीमाहरू छन्। हरियो रुख काटेर धनमा परिणत गर्ने । जो हरियो रुख वातावरण सन्तुलनको निमित्त जो आवश्यक छ जरुरी छ ती रुखहरू काटिने जो निकासी गरेर धनमा परिणत गरिनु पर्ने हो त्यो निकासी नहुने अवस्था यो छ । यो कुराबाट पाठ सिक्दै हामीले अबको कानून निर्माण गर्दाखेरि यसमा ध्यान दिनुपर्ने आवश्यकता छ जस्तो लाग्छ मलाई। दोस्रो कुरा सामुदायिक वनको हाम्रो अभ्यास छ, विगत केही समयदेखी हामीले अभ्यास गर्दै आइराखेका छौं सामुदायिक वनको सन्दर्भमा । सामुदायिक वनबाट प्राप्त गरेको आम्दानीलाई सदुपयोग कसरी भै राखेको छ भन्ने विषयमा अलि गम्भीरतापूर्वक नै छलफल गरेर यसलाई हामीले अलिकति रिन्यु गर्नुपर्ने ठाउँमा छौं जस्तो लाग्छ मलाई । त्यसकारणले गर्दाखेरि राष्ट्रिय वनबाट कसरी आय लिने, सामुदायिक वनबाट प्राप्त भएको आयलाई कसरी विकास निर्माणका कामहरूमा प्रयोग गर्ने अथवा सम्बन्धित समुदायको जीवनस्तर माथि उठाउनका लागि त्यसलाई कसरी प्रयोग गर्ने भन्ने विषयमा अलि गम्भीरतापूर्वक छलफल गर्नुपर्ने आवश्यकता छ मैले सरसर्ति यो विधेयक हेर्दाखेरि त्यसमा आवश्यक ध्यान त पुगेकै छ तर फेरि हामीले विगतबाट शिक्षा लिएर अलिकति परिमार्जन गर्नुपर्ने आवश्यकताको महसुस भएको छ । त्यसमा हामी गम्भीरतापूर्वक छलफल गर्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु ।

अब दोस्रो कुरा, अब यसले अर्को परिकल्पना गरेको छ जडीबुटीको । हाम्रो प्रदेशको सन्दर्भमा वन भनेको वन क्षेत्र पनि छ, वनक्षेत्र भन्दा अझ ठूलो क्षेत्र जडीबुटीसँग सम्बन्धित क्षेत्र छ जो वनभित्रै यही ऐनले नै सम्बोधन गर्नुपर्ने आवश्यकता छ । अरु सबै कुरा उल्लेख गरिएको छ । मैले यसमा अलि सिरियसली उठाउन खोजेको कुरा के छ त भन्दाखेरि जडीबुटी विकास तथा अनुसन्धान केन्द्रको परिकल्पना त यहाँ गरियो, हामी अनुसन्धान पनि गरौं, त्यसपछि विकास पनि गरौं तर, जडीबुटीलाई प्रशोधन गरेर मार्केटमा लिने कर्णाली प्रदेश सरकारले आफ्नै पहल कदमीमा त्यो नगर्ने हो भनेदेखि जडीबुटीबाट प्राप्त गर्ने त्यो लाभ जति हुन्छ यो प्रदेशले त्यो हामीले लाभ प्राप्त गर्न सक्दैनौं। त्यसकारणले गर्दाखेरि मेरो आफ्नो मत के छ भने यो कानूनबाट नै के व्यवस्था गर्नुपर्छ भन्दाखेरि जडीबुटी कम्पनीहरू हुन्छ अथवा यस्तै केही संरचनाको परिकल्पना गरौं, त्यो संरचनामार्फत् जडीबुटीलाई प्रशोधन गर्ने, संकलन गर्ने, त्यसको

खेती गर्ने, विस्तारित गर्ने, र त्यसपछि गएर प्रदेशको आफ्नो आयस्रोतमा बृद्धि गर्ने हिसाबले हेर्दाखेरि यो वनसँग हामीले छलफल गर्दै गर्दाखेरि त्यो एउटा संरचनाको पनि परिकल्पना गर्न जरुरी छ भन्ने मेरो आफ्नो मत छ ।

त्यसपछि गएर वन्यजन्तुसँग सम्बन्धित कुरा छ, अब वन्यजन्तुबाट अब मान्छेहरू मानव समाज धेरै प्रताडित हुने अवस्था सिर्जना भै राखेको छ अहिले । जहाँ अलिकति अझ आरक्षण नजिकको क्षेत्रमा र त्यसपछि गएर अन्य घना जंगल भएको क्षेत्रमा विविध प्रकारका वन्यजन्तुहरूले मान्छेलाई सताई राख्ने जो स्थिति बनिराखेको छ, यसलाई अहिलेको यसमा कानूनले त के परिकल्पना गऱ्यो त भन्दाखेरि वन्यजन्तुको पालन पनि गर्न सकिने त्यसको अब ब्यवसायीक ढंगले गर्न पनि सकिने भन्ने कुरा पनि परिकल्पना गरेको छ । यो एकदम सकारात्मक छ र त्यसपछि गएर अब वालिनाली देखि लिएर सबै सताउने संरक्षितको सूचिमा रहेका वन्यजन्तु बाहेक तिनीहरूलाई लखेट्न सकिने धपाउन सकिने छोप्न सकिने भन्ने छ । अब वन्यजन्तुलाई लखेटेर मात्रै, धपाएर मात्रै र त्यसपछि गएर छोप्नेसम्मको परिकल्पना गरेका छौं, यतिले मात्रै त्यसको नियन्त्रण गर्न सकिने हो कि होइन ? वालिनाली नष्ट गरिराखेको छ, मान्छेमाथि आक्रमण गरिराखेको छ । बर्दिया राष्ट्रिय निकुञ्जको सीमावर्ती इलाकामा दिनदिनै जसो घरपालुवा जनावरहरू मारिराखेको छ । अझ कयौं मान्छेहरू मारेर अस्तीअस्ती पनि मान्छे माऱ्यो । फेरी पनि त्यस्ता घटनाहरू आईराखेका छन् । यो कुरालाई नियन्त्रण गर्नको लागि केही उपयूक्त विधि के हुन सक्छ ? अब बाँदरको कारणले गर्दाखेरि वस्ती नै सर्नुपर्ने अवस्था भै राखेको छ । त्यसपछि गएर हामीले तिनिहरूलाई नियन्त्रण गर्नको निमित्त दिनदिनै धपाएर मात्रै, लखेटेर मात्रै पनि सम्भव हुँदैन । बाँदरलाई छोपेर पनि सम्भव हुँदैन भनेपछि अब त्यस्तो प्रकारको अवस्थामा अब के गर्ने यो अवस्थाको बारेमा पनि हामीले गम्भीरतापूर्वक छलफल गर्न जरुरी छ ।

यसको भित्र केही लुकेको छ अर्को केही प्रयोग गर्न सकिने स्थिति छ भनेपछि पनि त्यो अनुसारको अलिकति संकेतहरू हामीले गर्नुपर्छ तर फेरि के हो त भन्दाखेरि यत्तिले मात्रै पनि वन्यजन्तु नियन्त्रण गर्ने मान्छे र वन्यजन्तु बीचको जुन द्वन्द्व छ त्यो द्वन्द्वलाई न्यून गर्नसक्ने अवस्था हामी निर्माण गर्न सकिँदैन कि ? त्यसकारणले गर्दाखेरि यो विषयमा अलिकति अझ बढी गम्भीरतापूर्वक छलफल गरौं । एउटा नयाँ उपाय सिर्जना गरौं जसको कारणले गर्दाखेरि वन्यजन्तु र मान्छेबीचको जो द्वन्द्व छ, त्यो द्वन्द्वलाई नियन्त्रण गर्ने उपायको लागि हामीले थप छलफल गर्न आवश्यकता छ भन्ने कुरा मलाई लाग्छ। त्यसकारणले गर्दाखेरि यी सबै विषयहरूमा अलिकति गम्भीरतापूर्वक छलफल गरेर नै यो जो हामी वन ऐन बनाउँदै छौं यो ऐन बनाउँदाखेरि हामीले यो सम्बन्धी कानून बनाउँदाखेरि हाम्रो आयस्रोत मुख्य हो त्यसकारण यसलाई गम्भीरतापूर्वक छलफल गरेर एउटा राम्रो कानून बनाएर अगाडि बढौं भन्ने कुरा राख्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री कौशिलावती खत्री । त्यसपछि माननीय श्री मिनासिंह रखाल तयार रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ को सैद्धान्तिक छलफलमा हामी आफ्नो धारणा राख्ने क्रममा छौं । यसैगरी यही धारणा राख्ने क्रममा म आफ्नो धारणा पनि यहाँ केही दर्ज गराउन गईरहेको छु । निश्चय पनि वन व्यवस्थापन विश्वको चुनौती र यसको संरक्षण आम विश्वको समस्या भइरहेको बेला हामी यो विधेयक ल्याएका छौं र कसरी यसलाई दिगो वन व्यवस्थापन संरक्षण र संवर्धन गर्दै यसबाट हुने आर्थिक लाभसहित यसमा हाम्रा रोजगारीहरू सिर्जना गर्ने लगायतका कुरा नियमन गर्ने विधेयकमा हामी छलफल गरेका छौं । अवश्य पनि यो विधेयक अत्यन्तै महत्त्वपूर्ण विधेयक हो । खान नभए एक हप्ता सम्म बाँचौला तर पनि अक्सिजन भएन भने हामी ५ मिनेटसम्म रहन सक्दैनौं प्राणी जगतको अस्तित्व रहन सक्दैन । अक्सिजन दिने रुखहरू वन जो यसैको नियमन गर्नको लागि र यो क्षेत्रलाई कसरी दिगो व्यवस्थापन गर्न सकिन्छ ? भन्ने कुरालाई गहन छलफलका साथ अघि बढाउन हामी गैरहेका छौं ।

वन संरक्षण र संवर्धन यसको व्यवस्थापन गर्दै यसबाट आर्थिक समृदि हाँसिल गर्न नीतिगत कानुनी व्यवस्था र संरचनागत संरचना हाम्रो ठाउँ सुहाउँदो भएमात्र यसलाई नियमन गर्न सकिन्छ । यसलाई लागु गर्न सकिन्छ र यसबाट लाभ लिन पनि सकिन्छ र आम जनताले यो मेरो ऐन हो यो हामीले लागु गर्नुपर्छ भन्ने भावनाबाट प्रेरित हुन्छन्। यसैले यो विधेयकलाई संविधानको मर्ममा टेकेर संघ सरकारले ल्याएको वन विधेयकको आशयलाई सम्वोधन गर्दै कर्णाली सुहाउँदो किसिमको हामीले आफ्नो ठाउँ सुहाउँदो आफ्नो प्रदेश सुहाउँदो र हामीले नियमन गर्न सक्ने सम्मको बनाउनु पर्छ । केन्द्रमा जो आयो त्यसैको कपी पेष्टले कर्णालीमा यो विधेयक नियमन गर्नको लागि चुनौतीपूर्ण रहेको मेरो धारणा छ । अवश्य पनि सभामुख महोदय, यो विधेयक अत्यन्त आवश्यक विधेयक अलि छिट्टै ल्याउनु पर्ने हो तै पनि अहिले ल्याएकोमा यसका विभागीय मन्त्रीज्यूलाई सभामुखमार्फत् म धन्यवाद दिन चाहन्छु र यसको गहन छलफल संसदमा उठेका र समितिमा उठेका कुराहरूलाई सरकारले आफ्नो गर्वको विषय मानेर ती संसदहरूले उठाएका कुराहरूलाई यो विधेयकभित्र समावेश गरेर लैजान सकियो भने मात्रै हामी कर्णाली प्रदेशको अति महत्त्वपूर्ण दिगो वन व्यवस्थापनको विषयलाई सम्वोधन गर्न सक्छौं जस्तो मलाई लाग्छ।

अवश्य पनि नेपालमा २ वटा वनको प्रणालीहरू छन् । एक सरकारी वन, यसमा ६ वटा वनहरू पर्छन र अर्को निजी वनमा २ वटा वनहरू निजी वन र पारिवारिक वन भन्ने पर्छन् । यस्ता किसिमका वनहरूको संरचना हाम्रो नेपालमा छ । यी वनहरूलाई नियमन गर्नको लागि हामीले आफ्नो प्रदेशसम्म प्रदेशभित्र अत्यन्तै

प्रभावकारी र आयमूलक नीति वनाएर यसलाई लागु गर्न सकियो भने कर्णाली प्रदेशको आफ्नै आयस्रोत बनाउनमा यो विधेयक अवश्य पनि सफल रहनेछ भन्ने मैले ठानेको छु । यस विधेयकमा रहेको राम्रो पक्षको म समर्थन गर्दै यसमा केही कुरा समेटेर राखियो भने अझै यो विधेयक अत्यन्त कर्णाली प्रदेशको आय आर्जनको परिकल्पनालाई पूरा गर्ने कोशेढुंगा सावित हुनेछ भन्ने मलाई लागेको छ र आफ्ना केही धारणाहरू राख्न यहाँ गईरहेको छु ।

सभामुख महोदय, यहाँ वैज्ञानिक वनको परिकल्पना गरिएको छैन । वैज्ञानिक वनको परिकल्पना गर्न आवश्यक छ र वैज्ञानिक वनको परिकल्पनाले आम क्षेती हुनबाट बच्नेलाई पनि यसले परिकल्पना गर्छ र यसबाट जोगिन पनि सकिन्छ । कुनै पनि वनक्षेत्रभित्र रहेको परियोजनालाई परियोजना लागु गर्नलाई त्यो जग्गा दिनको लागि वैकल्पिक वनको पनि व्यवस्था गर्नुपर्छ । वैकल्पिक वनको पनि त्यो परियोजना क्षेत्र जग्गा दिएबापत त्यहाँ वैकल्पिक वनको परिकल्पना गर्न सक्नुपर्छ । निजी वन र पारिवारिक वनलाई उपयोग गर्ने कुरामा अहिलेको जुन केन्द्रको जुन विधेयक छ अत्यन्तै झन्झटिलो छ । यसलाई स्थानीय सम्बन्धित वडाको सिफरिसमा स्थानीय पालिकाबाटै उपयोग गर्ने किसिमको नीति बनाईयो भने यो सहज हुन्छ र अत्यन्तै जनप्रिय पनि हुन्छ भन्ने मलाई लाग्छ । अर्को पानीका मुहान संरक्षणको कुरा मुख्य छ । पानीका मुहान संरक्षण गर्ने सामुदायिक वनहरूलाई हामीले वन हेक्टरको कति प्रतिशत जमिन छ त्यसको आधारमा यसलाई केही बजेट व्यवस्थापन गरेर कोसिस गर्न सक्यौं भने पानीका मुहानहरू संरक्षण हुनेछन् । यसैगरी, वनभित्र अनेक किसिमका खानिहरू पर्ने जडीबुटीहरू पर्ने भएको हुनाले यी खानिको नियमन के हो ? यी जडीबुटीको नियमन के हो ? प्रस्ट रूपमा राखिनु पर्छ र अर्को कुरा सजायको कुरा छ । सजायको कुरा जम्मै गोलमडोल गरेर राख्न सकिन्न । प्रस्टरूपमा तोकेरै राख्नुपर्छ यो ऐनमा र यस्तै गरी प्रत्यायोजित कार्यविधि बनाउने कुरा अन्य लेख्ने कुरा यो ऐनमा जताततै प्रशस्त मात्रामा यी शब्दहरू अन्य र तोकिएबमोजिम भन्ने छ । यो कति आवश्यक हो ? कति आवश्यक होइन ? कति यो विधेयकभित्र हुनुपर्छ कति कार्यविधि बनाएर प्रस्ट हुनुपर्छ भन्ने कुराहरू पनि ब्यापक छलफल गर्न पर्छ र यसलाई आवश्यकता अनुसार कार्यविधि बनाउने परिकल्पना गरिनुपर्छ। यस्तै कुरा धेरै कुरा यो केन्द्रअनुसार छ ।

**माननीय सभामुखः-** छोट्याउँ माननीय सदस्य

कर्णालीको सापेक्षतामा नभएको मलाई अनुभूति भएको छ र हामीले अब केही संरचनाहरू बनाउन पनि म आवश्यक देख्छु र यी संरचनाहरू कति खर्चिला हुन्छन् र कति खर्चिला नबनाएर आफ्नो कर्णालीले भ्याउने क्षमता अनुसार संरचना बनाएर यो विधेयकलाई नियमन गर्न म सहयोग पुग्छ र यसलाई अझै पनि व्यापक र गहन

छलफल गरेर मात्रै यो विधेयकलाई अन्तिम रूप दिनुपर्छ भन्ने आफ्नो भनाइ सहित मेरो भनाइ टुङ्ग्याउछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री मिनासिंह रखाल । त्यसपछि माननीय श्री सोशिला शाही तयार रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशभित्र राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि आज हामी छलफलमा भाग लिईरहेका छौं । नेपालको संविधान २०७२ धारा ५१ (६) मा वातावरण संरक्षणको लागि आवश्यक भू-भागमा वन क्षेत्र र व्यवस्था रहेको यो विधेयकमाथि छलफल गरिरहँदा वन नै राष्ट्रिय धन भन्ने कुरा आइरहेको छ र हामीले वन राष्ट्रिय धन भन्ने बचपन देखि नै सुनेको र पढेको र देखेको पनि हो ।

आज हामी हाम्रो प्रदेशलाई वनबाट कत्तिको लाभ लिन सकिन्छ, वनको कसरी संरक्षण गर्न सकिन्छ, वनलाई कसरी आर्थिक रूपमा परिणत गर्न सकिन्छ भन्ने कुराहरू यो विधेयकमा आएको छ र परिच्छेद १ देखी १५ सम्म र साठी बुँदामा यहाँ चाहिँ एकएक वन पैदावार वन उपभोक्ता, निजी वन, धार्मिक वन भनेर जुन कुराहरू आएका छन्, यो असाध्यै मिहेनत गरेर यो प्रदेशलाई उन्नतितिर प्रगति र आर्थिक लाभको लागि यहाँ जुन विधेयकहरू जुन बुँदा बुँदाहरू लेखिएको छ यो असाध्यै सान्दर्भिक छ र यसलाई मात्रै हामी एउटा कार्यान्वयन गर्न हामी सक्छौं कि सक्दैनौं भन्ने मात्रै शंकाले घेरिरहेको छ र यहाँभित्र जल, जमिन, जंगल यो कर्णाली प्रदेशलाई आवश्यकता जल, जमिन, जंगल र यहींनेर मैले के जोडें भने जन । हामी जनहरू नै सक्षम छैनौं हामी जनले उपभोग गर्ने कुरामा हामी अग्रसर हुँदैनौं, हामी जन नै सक्षम र समझदारी समन्वय हिसाबले चल्न सक्दैनौं भने हामीलाई वनबाट प्रशस्त लाभ हुने कुराहरू पनि हामीले त्यहाँ चाहिँ दुश्शासन गरिरहेका हुन्छौं । हामी जन नै सक्षम हुनुपर्छ भन्ने पनि मेरो आफ्नो मान्यता हो र यो जुन विधेयकले वन पैदावारको लागि लिएर आएको छ, त्यस्तै किसिमको जैविक विविधताको कुराहरू ल्याएको छ, वन्य जन्तु संरक्षण सम्बन्धी कुराहरू लिएर आएको छ र यी वन्यजन्तु संरक्षणको कुराहरू ल्याउँदाखेरि आज वनमा पालिरहेका वनमा बसिरहेका वनको लागि हराभरा सु-व्यवस्था गरिरहेका अथवा वनमै कराएर रमाएर बस्ने वन्यजन्तुले पनि आज कृषकहरूलाई धेरै कुराहरूको दुःख दिईरहेको छ र ती वन्यजन्तुले बर्खे वाली नराख्ने, हिउँदे वाली नराख्ने, त्यसको संरक्षणको लागि अलि कि त राम्रोसँग व्यवस्थित तरिकाले यहाँ ऐन आउनुपर्छ । आज वन्यजन्तुबाटै किसानहरू पीडित छन् । घरघरै ती वन्यनन्तु आएर घरमा आक्रमण गर्ने मान्छेमाथि आक्रमण गर्ने खेतिबालीमा आक्रमण गर्ने त्यस्तो कुराहरू हामीले देख्न र भोग्न परिरहेको छ र यो कर्णाली प्रदेशको दैलेख जिल्लामा गत वर्ष बँदेलले मकैको बारी खायो, घरमै आएर थाङ्ग्राका मकैहरू लुछेर अहिले पनि गहुँको तहसनहस गर्ने । हाम्रा ती वन्यजन्तुहरूको लागि संरक्षणको लागि पनि यहाँ केही नियमावलीहरू

सच्याउनुपर्नेछ । जो यो नियमावली कस्तो छ भने यो विधेयक हाम्रो संघसंगै आधारित भएको विधेयक छ । यो प्रदेशको लागि हामीले यहाँ धेरै कुराहरू मिलाएर छाँटकाँट गरेर लिएर आउनुपर्नेछ । यसमा हाम्रो प्रदेशको अलिकति प्रदेशमा मिल्दोजुल्दो चाहिँ मैले यहाँ देखिरहेको छैन किन भने हाम्रो भू-भाग हाम्रो भौगोलिक बनौट, हाम्रो अवस्था हाम्रो परिवेश हाम्रो वनको अवस्था देख्दा पनि हामीलाई अलिकति यहाँ चाहिँ मैले नमिलेको नदेखेको जस्तो पनि पाइरहेको छु। यसलाई चाहिँ नियमावली बनाउँदाखेरि अथवा हामीले यसको दफावार छलफल गर्दाखेरि संशोधन पनि हाल्नुपर्ने मैले यहाँ देखेको छु र जस्तै ती हानिकारक वन्यजन्तुको बारेमा हामीले न त्यसलाई समाउन सक्छौं, न हामी त्यसलाई थुन्न सक्छौं, न हामी त्यसलाई धपाउन सक्छौं, न हामी त्यसलाई केही गर्न सक्छौं । यसको संरक्षणको लागि के गर्ने त ? भन्ने कुराहरूमा पनि हामीले पछि प्रस्ट ऐनमा ल्याएर आउनु पर्नेछ र जडीबुटीको कुरा आज जडीबुटीको कुरा गर्दाखेरि हाम्रो यो प्रदेशमा हाम्रो जंगलमा यति धेरै जडीबुटी छन् कि डोल्पा मात्रै नभएर दैलेखका पहाडहरू हिमालहरूमा पनि, अनि कालिकोटका त्यस्तै हामी जडीबुटीका धनि मान्छे हौं तर ती जडीबुटीको संरक्षण र प्रवर्धन गर्नको लागि पनि हामीले अलि यो प्रदेशलाई आर्थिक लाभ हुने गरेर प्रवर्धनको लागि हामीले त्यसमा अगाडि लिएर आउनु पर्नेछ र त्यस्तै वैज्ञानिक वन अघि वैज्ञानिक वनको कुरा आयो । वैज्ञानिक वन भनेर हामी यहाँ लेखेका छैनौं । वैज्ञानिक वनको पनि आवश्यकता छ, वैज्ञानिक वनबाट धेरै मान्छेहरूलाई, धेरै समुदायहरूलाई लाभ हुने र वैज्ञानिक वनको संरक्षण पनि सजिलो हुने र त्यहाँबाट कुहिएका, त्यहाँबाट फालिएका काठपातहरू समुदायलाई पनि राम्रो हुने भएको हुनाले यो वैज्ञानिक वन चाहिँ यहाँ लेखिएको छैन । निजी वन छ, धार्मिक वन छ, सांस्कृतिक वन छ र कबुलियती वन छ । ती कबुलियती वनहरू पनि यदी समुदायले चलाउन सकेन भने फिर्ता लिन सक्ने अवस्थाको ऐन नियम पनि छ र सामुदायिक वनको पनि छ तर, अलिकति वैज्ञानिक वन चाहिँ यहाँ आएको मैले देखेको छैन । वैज्ञानिक वनलाई पनि राख्नुपर्छ र हामीले ती सामुदायिक वनमा र कबुलियती वनमा धार्मिक वनमा निजी वनमा हामीले यो वनहरूको सामुदायिकभित्र पनि छलफल गरेर यसको नियमावली बनाएर हामीले त्यहाँबाट आउने आर्थिक लाभहरू प्रदेश सरकारमा पनि आउने किसिमको वातावरण बनाउनु पर्छ । आज समुदाय वनमा चाहिँ फालिएका काठहरूलाई सदुपयोग भै राखेको अवस्था छैन । त्यो चाहिँ त्यहीं कै समुदायले चाहिँ दाउरा बनाएर अनि आफ्नो मनपरी हिसाबले लिइरहेको अवस्था छ । ती फालिएका काठहरूलाई पनि सरकारको अथवा स्थानीय तहको संरक्षणमा हुनुपर्छ भन्ने कुराहरू म यहाँ राख्न चाहन्छु र विशेष गरेर यो आज यो विधेयकले हामीलाई वन पैदावारको लागि वन संरक्षणको लागि जुन कुराहरू लिएर आएको छ असाध्यै राम्रो छ र यसलाई अलिकति परिमार्जन गर्नपर्छ भन्ने मेरो मान्यता छ र यो विधेयकलाई जसरी यहाँ लिएर आउनु भाछ त्यसरी नै

कार्यान्वयन गर्नको लागि यो मन्त्रालय यो सरकार चाहिँ तत्परता देखाओस् र यो विधेयकको लागि धेरै धेरै धन्यवाद दिँदै विदा हुन्छु हवस नमस्कार।

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही । त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार रहनुहोला ।

**माननीय श्री सोशिला शाहीः-** सभामुख महोदय, कर्णाली प्रदेशको राष्ट्रिय वन संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक २०७६ सभामुख महोदय, आज हामी पाचौं अधिवेशनको छैटौं बैठकमा उपस्थित भैरहँदा कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्थापन गर्न बनेको विधेयक २०७६ माथि छलफल गर्नुपूर्व केही कुरा राख्ने अनुमति चाहन्छु । सभामुख महोदय, यस आर्थिक वर्षमा सञ्चालन भैरहेका प्रदेश अन्तर्गतका केही कार्यक्रमहरू जिल्लाका सम्बन्धित कार्यालयहरूले राजनैतिक पूर्वाग्रही ढंगले समुदाय वा उपभोक्ता समितिलाई अनावश्यक दुःख दिने र नियम सँगत काम गर्दा पनि विभिन्न वाधा व्यवधान खडा गर्ने काम भैराखेकोले यथाशीघ्र काममा सहजताका लागि सभामुखमार्फत् भौतिक पूर्वाधार विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको विशेष ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, अब म आजको विषय वस्तुतिर जान चाहन्छु । राष्ट्रिय वन संरक्षण सम्बन्धमा परिच्छेद १५ र दफा ८७ समेटी असाध्यै मिहेनतका साथ तयार पारेकोले सम्बन्धित निकायलाई धन्यवाद दिन चाहन्छु । आज हामी राष्ट्रिय वनको संरक्षणको विषयमा कुरा गरिरहँदा यसले मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले यसलाई हामीले विशेष प्राथामिकताका साथ ध्यान दिन जरुरी देखिन्छ । विश्वका धेरै मुलुकहरूमा वनलाई संरक्षण नगरी मरुभूमिमा सजीव प्राणिहरूले कष्टकर जीवन बिताईरहेको पाएका छौं भने यहीं अवस्थालाई ध्यानमा राखी हामीले राष्ट्रिय वनलाई संरक्षण गर्नु अति आवश्यक रहेको छ । जनसंख्या तिव्ररूपमा बढिरहेको अवस्थामा नेपालमा वनको महत्त्वलाई नबुझी जानि वा नजानी दिनानुदिन वन विनाशको कार्य भैराखेको अवस्था छ । राष्ट्रिय वन अन्तर्गत विभिन्न वनहरू रहेका छन् भने ती मध्ये अहिले विशेष गरी सामुदायिक वनमा केही व्यवस्थापनका भएपनि राष्ट्रिय वनमा जथाभावी रुख काट्ने, डढेलो लगाउने जस्ता विकृति बढिरहेको अवस्था रहेकोले विशेष गरी अब प्रदेश सरकारले वन संरक्षणका लागि ध्यान दिन जरुरी देखिन्छ । यस विधेयकमा डिभिजन वन कार्यालय मात्रै राखिएको हुँदा अधिकांश पहाडी जिल्लामा डिभिजन वन कार्यालय नभई जिल्ला वन कार्यालयले वनको हकमा काम कारवाही गरी राखेको हुँदा डिभिजन वन कार्यालय वा जिल्ला वन कार्यालय राख्न मेरो सुझाव रहेको छ । यसैगरी दफा २७ मा कवुलियत वनका सम्बन्धमा हैसियत विग्रेका भन्ने शब्द राखिएको हुँदा यो शब्दले त्यति राम्रो अर्थ नदिने हुँदा यसको सट्टा नाङ्गो जमिन वा बोट बिरुवा नभएको भन्ने शब्द राखिनुपर्दछ भन्ने सुझाव दिन चाहन्छु । साथै कवुलियत वन कति वर्ष सम्मका लागि दिन मिल्ने भन्ने कतै उल्लेख भएको देखिदैन । कबुलियती वन कम्तीमा

४० वर्षका लागि दिने राष्ट्रिय प्रावधान रहेको कुरा पनि उल्लेख गर्नुपर्दछ । यस्ता विविध विषयमा बढ्दो महत्त्वका साथ छलफल गरी सार्थक परिणाम निकाल्ने तवरले कार्यान्वयन गर्नु पर्दछ भन्दै विदा हुन्छु, धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** सभामुख महोदय, हामी यो कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयकउपर सैद्धान्तिक छलफलमा छौं । अब यसमा सैद्धान्तिक डिबेट गरेर केही विषय यहाँ राख्दाखेरि खास गरी अब यो जसरी यो विधेयक तयार भाछ, यसको र अहिले हाम्रो मुलुकको अथवा कर्णाली प्रदेशको कुराहरूमा धेरै कन्टचाडेसन छ । त्यो कुराहरूलाई समेटेर ल्याउन जरुरी हुन्छ । पहिलो कुरा त मैले त्यो कुरामा ध्यानाकर्षण गराउन चाहन्छु ।

जस्तो अब एउटा हामीले १८/१९ को २०१८ र १९ को मात्रै तथ्यांक हेर्ने हो भने अरबौं तपाँईको फर्निचरहरू काठहरू हामीले विदेशवाट भित्र्याएका छौं । त्यसमध्ये अझ एउटा चाहिँ तपाईको डरलाग्दो भनौं अथवा चाहिँ यो इन्ट्रेष्टिङ भनौं हामीले जर्मनीबाट चाहिँ काठहरू ल्याएका छौं । यूएसएबाट ल्याएका छौं । यूएइबाट युक्रेनबाट हुँदाहुँदा म्यानमारबाट इण्डिया चाइना यी देश त छँदै छन् । भने अब यो हरियो वन नेपालको धन कसरी हुन्छ ? त्यसकारण अब यो ग्रीन मनि अथवा ग्रीन वेल्थ भन्ने छ नि यो कुरा जबसम्म हामीले यसलाई इनपुटलाई घटाएर आफू चाहिँ सेल्फ डिफेन्ड तिर जाँदैनौं र कर्णाली प्रदेशले यतातिर ओरिएन्टेशन गरेर बनाउनु पर्छ । त्यो कुरालाई यहाँ बोल्या छैन । पहिलो कुरा त मैले यो कुरा निवेदन गर्न चाहन्छु । दोस्रो पोइण्ट भनेको २०७४/७५ को मात्रै डाटा हेर्दाखेरि नेपालमा टोटल सरकारी, सामुदायिक, व्यक्तिगत सबै गरेर चानचुन साढे पाँच लाख क्यु फिट चाहिँ तपाईको काठ उत्पादन भएछ । हामीलाई चाहिने ३० लाख । काठ हामीलाई चाहिँदो रहेछ भने बाँकी त हामीले इनपुट गरि राख्याछौं । अब यसो गर्दाखेरि हामीलाई यो हरियो वन नेपालको धन भन्दाखेरि साँच्चिकै यो हामी कसरी कुन दमका साथ भन्न सक्छौं ? यो कुरा धेरै जटिलता छ यहाँनेर । अब हुनत चाहिँ तथ्यांकले हेर्दाखेरि ४५ प्रसेन्ट चानचुन जंगल एरिया छ नेपालमा भन्ने छ । करिब करिब त्यसलाई मान्दाखेरि ५ प्रसेन्टलाई अलग गर्दाखेरि पनि चानचुन ४० प्रसेन्ट भन्ने छ र कुनै पनि उपयोगमा आउन सकि राख्या छैन । त्यो कुरालाई यहाँ स्प्रिटमा कतैपनि सेमेटेको जस्तो लाग्दैन । अब कपी पेष्टै त नभनौं यत्रो मिहेनत गरेर ल्याउनु भाछ । कतिपय आफ्ना कुराहरूपनि छन् यसमा तर यहाँको माटो सुहाउँदो कर्णालीको माटो सुहाउँदो यहाँको जंगल के हो ? यहाँको जडीबुटी के हो ? यहाँ कसरी रोजगार उत्पन्न गर्न सकिन्छ भन्ने कुरा त केन्द्रलाई पनि क्रस गर्नुपर्छ कतिपय सवालमा त । हाम्रो यो बुझाई पनि के भो संघीयतामा हामीले विशेष क्षेत्र, संरक्षित क्षेत्र, स्वायत्त क्षेत्र भनेर भनेका छौं संविधानले बोलेको छ । यसको आधारमा बनाईनु पऱ्यो नि त कार्यक्रम त । हामीले

त केन्द्रको चाहिँ क्रस नै नगर्ने त्यताबाट आएपछि त हामी कसरी आफ्नो अनुकूलतामा बन्छ त ? एउटा चाहिँ गम्भीर विषय यहाँनेर उत्पन्न भएको छ । यसमा मात्रै होइन प्रायः हाम्रा विधेयकहरूमा त्यो खालको झल्को लवजहरू देखिन्छ । अब दोस्रो कुरा भनेको अब यो वनक्षेत्रमा बसोबास र पुनर्वास गर्ने कुराहरू छ जो सार्वजनिक वन अथवा चाहिँ राष्ट्रिय वनको कुरा छ यो अहिले सम्मको तथ्यांक हेर्दाखेरि केही दलालहरूले केही एजेन्टहरूले मात्रै वनको उपयोग गरेका छन् । या सरकारको कुरा गर्दाखेरि पनि केही मेसिला मान्छेहरूले तल कर्मचारीले मात्रै त्यसको उपयोग गर्ने भएको छ । आज चाहिँ तपाई वैज्ञानिक वनको नाममा कति के भई राख्या छ कसैलाई केही थाहा छ ? केही बढ्यो त्यसले हाम्रो प्रसेन्ट केही फर्निचर उत्पादनमा केही बढ्यो केही रोजगारी व्यवसायमा बढ्यो ? यहाँ त बढ्या छैन भने केही मुट्ठीभर केही दुई चार प्रसेन्ट दलालहरूले ४५ वनलाई अँठ्याएर त्यसमध्ये पनि यहाँ सरकार नेपाल सरकार भनौं अथवा अब हामीले चाहिँ विकास गरेको सरकार भनौं त्यसको कतै न कतै प्रभावमा परेर तिनीहरूकै चाहिँ तपाईको हितमा टोटल राज्यको मेकानिज्म त्यहाँ प्रयोग भइराख्याछ । त्यो कुरा चाहिँ धेरै गम्भीर विषय हो । यो हामीले तोड्न सक्छौं कि सक्दैनौं ? अर्को सँगसँगै के छ भने जटिलता अब यहाँ निजी वनालाई चाहिँ प्रवर्धन गर्ने अथवा चाहिँ कुनै व्यवसायमा जेड्ने भन्ने छ ? सामान्य अलिकति चाहिँ तपाईको एउटा आँसीले मात्रै थोरै अलिकति वसुलाले हान्यो भने त्यो चाहिँ तुरुन्तै चाहिँ त्यहाँ कारवाही हुने स्थिति छ जनतालाई । त्यसकारण त्यसलाई कसरी प्रमोट गर्ने त? त्यसको कान्लो होला, त्यहाँ भिर होला त्यहाँ लिगढिक होला त्यसमा कसरी उसले उत्पादन गरेका चिजहरूलाई कसरी व्यवस्थित गर्ने कसरी आय आर्जनमा जोड्ने भन्ने कुरा पनि यसले बोलेको छैन, त्यो कुरा चाहिँ ल्याउन जरुरी हुन्छ, राष्ट्रिय वन अरु कुराहरू त छँदैछ । अरु सार्वजनिक वनको कुरा छँदैछ । निजीलाई समेत त्यसरी जोडेर जान जरुरी हुन्छ जुन कुरा यहाँ चाहिँ यो स्प्रिटमा बोलेको देखिँदैन । अब दोस्रो कुरा यहाँ अघि पनि कुरा उठिराख्याछ, यसलाई मैले मूलभूत रूपमा के हो भने यो वनलाई, जडीबुटीलाई फेरि नेपालभरी हाम्रो त अलग छ नि त । जस्तो यार्सागुम्वाको कुरा गर्छौं अरुको कनै पाँच औंलेको कुरा गर्छौं । अरु कैयन कैयन जडीबुटीहरू तपाईको चाहिँ योसँग सम्बन्धित यहाँ हामीले यसलाई प्रोटेक्सन गर्ने यसलाई हामीले क्युरिफाईङ गर्ने, हामीले डिष्ट्रिब्युसन गर्ने मतलब इण्डेष्ट्राईज गर्ने नगरीकन हाम्रो चाहिँ उभो लाग्ने स्थिति हुँदैन । त्यसकारण यो कुरापनि बोल्न पऱ्यो नि । खास कुरा त त्यो हो नि हाम्रो साधन स्रोतसँग जोड्ने व्यवसायसँग जोड्ने यहाँको चाहिँ तपाईको ट्याक्ससँग जोड्ने त्यो हो नि । त्यसकारण त्यो कुरालाई चाहिँ समेटेर जानपर्छ जस्तो लाग्छ ।

अब अर्को यो जैविक विविधता र वन्यजन्तु भन्ने छ यो पनि गजबको छ । यहाँ यो वन नभै कन हुँदैन भन्ने पनि सत्य कुरा हो तर म प्रश्न गर्न चाहन्छु आज गल्फ कन्ट्री,

अरबियन कन्ट्रीमा पाँच प्रसेन्ट सात प्रसेन्ट मात्रै छ जंगल । हामीभन्दा मोटा पनि छन् धेरै पनि बाँच्छन्, स्वच्छ पनि छ, यो पनि बेकारको कुरा हो नि त । वन जंगलले के मान्छेको आयु बढ्ने हुन्छ ? त्यसलाई प्रवर्धन गर्ने, एउटा गार्डेन बनाएर कुनै निश्चित चाहिँ पर्यटनमा जोड्न सकियो भने त्यो चाहिँ फलदायी होला तर यो कुरा नै ध्रुवसत्य हो भन्ने कुरा होइन । त्यसकारण यो कुरामा हामीकहाँ के भो भने अन्तराष्ट्रिय नियम लागु भो । मान्छे कति छन्, ३ करोड मान्छे कहाँ कहाँ कुन कुन देशमा के हालतमा छन् त्यो हामीलाई जानकारी छैन । बर्दिया निकुञ्जमा चाहिँ बाघ कतिखेर उठ्यो, स्याल कता छ, बिराला कतिवटा छन् ? त्यस्तै तपाईको चाहिँ सिङ सिङमा अनि कर्मचारी सारा राज्यको ढुकुटीको अन्तराष्ट्रिय कानून त्यहाँ लागु भो । मान्छे खान नपाएर मरि राख्याछ मान्छे कति मरे कहाँ गए, आफ्ना नागरिक कहाँ छन् ? हाम्रै यहाँ स्थिति के छ के हुनेवाला छ १० वर्षपछि भन्ने हामीलाई त्यो सरकारलाई आँकडा छैन । त्यसकारण कर्णाली सरकारले वन यो पर्यटन मन्त्रालयले यो कुरा क्रस गर्नुपर्छ, यो कुरा तोड्नु पर्छ। त्यसकारण यो ढंगले भयो भनेत अब वनकै कुरा अहिले पनि जस्तो अहिले चाहिँ हामीलाई समस्या आएको छ विकासको लागि । तपाईको चाहिँ सेनाले त्यहाँ अँठ्याई राख्याछ । त्यसको वन्य जन्तुको विषय के हो ? त्यसलाई हामी पर्यटनमा जोडौं न । त्यहाँको चाहिँ बाघ भालुलाई गएर यतातिर लैजाउँ हामीले वर्दियामा । त्यहीं गर्ने हो भने पनि अलिकति केही सुरक्षित ठाउँतिर गरौं। त्यहाँ जहाँ एकदम पर्यटनसँग जेडिने ठाउँ हो त्यहाँ किन बाघ भालु पाल्नु पऱ्यो ? यो कुरा पनि अब क्रस गर्नु पऱ्यो नि त हामीले त नयाँ नेपालमा गणतन्त्र नेपालमा त उही किसिमको तिनलाई नै सिसिटिभी लाउने तिनलाई नै खाना खुवाउने तिनलाई नै पाल्ने हेर्ने कर्मचारी त्यति नै भर्ना गर्ने राख्ने मान्छे चाहिँ मरेको यहाँ हिसाबै नहुने । अनि यसो भो भने त हामीलाई के ले बचाउँछन् होला त ? त्यसकारण यतिसम्म पनि जानुपर्छ जस्तो लाग्छ । मैले अन्तिममा यहाँ के भनौं भने अब यो कतिपय यहाँ जस्तो केही कुराहरू अलिकति यो के तरिकाले जस्तै सुराकीलाई पुरस्कार दिने यस्ता यस्ता कुराहरू यहाँ राख्न जरुरी हुँदैन विधेयकमा । हामी यो अलिकति यो कुरा त पछि निर्देशिकामा तपाईको चाहिँ कार्यविधिमा अरु कयौं नियमहरू आईहाल्छन् नि । यसकारण यी कतिपय कुराहरू पनि यसमा अलिकति परिमार्जित गर्नुपर्ने कुरा छ । मैले मुल स्प्रिट भन्दाखेरि यसलाई अलि रोजगारसँग अलि व्यवसायसँग केन्द्रको स्प्रिट ठीक छ, एउटा स्प्रिटमा आएको होला । कतिपय कुरा त्यहाँबाट पनि हामीले लिनुपऱ्यो बाँकी यहाँको सापेक्षतामा विकास गरेर जानु पर्छ । अब यो संशोधन हाल्दै जाँदा चाहिँ तपाईको पुरानो कपडा कस्तो थियो भनेर त्यो नयाँ टालो देखिने पनि खतरा छ त्यत्तिकै । सरकारले ल्याएको विधेयकको त स्वामित्व रहनै पऱ्यो। त्यसकारण यो सबै फेर्दै जाने हो भने पूरानो कपडाको चाहिँ तपाईको यो रंग नै हराउने खतरा पनि छ । त्यसकारण तर फेरि यो त गर्नुपर्ने आवश्यकता छ । यो स्प्रिटमा जाउँ, धन्यवाद।

**माननीय उप-सभामुखः-** माननीय श्री पद्मा खड्का समय ७ मिनेट । त्यसपछि माननीय श्री पदमबहादुर रोकाया तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, पाचौं अधिवेशनको यो छैटौं बैठकमा कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफलमा यहाँ म भाग लिन उभिईरहेको छु ।

सर्वप्रथम कर्णाली प्रदेशभित्रको राष्ट्रिय वनलाई संरक्षण र सु-व्यवस्था गर्न कर्णाली प्रदेश सरकार गठन भए पश्चात लामो समयपछि यो विधेयक आएको छ र यो विधेयक जसरी यहाँ एउटा सम्बन्धित मन्त्रालयले तयार गरी यहाँसम्म आइपुगेको छ र त्यसका लागि म मन्त्रालय र मन्त्री ज्युलाई हार्दिक धन्यवाद दिन चाहन्छु र विशेष गरी आज यो कर्णाली प्रदेश एउटा आफैमा भौगोलिक दृष्टिकोण र पर्यापर्यटन र प्राकृतिक रूपले यो आफैमा महत्त्व बोकेको एउटा प्रदेश हो र यो प्रदेशलाई आर्थिक हिसाबले र यहाँको आम नागरिकको आर्थिक स्तरवृद्धि गर्नका लागि पनि राष्ट्रिय वन संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयकले पक्कैपनि महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने हामीले विश्वास लिएका छौं र यो विश्वासका साथ यो विधेयक पनि यहाँ आएको छ । संघीय विधेयक सँगसँगै यो विधेयक ल्याउने जुन बाटो खुलेको छ, यो बाटो सँगसँगै हामीले यो विधेयकलाई यहाँको भूगोलसँग केन्द्रित रहेर यहाँका सत्र लाख कर्णालीवासी जनताहरूसँग केन्द्रीत रहेर र यहाँको गरिबीसँग केन्द्रित रहेर र यहाँका जुन अहिले हामीले यहाँका गरिबीहरूलाई राजगारसँग जोड्ने जुन उद्देश्यले यो विधेयक केन्द्रित भएको छ कि छैन भन्ने कुरा यहाँ महत्त्वपूर्ण छ र मैले राष्ट्रिय वन, निजी वन, सामुदायिक वन, धार्मिक वन र शहरी वनको स्थापना र विकास गर्ने एउटा उद्देश्यसहित यो विधेयकले एउटा परिकल्पना बोकेको छ। यो परिकल्पना बोकेसँगै मैले यहाँ के भन्न चाहन्छु भने जुन दफा ८७ र परिच्छेद १५ पेज ३२ मा जसरी तयार पारेर ल्याईएको यो विधेयक छ यो विधेयक जुन विधेयकमा हामीले अहिलेसम्म गरिरहेका निजी वनका व्यवस्थाहरू, सामुदायिक वनका व्यवस्थाहरू र त्यसै गरी धार्मिक वनका व्यवस्थाहरू र राष्ट्रिय वनका व्यवस्थाहरू हेर्दा असाध्यै अझैपनि सर्वसाधारण नागरिकले धेरै भन्दा धेरै कष्टपूर्ण व्यवस्थाहरू जुन झेल्न परेको छ, जुन परिवेशहरू झेल्न परेको छ, र सामुदायिक वनले समुदायमा हस्तान्तरण गरिसकेपछि पनि अझै त्यो खालको एउटा स्वतन्त्रता र उसले आफूले गर्न पाउने जुन खालको एउटा अधिकार हो त्यो अधिकारलाई अझै यसले कहीं कतै कुण्ठित गरिरहेको अवस्था छ ।

त्यो त्यसको लागि पनि यो विधेयकले सरल र सहज रूपले अझ केही विषयवस्तुहरू त्यो बोल्नुपर्थ्यो भन्ने मलाई लाग्छ । त्यो अझै छुन सकेन कि भन्ने मैले बुझेको छु र अहिले यो विधेयक आईरहँदा यो विधेयक आउन भन्दा अगाडि विभिन्न सामुदायिक वनका विभिन्न सँगठनहरू विभिन्न माध्यमहरूले सरकारले सामुदायिक वनहरूलाई दोहोरो तेहोरो कर लगाएर जुन खालको अहिले एउटा संकुचित गर्दै छ भन्ने खालको

जुन हल्ला हामीले सुनिरहेका थियौं तर, मलाई जहाँसम्म लाग्छ कर्णाली प्रदेश सरकारले त्यो सम्बन्धीको व्यवस्थालाई सामुदायिक वनको क्षेत्र अधिकार यो कर्णाली प्रदेशमा धेरै भन्दा धेरै भएको हुनाले पनि होला सायद त्यसलाई हामीले आम नागरिकको मर्मलाई बुझेर सामुदायिक वनका वनकर्मीहरू जसले सामुदायिक वनलाई संरक्षण र संरक्षण गर्न र उपभोग गर्न जुन खालको एउटा भूमिकामा रहेर कार्यलाई अगाडि बढाईरहेका छन्, त्यसलाई पनि मध्येनजर गरेर होला यो विधेयकले पक्कैपनि नागरिकको हितको लागि बोलेको मैले देखेको छु । त्यसका लागि पनि म यसलाई धन्यवाद दिन चाहन्छु र यसैगरी निजी वनको कुरा बोलिरहँदा अहिले पहिलाको तुलनामा अहिले पछिल्लो चरणमा निजी वन दर्ता गर्ने प्रक्रियाहरू धमाधम वृद्धि भैरहेको अवस्था छ । त्यो अवस्थालाई हामीले सहज रूपमा निजी वनका दर्ताका प्रक्रियादेखी लगेर सहज रूपमा निजी वनभित्र जुन संरक्षण गरिएका बोट बिरुवाहरू र निजी वनभित्र लगाईएका जडीबुटीहरूलाई व्यवस्थापन आयात र निर्यात गर्ने जुन झन्झटिला प्रक्रिया छ त्यो प्रक्रियालाई पनि केही सहज रूपमा यहाँ बोल्नुपछ यहाँ विधेयकले बोल्नुपर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । मैले त्यसलाई अलिकति कहीं कतै यो आयात र निर्यातमा जुन खालको एउटा व्यवस्था मैले यहाँ देख्न सकेन यो विधेयकमा त्यो आईदिएको भए अझ राम्रो हुन्थ्यो यो विधेयकले अझ पूर्ण रूप लिन्थ्यो भन्ने मलाई लाग्दछ । यसैगरी हामीले धार्मिक वनको पनि जुन एउटा परिकल्पना यो विधेयकले बोलेको छ, तर धार्मिक वनका नाममा आज धार्मिक वन धर्मका नाममा आज सञ्चालन भएका छन् कि छैनन ? आज धार्मिक वनले धर्मका जो धार्मिक कार्यका लागि त्यहाँ वनलाई संरक्षण र व्यवस्थापन गरेका छन् कि छैनन् ? भन्ने कुरा पनि हामीले हेर्नपर्छ र हामीले त्यसको एउटा मेकानिज्म गराउँदाखेरि त्यो वनलाई पनि सु-व्यवस्थापन गर्न हाम्रा अहिले बन्ने जस्तो हामीले विधेयक बनिसकेपछि नियमावलीमा त्यस्ता खालका व्यवस्थाहरूलाई अलि अनुगमन प्रणाली नियमन प्रणालीहरूलाई पनि अलि व्यवस्थित गरेर लैजान पर्छ भन्ने म कुरा राख्न चाहन्छु र यस्तै गरी मैले अर्को एउटा शहरी वनको स्थापना विकास र व्यवस्थापन एउटा नयाँ कुरा यो विधेयकले परिकल्पना गरेको छ । त्यो परिकल्पना गरेको एउटा जुन खालको व्यवस्था छ त्यो व्यवस्थाले पनि बढ्दै गरेको सहरीकरण, बढ्दै गरेको यो जनसंख्याको जनघनत्वको नजिक रहेका सहरहरूमा यो परिकल्पना पक्कै पनि एउटा अहिलेको अवस्थामा एकदमै आवश्यक छ । यसलाई कार्यान्वयन गर्ने कुरामा हामीले व्यवस्थित गरेर लाग्न सक्यौं भने पक्कै पनि यसले राम्रो एउटा कार्यान्वयनको दिशातिर अगाडि बढ्नेछ । हामीले ल्याईरहेका जति पनि हामीले ल्याईरहेका यी उद्देश्यहरू ऐनले बोलेका जुन खालको एउटा परिकल्पना बोलिरहेको छ त्यो ऐनले यसलाई हामीले हाम्रो कर्णालीमा सँगसँगै हामीले कुन वनलाई जुन अहिलेसम्म परिरहेको वनको जुन खालको एउटा हामीले सोचाई छ, जुन खालको हामी कर्णालीमा धेरै भन्दा धेरै वन छ, तर पनि अहिले हामी यो कर्णालीमा वाहिरबाट

जुन खालको आयात गरि रहनुपर्ने खालको परिस्थिति काष्ठजन्य हरेक सामग्रीहरू हामीले बाहिरबाट आयात गर्नपर्छ भने हाम्रै प्रदेशमा हामी उत्पादन गर्न सक्ने हाम्रै प्रदेशमा यही वनसँग जोडिएर विभिन्न उद्योगहरू सञ्चालन गर्न सक्ने त्यस्ता खालका हामीले बनाउने नियम कानून कार्यविधि र विधेयकले पनि त्यस्तो खालको एउटा सहज परिस्थिति बोल्न सक्यो सहज परिस्थिति बनाउन सक्यो भने पक्कै पनि राष्ट्रिय वनसँग विभिन्न यी वनका जुन खालका चाहिँ परिकल्पना गर्छन यीनले हाम्रो कर्णाली प्रदेशको अर्थतन्त्रलाई सुधार ल्याउने कर्णाली प्रदेशका धेरै भन्दा धेरै गरिबीमा रहेका जुन समुदायलाई यसले माथि उठाउने कुरामा हाम्रो वनले धेरै महत्त्वपूर्ण भूमिका खेल्ने भएको कारणले यो ऐनलाई असाध्यै महत्त्व दिएर असाध्यै विषयसँग केन्द्रित भएर हामीले विधयकहरू बनाईरहँदा विभिन्न यहाँ दफाहरूमा केही कुराहरू छुटेका छन् । हामीले संशोधनमार्फत् पनि त्यसलाई अझ यसलाई पूर्णरूप दिनेछौं र यो संशोधनमार्फत् यसले पूर्णरूप पायो भने पक्कै पनि यहाँका जनता र नागरिकको लागि राम्रो हुनेछ भन्ने कुरा राख्छु, धन्यवाद ।

**माननीय उप-सभामुखः** माननीय श्री पदमबहादुर रोकाया समय ७ मिनेट

**माननीय श्री पदमबहादुर रोकायाः-** माननीय सभामुख महोदय, हामी राष्ट्रिय वन सम्बन्धी सैद्धान्तिक छलफलमा हामी लागिरहेका छौं । सर्वप्रथम म सम्बन्धित मन्त्रालय र मन्त्रीलाई धन्यवाद दिन चाहन्छु किनभने २०७६/७७ को वजेटको किताब आठ पानाको मात्रै थियो तपाईहरूलाई पनि याद होला । यति पातलो किताब के आयो भनेर भन्दै थियौं, तर यो विधेयकको किताब त ४६/४७ पानाको छ राम्रै होला त्यसै कारणले धन्यवाद दिन चाहन्छु भने हरियो वन नेपालको धन हाम्रो नेपालको मुल नारा र सङ्कल्प हो । अब हाम्रो नेपालको मात्रै जल जंगल र जडीबुटी त्यसमध्ये कर्णाली प्रदेशको जल जंगल र जडीबुटीमा छ । अरु सबै विदेशबाट ल्याउनु पर्छ भने हुन त बत्ती पनि विदेशबाट आएको छ जलबाट उत्पादन फाईदा हुन सक्या छैन । काठ पनि काठको राम्रो काठ इण्डियातिर गयाछ । मलेसिङ काठ मलेसिङ सालहरू यहाँ भेटिएको छ । नराम्रो काठ यहाँ आयाको छ । जडीबुटीबाट केही न केही हाम्रो कर्णाली प्रदेशको नेपालको स्रोत आर्थिक स्रोत भएको छ। म जडीबुटीसम्बन्धी पनि अलि मलाई अलि ज्ञान पनि छ, त्यसै कारणले जडीबुटी अहिले अरु कम मात्रामा जडीबुटीहरू संकलन हुने जिल्लाले निकासी पुर्जी दिएको छ । जहाँ कि बढी मात्रामा जडीबुटी उत्पादन हुन्छ जटामासी भुल्ते संघले पुर्जी दियो । त्यो पुर्जी मैले बुझ्दै गर्दा नेपालगंजका एक जना साहुले पचासौं लाख खर्च गरेर पुर्जी ल्याएका छन् । भर्खरै म नेपालगञ्जबाट आएँ । भुल्तेको हुम्लाबाट भुल्तेको हामीले पुर्जी ल्याएर आयौं भनेर नेपालगंजका राजेश जैन उनीहरू भन्दै थिए । हामी जटामासी भुल्तेको पुर्जी संघले दिएको छ । जो कि संघले के गऱ्या रैछ भने यसले फाईदा हुने चिज बढी मात्रामा उत्पादन हुने चिज आफूलाई मुनाफा हुने किसिमले संघले अधिकार लिएको छ । कम

मात्रामा उत्पादन हुने चिज प्रदेशलाई र जिल्लालाई दिएको छ भने, यो संघको यो पनि यो निरंकुशता हो यो पनि सामन्तवाद त हो यो पनि भने मसँग थाहा छ, कर्णाली प्रदेशमा जडीबुटी प्रशस्त छन् । जंगलमा लुकेर बसेका जडीबुटीहरू छन् । हामीले कर्णाली प्रदेशबाट आँखा चिम्लेर समातेको चिज दिल्लीमा बिक्री हुन्छ । त्यो मसँग राम्रोसँग थाहा छ । चाहे कममा बिक्री होला चाहे बढीमा बिक्री होला । आँखा चिम्लेर समातेको चिज दिल्लीमा बिक्री हुन्छ । धेरै जडीबुटीहरू लुकेर बसेका छन् यहाँ । त्यसै कारणले अहिले वनसम्बन्धी सामुदायिक वन स्थानीय सरकारलाई जिम्मा दिनुपर्छ । राष्ट्रिय वन प्रदेश सरकारको जिम्मा दिनुपर्छ। अनि राष्ट्रिय निकुञ्जहरू संघीय सरकारले जिम्मा लिनुपर्छ । अनि मात्रै वनको संरक्षण हुन्छ । अनि भोलि सबै संघले लिन खोज्यो भने अनि संरक्षण हुन सक्दैन । हाम्रो नेपालको वन क्षेत्रको शासन १३४ वर्षदेखी वन क्षेत्रको शासनमा परिवर्तन आएको छैन १३४ वर्षसम्म वन क्षेत्रको शासन आएको छैन अहिलेसम्म भने, अब प्रदेशले लिनुपर्ने सबै अब हाम्रो वनमन्त्री डोल्पाको हुनुहुन्छ, उहाँलाई राम्रोसँग थाहा छ, हाम्रो माननीयजीलाई थाहा छ । जटामासी भुल्तेको सेतो खिरौँलाको पाँच रुपैँया रोयल्टी थियो, जटामासी भुल्तेको पन्ध्र रुपैयाँ रोयल्टी थियो तर वनका कर्मचारी पचास रुपैयाँ लिइराछन् । रोयल्टी पन्ध्र रुपैयाँ राजश्व छ भने पचास रुपैयाँ लिएका छन् । अनि फाईदा त कर्णाली प्रदेश नेपाल सरकारलाई भन्दा पनि यहाँको कर्मचारीलाई फाईदा बढी छ । करोडौं रुपैँया कमाएका छन् मसँग थाहा छ । हाम्रै मान्छेले पुर्जी लिएर ल्याउँदाखेरिमा एक लाख राजश्व लाग्ने ठाउँमा तीन लाख तिरेर आएका छन् डोल्पामा सुलिगाड राष्ट्रिय निकुञ्जमा, डोल्पा वन कार्यालयमा एक लाख राजश्व तिरेका छन् दुई लाख अरु तिरेर आएका छन् । नदिउँ भने पुर्जी हुँदैन । पुर्जी नभए निकासी हुँदैन भने त्यस्तै अन्य जिल्लामा कालिकोट, जुम्ला, मुगु, डोल्पा दैलेखबाट पनि गयाछ यो । राजश्व कम छ, रोयल्टी बढी छ । यो कर्णाली प्रदेश वन मन्त्रालयले राम्रोसँग निगरानी गर्नुपर्दछ । यो तपाई हामी सबैलाई थाहा छ यो, राजश्व भन्दा बढी बिचौलियाले बढी खाएका छन् पैसा । यसको मन्त्रीज्यूलाई राम्ररी थाहा छ यो कुरा । यो किन यस्तो हो यो ? कि राजश्व बढाउँ, कर्णाली प्रदेशको आम्दानी होला, नेपाल सरकारको आम्दानी होला भने हामी अनि यो जंगलबाट काठहरू कस्तो छ अघि माननीयले भनिसक्नु भो सडेगलेको छ कुहिएको छ । हामीले पाँच हजार रुपैयाँ क्यु फिट काठ हामीले किनेर घर लाउनु पर्छ। अनि बिचौलियाहरूबाट हामी सन्ताउन्न सयमा किनेका छन् त्यहाँ । यही सुर्खेतमा काठ पनि दुई हजार पच्चिस सयले आएको छ तर उनीहरूबाट चाही पाँच हजार पचपन्न सय रुपैयाँ क्यु फिट किनेका छन् । यसको लागि कर्णाली प्रदेश सरकारले समयमै ध्यान दिनुपर्छ, धन्यवाद ।

**माननीय उप-सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेशभित्रको

राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवं जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश भित्रको राष्ट्रिय वन संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि कर्णाली प्रदेश सभाका माननीय सदस्यहरूले सैद्धान्तिक छलफल भै रहेको छ र जुन सैद्धान्तिक छलफलमा माननीय सदस्यज्यूहरूले जुन कुरा यो विधेयक माथि राख्नु भएको छ, त्यसमा म सम्बन्धित मन्त्रालयको तर्फबाट यहाँहरूले उठाउनु भएको जिज्ञासा म प्रस्टयाउन चाहन्छु । त्यसको अधिकार प्रयोग र संविधान प्रदेशका कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेश भित्रको राष्ट्रिय वन वातावरण सन्तुलनका लागि आवश्यक भू-भाग वनक्षेत्र धार्मिक वन, प्राकृतिक वन, कबुलियत वन, संरक्षण दिगो वन व्यवस्थापन र वन पैदावार आपूर्ति वन पैदावारमा आधारित उद्योग प्रवर्धन भू तथा जलाधार संरक्षण जैविक विविधता तथा जडीबुटी र पर्यावरणको व्यवस्थापनबाट प्रदेशको समृद्धी र स्थानीय समुदायको जिविकोपार्जनमा योगदान पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वन विकास र प्रवर्धनको लागि व्यवस्था जुन नेपालको संविधान ५१ (६) र जुन अनुसूचि ६ को १९ मा जुन राष्ट्रिय वन प्रदेशको एकल अधिकार प्रयोग भित्र रहेको छ । र त्यही अन्तर्गत हामीले यो प्रदेशको वनको विधेयकमा छलफल भै रहेको छ र यहाँहरूले जुन माननीयज्यूहरूले यति धेरै राम्रो सुझावहरू तपाईको दिनु भएको छ र जुन यो सैद्धान्तिक छलफलमा माननीयज्यूहरूले जुन कुरा राख्नु भएको छ, म माननीय सभामुख महोदयमार्फत् माननीयज्यूहरूलाई म धन्यवाद दिन चाहन्छु र जुन हाम्रो कर्णाली प्रदेशमा जल जमिन र जडीबुटीको व्यवस्थापनमार्फत् दिगोपन व्यवस्थापन गरी यहाँका गरिव जनता र जुन तपाईको उद्योग कल कारखाना लगायतका कुराहरूमा जुन यो वन क्षेत्रको बढी महत्त्वपूर्ण छ र यो वन क्षेत्र कम्तीमा आज भौतिक पूर्वाधारको हिसाबले आज वन क्षेत्रबाट हामीले विभिन्न तपाईको सडक लगायत भौतिक पूर्वाधार बनाउनु पर्ने र त्यो मात्रै नभएर जुन वातावरणीय प्रतिकूल हिसाबले पनि वन क्षेत्रको वढी महत्त्वपूर्ण रहेको छ । त्यस कारणले हामीले यो वनलाई व्यवस्थापन गर्ने र वनभित्र रहेका तपाईको जैविक विविधता लगायतका तपाईको सम्पूर्ण क्षेत्र भन्दा कलकारखाना जनताले कसरी सहजै रूपमा वनलाई तपाईको व्यवस्थापन गर्न सक्ने त्यसको दिगो व्यवस्थापन गर्ने र प्रयोग गर्न सक्छ र भन्ने उद्देश्यका साथ नै यो हामीले ल्याएको विधेयक यो आजको

सम्मानित सदनमा छलफल भै रहेको छ र जुन कुराहरू आज सैद्धान्तिक रूपमा एकदमै धेरै कुराहरू उठिरहेको छ । जुन वन्यजन्तु संरक्षणको कुरा तपाईको वन व्यवस्थापनको कुरा वैज्ञानिक वनका कुरा लगायतका धेरै धेरै तपाईको कुराहरू जुन छलफल भै रहेको छ यो छलफल कर्णाली प्रदेश सभामा छलफल होस् । यहाँको जुन यो विधेयक जुन तपाईको वन ऐन पारित भएर जान्छ, त्यसले यो कर्णाली प्रदेशका साँच्चिकै तपाईको जनजीवनमा ठूलो यसले आमुल परिवर्तन ल्याओस् र जुन हामीले रोजगारिको कुरा उठाइरहेका छौं, आज हाम्रो सबैभन्दा नजिकको वनक्षेत्र छ र आज हामीले सहजै रूपमा यो वनक्षेत्र हामीले प्रयोग गर्न नपाइरहेको अवस्था छ । अझ हाम्रो जुन जनताहरूले मिहेनत गरेर लगाएको खेतिबारी लगायतका विभिन्न वन्यजन्तुहरूबाट क्षेति भै रहेको छ । ती कुराहरू पनि आजको हाम्रो यो वन विधेयकमा तपाईको हामीले समेटिरहेका छौं र अब अहिले आएर जुन वन यति धेरै खालि जमिनहरू छ तर वनको अहिले कसरी व्यवस्थापन गर्ने वनलाई कसरी तपाईको उद्यमतिर लिने भन्ने कुरा पनि यो वन विधेयकमा हामीले राखेका छौं र यसमा धेरै कुराहरू तपाईको आइरहेको छ । अझपनि केही कुराहरू तपाईको छुट भएछ भने नि यो सभाले विधेयकमाथि यो सभाले विभिन्न संशोधनमार्फत् विभिन्न छलफलमार्फत् तपाईको बुँदागत छलफलमार्फत् पनि ती कुराहरू समेटेर जानेछ र यसमा हाम्रो मन्त्रालयले यो जुन अहिले धेरै कुरा आइरहेको छ, संघीय मन्त्रालयको कपी पेष्ट भयो भनेर यो किन भने नेपालको संविधान अनुसार संघको तपाईको क्षेत्राधिकार संघले तोकेको कार्यक्षेत्र भित्र र प्रदेशका आ-आफ्नो कार्य क्षेत्र भित्र रहेको कुराहरूलाई पनि हामी यो ऐनमा राख्नुपर्ने भएको कारणले यो कुनै तपाई संघको मन्त्रालयको कपी पेष्ट छैन। यसमा अलि ठूलो तपाईको विज्ञहरू राखेका छौं र वनसँग सम्बन्धित मान्छेहरूको तँपाइको विभिन्न ब्यक्तिहरूलाई राखेर हामीले कसरी यो वनलाई तपाईको बढी प्रभावकारी बनाउन सकन्छ कसरी जनमूखी बनाउन सकिन्छ कसरी यो तपाईको जनताले तपाईको सहजै तपाईको वनक्षेत्र प्रयोग गर्न सकछ, यसको व्यवस्थापन गर्न सक्छ भन्ने कुराहरू हामीले समेटिरहेका छौं। यसमा धेरै तपाईको माननीय ज्यु हरूले कुरा उठाउनु भएको छ मैले मुख्य कुरा त हाम्रो सिता नेपाली माननीय ज्यु ले राख्नु भएको छ । यसमा म एकदमै उहाँको कुरालाई म मन्त्रालयको तर्फबाट म मनन गर्न चाहन्छु । यसमा उहाँले सुझावको रूपमा एकदमै उहाँले सकारात्मक विचारहरू राखेर यो विधेयकलाई अझ वलियो पक्ष बनाउन सहयोग गर्नुभएको छ र अहिले यो जुन विभिन्न वातावरणका यो संरक्षण वातावरण संरक्षण र मुल्यांकन लगायतका यी विभिन्न

कुराहरू छन् अहिले यसले गर्दा जुन आज विकास निर्माणको कुराहरूमा अवरोध भैरहेको छ भन्ने कुराहरू उठिरहेकोले पनि आज हामीले यो प्रदेश सभामा वातावरण ऐन र आज वन ऐनको आज यो सम्मानित सदनमा छलफल गरिरहेका छौं । छिटो भन्दा छिटो यो जुन दुईटा ऐन विधेयक तपाईको यो प्रदेश सभाबाट पास भैसकेपछि हामीले यो कर्णाली प्रदेशमा तपाईको जनताले आज तपाईको संघीय नेपालको ऐन अनुसार तपाईको आज प्रदेशले लामो समयसम्म आफ्ना संरचनाहरू रहेतापनि वनको प्रभावकारिता वन क्षेत्र बनाउन नसकेको अवस्था छ । आज हामीले यत्रो तपाईको यो वन यो हाउसमा कुरा उठिरहेको छ । वनमा त्यति धेरै ठूला वन पैदावारहरू ढलेका रुखहरू छन् । ती हामीले आज तपाईको केही गर्न सक्ने अवस्था छैन तर यो वन तपाईको ऐन आइसकेपछि वन ऐनमा हामीले के व्यवस्था गरेका छौं र जुन तपाईको अहिले अलपत्र रूपमा रहेका जुन ढले परेका रुखहरूलाई हामी संकलन गरेर त्यसलाई व्यवस्थापन गराएर यसको ठूलो एउटा प्रदेशको राजश्वमा वृद्धि गरिनेछ। जस्तै वन्यजन्तु तपाईको हामीले पाल्ने व्यवस्था गरेका छौं । वन अहिले तपाईको जुन खालि जमिनहरूलाई जुन छ त्यो जमिनलाई पनि हामी कसरी सदुपयोग गर्ने कसरी तपाईको कृषिमा वनलाई सम्बन्धी उत्पादन गर्ने शहरी हरित वनको कुराहरू आइरहेको छ । यो सम्पूर्ण कुराहरू हामीले एकदमै धेरै एक्ससाईज गरेका छौं र माननीय विन्दमान विष्टज्यूले भन्नुभाछ । तपाईको धेरै कुराहरू उहाँले बुँदागत ढंगले भन्नुभाछ । यो जडीबुटी प्रशोधनको कुरा हामीले तपाईको यो जडीबुटी प्रशोधनको कुरामा तपाईको दफा दफामा ४३ देखी ४५ यो ४६ सम्ममा यो वनको जडीबुटी कसरी व्यवस्थापन गर्ने भन्ने हामीले राखेका छौं । त्यस्तै तपाईको वन्यजन्तुसम्बन्धी पनि हामीले तपाईको ५२ देखी लिएर ५४ सम्मको तपाईको उप दफाहरूमा त्यो व्यवस्था रहेको छ । यी व्यवस्था रहँदा रहँदै पनि केही कुराहरू अझ तपाईको छुट भाछ भने यसमा हामीले यो सभामा छलफल गरेर अगाडि बढ्ने छौं भन्ने कुरा मैले यहाँहरूलाई माननीयज्यूहरूलाई मैले माननीय सभामुखज्यूमार्फत् राख्न चाहन्छु। जस्तै वैज्ञानिक वनको कुराहरू आएको छ । हामीले वैज्ञानिक वन न राखेर दिगो वन व्यवस्थापनको कुराहरू राखेका छौं र सिधै हामीले वैज्ञानिक वन नभनेर दिगो वन व्यवस्थापन भनेका छौं । यो वन व्यवस्थापनमा मुख्य गरेर आर्थिक यो कसरी तपाईको लाभ लिन सक्छ ? भन्ने कुरा हामीले तपाईको यसमा एकदमै बुँदागत रूपमा राखेका छौं। अब यसैमा जुन तपाईको पानीको मुहान संरक्षणको कुरा हामीले दफा ४८ देखी लिएर ५० सम्म यो तपाईको सिम्सार क्षेत्रको व्यवस्थापनभित्र हामीले यी बुँदाहरू भएको राखेका छौं ।

त्यसैगरी माननीयज्यूहरूले तपाईको अरु-अरु वन पैदावारको तपाईको कुराहरू राख्नु भाछ । वनबाट लाभ कसरी लिने ? वढी भन्दा वढी तपाईको धेरैजस्तो माननीय ज्यूहरूको उद्देश्य वन क्षेत्रको दिगो व्यवस्थापन, संरक्षण गरेर कसरी तपाईको बढी भन्दा बढी लाभ लिन सकिन्छ । जनता कसरी त्यो बाट प्रभावित हुन सक्छन् ? कसरी रोजगारी सिर्जना गर्न सकिन्छ ? भन्ने कुरा धेरै जसो माननीय ज्यूहरूले राख्नु भाछ र यसमा माननीय सोशिला शाहीले राख्नुभाछ जिल्लामा डिभिजन कार्यालय मात्रै छ त्यसको अर्को तल संरचना छैन भन्ने कुरामा अहिलेको हाम्रो यो भन्दा अगाडि पनि व्यवस्था छ र अहिले पनि व्यवस्था छ जुन प्रत्येक जिल्ला डिभिजन वन कार्यालय अन्तर्गत सव डिभिजन कार्यालय रहने पनि व्यवस्था छ र अहिलेको हाम्रो यो ऐनले पनि सवडिभिजन कार्यालय, डिभिजन कार्यालय वन तथा वातावरण निर्देशनालय र माथि मन्त्रालयको तपाईको परिकल्पना गरेको छ । त्यस्तै गरी अब माननीय ज्यूहरूले जुन कुराहरू यहाँ राख्नुभाछ यो वनलाई हामीले खनिज वनलाई वन भित्र रहेको खनिजहरू तपाईको उत्खनन् गर्न सक्ने भन्ने कुरा छ । यसलाई हाम्रै मन्त्रालयले यसलाई मनन गरेर अब हामी छिट्टै नै खानि तथा खनिजसम्बन्धीको तपाईको विधेयक पनि केही प्रदेश सभामा ल्याउने छौं र यो पास भैसकेपछि त्यो वनक्षेत्र भित्र रहेको खनिजहरू पनि त्यसलाई तपाईको उत्खनन् गर्न सकिन्छ । त्यो अब एकल प्रदेशको मात्रै तपाईको अधिकार नभएर संघीय सरकारको पनि तपाईको खनिजहरू संघीय सरकारको तपाईको अनुमती ल्याउनु पर्ने र त्यसको कानून छ भने तपाईको प्रदेशको खनिज सम्बन्धीको विधेयक पनि ल्याएर यसलाई अगाडि बढाउने छौं । अब यसमा मुख्य गरेर अहिले यो वन क्षेत्रभित्र यो राष्ट्रिय वन भित्र तपाईको सामुदायिक वन, धार्मिक वन यो सबै पर्दछ जुन अहिले हाम्रो कर्णाली प्रदेशमा मुख्य गरेर अहिले विकासको अवरोधको रूपमा जुन रारा र शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज र त्यो निकुञ्जभित्र जो मध्यवर्ती क्षेत्र छ, त्यसले एउटा हाम्रो प्रदेशमा ठूलो तपाईको विकासको अवरुद्ध भैरहेको छ । यसमा संघीय सरकारको यसको कार्यक्षेत्र संघीय सरकारको कार्यक्षेत्र रहन्छ र यसमा प्रदेशले हामीले तपाईको यो राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र हाम्रो कार्यक्षेत्र नपरेको हुँदा जुन कुराहरू अब अघि माननीय ज्यूहरूले उठाइरहनु भाको छ यो जडीबुटी छुटपुर्जी दिँदा अब यो जटामसीको कुरा यो साईन्टिस उसमा पढ्या हुनाले अहिले संघीय सरकारले जटामसीको तपाईको छुटपूर्जी संघीय सरकारको कार्यक्षेत्र भाकोले अहिले संघीय सरकारले तपाईको प्रदेशलाई एक खालको अलि प्रदेशको जुन संविधानले व्यवस्था गरेअनुसार अधिकारको लागि संघीय वन ऐनले तपाईको केही अधिकारहरू संघीय सरकारले लिइरहेको अवस्था

पनि छ । जुन अहिले हामीले यी कुराहरू माननीय ज्यूहरूको कुरा जुन हरित सहरको कुरा अहिले हामीले यो एउटा यो प्रदेशमा अहिले जुन शहरिकरण बढीरहेको अवस्थामा र जुन दिनानुदिन तपाईको कार्वनडाईअक्साइडको वढ्नेक्रम हुँदाखेरि अहिले मुख्य गरेर शहरी बजारहरूमा शहरी तपाईको वन तपाईको शहरी वन जुन सडकको बीचमा सडकको किनारहरूमा कसरी तपाईको वनलाई शहरी क्षेत्र बनाउन सकिन्छ भन्ने खालका व्यवस्थाहरू पनि हामीले राख्याछौं । यी कुराहरू माननीयज्यूहरूले राख्नुभएको कुराहरूमा हामीले आजको सैद्धान्तिक छलफलमा छलफल भैरहेको छ । र यसलाई अझ पनि अझ पछि यो ऐन बुँदागत रूपमा छलफल गरेर यसमा केही कुराहरू तपाईको छ भने यो विधेयकले मुर्त रूप लिनेछ । त्यसकारण जुन यो विधेयकबारे माननीय सदस्यहरूले जुन कुरा उठाउनु भएको छ म सम्पूर्ण माननीय सदस्यहरूलाई माननीय सभामुखमार्फत् यहाँहरूलाई धन्यवाद दिँदै म विदा हुन्छु, धन्यवाद ।

**माननीय उप-सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँदछु ।

माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली २०७४ को परिच्छेद-१५ व्यवस्था कार्यविधिको नियम १०९ उपनियम १ अनुसार कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समयसीमा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेश पर्यटनसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलको लागि सभा समक्ष प्रस्ताव गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुखज्यू, नेपालको संविधानको धारा ५१ ख मा नेपालमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्धन एवं प्रचार-प्रसारमार्फत् राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण, अनुकूलन, पर्यटन, उद्योग विकास गर्न र पर्यटन संस्कृतिको विकास गर्न, आवश्यक वातावरण एवं नीति निर्माण गर्न तथा पर्यटन उद्योगको लाभ वितरणमा जनतालाई प्राथामिकता दिने भन्ने व्यवस्था रहेको र नेपालको संविधानको अनुसूची-६ को क्रमसंख्या ४ मा पर्यटन सेवा शुल्क लगायतका विषय उल्लेख भएको र साथै नेपालको संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशका अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहनेछ र

त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेश भित्रका पर्यटन क्षेत्रको प्रवर्धन र विकासका लागि पर्यटकीय सेवाहरूको प्रस्तावन गरी स्वदेशी तथा विदेशी पर्यटकको सुविधा तथा हित र प्रदेशको आर्थिक विकास गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सैद्धान्तिक छलफल गरियोस् भनी सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय उप-सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफलमा भाग लिनुहुने माननीय सदस्यहरूको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री सिताकुमारी नेपाली समय ७ मिनेट ।

**माननीय श्री सीताकुमारी नेपालीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश हरेक सुचांकमा पछि परेको प्रदेश हो । त्यसैले पनि कर्णाली प्रदेशको जनताको जीवन स्तरलाई माथि उठाउनका निम्ति कर्णाली प्रदेश सरकारले विभिन्न कानूनहरू निर्माण गर्दैछ । यही क्रममा कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल आज भै राखेको छ । मन्त्रालय र मन्त्रीज्यूलाई म माननीय सभामुखमार्फत् धन्यवाद पनि दिन चाहन्छु । कर्णाली प्रदेश सरकारले पहिलो कार्यक्रम पर्यटनसँग सम्बन्धित कार्यक्रम गरेको थियो । कर्णालीमा रोजगारी सिर्जना गर्ने उद्देश्यसहित थुप्रै सम्भावनाहरू छन् पर्यटनको क्षेत्रमा । त्यो सम्भावनाहरूको प्रचार गर्नका निम्ति पनि कर्णाली पर्यटन रारा पर्यटन वर्ष भनेर कार्यक्रम पनि गरेको थियो । साँच्चिकै कर्णाली सम्भावनै सम्भावनाका हिसाबले पर्यटनको क्षेत्रमा सम्भावना रहेको प्रदेश हो । प्राकृतिक हिसाबले नै पर्यटकीय क्षेत्रहरू धेरै छन् । पर्यावरणको पर्यटनको विकास गर्न अबको आवश्यकता हो । प्राकृतिक हिसाबले नै रहेका पर्यटकीय क्षेत्रहरूको विकासका निम्ति पूर्वाधार विकास पहिलो प्राथामिकतामा पर्नुपर्छ । पर्यटकीय क्षेत्रमा वैदेशिक पर्यटकहरू मात्रै नभएर आन्तरिक पर्यटकहरू पनि आउने गर्छन् । आएका पर्यटकहरूलाई पटके होइन नियमितरूपमा त्यो पर्यटकीय क्षेत्रमा आउने वातावरण कसरी सिर्जना गर्ने ? म कर्णाली प्रदेश सरकारलाई प्रश्न गर्न चाहन्छु । माननीय सभामुखज्यूमार्फत् । कर्णालीको पर्यटनको विकासको निम्ति गुरुयोजना आवश्यक छ । त्यो अहिलेसम्म त्यो गुरुयोजना बनिसकेको जस्तो त मलाई लाग्दैन । बनेको छ कि छैन ? गुरुयोजना निर्माण गर्ने कुरा सँगसँगै पर्यटकीय सर्किटहरूको विकास गरेर मात्रै पर्यटकीय क्षेत्रहरूलाई व्यवस्थित गर्न सकिन्छ होला । पर्यटकीय क्षेत्रको विकास गर्नका निम्ति कृत्रिम हिसाबले पनि पर्यटकीय क्षेत्रहरू बनाउन सकिन्छ ।

हामी धेरै टाढा न जाउँ । हामी कहिलेकाहीं छिमेकी देशमा पनि पर्यटकका हिसाबले हामी जाने गर्छौं । ७ नम्बर प्रदेशसँग जोडिएको नैनिताल, हेऱ्यौं भने धेरै टाढा जान परेन त्यो नैनितालमा त्यो बनाइएको ताल यति रमणीय हुन्छ, त्यहाँ गएर १/२ दिन बसेर आउन सकिने अवस्था रहन्छ । पर्याप्त हामीसँग प्राकृतिक स्रोत छ, जल प्रसस्त छ त्यो जललाई हामीले उत्पादनको क्षेत्रमा त लगाउने कुरा छँदै छ सँगसँगै पर्यटकीय क्षेत्रमा त्यसलाई उपयोग गर्न सकिन्छ । त्यो पानीलाई हामीले त्यो उपयोग गरेर मानव निर्मित पर्यटकीय क्षेत्रहरूपनि बनाउन सकिन्छ । हामी प्रकृतिले दिए कै पर्यटकीय क्षेत्रहरू व्यवस्थित गर्न सकिरहेका छैनौं । अब मानव निर्मित पर्यटकीय क्षेत्र बनाउनका निम्ति त धेरै पाप्पड बेल्नु पर्ने अवस्था होला । तै पनि कर्णाली प्रदेश सरकारले जसरी यो विधेयक ल्याएको छ र यो विधेयकमा धेरै कुराहरू समेटिएको छ । पर्यटनको विकासका हिसाबले होटल रेष्टुराँ मात्रै होइन टुरिजमलाई चाहिँ यो टुर एण्ड ट्राभल्सलाई नियमन गर्ने कुरा अनुमति दिने कुरा खारेज गर्ने कुराहरू सँगसँगै अन्य पर्यटकीय क्षेत्रको विकास गर्ने कुराहरू पनि यहाँ लेखिएको छ । अब यी कुराहरू लेख्दै जाँदा मलाई खुसी पनि लागि राखेको छ अब त कर्णाली प्रदेशमा धेरै पर्यटकीय हिसाबले विकास हुने भो भन्ने पनि लागिरहेको छ । त्यो हुँदाहुँदै पनि संघीय संसदले बनाएको पर्यटनसम्बन्धी कानून जो छ, त्यसलाई पनि एकचोटी हेरें मैले सरसर्ती र यो विधेयक पनि हेरें । हेर्दा प्रदेश लेखिन पर्ने ठाउँमा प्रदेशहरू लेखिएको छ । धेरै कुरा संघीय संसदमा जसरी संघीय कानून बनेको छ, त्यो कानूनको कुरा कतिपय फोटोकपी कै रूपमा आएको छ । त्यो फोटोकपीको रूपमा आयो भने के साँच्चि कर्णालीको विकास होला त ? म प्रश्न गर्न चाहन्छु । कर्णालीका विकासका निम्ति कर्णाली कै सापेक्षतामा हुनुपर्छ होला नि ? त्यति न भई रहेको जस्तो । जस्तो जरिवानाका कुराहरू छन्, दण्ड सजाएँका कुराहरूपनि छन् यहाँ । दण्ड सजायको कुरा गर्दा बीचमा चलखेल गर्ने गरी किन दण्ड सजाय राख्ने ? कतिपय विषयहरू हामी कानून मै लेख्न सक्छौं । मलाई कस्तो लागिरहेको छ भने संविधानमा धेरै कुराहरू समावेश गर्न सकिदैंन सबै कुराहरू । त्यसले गर्दा कानूनबमोजिम भन्ने कुरा संविधानमा लेखिएको हुन्छ । अब कानून बमोजिम भनेपछि कानून बनेन भने त संविधानमा लेखेर मात्रै त पाईएन नि त ? कानून बनाउनु पर्ने भो । कानून बनाइएन भने त संविधानमा लेखेर मात्रै त नहुने रैछ । त्यसैले अब कानून बनाउँदै गर्दाखेरि तोकिएबमोजिम भनेर धेरै ठाउँ के यो विधेयकको मैले धेरै ठाउँ मैले हाइलाईट गरेछु के रे अण्डरलाईन गरेको छु धेरै ठाउँमा तोकिएबमोजिम भन्ने कुरा लेखिएको छ । अब सबै त्यो तोकिएबमोजिम हुने हो भने त किन यो कानून बनाउनु पऱ्यो । अब तोकिएबमोजिम भनेर त लेख्नु भो ल ठीक छ तर त्यो तोकिएबमोजिम तपाईहरूले नियमावली बनाउनु भएन कर्णाली प्रदेश सरकारले नियमावली बनाएन भने त यो विधेयकको अर्थै हुँदैन । त्यसले गर्दा कतिपय कुरा त यसैमा यही ऐनमा लेख्न सकिन्छ। लेख्न सकिने

कुराहरूसम्म त यसैमा लेखेर ल्याउँदा राम्रो हुन्छ । यसैमा लेखियो भने प्रस्ट हुन्छ । कानून भन्ने कुरा जनताले जान्न पाउने जनताले बुझ्न सक्ने सरल ढंगबाट आउनु पर्छ । कतिपय अंग्रेजी शब्दहरू यहाँ लेखिएको छ । त्यो अंग्रेजी शब्द सबैले बुझ्दैन । त्यसको नेपाली शब्द के हो ? अझ हामी त कुडा कर्णालीका भन्ना छौं । भन्ने बेला कुडा कर्नालीका भन्ना छौं अनि अंग्रेजीमा लेख्दा छौं, हुन्छ त ? अझ हाम्रो प्रदेश भनेको त नेपाली भाषाको उद्गम थलो हो । अनि हाम्रो भाषा छैन ? त्यो हाम्रो भाषाअनुसार लेख्न सकिने कुराहरू हाम्रो भाषा अनुसारै लेख्दाखेरि पनि राम्रो हुन्थ्यो कि भन्ने मलाई लागेको छ । त्यसैले कर्णालीको पर्यटनको विकास गर्दै गर्दा धार्मिक, पूरातात्विक, सांस्कृतिक क्षेत्रहरूको विकास पनि आवश्यकता छ । त्यसको प्रचार प्रसारको पनि आवश्यकता छ । सँगसँगै प्रकृतिले दिएका पर्यटकीय क्षेत्रको पूर्वाधार र पर्यटन सर्किटको पनि विकास गर्नुपर्ने र सँगसँगै मानव निर्मित पर्यटकीय क्षेत्रहरू बनाउन पर्ने र पार्कहरू अहिलेको जुन एउटा ब्यस्त मानव जीवन ब्यस्ततामा अगाडि बढिरहेको अवस्थामा रिफ्रेस हुनका निम्ति पार्कहरू पनि आवश्यक छ । ती पार्कहरू पनि बनाउनुपर्छ ती पनि पर्यटकीय क्षेत्रका हिसाबले पर्यटकलाई आकर्षित गर्न सकिन्छ । शहरी क्षेत्रमा जुन बढ्दो जनसंख्याको चाप छ त्यो अनुसार प्रदूषण पनि बढिरहेको अवस्था छ । कम्तीमा त्यस्ता पार्कहरूमा समय ब्यतित गर्नका निम्ति आफ्ना बाल बच्चाहरूलाई घुमाउनका निम्ति पनि त्यस्ता पर्यटकीय क्षेत्रहरू आवश्यक छ र यो कुरालाई पनि मध्य नजर गर्दै पर्यटकीय क्षेत्रबाट आएका आम्दानीलाई पर्यटकीय क्षेत्र विकासका निम्ति लगाउनु पर्ने आवश्यकता हुन्छ र कर्णालीको आय आर्जनको स्रोत मुख्य स्रोतको रूपमा पर्यटकीय क्षेत्र पनि हो र यो पर्यटकीय क्षेत्रलाई व्यवस्थापन गर्न जरुरी छ र त्यसको निम्ति कर्णाली प्रदेश सरकारले कानून ल्याएको छ र यो कानूनलाई अझ यहाँको आवश्यकतामा परिमार्जन गरेर ब्यवहारिक र यहाँ यो कर्णाली सुहाउँदो कानून बन्ने छ भन्ने कुरा विश्वास ब्यक्त गर्दै मेरा भनाइहरू यहीं अन्त्य गर्छु, हवस्त धन्यवाद ।

**माननीय उप-सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल आजै समाप्त हुने भएकोले छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले रोष्ट्रमको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहुला । माननीय श्री विन्दमान विष्ट समय ७ मिनेट । त्यसपछि माननीय श्री कौशिलावती खत्री तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री विन्दमान विष्टः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल भै राखेको छ । अब यो खासगरी पर्यटन यो विधेयक जो छ, यसमा प्रवेश गर्नुभन्दा अगाडि मेरो एउटा गम्भीर प्रश्न के छ भन्दाखेरि हामी यो प्रदेशलाई समृद्ध बनाउनको लागि आत्मनिर्भर

बनाउनको लागि नेपालमा चलन चल्तीको जे अवस्था छ त्यही प्रयोग गरेर मात्रै हामी यो प्रदेश सरकार बलियो हुन सक्छ कि सक्दैन आत्मनिर्भर हुन सक्छ कि सक्दैन ? यो म गम्भीर क्वेशन गर्न चाहन्छु। प्रदेश सरकारलाई । मैले सँधै भन्ने के गरेको छु भने हाम्रो जस्तो जे अवस्थामा हाम्रो प्रदेश छ यो अवस्थामा यो प्रदेशलाई सुदृढीकरण गर्नको लागि प्रदेश सरकारले आफ्नै तर्फबाट केही कामहरू गर्नु पर्छ । मैले अगाडि वन विधेयकमाथि पनि छलफल गर्ने क्रममा जडीबुटी कम्पनी स्थापना गर्नुपर्छ भने त्यो प्रदेश सरकारको स्वामित्वमा रह्यो। स्थापना गर्नुपर्छ त्यो व्यवस्था गर्नु पर्छ भन्ने मेरो कुरा थियो । अहिलेपनि यो पर्यटनको विधेयकमाथि छलफल गर्दै गर्दाखेरि हामीले भन्ने गरेका छौं, हाम्रो प्रदेशको आयस्रोतको मेन एउटा पक्ष भनेको पर्यटन व्यवसाय हो भनेर हामीले भनि राख्या छौं । अरु धेरै कुरा हामीसँग छैन। हामीले पर्यटनलाई सुदृढीकरण गर्ने हो । यहाँको जडीबुटीलाई व्यवस्थित गर्ने हो यहाँको पानीलाई व्यवस्थित गर्ने हो । त्यसैमा हामीले हाम्रो प्रदेशलाई आत्मनिर्भर बनाएर जाने हो

तर अब यो पर्यटनसम्बन्धी जुन विधेयक बनेको छ यसलाई सरसर्ति हेर्दाखेरि इजाजत पत्र दिने, टुर एण्ड ट्राभल्सलाई इजाजत दिने त्यसपछि गएर गाईडलाई इजाजत दिने, त्यो इजाजत खोस्ने, यस्तै यस्तै प्रकृतिबाट यो विधेयक अगाडि बढेको छ र त्यसपछि अब होटेलहरूलाई इजाजत दिने, पर्यटनलाई व्यवस्थित गर्नको लागि म कुरा राख्न चाहन्छु त भन्दाखेरि हाम्रा पर्यटकीय स्थलहरूको पहिचान गरौं, त्यहाँ सम्म सहज पहुँचको निमित्त पूर्वाधारहरू निर्माण गरौं र त्यसपछि गएर आन्तरिक तथा बाह्य पर्यटकहरूलाई भित्र्याउनको लागि पर्यटन व्यवसायलाई व्यवस्थित बनाउनको लागि सरकारकै तर्फबाट एउटा बलियो संरचना निर्माण गरौं । जसको कारणले गर्दाखेरि प्रदेश सरकार आत्मनिर्भर हुन सकोस् । सिधाकुरा गर्दाखेरि सरकारले पनि पर्यटन व्यवसायसँग सम्बन्धित रहेर केही कामहरू अगाडि बढाओस्। हामीले भनि राखेका छौं, हाम्रो संविधान मै उल्लेख गरिएको छ समाजवाद उन्मुख राज्य हो हाम्रो भनेर । हामी समाजवादमा जाँदै गर्दाखेरि नीजी क्षेत्रपनि सँगसँगै यसलाई विकास गरेर लैजाने हो । त्यसमा पनि अझ के हो त भन्दाखेरि राज्य बलियो हुने कुरा हो । राज्य बलियो नभईकन सरकार बलियो नभईकन समाजवादको परिकल्पना हामीले गर्न सक्दैनौं । त्यसकारणले गर्दाखेरि राज्य बलियो बनाउनको निमित्त सबै निजी क्षेत्रलाई हामीले सुम्पिने हो भनेपछि राज्यले केही पनि नगर्ने हो भनेपछि अनुमति दिने र अनुमति खोस्ने काम मात्रै गर्ने हो भनेपछि समाजवादमा हामी कहिले पुगौंला ? अलिअलि आएको ट्याक्स अलिअलि आएको केरे कर जो छ त्यै करले मात्रै राज्य बलियो हुने र त्यसपछि समाजवादमा जान सकिन्छ भन्ने कुराको हामी त्यति धेरै परिकल्पना गर्न सक्ने ठाउँमा छैनौं हाम्रो प्रदेशमा । त्यसकारणले गर्दाखेरि सरकारको तर्फबाट प्रदेश

सरकारको तर्फबाट पर्यटन व्यवसायलाई व्यवस्थित गर्नको लागि यसलाई अझ विकास गरेर लैजानको लागि प्रदेश सरकारले आफैले केही काम कारवाहीहरूलाई अगाडि बढाउन पर्ने आवश्यकता मैले देख्छु । यो आवश्यकताको आधारबाट हेर्दाखेरि अझै यसमा अर्को व्यवस्था गरिएको छ त भन्दाखेरि म त के प्रस्ताव गर्न चाहन्छु त भन्दाखेरि प्रदेश पर्यटन वोर्डको गठन गरौं। व्यवस्था त गरिएको छ तर गठन आदेशबाट केरे गठन गरिनेछ भनिएको छ । कानूनमा व्यवस्था गरौं त्यो कुरा । गठन आदेशबाट होइन, गठन आदेशबाट मात्रै गर्ने हो भनेदेखी त्यसका काम, कर्तव्य, अधिकार पनि त्यै गठन आदेशमा उल्लेख गरिनेछ । सबै त्यही हुने हो भनेपछि सरकारको स्वेच्छाचारिता बढ्छ । स्वेच्छाचारिता बढ्यो भनेपछि जो हाम्रो मेन हाम्रो प्रदेश सरकारको आम्दानीको आयस्रोतको यहाँको प्रदेश सरकार आत्मनिर्भर हुने । यहाँको जनताको आत्मनिर्भरतालाई बढाउने मुख्य एउटा पक्ष हाम्रो पर्यटन हो भनेपछि यो तरिकाले यो प्रकारले हामीले गर्न थाल्यौं भनेपछि पर्यटन व्यवसाय सुदृढीकरण हुँदैन । त्यसकारणले गर्दाखेरि यसमा प्रस्ट व्यवस्था के गर्नुपर्छ भन्दाखेरि पर्यटन वोर्ड गठन गरौं, एउटा शक्तिशाली पर्यटन वोर्ड गठन गरौं त्यो पर्यटन वोर्ड मार्फत् नै अरु कामहरू सहित हामीले होटेल रिसोर्ट लगायतका कुराहरूको जो परिकल्पना गरी राखेका छौं हामी सरकारका तर्फबाट पनि अहिले नै कर्णालीका जो अलि दुर्गम ठाउँहरू छन् जो पर्यटकहरूको निमित्त आकर्षक ठाउँहरू छन्, ती ठाउँहरूमा पनि अर्को एउटा निजी लगानिकर्ता आएर पूर्वाधार बनाईदिएर त्यसपछि गएर त्यहाँसम्म हामीले पर्यटनलाई व्यवस्थित गरौंला, पर्यटकहरूलाई त्यहाँसम्म पुऱ्याउँला भन्ने कुराको हामीले कल्पना अलिकति गर्दाखेरि हामी अलिकति मनोगत हुन्छ। त्यसकारणले गर्दाखेरि राज्यले ती पूर्वाधारहरू होटेलदेखि लिएर सबै प्रकारका पूर्वाधार जो छन्, पर्यटकलाई अति आवश्यक हुन्छ, वासको निमित्त त्यहाँ जानको निमित्त जे पूर्वाधारहरू आवश्यक हुन्छ त्यो राज्यले निर्माण गर्नुपर्छ । पर्यटक शक्तिशाली हुन पर्यटन वोर्ड बनाएर त्यो पर्यटन वोर्डमार्फत् ती पूर्वाधारहरूपनि निर्माण गर्ने त्यसको आम्दानिको स्वामित्वपनि प्रदेश सरकारलाई हुने, त्यो व्यवस्था हामीले गर्न सक्यौं भनेपछि मात्रै पर्यटन व्यवसायलाई सुदृढीकरण गर्न सकिन्छ, व्यवस्थित गर्न सकिन्छ । त्यसरी अगाडि बढौं । हामी समाजवादतिरको यात्रामा छौं । समाजवादतिरको यात्रामा जाँदाखेरि राज्य बलियो हुनुपर्छ । राज्य बलियो बनाउनको निमित्त अझ खासगरी कर्णाली प्रदेशमा त हामीले सरकारको तर्फबाट केही काम कारवाहीहरू हामीले गर्नुपर्छ । आफ्नो स्वामित्वमा रहने गरी । विभिन्न क्षेत्र जे जे हामीले प्राथमिकताका क्षेत्र भनेका छौं, जडीबुटीको क्षेत्र भनेका छौं, के रे पर्यटनको क्षेत्र भनेका छौं, त्यसपछि गएर जलविद्युतको क्षेत्र भनेका छौं जे हाम्रो आम्दानिको अझ मुख्य स्रोतको रूपमा हामीले जे पहिचान गरेका छौं ती क्षेत्रहरूमा लगानी गर्ने, र त्यसपछि गएर त्यहाँबाट आम्दानी लिने हिसाबले हेर्दाखेरि सरकारको तर्फबाट केही काम कारवाहीहरू हामीले

नगरीकन हाम्रो प्रदेश सरकार आत्मनिर्भर हुन सक्दैन । हामीले त हाम्रो कति छ हाम्रो आयस्रोत भन्ने कुरा त हामीले परिकल्पना गरी राख्याछौं । अहिलेको बजेटमा त हाम्रो २५ करोड न हो हैन ? अर्को वर्ष हामीले धेरै ठूलो काम गर्‍यौं भनेपछि काम त के कति गरी राखेका छौं हामीले समीक्षा गरी राखेकै छौं । धेरै ठूलो गरेर धेरै हामीले पूर्वाधारहरू निर्माण गरेर धेरै सम्भावनाहरूको पहिचान गर्दै जाँदाखेरि पनि अर्को वर्ष हाम्रो पुग्ने ५० करोड हो । अब त्यो २५ र ५० को वरिपरि घुमिराखेको हाम्रो आन्तरिक स्रोत जो छ त्यो आन्तरिक स्रोतले हामीले कर्णाली प्रदेशलाई समृद्ध बनाउन सक्छौं, विकासको बाटोमा अगाडि लैजान सक्छौं भन्ने कुरा होइन। त्यसकारणले गर्दाखेरि प्रदेश सरकारको आफ्नो स्वामित्वमा रहेका केही व्यवसायहरू सञ्चालन गर्न जरुरी छ । त्यो व्यवसाय मार्फत् हुने आम्दानीबाट मुनाफाबाट प्रदेश सरकार आत्मनिर्भर हुन सक्छ र विकासको ढोका खोल्न सकिन्छ । त्यसकारणले गर्दाखेरि यो जो विधेयक आएको छ, अघि मन्त्री ज्यू ले अर्को केरे विधेयकको जवाफ दिने क्रममा त कपी पेष्ट होइन हामीले गरेका छैनौं भन्नु भो । हो ठीक हो मन्त्रालयले गरेको छैन तर तपाईहरूले विज्ञ भनेर जो नियुक्त गर्नु भाछ ती विज्ञहरूले गरेका छन् कपी पेष्ट । है । मन्त्रालयले गरेको छैन यो कुरा हामीलाई थाहा छ तर, विज्ञहरूले कपी पेष्ट गरिदिए । हामी संघीय भएर हेर्छौं त्यसपछि विज्ञले प्रदेश बनेर हेर्छन् । केही फरक छैन । उहि के रे नेपाल सरकार भन्ने ठाउँमा प्रदेश सरकार छ। यही प्रकारको भई राखेको छ । मैले यसलाई मिनिमाईज गर्न खोजेको होइन । तर हाम्रो अनुकूलतामा हाम्रो प्रदेशको सापेक्षतामा हामी आत्मनिर्भर हुनको निमित्त सरकारलाई आत्मनिर्भर बनाउनको निमित्त यहाँका जनतालाई आत्मनिर्भर बनाउनको निमित्त यहाँका विशेषताहरू जे छ ती विशेषताहरू अनुसारको जगमा उभिएर हामीले कानून निर्माण गरौं। त्यसकारणले गर्दाखेरि यसको प्रक्रियामा छलफल हुनेछ त्यसमा हामी थप छलफल गर्ने कुरा गर्नेछौं भन्ने कुरा राख्छु, धन्यवाद ।

**माननीय उप-सभामुखः-** माननीय श्री कोशिलावती खत्री समय ७ मिनेट । त्यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कोशिलावती खत्रीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को सैद्धान्तिक छलफलको क्रममा हामी नियमित छलफलमा छौं र यसै क्रममा आफ्ना केही मतहरू दर्ज गराउने क्रममा म यहाँ उभिएकी छु र आफ्ना केही मतहरू दर्ज गराउन चाहन्छु । सभामुख महोदय, कर्णाली प्रदेशको पर्यटन व्यवसाय आफ्नो आन्तरिक आयको प्रवल सम्भावना रहेको क्षेत्र हो र यसबाटै हामीले लाभ लिन सक्यौं भने हाम्रा तयार गरेका विधि हामीले तयार गरिएका नियमबाट हामीले यसवाट फाईदा लियौं भने कर्णाली प्रदेश आफ्नै आयस्रोत निर्माण गर्नमा सक्षम हुनेछ भन्नेमा मलाई लाग्दछ । यसलाई हामीले पर्यटन क्षेत्रमा नयाँ सोचका साथ सरकारले केही नयाँ सहज प्रभावकारी नियमनका साथै अघि

प्रभावकारी नियमका साथ अघि वढे मात्रै आजको चुनौतीलाई अवसरमा वदल्न सक्छौं भन्ने मलाई लाग्छ । यसैगरी अघि भर्खरै हाम्रो सम्बन्धित मन्त्रीले अघिल्लो दिनमा जवाफ दिँदाखेरि भन्नु भो यो यहीं विधेयकमा समावेश छ भनेर भन्नु भो । हामीले विधेयकमा केहीपनि छैन भन्न खोजेका थिएनौं । हामीले यी यी बुँदाहरू राखेपछि नियमन यी यी बुँदाहरूमा नियमन गर्न सकेपछि अझै प्रभावकारी हुन्छ र हामीले चलाउने गरेको सत्तारुपी डुंगा जुन हाम्रा बनाउने नीति निर्माण र कार्यान्वयन गर्ने पक्षवाट सहज रूपमा चल्न सक्छ भन्ने हाम्रो विश्लेषण हो र त्यही कोणबाट हामीले आफ्ना मतहरू राखेका छौं । यी अवश्य पनि छन् तर पनि हामीले के भन्न खोजेका हौं भने यी यहाँ दर्ज गराउनु पर्छ भन्ने आफ्नो मत हो र संघीय ऐन कपी पेष्ट छैन भन्नु भो अघि माननीय ज्यु ले भने जस्तै हामी पनि कुन मन्त्रालयसँग सम्बन्धित छ त्यो संघीय मन्त्रालयको वेवसाइटबाट ती विधेयकहरू डाउनलोड गरेर, हेरेर, टेली गरेर, हेरेर जम्मा के छ के छैन भन्ने कुरामा विश्वस्त रहेर हामी यहाँ सम्मानित सदनको रोष्ट्रमबाट बोलिरहेका हुन्छौं । हामी अनुमानको आधारमा बोलिरहेका छैनौं र यसैगरी कर्णाली प्रदेश पर्यटन प्रवर्धन गर्न बनेको विधेयकमा मेरो मत के छ भने यी निम्न किसिमका बुँदा समावेश गर्न सकियो भने अझैपनि कर्णाली पर्यटन क्षेत्रमा आफ्नो आयस्रोतलाई बढाउन अव्वल हुनेछ । हाम्रो प्रदेश प्राकृतिक दृष्टीकोणले सुन्दर र सम्भावना भएको प्रदेशलाई हामीले उपयोग गर्न सक्नेछौं भन्ने कुरा मलाई लाग्दछ । सुलभ शुल्कले गर्दा पर्यटन क्षेत्रमा यो वृद्धि हुन्छ । सुलभ शुल्कको लागि गरिएको नियमन के हो ? शुल्क बढी लिने पर्यटक कम आउने भै राखेको छ यसको नियमन के हो ? पर्यटनको सुरक्षा व्यवस्था के हो ? पर्यटक जुन पर्यटक आएका छन् र सुरक्षाको व्यवस्थापन के हो ? त्यसमा नियमन गर्नुपर्छ। पर्यटन प्रवर्धनका लागि जनशक्ति र स्रोत के हो ? त्यसमा पनि नियमन हुनुपर्छ । अहिलेसम्म हाम्रो सम्बन्धित मन्त्रालयबाट रहेको जनशक्ति जानकार हो यसको विशेषज्ञ म होइन भन्ने मलाई लागेको छ । कर्णालीको पर्यटकीय ब्राण्ड के हो ? पर्यटनलाई दिने ब्राण्ड के हो ? त्यसमा पनि नियमन गर्नुपर्छ । राष्ट्रिय अन्तराष्ट्रिय बजारमा पर्यटन प्रवर्धनको बजारीकरण कसरी हुने ? कसरी गर्ने ? त्यसको नियमन गर्नुपर्छ । गन्तब्यको विविधिकरण पनि नियमन गर्न सक्नुपर्छ । पूर्ववक्ता माननीयज्यूहरूले भने जस्तै गरी कर्णाली प्रदेशले आफ्नै होटल व्यवसायहरू आफ्नै एउटा बलियो संरचना खडा गरेर सुविधा दिने होटल व्यवसायदेखी अन्य सुविधाको व्यवस्था आफ्नै संरचनाबाट गर्ने नियमन गर्नको लागि गर्ने नियमन के हो त्यो प्रस्ट हुनुपर्छ यो विधेयकले भन्ने मलाई लाग्छ । यस्तै गरी पर्यटन उद्योगको क्षमता विस्तार कसरी क्षमता विस्तार गर्न सकिन्छ यस्ता कुरामा पनि विश्वस्त रहनु पर्छ यो विधेयक । विद्यमान पर्यटन तथा होटल व्यवसायसम्बन्धी जनशक्ती कस्ता किसिमका राख्नुपर्छ त्यो पनि हाम्रो सरकारकै बलियो संरचनाबाट पनि त्यो व्यवस्था गर्न सक्यौं भने मात्रै कर्णाली प्रदेशको पर्यटन

व्यवसाय फस्टाउन सक्छ र यसबाट लाभ लिन सकिन्छ। सभामुख महोदय, म के पनि भन्न चाहन्छु भने हामी एउटै डुंगामा छौं । जसरी हामीले नियम बनाउने नीति निर्माण हामीले बनाउने बजेटमा नीति र कार्यान्वयनका पक्षबाटै नै जनताले हाम्रो मुल्यांकन गर्नेछन् । जसरी विभिन्न कालखण्डमा विभिन्न पार्टी र संस्थाले सत्ता चलाए जस्तै अहिले संघीय गणतान्त्रिक लोकतन्त्रको सत्ताको डुंगा चलाउने म्याण्डेट नेकपालाई छ । जसरी यसका चालकहरूलाई दक्ष बनाउनको लागि हामी यी सुझावहरू दिईराखेका छौं । यसका चालकहरूले पनि सभामुख महोदयमार्फत् म के निवेदन गर्न चाहन्छु भने कतै प्रशान्त महासागरमा प्रशान्त महासागरो ब्रमडा एङ्गलमा डुब्ने जहाज जस्तै गरी आफू र आफू रहेको संस्था नहराउनको लागि हाम्रा सुझावहरू गहनरूपमा लिएर त्यसमा सरकारले मनन् गर्दै विधेयकमा समावेश गराउनु पर्छ भन्ने आफ्नो मत राख्दै आफ्नो भनाइ अन्त्य गर्छु समयको लागि धेरै धन्यवाद ।

**माननीय उप-सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट समय ७ मिनेट । त्यसपछि माननीय चन्द्रबहादुर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री ठम्मरबहादुर विष्टः-** सभामुख महोदय, यो कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर हामी सैद्धान्तिक छलफलमा छौं । यो मुलभूत रूपमा जसरी चाहिँ यो विधेयक यहाँ प्रस्तुत भएको छ यसको स्प्रिटमा हेर्दाखेरि खासगरीकन यो यसलाई कुनैपनि हामीले विधेयकहरू या दस्तावेजहरूलाई दस्तावेजीकरण गर्दाखेरि त्यसको मूल भाग के हो त्यसको चाहिँ सहायक पाटो के हो ? र त्यसमा जोड दिन खोजेको विषय के हो ? र त्यसमा समेट्न खोजेको विषय के हो ? भन्ने कुरा हुनुपर्छ । त्यो कुरा यहाँ देखिदैंन । नभए त्यो अन्धाले हात्ती छाम्या जस्तो भो भने अब पर्यटन भनेको छ यहाँ केही नीति नियम र केही चाहिँ दफा उपदफाहरू छन्, अब केही चाहिँ तपाईको पर्यटनका क्षेत्र यी यी हुनेछन् भनेर राखिएको छ, यो कुराले समेट्दैन । कपी पेष्टै भएर आए पनि त्यो कपी पेष्ट भएको पनि नराम्रो होइन अत्यन्तै राम्रो भए त कपी पेष्ट पनि हुनु पर्‍यो । खोजी खोजी विश्वका कहाँ कहाँ छन् त्यो कपी पेष्ट नै गर्नु पर्‍यो । त्यो भनेको फेरि अर्को आतंक कपी पेष्ट गर्नै नहुने भन्ने होइन राम्रो कुरा त जो बाट पनि सिक्नु पर्‍यो । तर, यहाँ के भो भने हामीसँग यहाँ म्याच नहुने किसिमले यो कपी पेष्ट हुने स्थिति भयो । त्यसकारण मैले सभामुख ज्यु मार्फत् यो मन्त्रालय र खासगरी यो तयार गर्ने अब विभागीय मन्त्री ज्यु लाई मैले ध्यानाकर्षण गर्न चाहन्छु । पहिलो कुरा यो कुरा छुट्टिनु पर्‍यो । हामीले गर्ने छाँट हो भने । जस्तो अब हामीकहाँ हामीले भन्दाखेरि अहिले सप्पैले कथा हामीले किम्वदन्ती हाम्रो कोटेशन त्यही छ । अरु आउने कर्णालीमा

आउने अरुले पनि भन्ने त्यै हो । हाम्रो रारा छ, फोक्सुण्डो छ, त्यसपछि लिएर प्याराग्लाइडिङहरू छ, त्यसपछि चाहिँ क्लाइम्बिङहरू छ, ताल तलैयाहरू छन्, काँक्रिविहार छ, बुलबुले छ, यो छ त्यो छ तर अब यहाँ कमसेकम एउटा प्रायोरटी वेसमा आउनु पऱ्यो विधेयकमा । हामीले सुरुको चरणमा यसरी हामी जान सक्छौं । यो कुरालाई फोकस गरेर जान सक्छौं र यहाँसम्म हामीले कर्णाली प्रदेशलाई इनकमबाट यसरी उठाउन सक्छौं भन्ने कुरा के मा हो हामीले फोकस गर्न खोजेको कुरा टोटलमा चाहिँ सय डेढ सय पर त्यो तपाईको चाहिँ टाइप्सका खेलकूद त्यसैमा राख्या छ अरु पर्यटन क्षेत्रका त्यै राख्याछ, सबै गर्दाखेरि यो छुट्टिदैन । त्यसकारण पहिलो कुरा त त मैले ले यो छुटयाउन अनुरोध गर्दछु । हुन त फेरि पनि यो अब हामीले संशोधन हाल्दै जाँदा पूराना कपडाको रंग कस्तो थियो यो कपडै बिर्सिने पनि खतरा छ । सबैले हाल्दै जाउँला फेरि मन्त्रीजीले उठेर यसलाई चाहिँ समेट्ने हो भने तपाईले गर्नु भा होला मेहेनत यसमा चाहिँ हामीले कुनै शंका होइन तर, हामीकहाँ एउटा समस्या त्यो रोग चाहिँ अब आइलाग्यो यसरी चाहिँ संघीयता हामी गरिखान सक्दैनौं । मलाई त्यस्तो लाग्छ, म संघीयताको एउटा विद्यार्थी हुनुको नाताले यो संघीयता त हाम्रो हाम्रै कारणले फेल हुँदैछ। यो कसैलाई दोष दिने ठाउँ छैन । अब काँशी जानु कुतिको बाटो समाउनु भन्या जस्तो गरेर कहाँबाट हुन्छ ? त्यसकारण संघले ल्याउने कुरा उसले देशैभरीको एउटा मोडेलमा ल्याउने कुरा हो । हामीले यहाँको सापेक्षतामा यसलाई प्रायोरटी वेसमा लिनु पऱ्यो । हुन त हामीकहाँ अब केही संयोग पनि त्यस्तै पऱ्याछ । त्यो अहिल्यै खोलो छिर्नु अहिल्यै खोलो बौलाउनु भन्या जस्तो अब अहिले २० लाख भनेर चाहिँ संघीय सरकारले पर्यटनलाई भन्यो अहिल्यै के कोरोना सोरोना ज्यान जोगाउनै गाह्रो भयो । पर्यटनका कुरा त के थियो । सायद २ लाख चाहिँ हामीले कर्णालीमा भन्यौ अब यहाँपनि कतैबाट छिऱ्यो भने हुनत अघि आश्वस्त पार्नुभाछ सामाजिक विकास मन्त्रीज्यूले । रोगै लागेर चाहिँ एकाध मान्छे ढल्न लागे भने त फेरि सपना त बिग्रिन्छ । त्यसकारण यो पनि अलिकति केही न केही सन्दर्भहरू छ तर अब हामीले एउटा चाहिँ सस्टीनेन्स एउटा चाहिँ सस्टेन्सीवल एउटा चाहिँ तपाईको चाहिँ डेभलोमेन्टको लागि केही चाहिँ तपाईको स्थायीत्वको लागि हामीले यो गर्न जरुरी छ । मलाई त्यस्तो लाग्छ । अब अर्को कुरा एउटा हामी कहाँ के समस्या भो भने त्यो सँगसँगै जोडेर जस्तो अहिले तथ्यांक निकाली राख्या छ पर्यटन मन्त्रालयले । त्यो संघले पनि कतिपय त्यस्तो हौसिएर निकाली राख्या छ । यहाँ हामीले त अझ धेरै निकाल्याछौं । ५ लाख चाहिँ पर्यटक आयो, अर्को चाहिँ गएको

सालमा यति आयो हामीसँग पर्यटन यहाँको चाहिँ पर्यटन मन्त्रालयसँग तपाईको त्यो डाटा छ । त्यो कुरा म्याच हुन्छ त ? बुलबुले आएर नुहाउने मान्छेलाई पर्यटक भन्न लाग्यौं हामी । अब यहाँबाट चाहिँ धर्मकर्म गर्न लाईन लागेर जाने तपाईको चाहिँ अब देशी मधेसीहरूलाई अब हामीले चाहिँ भनौन इण्डियनहरूलाई विशेष गरी हामीले पर्यटक मान्यौं। यो खालको पर्यटन भयो भने हामी कहाँ पुग्छौं ? त्यसकारण यो कुरामा हामी छुट्टयाउनु पऱ्यो । यसरी पर्यटन हुँदैन । ठिकै छ, अहिले देशै भरिको डाटा हेर्दा समथिङ ११ लाख छ । त्यो ११ लाख पनि इण्डियन ल्याण्डबाट आउनेलाई छोडेर । त्यो केही मिल्छ होला, हामीकहाँ कति हो त त्यो ? हामीकहाँ चाहियो नि एउटा डाटा चाहियो स्पेशली डाटा र कमसेकम त्यो धेरै नल्याउँ २ लाख किन ल्याउनु पऱ्यो ? दशै हजार ल्याउँ न तर उसले दश दिन यहाँ बस्न सकोस्, ५ दिन बस्न सकोस्, कम्तीमा २ दिन बस्न सकोस् । त्यसले डलर, आइसी, यूरो अब चाहिँ सबै तपाईको चाहिँ खर्च गर्न सकोस् । त्यसपछि न त्यो जोडिन्छ त्यहाँ इनकमसँग नत्र अब चाहिँ त्यो धर्म गर्न आउने, नुहाउन आउने, कोही हेर्न आउने, कोही चाहिँ तपाईको चाहिँ वर माग्न आउने, कोही विरक्तिएर आउने धेरै हरियाली छ धेरै जंगल छ त्यहाँ शान्ति पाइन्छ भनेर अब त्यो त्यस्ता मान्छेलाई गनेर अनि कहाँबाट पैसा खस्छ त कोटबाट ? त्यो त कोटबाट पैसा खसाल्ने चाहिँ मान्छेलाई त भाङ लागे जस्तो बनाउनु पऱ्यो । यहाँ छिरिसकेपछि उसले अमेरिकाबाट थप चाहिँ तपाईको मगाओस उसले बैंकमा । त्यस्तो बनाउने खालको कसरी बनाउने भन्दाखेरि केही कुरा हामीले छुट्टयाउनु जरुरी छ । त्यो कुरा यो डकुमेण्टले बोल्याछैन । बढी यो नीति नियमतिर र तपाईको के गर्ने भन्नेतिर एउटा चाहिँ यो रुल रेगुलेशनतिर यो केन्द्रित छ । मुख्य कुरा त रुल रेगुलेशन त पछि बनाए हुन्छ । कतिपय कुरा निर्देशिकामा, कार्यविधिमा अरु कयौं छन् तपाईको कुराहरूमा आउँछ । मुख्य कुरा यसमा चाहिँ त्यो समेट्न जरुरी छ हैन, यो गर्न आवश्यक छ । अब यो किसिमले हामीले जाउँ। अब कर्णालीको हामीले चाहिँ हाम्रो ब्राण्डेड के के बनाउने? त्यो कुरामा हामीले विकास गरेनौं, धेरै हामीले बनाउनु पर्दैन, हामीले स्विजरल्याण्ड स्विजरल्याण्ड भन्छौं, स्विजरल्याण्डमा दुई तीन टाइपको घडिहरू छ । एउटा रोल्याक्स भन्छ, एउटा रोल्याण्ड ग्रासस भन्छ टाइपको दुई तीन टाइपको घडिहरू छ तर त्यो घडिहरू कहाँ बनाउँछ भने त्यहाँको चाहिँ महिलाहरूले एकदम बुढी महिलाहरूले यसो वसेर तपाईको उनीहरूले त्यो चाहिँ घडिहरू बनाउँछन् । त्यो त आज विश्वमा चाहिँ तपाईको त्यो घडि पाउनै सक्दैन। विश्वभरीमा त्यसको डिमाण्ड छ । चार पाँच थरीको घडि

स्विजरल्याण्डको घडि छ । स्विजरल्याण्डको चक्लेट नै भन्ने पनि छ के । एउटा चक्लेट हुन्छ त्यो स्विजरल्याण्ड चक्लेट भन्यो भने त्यो विश्व फेमस छ । धेरै चिज बनाउन पर्दैन नि । ल अघि राराका कुरा आछन् । एउटा रारालाई मात्रै व्यवस्थित गरौं त । अब भर्जीन भन्या छ स्वर्गकी अप्सरा भन्या छ । स्वर्गमा जानै सकिदैंन त्यो त नाम पनि मिलेन एक त त्यो नगर्नै छाँट भएर हो कि ? त्यो स्वर्ग छँदा पनि छैन अब स्वर्गै छैन भनेपछि स्वर्ग त्यसलाई भगवान मानेपछि त त्यसमा टेक्न पनि हुँदैन भन्ने हुन्छ त्यो कहाँबाट चाहिँ विकास हुने। त्यसकारण पहिला त रारालाई नै छानौ न त प्रदेश भरीको । त्यत्तिमात्रै विकास गरेर जाउँ न त त्यसैमा टेकेर चाहिँ हामीले चाहिँ बनाउँ न त हामीले कार्यविधि अथवा यो विधेयकमा त्यहाँ केन्द्रित भएर जाउँ न त । धेरै एकैचोटी हामीले अंगाल हाल्दाखेरि यो हाम्रो चाहिँ फेर नपुग्ने अथवा जोड नपुग्ने, ध्यान नपुग्ने यो खालको चाहिँ डकुमेण्टमा यो चाहिँ देखिन्छ। त्यसकारण मुख्य गरीकन फेरि पनि के हो भने पर्यटनलाई व्यवसायसँग जोड्ने, उत्पादनसँग जोड्ने, र एकदमै त्यसको चाहिँ इनकमसँग जोड्ने नगरीकन अब हामीले चाहिँ यो वास्तवमा यो विधेयकको स्प्रिटलाई स्प्रिटले जे यो गर्न खोजेको छ यसको स्प्रिट पकड्न सक्दैन । त्यसकारण मैले यो कुरा ध्यान मतलब ध्यानाकर्षण गर्दै सभामुखमार्फत् अब मैले यो अन्तिममा मैले जोड दिएर के भन्न चाहन्छु भने जे जति यसमा कुराहरू सरर हेर्दाखेरि यसमा अलि बढी चाहिँ रुल रेगुलेशनसँग सम्बन्धित छ । यसलाई अलिकति हामीले क्याटागोरीकल्ली हामीले चाहिँ गर्ने एउटा चाहिँ प्रायोरटी वेसिसमा के के गर्ने हो एउटा त्यो बनाउँ, दुईटा कुरा म यहाँ चाहिँ अनुरोध गर्न चाहन्छु। एउटा प्रायोरटी वेसमा जाउँ, अर्को चाहिँ इनकमसँग सम्बन्धित र अलिकति हामीले चाहिँ सुरुवात गर्ने चिजहरू कहाँबाट हो ? त्यो भनेर जाउँ। त्यसो हुँदाखेरि मात्रै हाम्रो कुराहरू मिल्छ । र यसलाई अलिकति हामीले व्यवस्थित ढंगले लगौं । अब हामी यहीं अलमलिई राख्या छौं । रारा पर्यटन वर्ष भन्यौं त्यै थला परि गयो, हामी त्यसको पनि अलिकति मोडिफाई गरौं । रारा पर्यटन वर्ष जे जे भन्यो त्यहीं हराउँदै जाँदा हिन्दै गयो पाईला मेट्दै जाने जस्तो खिस्सा भो । विधेयक आउला राम्रै आएपनि के भो र गर्न छाँट नभएपछि त । त्यसको पनि अलिकति हामीले चाहिँ दिगो अर्गनाइज गरौं रिअर्गनाइज गरौं के हो रारा पर्यटन वर्ष त्यसको लक्ष्य उद्देश्य के हो ? त्यतिलाई पनि हामीले गरौं न त । त्यसकारण धेरै गर्नुपर्छ भन्ने होइन । त्यत्तिलाई पनि अलि मोडिफाई गरेर जाउँ न त । अब त्यसका थुप्रै पाटा पक्षहरू छन् । त्योसँग जोडिएका चाहिँ तपाईको कतिपय अब अनियमितताका कुराहरू पनि जोडिएका छन् । त्योलाई कहाँ गन्तब्यमा

पुऱ्याउन खोजिएको थियो ? सम्माननीय प्रधानमन्त्रीलाई नै ल्याएर हामीले ओपनिङ गरायौं । प्रदेशको सारा शक्ति हामी चाहिँ उपस्थित भयौं । त्यसको एउटा निश्चित उद्देश्य छ नि। त्यसलाई हामीले टेकौं न । त्यसको के हो स्प्रिट त्यसलाई समाएर एउटा मोडेल बनाएर हामी जान सक्छौं नि । त्यसपछि न कमसेकम यो संसदभरीको एउटा स्प्रिट चाहिँ तपाईको स्प्रिट अप भयो एउटा इन्करेजमेण्ट सिर्जना भयो भने अनि प्रदेशभरीलाई हामीले चाहिँ जर्याक जुरुक उठाउन सकिने हो । त्यसको लागि त पहिला हामी चाहिँ तपाईको तत्पर हुनु पऱ्यो । त्यसकारण यी कुरामा यो डकुमेण्टले अब संभवत संशोधन गर्दै आउला । फेरिपनि अझ त्यसलाई अझ माथि चाहिँ तपाईको उठाउनको लागि फेरिपनि एक चरण चाहिँ म मन्त्रालयले यो मिहेनत न गरीकन यो अगाडि बढ्ने छाँटकाँट देखिदैंन। त्यसकारण म फेरिपनि शुभकामना ब्यक्त गर्न चाहन्छु । प्रगतिको बाटोमा अगाडि बढ्न यो डकुमेण्टले चाहिँ यो सफल हुनेछ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री चन्द्रबहादुर शाही, त्यसपछि माननीय श्री पद्मा खड्का तयारी रहनुहोला ।

**माननीय श्री चन्द्रबहादुर शाहीः-** माननीय सभामुख ज्यु, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीज्यूले यो सम्मानित सदनमा कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफलको लागि टेबुल गरिएको छ र म यो विधेयकमाथि मेरा आफ्ना सुझावहरू राख्न चाहन्छु । विधेयक अत्यन्तै महत्त्वपूर्ण विधेयक छ । आज पेश भएका दुईटा विधेयक एक आपसमा सम्बन्ध राख्दछन् । दुईटै विधेयक कर्णाली प्रदेश कर्णाली प्रदेशका जनताको लागि अति महत्त्वपूर्ण विधेयक छन् । थुप्रै यसमा कमी कमजोरीहरू छन् । मन्त्रालयले पनि सकभर सम्मानित सदनमा विधेयक पेश गर्दाखेरि अध्ययन गरेर, हेरेर, पेश गर्दिंदा राम्रो हुन्थ्यो । यो सम्मानित सदन हो । सम्मानित सदनले पास गरेका कुराहरू कर्णाली प्रदेशका जनताले मान्नु पर्ने हुन्छ । कर्णाली प्रदेशले लागु गर्नुपर्ने हुन्छ। मैले धेरै कुरा यहाँ कोट्याउन म गइन । म एउटा कुरा मात्रै सीमित यहाँ के राख्न चाहन्छु भने इजाजत खारेज गर्नसक्ने उपदफा १ मा दफा ७ बमोजिम निलम्वन भएको ट्राभल्स वा ट्रेकिङ एजेन्सीले निलम्वनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो ट्राभल्स वा ट्रेकिङ एजेन्सीले इजाजत पत्र तोकिएबमोमि खारेज गर्ने छ भनेको छ । दफा ७ मा माननीय मन्त्रीज्यूले पनि हेर्नुपर्ला सम्बन्धित मन्त्रालयको कर्मचारी साथीहरूले पनि हेर्नु पर्ला दफा ७ मा यो विदेशी मुद्रा जुन भूक्तानी गर्ने सम्बन्धमा ७ मा लेखिएको छ ।

**माननीय सभामुखः-** सैद्धान्तिक छलफलमा केन्द्रीत हौं माननीय सदस्य

**माननीय श्री चन्द्रबहादुर शाहीः-** तर दफा ८ त्यहाँ राखिनु पर्थ्यो मैले भन्न खोजेको कुरा यहाँ जानकारी गराउन चाहन्छु। अर्को मैले भनें, अत्यन्त महत्त्वपूर्ण विधेयक छ । यो विधेयक माथि हामी छलफलमा जुटेका छौं । कि कर्णाली प्रदेश सरकारले र सम्बन्धित मन्त्रालयले यो प्रदेश कुनै पार्टी कुनै नेताको बाहुवलले यो प्रदेश उभिएको होइन । कर्णाली प्रदेशका जनताको बाहुवलले यो प्रदेश उभिएको हो । अहिले हामीले विधेयक कुनैपनि मन्त्रालयबाट आउने विधेयकहरू संघीय सरकारको फोटोकपी भएर यहाँ आउने गरेका छन् । कर्णाली प्रदेशको सरकारले सम्बन्धित मन्त्रालयले एकमताका साथ कर्णालीका जनताको पक्षमा विधेयकहरू आउँदैन कानून बन्दैन भनेर हामी संसदहरूले यहाँ कुरा राखिरहेका छौं । किन हामीले यो भनिरहेका छौं भने यो विधेयकले कस्तो टुर एण्ड ट्राभल्सलाई हामीले इजाजत पत्र दिनेछौं भन्दाखेरि कर्णालीका त्यो राकममा डुंगा चलाउने टुर एण्ड ट्राभल्सलाई हामीले इजाजत दिनेछौं भन्न हामीले सक्दैनौं । राराका फाँटहरूमा घोडा चढाउने त्यो टुर एण्ड ट्राभल्सलाई इजाजत दिन सक्छौं हामी भन्न सक्दैनौं । चौंरी भेडा खच्चड चलाउने ती टुर एण्ड ट्राभल्सलाई हामी इजाजत पत्र दिन सक्छौं हामी हामीले भन्न सक्दैनौं । या संघीय संसदले पोखरालाई हेरेर, चितवनलाई हेरेर, लुम्विनीलाई हेरेर सुविधा सम्पन्न यातायात भएका ट्राभल्सहरूलाई हामी इजाजत पत्र दिनेछौं भनेर यो विधेयकमा उल्लेख गरिएको छ । के कर्णालीमा सुविधा सम्पन्न यातायात गरेका ती टुर एण्ड ट्राभल्सहरू प्रशस्त मात्रामा छन् छैनन् ? त्यसैले हामीले कर्णालीको भूगोल कर्णालीको सेरोफेरोमा रहेर हामीले कानून बनाउने हिक्मत गरौं। अझै थुप्रै अब हाम्रा भरियासम्बन्धी यो विधेयकले बोल्दैन, गाइडसम्बन्धी यो विधेयकले बोल्दैन, पर्यापर्यटनसम्बन्धी यो विधेयकले बोल्दैन, सिप साधनसम्बन्धी यो विधेयकले बोल्दैन, जैविक विविधतासम्बन्धी यो विधेयकले बोल्दैन, कर्णालीसँग गाँसिएका थुप्रै थुप्रै पर्यटनका संरचना र साधनहरू यो विधेयकले बोल्दैन । त्यसो भएकोले यो विधेयक अझै पनि त्यो संघीय संसदले पोखरालाई हेरेर, लुम्वीनीलाई हेरेर, चितवनलाई हेरेर बनाइएको विधेयकमाथि टेकेर हामीले बनाउँदाखेरि कहिले कर्णाली प्रदेश सरकारलाई यो विधेयक अपुरो भयो कि ? अधुरो रह्यो कि ? भनेर म सुझाव राख्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री पद्मा खड्का, त्यसपछि माननीय श्री अमृता शाही तयारी रहनुहोला ।

**माननीय श्री पद्मा खड्काः-** सभामुख महोदय, हामी निरन्तर छलफलमा छौं । आज यो कर्णाली प्रदेशको प्रदेश सभाको यो गरिमामय सदनमा उद्योग, वन, पर्यटन मन्त्रालय वतावरण मन्त्रालयको २ ओटा विधेयकमाथि हामी सैद्धान्तिक छलफल गरिरहँदा कर्णाली प्रदेशको पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि मैले आफ्ना केही सुझावहरू सैद्धान्तिक छलफलमा म यहाँ राख्न चाहन्छु । सर्वप्रथम कर्णाली प्रदेशको उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालयले कर्णाली प्रदेशको जुन खालको एउटा

परिकल्पना बोकेर यो विधेयकलाई ल्याइएको छ यो विधेयक सरसर्ती हामीले हेर्दाखेरि र अध्ययन गर्दा के देखिन्छ भने विभिन्न ट्राभल्स एजेन्सीहरू र होटल रिसोर्टहरूलाई अनुमति दिने र अनुमति अनुसार कार्य सम्पादन गरेको छ कि छैन र कार्य सम्पादनको आधारमा दण्ड, सजाय र जरिवाना गर्ने र विभिन्न यावत कुराहरूलाई प्राथामिकतामा राखेको देखिन्छ । र आज यो विधेयकले बोल्नु पर्थ्यो आम कर्णालीको जुन खालको एउटा कर्णाली आफैमा भर्जिन छ , कर्णाली एउटा प्राकृतिक रूपले जुन सौन्दर्य छ र यो कर्णालीको सौन्दर्यतालाई यहाँका आन्तरिक पर्यटक तथा विदेशी पर्यटकहरूलाई यहाँ भित्र्याएर यहाँका कर्णालीका आम नागरिकको आय स्तर कसरी वृद्धि गराउने होला कसरी कर्णाली प्रदेश सरकारको राजश्व वृद्धि गर्ने होला ? कसरी कर्णाली प्रदेश सरकार आत्म निर्भर बन्नेहोला ? भन्ने कुरा यो विधेयकले समेटिनु पर्थ्यो जस्तो मलाई लाग्छ र एकदमै कर्णाली प्रदेशको यस विधेयकले यो पर्यटनलाई व्यवस्था गर्न पर्यटनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले पक्कै पनि यो कर्णाली प्रदेशको एउटा मुख्य केन्द्र पर्यटक हो भन्ने कुरालाई यो विधेयकले हेर्न पर्थ्यो भन्ने मलाई लाग्छ । जस्तै एउटा पर्यटक आन्तरिक होस् वा बाह्य होस् कर्णालीमा आउनै पर्दछ । जुन एउटा प्रचार प्रसारको कुरादेखी लगेर हामीले अहिले हेरिरहेका छौं बाह्य पर्यटकहरू आए भने एयरपोर्टबाटै अलपत्र पर्ने जुन खालको एउटा अवस्था छ हामीले त्यो खालको शिक्षा पनि यसमा जोड्न पर्छ जस्तो मलाई लाग्छ । गाईडको पनि हामीले व्यवस्थापन गर्न पर्छ जस्तो लाग्छ र पो विधि र विधेयकले समेट्छ। त्यो शिक्षालाई पनि हामीले पर्यटन सँग जोड्न पर्छ जस्तो मलाई लाग्छ । किनभने एउटा पर्यटक कर्णालीको एउटा सुन्दर रमणिय ताल रारा हेर्न आउँछ भने त्यो रारा हेर्न गईरहँदा कतिबेला आफ्नो प्रदेश अथवा आफ्नो देशमा फर्किने होला भन्ने उसलाई चिन्ता जाहेर हुन्छ । यसकारणले गर्दा हामी पर्यटक आइसकेपछि यो सुन्दर कर्णालीमा दशौं दिन, पन्ध्रौं दिन, महिनौं दिन रमाएर उसले लिएका लिएर आएका पैसा जुन डलरको हिसाबले होस् अथवा यहाँको आन्तरिक पर्यटकको हिसाबले यही देशको मुद्रा होस् यही कर्णालीमा छोड्ने वातावरण कसरी सिर्जना गर्ने ? कस्तो खालको एउटा योजना, कस्तो खालको विधेयकले यसलाई समेट्छ र त्यस्ता पर्यटकहरू यहाँ आउने वातावरण सिर्जना हुन्छ र यो प्रदेशको एउटा आयस्रोत बन्न सक्छ भन्ने खालको अलि मुख्य केन्द्र बनाएर यो विधेयकले समेट्नु पर्थ्यो जस्तो मलाई लाग्छ । आउन त यसको फेरि कार्यविधि पनि बन्छ होला तर कार्यविधि बन्नु भन्दा अगाडि कार्यविधि बन्ने एउटा आधार त विधेयकमा चाहिन्छ होला जस्तो मलाई लाग्छ । त्यो विधेयकमा भएको आधारलाई टेकेर कार्यविधि बन्ने होला जस्तो मलाई लाग्छ। त्यसै गरी मैले यहाँ के उठाउन खोजिरहेको छु भने जस्तो हामीले विभिन्न पर्यटकहरूलाई लोभ्याउने खालका कृतिम संरचनाहरू निर्माण गरेर हामी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई यहाँ भित्र्याउन सक्छौं । तर हामी कृतिम संरचनाहरू निर्माण गर्ने ठाउँमा कर्णाली छैन आफैमा एउटा कर्णाली

प्राकृतिक रूपमा हामी आफैमा एउटा सुन्दरतादेखि लगेर प्राकृतिक विभिन्न हाम्रा त्यस्ता पर्यटकहरूले पर्यटकहरूलाई लोभ्याउने हाम्रा त्यस्ता स्थानहरू छन् तर त्यसलाई हामी कुन बाटोले जोड्न सक्छौं त ? पर्यटन सर्किटहरू बनाएर जोड्न सक्छौं । भौतिक पूर्वाधार पनि पर्यटन सँग सँगसँगै कसरी लगिरहेका छौं गम्भीर भएर हामीले सोच्यौं भने पक्कै पनि हामीले यो विधेयकले बोलेको कुरा विधेयकले परिकल्पना गरेको कुरा र केही कुराहरूलाई हामीले छुटेका छन् भने पनि संशोधनमार्फत् हामी हाल्ने छौं तर हामीले मुख्य गरेर कर्णालीको भूगोल सुहाउँदो, कर्णालीका १७ लाख जनतामा जुन खालको एउटा यो खालको एउटा आर्थिक रूपमा चाहिँ हामी पछाडि परिरहेको कुरा हरेक सुचांकमा हामी हेर्ने गरिरहेका छौं । त्यो आर्थिक सुचांकलाई वृद्धि गर्ने भनेको एउटा मुख्य स्रोत भनेको यहाँ कर्णालीको पर्यटक हो, पर्यटकीय क्षेत्र हो, त्यो पर्यटकीय क्षेत्रहरूलाई हामीले कम्तीमा पनि त्यस्ता पर्यटकीय क्षेत्रमा हाम्रा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई भित्र्याउने खालको एउटा ठोस कार्य योजना ठोस एउटा कर्णालीको ब्राण्ड हामीले निर्माण गर्ने कुरामा त्यो ब्राण्ड निर्माण गर्ने कुरामा यो विधेयकले पनि बोल्नु पर्थ्यो जस्तो मलाई लाग्छ र यसैगरी यो विधेयक आइरहँदा हामीले जतिपनि विधेयकहरू तयार गर्दा कर्णाली प्रदेश सरकारले यो प्रदेशसँग भनिन्छ संघको कानूनसँग बाझिनु हुँदैन पनि भनिन्छ तर संघको कानूनसँग न बाझिदा न बाझिने गरी तर यो भूगोललाई सुहाउँदो यो भूगोलले कार्यान्वयन गर्न सक्ने खालको र संविधानमा त्यस्तो न बाझिने गरी यो भूगोललाई कम्तीमा पनि प्रतिकूल न हुने गरी हामीले कानून बनाउन सक्यौं भने पक्कैपनि हामीले बनाएका विधेयकहरू हामीले बनाउने विधेयक अनुसारका कार्यविधिले कार्यान्वयनमा सघाउनेछन् भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री अमृता शाही ।

**माननीय श्री अमृता शाहीः-** सभामुख महोदय, आज वन पर्यटनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमा छलफल गर्दै गर्दा वनको महत्त्व त मैले भन्नै परेन । धेरै माननीयज्यूहरूले कुरा धेरै पर्यटनको यो पर्यटनको किताब अथवा यो विधेयकको बारेमा छलफल गर्नु भो। मैले सुन्दै गर्दा र यसमा हेर्दै गर्दा यो कुनै कुनै बुँदाहरू र अथवा यो नमिलेको होला तर मिहेनत चाहिँ यसमा धेरै मिहेनत गरेर ल्याउनु भएको छ यसको लागि मन्त्रीज्यूलाई धन्यवाद। कुरा धेरै आइसकेका छन् पर्यटनको बारेमा । जस्तै हामीले पर्यटन वर्ष मनाउँदै गर्दा हामीले यिनि विधेयकहरू अथवा यिनि नियम कानूनहरू बनाएका थिएनौं । तर हामीले पहिलो वर्ष कर्णाली पर्यटक वर्ष रारामा मनाउँदै गर्दा हामीले पर्यटक वर्ष मनायौं रारामा र जस्तै विहानको शुभ दिनले देखाउँछ भने जस्तै त्यतिखेरै हामीले पर्यटनहरू कति भित्र्यायौं कति भित्र्याएनौं ० त्यसको बारेमा लेखाजोखा र हर हिसाब के भयो कस्तो भयो त्यो थाहा भएन । अब यसमा पनि थुप्रै भनिएको छ। रेष्टुरेण्ट पर्यटन जस्तै खेलहरू यता अब यो तोकिएको छ । र, यो

किताबमा हेर्दा यत्ति जतिनै लेख्नु भएको छ यत्तिनै पनि हामीले पूरा गर्न सक्छौं कि सक्दैनौं भन्ने कुरा अब यसमा भर पर्छ यसमा यदि तलमाथि भएको बुँदा सुधारेर अगाडि बढ्नु पर्छ र म थोरै के भन्न चाहन्छु भने हामीले बाहिरी पर्यटक र भित्री पर्यटक भन्दै गर्दा हामीले जस्तै मेला मालिका लगाउँछौं, हामीले महोत्सव लगाउँछौं यसमा हाम्रा बाहिरी पर्यटकहरू त आउँदैनन् होला भित्री पर्यटकहरू आउँछन् तर त्यो पर्यटक महोत्सव लगाउँदाखेरि हाम्रो यो कर्णाली प्रदेशको जनताले कति हामीले तिनिहरू जनताहरूले फाईदा र अथवा घाटा उहाँहरूले कति जनताहरूलाई के फाइदा भो अथवा यो पर्यटन महोत्सव गर्दाखेरि जनताहरूले कति फाइदा भो र उनीहरूले कति सेवा सुविधा पाए ? जस्तै त्यो पर्यटन महोत्सव लगाउँदाखेरि हाम्रो जनताहरूले आफ्नो खल्तीबाट कति अलिअलि भएको पनि त्यो पर्यटनमा आउँदा हेर्दा हेरेर जान्छन् । जस्तै स्टल राख्नेहरूले अलिअलि लिए मान्छेहरूले अलिअलि कमाए होलान् । यसबाट पनि व्यवस्थित तरिकाले हामीले मेला महोत्सव लगाउनु पर्छ जस्तो लाग्छ मलाई र जस्तै हामीले पर्यटक अब भित्र्याउँदाखेरि अब आउनेलाई पनि सुधार्नु पर्‍यो । त्यसमा हाम्रो यो कर्णाली प्रदेशको राजधानीलाई पनि व्यवस्थित गर्नु पर्‍यो भनेर हामीले सुरुदेखी हामी यो सदनमा बोल्ने बोल्दै आयौं हामी सबै सभाषदहरूले नबोल्या होइन किन कि यो कर्णाली प्रदेशको राजधानी हो यो हाम्रो । यो राजधानीमा आएर पर्यटकहरू लोभिन सके भनेपछि अन्त पनि गएर यो राजधानी त यति राम्रो छ र हाम्रो यो डाँडापाखा भनौं अथवा हिउँ पहिरो राराताल, बुलबुले ताल, अब गुफाहरू हुन्छन् तिनी ठाउँमा पर्यटकहरू त्यहाँ राजधानी आएर बाटोघाटो राम्रो छैन भनेपछि पर्यटनहरू यहाँ आउन मान्दैनन् । एक कुरा यो छ । यो कर्णाली राजमार्ग एकदमै साँघुरो भएर अहिले यो राजमार्ग मृत्युको राजमार्ग भन्ने नामाकरण पनि कोहिले गर्छन् यो यसै कारणले ।

सभामुख महोदय, यसै कारणले यो पर्यटन भित्र्याउने भएपछि हाम्रा बाटाघाटा र हाम्रो यो राजधानीलाई चाहिँ एकदमै सफा सुग्घर गराउनु पर्छ । अब २ वर्ष भई सक्यो। हाम्रो राजधानी अहिले सम्म हामीले हामी आफैलाई पनि यहींको मान्छेहरूलाई पनि हिंड्न डुल्न कति धौ भई राख्याछ भने पर्यटन आएर त्यहाँ कसरी पर्यटकहरू लोभिने र यहाँ हाम्रो केरे विकास निकास अथवा हाम्रो उन्नति कसरी हुन्छ ? हाम्रा पर्यटन केरे यो हाम्रो वातावरण अथवा यो हाम्रो संरचनाहरू हामीले राम्रोसित गराउन सकेनौं भनेपछि हामीले कसरी पर्यटन भित्र्याउन सक्छौं ? त्यसैले सभामुख महोदय, हाम्रो पर्यटन यो नियम कानून अथवा यो बनाउँदाखेरि हामीले एकदमै विचार पुर्‍याएर गराउनु पर्छ र अथवा यो खाली यो जस्तै रेष्टुरेण्ट अथवा यो होटलहरू यिनीहरू मात्रै होइन हाम्रा खोलानाला यति धेरै छन् । इण्डियामा खोलानाला नभएका ठाउँमा कसरी पर्यटनहरू लोभिया हुन्छन् र कसरी भित्र्याउँछन् ? हामीले यो खोलानाला पनि

व्यवस्थित गरेर पर्यटन भित्र्याउनु पर्छ भन्दै र यो विधेयक ल्याउनु भएकोमा धन्यवाद दिँदै मेरो भनाइ यहीँ टुंग्याउँछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढालाई कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनु भएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा जवाफ दिन समय दिन्छु।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफलमा भाग लिनु भएका सम्पूर्ण माननीय सदस्यहरूलाई म सभामुखमार्फत् यहाँहरूलाई धन्यवाद दिन चाहन्छु । जुन माननीय सदस्यज्यूहरूले यो पर्यटन विधेयक माथि एकदमै आफ्नो मत राख्नु भएको छ र यो कर्णाली प्रदेश साँच्चिकै हामीले यहाँ आर्थिक उन्नती र समृद्धिको कुरा गर्दा मुख्य पर्यटन नै महत्त्वपूर्ण हो भन्ने उद्देश्यका साथ हामीले कर्णाली प्रदेशले पहिलो प्राथमिकतामा राखेका छौं र त्यही सन्दर्भमा हामीले सुरुमा कर्णाली भ्रमण वर्ष रारामा शुभारम्भ गर्‍यौं र त्यो मात्रै नभएर अहिले हाम्रा नीति कार्यक्रम र बजेटमा पनि यो पर्यटन क्षेत्रको पूर्वाधार विकास, यसको प्रचारका लागि हामीले उच्च प्राथमिकताका साथ अगाडि बढाई रहेका छौं । त्यो बढाई रहँदा तर आज हाम्रो प्रदेशमा त्योसँग सम्बन्धित यही कानूनको अभावले गर्दा आज हामीले जति हामी जानु पर्ने हो जति हामीले यो क्षेत्रलाई पर्यटन प्रवर्धन बनाउन सक्नु पर्ने हो त्यो हुन नसकेको कारणले नै यो मन्त्रालयले आवश्यक ठानी हामीले यो विधेयक प्रदेश सभामा सैद्धान्तिक छलफल गरिरहेका छौं ।

अवश्य पनि यो विधेयक प्रदेश सभाबाट पास भइसकेपछि कर्णाली प्रदेशको यसले ठूलो एउटा मुहार फेर्ने छ र हामीले अहिले जुन कुरा यहाँ माननीयज्यूहरूले उठाइराख्नु भएको छ । हामीले त्यो कुरालाई मन्त्रालयले यसको विकासको लागि पर्यटन कर्णाली पर्यटन वोर्डको संरचना निर्माण भएको छ । हामीले प्रत्येक जिल्लामा यसको सदस्य रहने गरेर कर्णाली प्रदेश पर्यटन वोर्ड गठन गरेका छौं र यसको दीर्घकालीन विकासको लागि हामीले पर्यटन गुरु योजना तयार गरेका छौं र यो पाँच वर्षे कार्य योजना र दश वर्षे रणनीतिक योजना भित्र टेकेर हामीले यो कर्णाली प्रदेशको आन्तरिक तथा वाह्य पर्यटकलाई हामीले भित्र्याउने लक्ष्य लिएका छौं । यो हाम्रो जस्तो प्रदेशमा जैविक विविधता, हाम्रो जस्तो साँस्कृतिक धार्मिक र अति महत्त्वपूर्ण क्षेत्रहरू छन् । ती क्षेत्रहरूको आज हामीले बजारीकरण गर्न न सक्नु, आज हामीले प्रचार-प्रसार गर्न नसक्नु कारणले गर्दा आज कर्णाली यति धेरै पर्यटकको सम्भावना हुँदा

हुँदै पनि आज न्यून मात्रामा मात्रै यो प्रदेशमा पर्यटकहरूको रोजाई रहेको छ । यसलाई बृद्धि गर्नको लागि हामीले यो वर्ष भ्रमण वर्ष २० मा एक लाख पर्यटकन भित्र्याउने लक्ष्य राखेका थियौं र त्यो आज अब विश्वभरिमा फैलिएको कोरोना भाइरसको कारणले गर्दा यो भ्रमण वर्ष तपाईको अगाडि बढ्न सकेन। जुन मन्त्रालयले आफ्नो दैनिकि गतिविधि हामीले तपाईको अगाडि बढाउँदै छौं र यो भित्र अहिले मुख्य गरेर यहाँ माननीय सदस्यहरूले एकदमै महत्त्वपूर्ण कुराहरू उठाउनु भएको छ यसमा हामीले जुन कुराहरू यहाँ माननीयज्यूको छ भौतिक पूर्वाधार हामीले यो क्षेत्रको भौतिक पूर्वाधार मात्रै नभएर यसमा तपाईको क्षमता अभिवृद्धि यहाँको जनताहरूले जन चेतनामूखी लगायतका कुराहरू तपाईको राख्ने र यो ऐनमा धेरै ठूलो कुराहरू दण्ड जरिवाना र यो तपाईको दर्ता र नवीकरण र खारेजीको कुराहरू जुन उठाइ राख्नु भाछ यो हाम्रो प्रदेशको आर्थिक आम्दानीको स्रोत हो ।

हाम्रो प्रदेशको राजश्व आज तपाईको एकदमै न्यून छ । यो राजश्वको एउटा तपाईको ठूलो हिस्सा यो जुन होटल ट्राभल्स लगायतका क्षेत्रहरूको दर्ता नवीकरणको कारणबाट पनि यो प्रदेशको एउटा आम्दानीको स्रोत हुन सक्छ । संघीय पर्यटन ऐनअन्तर्गत पनि हाम्रो तपाईको कार्यक्षेत्र भित्र यो तपाईको सेवा शुल्क क्षेत्र भएको हुँदा यो हामीले तपाईको अनिवार्य रूपमा राख्ने कुरा छ र यसमा धेरै कुराहरू यहाँ पर्यटनको सुरक्षाको कुरा, भौतिक पूर्वाधारका कुरा यी कुराहरू पनि हाम्रो यो ऐनमा अब धेरै कुराहरू यहाँ माननीयज्यूले तपाईको ट्राभल्स यो तपाईको कुराहरू उठिरहेको छ । अनि यो कुराहरू सम्पूर्ण कुराहरू धेरैजसो प्रदेशको नीति कार्यक्रम र बजेटमा तपाईको समावेश हुने कुरा हो । यो एउटा तपाईको कानून भएको हुँदा यसले कानूनले ठोस ठोस कुराहरू र यसको कानूनको मर्म र भावनासँग जाने र त्यसलाई अझ बढी तपाईको प्रभावकारी बनाउनलाई यो कानूनसँग टेकेर हामीले विभिन्न नियम तपाईको नियमावली लगायतका विभिन्न कार्यविधि र निर्देशनसहितका कुराहरू हामीले बनाएर अगाडि बढाउने कुरा छ । यसमा अब सुरक्षाको हिसाबले हामीले पर्यटन प्रहरीको व्यवस्था गरेका छौं ।

त्यस्तै यहाँ तपाईको विदेश यो जुन हामीले तपाईको भौतिक पूर्वाधार समितिको व्यवस्था राखेका छौं । अन्य पर्यटन सम्बन्धी व्यवस्थाका कुराहरू राखेका छौं । धेरै कुराहरू यो पर्वत आरोहणसम्बन्धी व्यवस्था छ, साँस्कृतिक ऐतिहासिक प्रवर्धन, पर्यटक प्रवर्धन र संग्राहलयसम्बन्धी व्यवस्था राखेका छौं । सांस्कृतिक समूहसम्बन्धी जुन हाम्रो पूरानो कल्चर संस्कृतिहरूमा न हराओस भनेर हामीले त्यो व्यवस्था राखेका छौं । आन्तरिक तथा आन्तरिक पर्यटकहरूको व्यवस्था त्यस्तै वाह्य पर्यटकहरूको व्यवस्था पर्यटकीय क्षेत्रको घोषणा गर्न सकिन्छ । जस्तै यहाँ धेरै कुरा जस्तै रारालाई अहिले हामीले तपाईको यो एउटा ऐनमै रारालाई के गर्ने ? त्यो हाम्रो भोलि को नीति कार्यक्रम र जुन प्रदेशले बनाएको गुरुयोजना भित्र हामीले त्यसलाई महत्त्वपूर्ण रूपमा राखेका छौं र त्यस्तै पर्यटकीय क्षेत्रको पूर्वाधार विकास भयो पर्यटन प्रहरी व्यवस्था

लगायतका कुराहरू एकदम धेरै कुराहरू समेटिएको छ । यसमा हाम्रो माननीय ज्यूले यसमा मैले हेरैं जुन बुँदा ८ हुनुपर्नेमा ७ भएकोमा यसमा केही कमिकमजोरी भाछ यसमा म तपाईको यसलाई स्विकार्न सक्छु हाम्रो यो बुँदा ८ हुनुपर्नेमा ७ भएको रहेछ । यसमा मैले तपाईको अनुरोध गरैं र अन्य कुराहरू जुन यहाँ माननीय सदस्यहरूले राख्नु भएको छ र हामीले साँच्चिकै कुरा गर्दा यो कर्णाली प्रदेशमा हामीले आन्तरिक पर्यटकको रूपमा धार्मिक पर्यटनलाई हामीले अगाडि बढाउन सक्छौं भने जुन तपाईको बाह्य पर्यटकको लागि जुन तपाईको प्राकृतिक स्रोत साधन र तपाईको साँस्कृतिक पर्यटकहरूको बढी सम्भावना छ। त्यसको लागि अहिले हामीले यस्ता तपाईको ५/६ ओटा तपाईको पदमार्गहरू तपाईको हामीले संभाब्यता अध्ययन गरेका छौं । तपाईको अहिले ब्राण्डिङ कुराहरू पनि हामीले तपाईको यो वर्ष यो कर्णाली प्रदेशको ब्राण्ड के हो भन्ने कुरापनि हामीले यो पनि अध्ययन गरिरहेका छौं ।

यसैले गर्दा यहाँहरूले जुन यो पर्यटन कर्णाली प्रदेशको पर्यटनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक माथि यहाँहरूको आफ्नो सैद्धान्तिक छलफल राख्नु भएको छ । माननीयज्यूको सुझाव र सल्लाह आएको छ र यसले अझ यो विधेयकले यसको मुर्तरूपमा धेरै कुराहरू समेटेर यसले एउटा ऐनको रूपमा जावस् र यसले कर्णाली प्रदेशको साँच्चिकै यो ऐनबाट कर्णाली प्रदेशका जनताहरूको मुहारमा परिवर्तन आउने खालको बनोस् भन्ने शुभकामना सहित यस तपाईको सैद्धान्तिक छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीय सदस्यहरूलाई म माननीय सभामुख मार्फत् यहाँहरूलाई धन्यवाद दिँदै मेरो चाहिँ अन्त्य गर्न चाहन्छु, धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले सभामा प्रस्तुत गर्नु भएको कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथिको सैद्धान्तिक छलफल समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू कर्णाली प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद १५ को नियम १०९ को उपनियम १ अनुसार कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ मा संशोधनको सूचना पेश गर्न चाहनु हुने माननीय सदस्यहरूलाई ७२ घण्टाको समयसीमा प्रारम्भ भएको ब्यहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू अब यो बैठक २०७६ साल फाल्गुण २७ गते मंगलवार दिनको ३ वजेसम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

पाचौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७६ फागुन २७ गते

मंगलवार

(बैठक संख्या-७)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको पाचौं अधिवेशनको सातौं बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकार मार्फत सरोकारवाला निकाएको ध्यानकर्षण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्नो भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री दीनबन्धु श्रेष्ठ ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः-** सभामुख महोदय, विशेष गरेर यो विशेष समयमा आज बोल्न खोजेको विषय सार्वजनिक महत्त्वको विषय हो । यो अस्तिको संसदमा प्रदेशसभा प्रवेश गरिसक्यो र मन्त्रीज्यूले पनि त्यसको केही जवाफ दिइसक्नु भएको छ । २३ गतेको प्रदेश सभामा । यो प्रत्यक्ष जनतासँग स्वास्थ्यसँग जोडिएको महत्त्वपूर्ण कुरा भएको हुनाले कोभिड १९ नामक कोरोना भाइरस संक्रमणको माहामारी विश्वभरी फैलिरहेको छ । यसलाई हामीले हल्का पाराले लिनु हुँदैन र मलाई लाग्दछ कर्णालि प्रदेश हामी छिमेकी देश चाइनावाट यो महामारी फैलिएको हो र कर्णाली प्रदेश विशेष गरेर चाइनाको वोर्डर मुगु र डोल्पासँग हामी जोडिएका छौं, कर्णाली। प्रदेश अझ यसमा हामी गम्भीर हुन जरुरी छ र सरकारको अस्ति मैले जवाफ मैले पाएको जानकारीअनुसार सरकारले विगतमा बजेट विनियोजन गरेर ल्याएर जसरी राखेको हो त्यो विषय त्यो भन्दा गम्भीर छ किनभने यो एउटा कोरोना भाइरस महामारीको हिसाबले अहिले करिब करिब १०५/११० देशमा फैलिसकेको छ र यसबाट मृत्यदर पनि ३५०० भन्दा बढी भैसक्यो र संक्रमणको दर बढ्दै छ । नेपालमा पनि यसको प्रवेशभन्दा पहिला यदि कर्णाली प्रदेशको सरकारले संघीय सरकारले आफ्नो किसिमको अगाडि बढेको होला, स्थानीयले पनि त्यसरी जानुपर्छ र प्रदेश सरकारले पनि जसरी अस्ति सामाजिक विकास मन्त्रीज्यूले माननीय संसदज्यूहरूले राखेको जवाफ दिनु भो । त्यो हल्का पाराले मलाई लाग्दछ प्रभावकारी ढंगले हामी अगाडि बढ्न सक्दैनौ र

सरकारसँग के छ त यलाई संक्रमित हुनुभन्दा पहिला रोकथाम के, यदि भयो भने त यलाई हामीले माहामारीको रूपमा लिन्छौं। यसको कन्ट्रोल र विकल्पै हामीसँग छैन । त्यो भन्दा पहिला सोच्नु पर्‍यो र सरकारले यसको लागि कार्ययोजना के छ त्यस्तो मलाई लाग्छ प्रस्ट छैन अहिलेसम्म प्रस्ट कार्ययोजना ल्याएर कोरोना भाइरसको विषयमा संक्रमण हुनुभन्दा पहिला नहुन दिनलाई हामी के के तयारीमा छौं त सरकार, त्यो अलि प्रस्ट हुनपर्छ जस्तो लाग्छ मलाई । एकीकृत योजना बनाएर अगाडि सरकार बढ्न जरुरी छ र मलाई जहाँसम्म लाग्छ संक्रमणमा पर्नुभन्दा अघिनै कोरोना विरुद्दमा हामी सचेतना र सतर्कताका लागि सरकारले के के कार्यक्रम ल्याएको छ जनतालाई त्यो सुसुचित गर्नलाई हामी व्यापक गर्नुपर्छ कि पर्दैन ? कर्णाली प्रदेशका जनताहरूलाई यो विषयमा यसमा पनि सरकारको अलिकता प्रस्ट धारणा आएको जस्तो लागेन मैले अघि ने तिनटा जिल्लामा हाम्रो हुम्लाको करिबकरिब तपाई यारी, लिमी र चोवाखोला जोडिएको छ त्यस्तै मुगुको नाक्चे नाग्ला र डोल्पाको मोटिल्ला प्रत्येक्ष त्यो सीमाना जोडिएको छ तर खुला छ । हाम्रो आवतजावत हुन्छ त्यहाँ त्यसको लागि के छ हाम्रो स्वास्थ्य डेस्क हामीले काहाँ राखेका छौं ? हेल्थ डेस्क यसको लागि रोकथामको लागि हामी कति गम्भीर भएका छौं तर अहिले जसरी सरकारको प्रस्तुती हामीले हेर्यौं हामीले एउटा बबईमा राखेका छौं, एअरपोर्टमा राखेका छौं र केही ठाउंमा मुगु र डोल्पामा हिमपातको कारणले अहिले हामीले गर्न सकेनौ भनेर अनि के त्यो भोलि हामी प्रमाणीत भैसकेपछी कर्णाली प्रदेश त्यतातिर ध्यान दिने कि समयमै ध्यान दिने हो किनभने अरु रोगजस्तो यलाई सरकारले अलि लापरवाहि सँग ध्यान दिएन भने भोलि यसको परिणाम भयावह हुनेछ र सरकारको हातवाट यो बाहिर जाने छ। यसलाई अलि गम्भीरसँग सरकारले हेर्न जरुरी छ । किन अब ईन्डियाबाट पनि हाम्रो उत्तर दक्षिण नाका करिब करिब हाम्रो खुला छ हामी आवतजावत गरिरहेका छौं । जसरी हामीभारतबाट पनि आउनेहरू हामी बबईमा त गर्‍यौं तपाई छिन्चु डोल्पाबाट जोडिएको छिन्चुको बाटो छ त्यहाँ हाम्रो कहाँ छ हामीले काँहानिर हेर्छौं ? सरकारले तपाईको त्यहाँ हेल्थ डेस्क काँहानेर राखेको छ ? त्यो छैन आर्को कुरो औषधिमा भारतको भख्खरै अहिले केही औषधीहरूमा उले चाहिँ निर्यात गर्नेमा प्रतिवन्ध लगाएको छ । त्यसको लागि यो प्रदेश सरकार गम्भीर छ कि छैन । भोलि यदि यो कर्णाली प्रदेश पनि संक्रमणमा गयो भने त्यसको रोकथामको लागि सरकारको ध्यान कता गएको छ । खाध्यान्नको पनि त्यस्तै कुरा छ आज काठमाण्डौंमा खाध्यान्न हाहाकार भैराछ तर मलाई यहाँ हुन्छ भन्न खोजेको होइन तर यो हुनुभन्दा पुर्व सरकार अलिकति सचेत हुन र गम्भीर हुन जरुरी जस्तो मलाई लाग्दछ । अब यता हामी सबैजना प्लेनबाट मात्र आउदैनौ ह्याँ

एअरपोर्टमा हाम्ले हेऱ्यौं अस्ति म आउँदा पनि त्यााँ चेक भयो राम्रो कुराहरू हो तर आउने नाकाहरू विभिन्न ठाउँबाट खुला छ । त्यो नाकामा सरकारले अब गम्भीर किसिमले एउटा रिपोर्ट लिएर हामीले काँ काँ समयमै त्यलाई नियन्त्रण गर्न सक्छौं रेखदेख गर्न सक्छौं र यलाई प्रभाबित हुनु भन्दा अगाडि सरकार गम्भीरसँग जान जरुरी छ ताकि म के भन्न चाहन्छु भने य जनतासाग प्रच्यक्ष्य स्वास्थ्य सँग जोडिएको विषय हो । कर्णाली प्रदेशको सरकारले बजेटमा बिनियोजन गरे जस्तो गर्दै जाने छोड्दै जाने कार्यान्वयन होस् नहोस् त्यतातिर गयो भने यसले ल्याउने परिणाम राम्रो हुदैन त्यसैले म अन्तमा सरकारले यो विषयमा जसरी अस्ति समाजिक विकास मन्त्रीज्यूले प्रदेशसभाका माननीय संसद ज्यु हरूले राखेका कुरामा जवाफ दिनु भयो । त्यसमा मलाई लाग्दछ उहाँहरू गम्भीर र प्रभावकारी ढंगले कार्यान्वयनमा लाग्नु भएको छैन । यसमा म उहाँहरूलाई आग्रह गर्न चाहन्छु यसमा सबैकुरा छोडेर तपाईहरू गम्भीर हिसाबले लाग्न अनुरोध गर्दै बिदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** अब माननीय श्री अम्मर बहादुर थापा ।

**माननीय श्री अम्मर बहादुर थापाः-** माननीय सभामुख महोदय, वास्तवमा कोरोना भाइरसको सतर्कता सरकारले अबलम्बन गरेको छु भनेको छ भनेकै कुरा बिस्वास गर्नु पर्छ र त्यसले पार्ने प्रभाव अर्कै पनि रहेछ कोरोना भाइसरका कारणले गर्दा अहिले कुनै चिजहरू आवतजावत गर्नलाई पनि प्रतिवन्ध लागेको छ र भोलि यो कर्णाली प्रदेशमा खाध्यान्न देखि लिएर सबै यहाँ आवश्यक जनतालाई आवश्यक पर्ने चिजहरूलाई पनि हामीले ख्याल गर्नुपर्ने छ । यसमा सरकारको ध्यान जाओस् भन्न चाहन्छु । दोस्रो कुरा म अर्थ समितिको तर्फबाट धेरै ठाउँमा हामीले ५ वटा जिल्ला अनुगमन गरिम त्यो अनुगमन गर्दाखेरि मैले मेरो सुझाव छ सरकारलाई कि सरकार आफैं दिएका योजनाहरूलाई सरकार स्वयम् आफू त्यहाँ पुगोस भन्ने मेरो चाहाना मेरो माग छ । के माग छ भन्दा त्यहाँ दिएको प्रोजेक्टहरू सदुपयोग भाछ कि छैन, सदुपयोग भाछ भने त्यो किसिमको अवस्थाले अगाडि बढ्न पऱ्यो ठिकै छ हामीले भन्या कुरा गल्ती पनि हुन सक्छन् । माननीयहरूले धेरै कुरा यो संसदमा आवाज उठिरहेको छ । होइन त्यो गलत छ ने अब के कारवाही गर्नपर्ने हो कि अथवा त्यसलाई लक्ष्य अनुसारको काम पूरा गर्ने हो कि यो विषयमा चाइने सरकार ध्यान जानुपर्छ भन्ने छ । जहाँ गयो जहाँ हामीले गतवर्ष दिएका छौं योजनाहरू त्यहाँ लथालिङ्ग छ जहाँ अनुगमन गऱ्यो हेर्यो त्यहाँ चाइने केहि कुरा पनि त्यसको चाइने लक्ष्य अनुसारको चिज प्राप्ति भको छैन । त्यसो भाको हुनाले सरकारले हिजो दिएको अनुदानमा त धेरै ठाउँमा त्यस्तो परिणाममूखी देखिएको छैन र योजनाहरूमा पनि लथालिङ्ग अवस्था छ । हामीले हेर्दा

हामीले अहिलेपनि एउटा कुरा केही होसियारी त हाम्रो अनुगमनले पनि बनाको छ सरकारले त्यतातिर अनुगमनका कुराहरूमा कुनै आफ्नो प्राबिधिक रूपले सरकारको प्रतिनिधिले त्यहाँको अनुगमन नगरेको र अहिलेसम्म कुनै त्यस्ता ती योजनाहरूमा कसैको ध्यान नगएको र आज समितिका साथीहरू आउनु भाको छ तपाईहरूले राम्रोसँग हेरेर यस सरकारलाई अथवा यी आयोजनाको लक्ष्यअनुसार परिपूर्ति गर्दिन जनताको माग छ। त्यसो भा हुनाले सरकार योजना दिई सकेपछी हाम्रो काम योजना निर्माण गर्ने हो हामीले गरेका योजना निर्माण गर्दा कार्यान्वयन सरकारले गर्छ । त्यो सरकारले कार्यान्वयन गर्दाका अवस्थामा ती योजनाहरूलाई कसरी सुचारु गर्ने भन्नेकुरा गर्नुपर्छ र जहाँ आवश्यक्ता छ योजना जहाँ जनताको धेरै नोक्सानी हुदैछ त्यहाँ हाम्रो ध्यान गाको छैन धेरै ठूला करिब करिब ११५/२० हेक्टर जग्गा मैले आज बिहान मात्रै हेरें जाजरकोटमा र १२०/२५ हेक्टर जग्गामा भेरीले कटान गरिरको छ र त्यहाँ यति राम्रो जग्गा छ त्यसलाई संरक्षण गरिएन भने फेरि पनि समस्या खडा भको छ र हामीले तटबन्धन कहाँ गरेका छौं भने आवश्यकता नहुने ठाउँमा गरिएको छ ती आवश्यकता नभएका ठाउँलाई तत्काल आफ्ना कर्मचारी हरूलाई निर्देशित गरेर यी कुराहरू भन्दा बाहिर तिमिहरू गर्न हुदैन भन्नपर्ने अवस्था छ । त्यसोभाको हुनाले अब मैले अस्ति पनि राखें कि त्यस्ता कुराहरूले हामीले जुन लक्ष्य जुन सरकारको गति छ त्यो सरकारको गतिमा अगाडि बढ्न सकिदैन । अहिले जिल्लामा जाँदा रकम खर्च भएकै छैन कताकता यहाँ २०%-३०% भन्ने छ केही कृषिका सडकका सिंचाईहरू अलिअलि काम भाका छन र सामाजिकबाट गएका विद्यालयहरू भवनहरू निर्माण गर्न सुरु गर्‍या छन् तर अरु काम त ठप्प छ । कुनै किसिमको यो प्रदेश सरकारले अथवा प्रदेश सभाले गरेको निर्णलय जुन किसिमले हामी संसदहरूले यति वटा योजना यति वटा आयोजना भनेर जनताका बीचमा राखिएका छन त्यहाँ सरकारको कार्यान्वयनको पक्षमा काँही पनि देखिएको छैन । त्यसोभाको हुनाले जनता निराश छन, त्यो जनता निराश बनाइयो भने फेरि पनि हामीलाई असल राजनीतिक रूपले संघीयता माथि हाम्रो चाइने जुन किसिमको संघीयताले जुन जनताले उपलब्धी पाका छौं भन्ने छ त्यो उपलब्धी प्राप्त भएन भने हाम्रो सबै कुरामा अफ्ठ्यारो आउन सक्छ, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री बीर बहादुर शाही ।

**माननीय श्री बीर बहादुर शाही :** सभामुख महोदय, विशेष समयमा विशेष कुरा गर्न गइरहेको छु । यो हामी अर्थ तथा प्राकृतिक स्रोत समिति बाट हाम्रो योजना अनुगमनमा हामी गइरहेका थियौं । हामी दैलेख र जाजरकोट ७५/७६ को बजेट

अनुगमन गर्ने सिलसिलामा यो लाग्छ हामीलाई हामीले बजेट केको लागि दियौं भन्ने कुरो यसमा सरकारले ध्यान दिनुपर्छ । जहाँ पानी छैन त्यहाँ पानी दिएको छ, जहाँ खोला छैन त्यहाँ तटबन्ध दिएको छ, जहाँ बस्ती छैन त्यहाँ बाटो दिएको छ जहाँ सिँचाई छैन, जग्गा छैन त्यहाँ सिँचाई दिएको छ जहाँ चाहिँ हामी दैलेखमा घुम्दै जाँदा एउटा आलु उद्योग थियो। उद्योगमा ५० लाख दिइएको छ तर जग्गा व्यक्तिको नाममा छ उसले दुईतला घर बनाएको छ । जहाँ होमस्टे दिएको छ ३५ लाखको त्यो होमस्टे चाहिँ तीन कोठा भवन बनेको छ त्यो सञ्चालनमा आएको छैन धर्मशाला बनिरहेको छ । जहाँ खानेपानी दिइएको छ, दैलेख मै त्यो खानेपानीको पानी नै छैन । जहाँ व्यक्तिको नाममा तटबन्धन दिइएको छ जो तटबन्धनको नाम छ धौले दमाई तटबन्धन दिइएको छ । त्यो केराको बोटमा चाहिँ तटबन्धन गरिएको छ । थुप्रै योजनाहरू जो हामीले अनुदान दिएको बजेटहरू प्रत्यक्ष लाभको जनतासँग परेको छैन र मझौलेको हातमा जो सदरमुकाम बसेर हिजोबाट अहिलेसम्म नेताहरूको अगाडि पछाडि बस्नेको निमित्त मात्रै बजेट दिइएको हो कि ? मलाई त्यो लाग्छ। जस्तै हामी जाजरकोटमा पुगियो जाजरकोटमा थुप्रै चाहिँ हाम्रो यहाँ बाटोको लक्षित कार्यक्रममा गएको ८२ लाख कार्यक्रम मध्यमा त्यो ८२ लाखै कार्यक्रम चाहिँ प्रत्यक्ष जनतासँग पुगेको छैन । जो पहुँचवाला जो बजारमूखी जो नेतामूखी उनीहरूको हातमा मात्र त्यो विकास परेको छ र बाटो पनि भौतिक पूर्वाधारले क्वालिटी हैन क्वान्टिटी उठाएर बिल भुक्तानी गरिएको छ । अब यो हामीले भन्ने गरेका छौं हामीले अहिले विश्वमा चाहिँ कोरोना भाइरस आएको महसुस गरेको छु तर योजनाको र बजेटको कोरोना भाइसर कर्णालीमा आउने देखिइसकेको छ । यो कर्णाली प्रदेशले अब यसको गम्भीर रूपबाट सोचेर अगाडि समयमै अनुगमन गर्न सकेन, यसको कार्यान्वयन पक्ष बढ्न सकेन भनेपछि त्यही नै कोरोना भाइरस हुन्छ र अहिले डोल्पा जिल्लामा हिउँपातको कारणले उपल्लो डोल्पाका चारैवटा गाउँपालिका हाम्रो सुचारु हुन सकेको छैन र त्यहाँ चौंरी हिउँ परेर अहिले चौंरीहरू १०० भन्दा माथि चौंरीहरू चाहिँ हाम्रो हिउँ पहिरोले लगिसकेको छ । त्यसको क्षतिपूर्ति कर्णाली सरकारले व्यवस्था गराउनु पर्छ र योजनाको रूपमा कर्णालीका दशै जिल्लामा पर्याप्त रूपमा चाहिँ अनुगमन गरी यसको चाहिँ कार्यान्वयन हुनुपर्छ भन्ने म सरकारलाई अनुरोध गर्दै मेरा भनाइ यहीं अन्त्य गर्छु धन्यवाद।

**माननीय सभामुखः-** माननीय श्री धर्मराज रेग्मी, त्यसपछि माननीय श्री शुशिला शाही तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मीः-** माननीय सभामुख महोदय, संघीय अर्थ मन्त्रालयले केही दिन अगाडि मात्रै आर्थिक वर्षको ८ महिनाको समीक्षा गऱ्यो २ चौमासिकको समीक्षा र १४ बुँदाको निर्देशन संघीय अर्थ मन्त्रालयले आफू मातहतका निकायहरूलाई दिएको छ सभामुख महोदय । त्यले ८ महिनाको दौरानमा करिब १ खर्ब खर्च हुन नसक्नु चाहिँ अँ खर्च हुन नसकेको स्थिति छ र अर्थ मन्त्रालयले असारे बजेटलाई कसरी निरुत्साहित गर्न सकिन्छ। खासगरी चाहिँ असारमा मात्र चाहिँ खर्चको दर बढ्ने कुरालाई कसरी निरुत्साहित गर्न सकिन्छ भन्ने विषयमा यो दुई चौमासिक सकिएपछी त्यो १४ बुदे निर्देशनमा  गहनतम रूपमा चाहिँ अँ केही महत्त्वपूर्ण निर्देशनहरू दिइएको छ सभामुख महोदय, प्रदेशको अर्थ मन्त्रालयले प्रदेशसँग सम्बन्धित बजेट खर्चको अवस्थाको बारेमा चाहिँ प्रदेशको अर्थ मन्त्रालयले आफ्नो पोजिसन चाहिँ सार्वजनिक गर्नु पर्छ सभामुख महोदय, हाम्रो कर्णालीको अर्थतन्त्र अत्यन्त सानो छ । रेमिटेन्समा आधारित र हामी कालापाहाडमा हाम्रा धेरै मान्छे चाहिँ कालापाहाडमा गएर पैसा पठाउने हो । रेमिटेन्समा आधारित, खाडीमा आधारित अर्थतन्त्र र काला पहाडमा आधारित अर्थतन्त्र हो । अलिकति तलतिर चाहिँ सहरतिर आइपुग्यो भने जग्गा बेचेर, चाहिँ घडेरी बेचेर धनि हुने, जग्गा बेचेर गाडी किन्ने र जग्गा बेचेर घर बनाउने अर्थतन्त्र हो । यो यस्तो बिचौलिया खालको अर्थतन्त्र छ कर्णालीको माथिल्लो भेगमा चाहिँ जडीबुटी र सिङ्गो कर्णालीको एउटा डरलाग्दो रोग छ हामीले आत्मसमीक्षा गर्नुपर्छ । बजेट कार्यान्वयनको बारेमा कुरा गर्दाखेरि विकास खाने प्रबृति आज संस्थागत रूपमा हामी बिचौलियाको बारेमा धेरै चर्को छलफलहरू भैराछ । मैले हिजोअस्ति कता सुन्दै थिएँ माननीय मुख्यमन्त्री ज्यूले पनि बिचौलियाको कारणले चाहिँ यो बर्बाद भो भन्नुभो र संघीय गृहमन्त्रीले अलि अगाडि भन्नु भो स्थानीय तह सबै खाले हुन्छ भ्रष्टचारीहरूलाई कारवाही गर्दा भन्नुभो त्यो अत्यन्तै ठूलो तपाईको चाहिँ स्टेटमेन्ट थियो संघीय गृहमन्त्री ज्यु । भन्दाखेरि अँ हामीप्रति औँलाहरू ठडिएका छन तेर्सिएका छन र प्रश्नहरू छन हामीप्रति । त्यो हुँदा कसरी यो हाम्रोजस्तो सानो अर्थतन्त्रलाई जोगाईराख्ने यो चाहिँ हाम्रालागि चुनौती हो त्यसका लागि खर्च कसरी बढीन्दा बढी हामी खर्च कसरी गर्न सक्छौं  र खर्च त्यस्ता जेनुउन मुद्दाहरूमा जले चाहिँ आम्दानी जेजेरेट गर्न सकोस जले चाहिँ रोजगारी सिर्जना गर्न सकोस र कालापाहाड जाने मान्छेहरूलाई हामीले यता रोक्न सक्नु पऱ्यो ।

सभामुख महोदय पछिल्लो समयमा हामीले स्थानीय सरकारहरू छन प्रदेश सरकार छौं हामी आफू जनप्रतिनिधि छौं तर जनताको जनजिविकाका विषयहरू यसमा छलफल हुन छोडेछ । त्यो भनेको महंगीका विषयहरू सरकारका छलफलका विषय

कहिले हुने बेरोगारीका विषयहरू खासगरी चाहिँ यति डरलाग्दो बेरोजगारी छ कर्णालीमा त्यो बेरोजगारीका विषयहरू छलफलमा हामीले कहिले ल्याउने ? सरकारको प्राथमिकतामा त्यो कहिले पर्ने र सभाले एउटा एस्तो रुलिङ्ग गर्न जरुरी छ सभामुख महोदय, यो सभा प्रदेश सभाचाहिँ केहो भन्दाखेरि यो प्रदेशका जनताको सबैभन्दा सार्वभौम र यो प्रदेशका जनताको सबैभन्दा चाहिँ शक्तिशाली निकाय प्रदेश सभा हो । कम्तीमा स्थानीय सरकारहरू प्रदेश सरकारहरूलाई प्रदेश सभाले एउटा रुलिङ्ग गर्न सक्छ तपाईले चाहिँ अँ उद्यमशिलतामा आधारित कार्यक्रमहरूलाई प्रथमिकता दिनुस् । तपाईले युवाहरूलाई चाहिँ सकारात्मक भावको प्रेरित गर्नुस् र उनीहरूलाई रोजगारी तिर सामेल गराउनुस् । तपाईहरूले चाहिँ साना कार्यक्रमहरू र ती चाहिँ उद्यमशिलता सिर्जना गर्ने कार्यक्रमहरू  तिर जोड दिनुस । मझौला उद्योगहरूलाई प्रथमिकता दिनुस, घरेलु व्यवसायहरूलाई प्राथमिकता दिनुस्, महिलाहरूलाई आर्थिक अधिकार सम्पन्न बनाउन उनीहरूका समूहहरूमा लगानीहरू गर्नुसर युवाहरूलाई तपाईले चाहिँ डिप्रेसन जुन खालको फ्रस्टेसन छ त्यसलाई चाहिँ तपाईले युवाहरूमा भएको फ्रस्टेसनलाई कम गर्ने बारेमा प्रदेश सभाले एउटा चाहिँ रुलिङ्ग गर्न सक्छ सभामुख महोदय सबै सरकारहरूलाई । किनभने यो क्षेत्रका जनताको यो प्रदेशका जनताको सार्वभौम निकाय प्रदेशसभा हो । अब कार्यक्रम बनाउदा आउदो बजेट बनाउदा तपाईले उद्यमशीलतालाई जोड दिनुस, युवा रोजगारीलाई जोड दिनुस, महिलाहरूका सन्दर्भमा जोड दिनुस र प्रदेशको अर्थ मन्त्रालयले यसबाट चाहिँ अहिले अ बजेट कार्यान्वयनको स्थिति के छ बजेट कार्यान्वयनमा हाम्रो पोजिसन के हो हामी यो दुई चौमासिकमा कति काम खर्च गर्न सक्छौं संघीय अर्थ मन्त्रालयले के भन्यो भने सभामुख महोदय बजेट सकाउनको लागि सभा सेमिनार, अवलोकलन भर्मण र गोष्टीजस्ता कार्यक्रमहरू तेस्रो चौमासिकमा नगर्नुस् भनेर भन्यो । यी कुराहरू हाम्रा मन्त्रालयले हाम्रा लागि पनि यो त्यत्तिकै चैं लागु हुने हो। एउटा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि ऐन छ त्यले चाहिँ के भन्छ भन्दाखेरि अहिले अर्थमन्त्रालयले त्यसैलाई रेफरेन्स दिएर के भन्या छ भने तपाईले काम सम्पन्न छ भने अहिले १५ दिनभित्र तपाईले कागजात पुऱ्याएर भुक्तानी दिनुस् । यता पनि केहो भने कामचाहिँ अहिले सम्पन्न भैराख्ने तर भुक्तानी हामी असारसम्म दिइराख्ने ।

जस्तो मेरो निर्वाचन क्षेत्रका केही कृषि र केही सडकहरू कामहरू सम्पन्न भाछ अहिले त्यो छ भने अब डकुमेन्ट आउँछन् मन्त्रालयहरूले भुक्तानीलाई पनि बढाउनु पऱ्यो। यो नगरेर यदि हामी असारसम्म राख्यौं भनेपछी एकैपटक हामीलाई फिगरमा चाहिँ असारमा मात्रै तथ्य चाहिँ बाहिर देखिने र बजेटको चाहिँ तपाईको सदुपयोग पनि

नहुनि । अर्को एउटा डरलाग्दो विषय यो सँगै छ सभामुख महोदय मैले फाइनल्ली के राखें भन्दा हाम्रो प्रवृति केछ भन्दाखेरि जनस्तरमा जागरणको जरुरी छ एकपटक उपभोक्ता समितिको अध्यक्ष भएको मान्छेले सुर्खेतमा घर बनाउने एकपटक उपभोक्ता दोस्रो पटक उपभोक्ता बनाएर आएपछी चाहिँ घडेरी र घर बनाउने र तेस्रो पटकबाट माथि चाहिँ नबस्ने । यो प्रवृति छ कसरी कर्णालीका गाउँहरूमा चाहिँ बस्ती बसाउने हो हामीले यत्रो लिइरहेको विकासलाई कसरी त्यहाँ चाहिँ जनतालाई रोक्ने हो । जनतालाई माथिल्लो भेगमा रोक्न सकेनौं भने जनता यता आएर थुप्रिने हुन्छ बाटोघाटो हामीचाहिँ उकालोतिर खनिराख्ने डिपिआर गरिराख्ने टेन्डर गरिराख्ने तर जनता चाहिँ सबै सहरमा यता आउने जनता यहाँ आइसकेपछी हामी काम दिन सक्दैनौं । अनि झोला बोक्ने मन्त्रालयको वरीपरी हुने र संस्थागत रूपमा हामी बिचौलिया उत्पादन गर्दैछौं । त्यो भएर माथिल्लो भेगका बस्तिहरूलाई कसरी हामी त्यहीँ उहाँहरूलाई चाहिँ रोजगारीको व्यवस्था गरेर अथवा तपाईलाई हामी काम गर्छौं भन्ने सुनिश्चितता मन्त्रालयहरूले दिन्छ । म सरकारको यो गम्भीरता पुर्वक ध्यानाकर्षण गराउन चाहन्छु र यसमा प्रदेश सभाले म माननीय सभामुखज्यूसँग मेरो आग्रह के हो भने मैले फेरि भने प्रदेश सभा यो प्रदेशका जनताको सार्वभौम निकाय हो र यसले कुनै पनि बेला कुनै पनि सरकारलाई रुलिङ्ग गर्न सक्छ जनताको हितमा । मैले यति निवेदन गरे सभामुख महोदय धेरै धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री शोसिला शाही । यसपछी मानिय श्री गणेश प्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री शोसिला शाहीः-** सभामुख महोदय, सभामुख महोदय, विशेष समय लिएर कर्णाली प्रदेश सभाको पाचौं अधिबेसनको सातौं बैठकमा विशेष समय लिएर केही कुरा राख्ने अनुमती चाहन्छु । बिकासे हरेक योजनामा स्थानीय तहका विकास विरोधि, अवसरवादी, अपराधी गिरोहहरू भ्रष्टचारमा सक्रिय भएको र त्यसलाई कारवाहीको साटो प्रदेश सरकारले भरपोषणका साथै छाता ओडाउने समेत काम गरेकोले तत्काल यस्ता कार्य रोक्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सरकारलाई बदनाम र असफलता तिर धकेल्ने प्रतिपक्ष दल भन्दा पनि सरकारमा रहेका पार्टीका घटिया अवसरवादी अपराधी पृष्ठभूमीका भरौटेहरूका कारणले कर्णाली प्रदेशमा हरेक विकास निर्माण कार्यान्वयन कार्यमा समस्या उत्पन्न भएको छ । नागरिकले सरकारबाट जुन आशा र अपेक्षा राखेका थिए त्यो आज प्रचारबाजि मात्रै भयो । ठोस काम र उपलब्धी हुन सकेका छैनन् । राम्रा भन्दा पनि हाम्रा र मेरा मान्छे भनेर काखी च्याप्ने कामले सुशासन बिग्रिएको अवस्था छ । त्यही भएर मैले यही सदनमार्फत भ्रष्टचार

नियन्त्रण शक्तिशाली छानबिन आयोग गठन गरी कार्यसञ्चालनका लागि सभामुखमार्फत सरकारसँग जोडदार माग गर्दछु । सकारात्मक र रचनात्मक कामका साथै कोरोना भाइरस रोकथाम र व्यवस्थापनमा प्रदेश सरकारको विशेष ध्यान जाओस्, धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुखः-** माननीय श्री गणेश प्रसाद सिंह । यसपछी श्री खडक बहादुर खत्री तयार रहनु होला ।

**माननीय श्री गणेश प्रसाद सिंहः-** माननीय सभामुख ज्यु, यो विशेष समयमा सर्वप्रथम कोरोना भाइरस यो विश्वब्पापी मनोरोगको रूपमा विकसित भैराख्या छ र नेपाल पनि मनोरोगको शिकार हुने कुरामा दुईमत छैन । अब भन्न त सरकार कर्णाली प्रदेश सरकारको सामाजिक मन्त्रीले प्रदेशका विभिन्न नाकाहरूमा व्यवस्था गरिएको छ भन्नु भाछ । आन्तरिक व्यवस्थापनको कमी भएको पाइन्छ जिल्लामा डक्टर छैन, जिल्लामा औषधी छैन र अब सामान्यतया रुघा लाग्नु, खोकी लाग्नु, ज्वरो आउनु यो कोरोना भाइरसको प्रारम्भिक लक्षण हो । त्यसको व्यवस्थापन त्यसको ट्रिटमेन्टको अग्रिम व्यवस्था भएको छैन । जस्तो हाम्रो जाजरकोट जिल्लामा ९ जना स्टाफ नर्स हुनुपर्ने ठाउँमा १ जनामात्रै स्टाफ नर्स हुनु हुन्छ। एउटा कुनै गाउँपालिका, नगरपालिका जस्तो नलगाड नगरपालिका मा एमबिबिएस डक्टर छैन । त्यस्तै धेरै ठाउँमा औषधी छैन त्यसो हुँदा यस्तै प्रकारको व्यवस्थापन सबै जिल्लामा हो भने अग्रिम प्रारम्भिक रोगको मतलव प्रतिरक्षा गर्ने व्यवस्था सायद यही होला । यसको व्यवस्था तल्काल गम्भीरतापूर्वक सरकारले यसको व्यवस्थापन आन्तरिक व्यवस्थापन गरिने व्यवस्था हुनुपर्‍यो । नकी त्यो बबई र खरी उता चाइने केरे अ दाङको नाकामा क्वारेन्टाइन राखेर अथवा यहाँ चाइने सुर्खेतको अ त्यो टाउकामा एउटा चाइने मतलव त्यो के तार लगाएर त हुँदैन नि त । यो त्यति ठूलो व्यवस्थापन होइन । जिल्लामा व्यवस्थापन गर्नुपर्‍यो त्यसका निमित्त अलि तदारुकताका साथ सरकार लागेको जनताले प्रत्यक्ष अनुभूति हुनुपर्‍यो मेरो सुझाव। दोस्रो कुरा विकास निर्माणका सवालहरूमा अब ७६/७७ को समीक्षा गरौं । प्रदेश स्तरको यो संसदको लेबलमा समीक्षा गरौं । सरकारले समीक्षा गरोस तल सरकारको तर्फबाट मतलव कसरी काम भैराख्या छ यो अनुगमत त सरकारले गर्ला त । हामी हाम्रो ठाउँमा त गरौंला सरकारले कति गर्‍या छ भन्ने कुरा हो सरकारको तर्फबाट पुगेको छैन त्यहाँ । त्यहाँ उपभोक्ताबाट बनेका छन् केरे यो टेन्डरबाट बनेका बाटाहरूको क्वान्टिटी कस्तो हो । काल्ना तासेर पनि क्वान्टिटी पुर्‍याको अवस्था छ । यो कुरा अब आर्थिक प्राकृतिक स्रोतका समितिका चाइने मतलब माननीय सदस्यहरू हिजो जानुभो। त्यो भौतिक पूर्वाधार मन्त्रालयवाट

हिजो त्यो समितिले निरीक्षण गरेको भेरी नगरपालिकाको १० नम्बरको आलीको चाइने उहाँहरूले निरीक्षण गर्नुभाको त्यो रोकेको योजना हो त्यो। यदि अवैज्ञानिक योजना माननीयहरूले प्रस्ताव गरेका हुनभने वैज्ञानिक योजना सरकारले बनाओस त्यही सम्बन्धित वडामा योजना संशोधन गरोस ।

त्यो अर्को ठाउँमा एउटा वडाको योजना काटेर अर्को ठाउँमा हाल्दाखेरि मनोबिज्ञानको कुरा हो त्यो अन्याय हुन्छ। गत साल पनि ७५/७६ मा त्यसो भाछ अहिले पनि त्यसो नहोस । त्यहाँ धेरै योजनाहरू रोकिएका छन । बिसौं लाखदेखि पचासौं लाखका ६/८ महिना भैसक्यो सार्वभौम संसदले पास गरेको चाइने योजना आजसम्म कार्यान्वयन नहुँदा जनतामा एक खालको निराशा छ त्यो जबरजस्ति कार्यान्वयन गर्‍या स्थिति हो त्यो । आली भन्ने ठाउँमा भेरी किनारमा मतलब पाँच सात हजार, सात आठ हजार हेक्टर जग्गा प्रत्येक वर्ष नदिकटान भैराख्या स्थिति हो । ठीक छ अवैज्ञानिक हो भने अवैज्ञानिक हुन सक्छ, वैज्ञानिक बनाइयोस् इनटाईममा भन्ने आग्रह हो । त्यो सँगसङ्गै धेरै योजनाहरू रोकिएका छन धेरै योजनाहरूको काम भाछैन विशेष गरेर उद्योग पर्यटन वन मन्त्रालयको योजना कार्यान्वयन नहुनुको पछाडि रोकिनुको पछाडि गर्न सक्दैनौ भनेर चाइने वनका कार्यालय प्रमुखहरूले लेखेर दिनुभाछ । नसक्ने भए सक्ने बिधि के हो त दोस्रो चौमासिक त गयो तेस्रो चौमासिक सुरु हुँदैछ यसको यथाशीघ्र मत भन्छु २४ घण्टाभित्र सरकारले यसको जवाफ दिनुपर्छ । यो जवाफ लिएर हामी तल जान्छौं जिल्लामा निर्वाचन क्षेत्रमा जनतालाई जवाफ दिनु पर्छ । टेलिफोनबाट पनि जवाफ दिनुपर्छ नि त हेलो सरकारले ८ महिनासम्म जवाफ दिदैन ? हाम्रो हेलो सरकारले जवाफ त २४ घण्टाभित्र दिन्छ नि त । दिने व्यवस्था ह्याँ गरेको हुनुपर्छ र गरियोस् । यो कुरा त्यसो भयो भने न्याय हुन्छ नभए योजनाको अनुगमन अब यो भ्रष्टचार र सुशासन दुईटा सिक्काका दुईटा पाटा हुन यो दुईटालाई सँगसँगै लिनुपर्छ । तल कार्यालयमा जनताले कति सम्झौता गर्दा, निकासा गर्दा, योजना कार्यान्वयन गर्दा जनताले कति सुख पाय, कति फास्ट ट्र्याकमा काम भैराछ त्यहाँपनि हेर्नपर्छ, त्यहाँ पनि हेरिनुपर्छ र सरकारले हेर्नपर्छ र त्यो खालको चाइने मतलब जनतामा त्यो खालको चाइने मतलब सन्देश कस्तो खालको गैराख्या छत । जनताले सेवा भ्रष्टचार, चुहावट भएको भए कारवाही गर्नुपर्‍यो सरकारले त्यो पनि अख्तियारी लिनुपर्‍यो । त्यो दुईटै कुरा सरकारलाई अख्तियारी छ र सरकारले त्यो ढङ्गबाट अगाडि बढाओस् । मेरो यो सुझाव हो त्यो सँगसङ्गै अब अर्को सालको योजनाका निमित्त विशेष गरेर भौतिक पूर्वाधारमा मेरो यो जोड मेरो कहाँ हो भन्दाखेरि अब यो दुई वर्ष आर्थिक वर्ष लाग्ने भयो भने एक वर्ष यसलाई फास्ट ट्र्याकमा लिनका निमित्त

अर्को सालका प्रत्येक निर्वाचन क्षेत्रका भौतिक पूर्वाधारका विशेष गरी सडकका योजनाहरूको अहिले सर्भेका लागि बजेट रकमान्तर गरेर दिने व्यवस्था गरे के हुन्छ ? सर्भे पनि ढिलाढाला हुन्छ जस्तो अहिले जुम्लाको हाम्रो चाइने जाजारकोट ब्याउली जोड्ने सडकको सर्भे नभएर बसिराख्या छ । माननीय मन्त्रीज्यूले राखेको बजेट त्यसो हुँदाखेरि यसमा रणनीतिक महत्त्वका अग्रिम अघिल्लो वर्ष सर्भे गर्ने व्यवस्था गरियोस । रकमान्तर पनि समानुपातिक न्यायोचित ढंगले संसदमा बोलिएको पाँच बुदेको आधारमा सन्तुलन गर्ने ढंगबाट रकमान्तर गर्ने गरियोस् समयमा गरियोस्, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री खडक बहादुर खत्री ।

**माननीय खडक बहादुर खत्रीः-** श्रीमान सभामुख महोदय, माननीय, अब संघीय सरकार र कर्णाली प्रदेशको सरकार र तीनटा तहमा भएको सरकार कर्णाली प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गर्दै हामी भर्खर सुरुवात गर्दे गरेको सरकार संघीय सरकारवाट अलपत्र भएका योजनाहरू चाहे भौतिक पूर्वाधारका हुन चाहे कृषिसँग सम्बन्धित हुन चाहे स्वास्थ्यसँग सम्बन्धित हुन सप्पैसँग समन्वय गरेर यलाई अगाडि बढाउन सरकारको ध्यान म गम्भीरतापूर्वक ध्यानाकर्षण गर्न चाहन्छु । जस्तै रानीघाटको पुल त्यसपछि रामघाटका पुल विभिन्न ठाउँमा जस्तै मुगु हुम्लाका पुल मुख्यमन्त्री पनि त्यहाँ अस्ति जानुभो । एकदम अल्झिएको छ ८/९ वर्ष १० वर्षसम्म एकदम लथालिङ्ग भएको अवस्था छ । त्यस्तै हिजो संघीय सरकारबाट विनियोजित भएका बजेट अनुमानका भरमा डिपिआर चाहिँ बनाउ गुगलमा काठमाण्डौ बसेर गरेका भरमा टेन्डर भएका योजनाहरू पूर्णरूपले बजेट नआएको अवस्था त्यो बजेट आज कर्णाली प्रदेशले बहन नगरेको अवस्था म देख्छु। पहलमा त्यसको पहल गर्न म ध्यानाकर्षण गर्न चाहन्छु । संघीय सरकारवाट अरबौं पैसाको लथालिङ्ग भएका योजना छन काम सुरु भएको छ । ३ अर्ब चाहिँ ३ करोडको चाहिँ बजेट छ । एकलाख छुट्याको छ दामासायीले बाँडिएको छ । त्यस्तै स्वास्थ्यमा छ, त्यस्तै शिक्षामा छ, सप्पै ठाउँमा छ र म के आग्रह गर्न चाहन्छु त भन्दा यो हामी जनप्रतिनिधि जनतावाट निर्वाचित जनप्रतिनिधिहरू हाम्रा नजिकका कोही पार्टीका कोही आफ्ना नातेदार कोही भाई भारद्वार दुईटा चिजबाट संकल्प गर्न जरुरी देखिराछु । कागजको मात्रै प्रगति हेर्ने हामी र देखाउने सरकार मलाई लाग्छ एउटा संकल्प गरौं नोट र भोटबाट हामी टाढा रहनु पर्छ । नोट र भोटबाट । हामी नोटमा कमिसनतिर नलाग्ने र भोटमा गर्दा आफ्नो मान्छे तथा आफ्नो पार्टी छोड्ने । एउटा संकल्प गरियो भने मलाई लाग्छ आज विदेश त्यत्ति कै विकास भाछैन मलाई लाग्छ हामी यहाँ हामीपनि भागेदार छौं । त्यसैले म के आग्रह गर्न चाहन्छु त भन्दा जुन सघिय सरकारबाट भएका योजना

त्यसमा अर्थमन्त्री धेरै विज्ञ हुनुहुन्छ । मुख्यमन्त्री मन्त्री भैसक्नु भाछ । संघीय सरकारसँग समन्वय गर्दै त्यो कामलाई अगाडि बढाउन म आग्रह गर्न चाहन्छु । त्यस्तै प्रदेश सरकारका योजनाहरू मलाई लाग्छ हाम्रो योजना मात्रै भन्छौं हामी यहाँ कापीमा हेर्‍यौं, रातो किताब हेरियो त्यतिमा मात्रै थाहा छ संसदज्यूहरूलाई अथवा हामीलाई थाहा छ हामीलाई जिम्मेवारी पनि छैन । म केही समय सरकारमा बसें । सरकारमा बस्दा मेरो अनुभव मेरो भिजनले दिने कुराहरू मलाई लाग्छ बाटो तपाईहरू हेर्नुस २५ करोडको समपूरक बजेट छ । त्यो बाटो जुन हिजोको नाली बनाछ । त्यही नाली कोटयाएर फेरि त्यहीँ गरिएको छ । त्यो बाटो आज मैले बिरोध गरेको त्यो बाटोको लक्ष्य के थियो त भन्दा तीनटा गाडी हिन्ने अथवा थ्रि लाईन फोर लाईनको अवधारणा थियो । त्यो डिबिएसटीको थियो त्यो बीचको पनि पाँच चक्की ढुङ्गा छ मलाई लाग्छ त्यो विशेष उसमा जान चाहन्न । र बाटो जुन बाटो कोटयाछ त्यही देखाछ विकस भाछ त्यो फोटो खिचेर भाषण गरेर रोएर हुनेवाला छैन । मलाई लाग्छ जनताको ढुकुटी जनताको रगत पसिनाले उठेको कर यो करलाई सदुपयोग गर्नुपर्छ । मलाई लाग्छ यो पैसा खर्च गरेर प्रगति देखाएर कागजमा लि यति खर्च गर्‍यौं हामीले कति कमाछौं त ? र अर्को हामीले आम्दानी कति गर्छौं संकल्प गर्न पर्छ कर्णाली प्रदेशले भोलि १० करोड गर्ने हो कि, २१ करोड गर्ने हो कि, १ अर्ब गर्ने हो कि एउटा संकल्प गर्न सकिएन भने माथिबाट दिएको बाँडेर भोटमात्रै खिच्ने झण्डा हल्लाउने अथवा हामीचाहिँ त्यसको तल भत्ता खाने मलाई लाग्छ आज गाडी संघीय सरकारप्रति एउटा बितृष्णा पैदा हुने अवस्था सिर्जना अथवा संघीय प्रणाली प्रति एउटा भनौ मान्छेको बितृष्णा पैदा हुने स्थिति सिर्जना । आज सरकारमा बस्ने व्यक्ति अथवा हामी बिचौलिया बन्दै चाहिँ हिन्ने अवस्था सिर्जना भो बिचौलियाबाट सरकार टाढा रहन पर्‍यो धेरै टाढा रहन पर्‍यो । बिचौलिया हैन कमिसन दिने मान्छेदेखी टाढा रहन पर्‍यो । व्यापारीबाट टाढा रहन पर्‍यो, कमिसन बाट व्यापारीसँग सम्बन्ध गर्न पर्‍यो व्यक्तिसँग कमिसनबाट टाढा रहन पर्‍यो । त्यसैले के आग्रह गर्न चाहन्छु, भन्दा संकल्प गरौं यो मिठो बोलेर भाषण दिएर शब्दजाल हानेर केही हुनेवाला छैन । फिल्डमा जाउँ मलाई लाग्छ माननीयहरूलाई आफ्नो आफ्नो आफ्नो क्षेत्रमा के के भको छ एउटा आयोग गठन गरियोस अधिकार दिन पर्दैन सरकारको कर्मचारीलाई राखेर आफ्नो काम गर्ने तन्तुहरूलाई धारिला बनाउनु पर्‍यो स्फुर्तिला बनाउनु पर्‍यो अनि बाहिर गएर रोएर कराएर काम गर्न सकिन्न भनेर हुँदैन । कर्मचारी छैनन् भने हिजो कर्मचारी म मन्त्री हुँदाको पालामा करारमा नियुक्ति गर्ने थिएन । अहिले करारमा नियुक्ति भएका छन्। करार नियुक्ति गर्ने अधिकार छ पैसा धेरै घटेको छ अरबौंको

टेन्डर ३४ अरबको टेन्डर छ भने अहिले त्यो टेन्डर गर्दा आज घटेर १६/१७ मा आको छ । त्यस्तै कृषिमा त्यस्तै छ म कृषिलाई कृषिको वन पर्यटन मन्त्रालयलाई के आग्रह गर्न चाहन्छु त भन्दा यो फाईल हराउने सिस्टम अब हराउन छौडोस । म सरकारलाई आग्रह गर्न चाहन्छु मन्त्रीका कति फाईल हराछन छैनन मलाई पनि थाहा छैन । म भएको पालामा फाईल हराए त्यस्तै अहिले यस क्षेत्रको कर्णाली प्रदेशको मुटुमा रहेको भेरीगंगाको छिन्चु भन्ने ठाउँमा मन्त्री ज्यूले फाईल हरायो भन्नुभो । त्यो फाईल छिटोभन्दा छिटो खोजियोस र यो फाईल भनौ कर्णाली प्रदेशका संसदका कर्मचारीका मन्त्रालयका यिनी फाईल हराउने चाहिँ स्थिति सिर्जना नहोस । म यही आग्रह गर्दै बिदा हुन्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू आजको बैठकको विशेष समयमा बोल्नु हुने माननीय सदस्यहरूले उठाउनुभएका सार्वजनिक सरोकारका विषयहरूमा उठाउनु भएका प्रश्न तथा जिज्ञासाका बारेमा सरकारका सम्बन्धित बिभागीय मन्त्रीहरूले प्रदेश सभाको आगामी बैठकमा जवाफ दिन रुलिङ्ग गर्दछु । माननीय सदस्यहरू, कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयकमाथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढालाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाः** माननीस सभामुख ज्यु, नेपालको संविधानको धारा ५१, ६, १ मा राष्ट्रिय हित अनुकूल तथा अन्तर पुस्ता समन्वयको मान्यतालाई आत्मसाथ गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण सम्वर्धन र वातावरण अनुकूल दिगो रूपमा प्रयोग गर्न र स्थानीय सम्पदालाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने भन्ने व्यवस्था र नेपालको संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकरको प्रयोग संविधानमा प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको र साथै संविधानको अनुसूची-६ को क्रमसंख्या १९ मा राष्ट्रिय वन, जल उपभोग तथा वातावरणसम्बन्धी विषय उल्लेख भएकोले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको संरक्षण गर्न वातावरण र विकास बीच सन्तुलन कायम गर्न र वातावरणीय ह्रासबाट हुनसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनका चुनौतीको समान गर्न

वातावरणीय प्रदूषणबाट जनस्वास्थ्यमा पर्न सक्ने असर न्यून गरी त्यस्ता असरबाट हुने क्षतिको क्षतिपूर्ति पाउने हक स्थापित गर्न सम्बन्धमा कानुनी व्यवस्था गर्न आवश्यक रहेकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफल भइ विधेयकमाथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले दफा र छलफलका लागि कर्णाली प्रदेशसभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सभा समक्ष प्रस्ताव पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपर्युक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपर्युक्त छ भनि कर्णाली प्रदेश सरकारका उद्योग, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीका तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीः-** माननीय सभामुख ज्यु, नेपालको संविधानको धारा २४४ ले प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरे अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सभा सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सँगठित संस्थाको सेवा र स्थानीय सेवाको पदमा उपर्युक्त उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम सुदृढ र सेवामूखी बनाउन वाञ्छनिय भएकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल भई विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को ख बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउनु उपर्युक्त छ भनि कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फबाट कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनियन तसर्थ प्रदेश प्रदेश लोक सेवा आयोग ऐन २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावर छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाउन उपर्युक्त छ भनी कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्र बहादुर शाहीको तर्फवाट कर्णाली प्रदेश सरकारका आन्तरिक

मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढालाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाः-** माननीय सभामुख ज्यु, नेपालको संविधानको धारा ५१-६-६ मा वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने भन्ने व्यवस्था रहेको संविधानको अनुसूची-६ को क्रमसंख्या १९ मा राष्ट्रिय वन जल उपभोग तथा वातावरणसम्वन्धी विषय उल्लेख भएको र संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची ६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधानमा प्रदेश कानूनबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोले प्रदेश भित्रको राष्ट्रिय वनलाई वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र राखी राख्न सरकारद्वारा व्यवस्थित वन सामुदायिक वन कबुलियती वन र धार्मिक वनको संरक्षण संवर्धन एवं दिगो वन व्यवस्थापनको माध्यमबाट वन पैदावारको सहज आपूर्तिमार्फत वन पैदावारमा आधारित उद्योगहरूको प्रवर्धन भु तथा जलाधार संरक्षण जैविक विविधता तथा जडीबुटी र पर्या पर्यटनको व्यवस्थापन बाट प्रदेशको समृद्धि र स्थानीय समुदायको जीविकोपार्जनमा योगदान पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वन विकास र प्रवर्धनको लागि कानुनी व्यवस्था गर्न आवश्यक भएकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश गरिएको कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सु-व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैद्धान्तिक छलफल भई विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकोले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को खण्ड ख बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सभा समक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को खण्ड ख बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउनु उपर्युक्त छ भनी कर्णाली प्रदेश सरकारका उद्योग पर्यटन, वन तथा

वातावरण मन्त्री माननीय श्री नन्दसिंह बुढाले राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस ।

यो प्रस्तावक विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस । "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपर्युक्त छ भनि कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू, कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि सैदान्तिक छलफल समाप्त भई सो विधेयक माथि संशोधनको सूचना प्राप्त भएकाले कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढालाई कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम प्रस्ताव प्रस्तुत गर्न समय दिन्छु ।

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाः-** माननीय सभामुख ज्यु, नेपालको संविधानको धारा ५१ ख मा नेपालका ऐतिहाँसिक सांस्कृतिक धार्मिक पूरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान संरक्षण प्रवर्धन एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूलन पर्यटन उद्योग विकास गर्न पर्यटन संस्कृतीको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्न तथा पर्यटन उद्योगको लाभ वितरणमा जनतालाई प्राथमिकता दिने भन्ने व्यवस्था रहेको र नेपालको संविधानको अनुसूची-६ को क्रमसंख्या ४ मा पर्यटन सेवा शुल्क लगायतका विषय उल्लेख भएको साथै नेपालको संविधानको धारा ५७ को उपधारा २ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र प्रदेश कानून बमोजिम हुनेछ भन्नै व्यवस्था रहेकोले प्रदेश भित्रका पर्यटन क्षेत्रको प्रवर्धन र विकासका लागि पर्यटकीय सेवाहरूको व्यवस्थापन गरी स्वदेशी तथा विदेशी पर्यटकहरूको सुविधा तथा हित र प्रदेशको आर्थिक विकासका लागि विकासका विकास गर्न सम्बन्धमा कानूनी व्यवस्था गर्न

आवश्यक भएकोले सम्मानित सभामा प्रदेश सरकारका तर्फबाट पेश गरेको कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि सैद्धान्तिक छलफल भई विधेयक माथि माननीय सदस्यहरूको संशोधनको सूचि प्राप्त भएकोले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन सभासमक्ष प्रस्ताव गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू, कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावार छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउनु उपर्युक्त छ भनि कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाले राख्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस ।

"हुन्न" भन्ने आवज सुनिएन तसर्थ कर्णाली प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि माननीय सदस्यहरूको संशोधनको सूचना प्राप्त भएकाले दफावर छलफलका लागि कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ को (ख) बमोजिम अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउन उपर्युक्त छ भनि कर्णाली प्रदेश सरकारका उद्योय, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय श्री नन्द सिंह बुढाले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७६ साल चैत्र १३ गते बिहीवार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ ।